# श्रीकृष्णागण्डकी नदी क्षेत्र विकासको पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन

## २०७८



गण्डकी प्रदेश सरकार

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

पोखरा, नेपाल

मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
माननीय मुख्यमन्त्रीको निजी सचिवालय
पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा, नेपाल

# हार्दिक धन्यवाद

कालीगण्डकी नदी प्रागऐतिहासिक कालदेखि नै धार्मिक, सांस्कृतिक, राजनीतिक तथा आर्थिक जीवन पद्दतिको अभिन्न अङ्गको रूपमा रहेको छ। आदिम मानव समुदाय, मंगोल, खस-आर्य तथा वैदिक आर्य समुदायको सभ्यताको युगौं लामो अभ्यास कालीगण्डकी तटीय क्षेत्रमा देखिन्छ। हिमालय उत्पत्ति हुनुभन्दा पहिलेदेखि अस्तित्वमा रहेको विश्वास गरिने कालीगण्डकी नदी गण्डकी प्रदेशको मात्र नभई नेपाल राष्ट्रकै गौरव र बहुमूल्य सम्पदा हो।

अलौकिक महत्त्वको कालीगण्डकी नदीको संरक्षण, तटीय क्षेत्रको विकास सम्भाव्यता तथा त्यहाँका बासिन्दामा पर्ने दीर्घकालीन प्रभाव लगायतका विषयमा अध्ययन गर्न गण्डकी प्रदेश नीति तथा योजना आयोगका सदस्य डा. सुवास अधिकारीको संयोजकत्वमा गठित सात सदस्यीय कार्यदलले अन्यन्त मिहिनेतका साथ यो **'कृष्णागण्डकी नदी क्षेत्र विकासको पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन-२०७८'** तयार गरेको छ। यसका लागि संयोजक र कार्यदलका सम्पूर्ण सदस्यलाई विशेष धन्यवाद र बधाई व्यक्त गर्दछु। साथै, प्रतिवेदन तयारीमा सघाउनु हुने अन्य सबै कर्मचारीहरूलाई हार्दिक धन्यवाद।

यो प्रतिवेदनले कालीगण्डकी नदीको संरक्षण, नदीक्षेत्रको विकास सम्भाव्यता तथा तटीय क्षेत्रमा बसोबास गर्ने समुदायको सहज जनजीविकाका लागि प्रदेश सरकारले लिनुपर्ने नीति र कार्यान्वयन गर्नुपर्ने योजना र कार्यक्रमका लागि स्पष्ट मार्गनिर्देश गरेको छ। प्रतिवेदनलाई कार्यान्वयनमा लैजान चालु आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम र बजेटमा कार्यक्रम समावेश गरिसकिएको छ। आगामी दिनमा पनि प्रदेशको स्रोतसाधनको उपलब्धताको आधारमा प्रतिवेदनले सुझाएका सिफारिस क्रमशः कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। यो प्रतिवेदन प्रदेश सरकारको अमूल्य निधिको रूपमा रहने छ।

प्रदेश सरकारबाट स्वीकृत भइसकेको यो प्रतिवेदन प्रकाशित भएपछि प्रदेश सरकारको मात्र नभई नेपाल सरकार र स्थानीय तहहरूको नीति तथा योजना निर्माणका लागि समेत मार्गदर्शक हुने अपेक्षा गरेको छु। प्रस्तुत प्रतिवेदन स्वदेशी तथा विदेशी अनुसन्धाता, प्राध्यापक, विद्यार्थी, संरक्षणकर्मी, नागरिक समाज, सञ्चारकर्मी लगायतका सरोकारवालाहरूका लागि महत्त्वपूर्ण पठन एवं स्रोतसामग्रीको रूपमा स्थापित हुने छ। साथै, यो प्रतिवेदनले कालीगण्डकी नदीको बारे नयाँ आयामबाट थप अध्ययन तथा अनुसन्धानका लागि उत्प्रेरकको भूमिका खेल्ने विश्वास लिएको छु। धन्यवाद।

**२०७९ भदौ**

**कृष्णचन्द्र नेपाली पोखरेल**

# कार्यकारी सारांश

कृष्णागण्डकी प्रस्रवणमा बसोबास गर्ने विभिन्न सम्प्रदायले आ-आफ्नै तरिकाले कृष्णागण्डकी प्रति श्रद्धा व्यक्त गर्दछन्। सतहमा उनीहरूमा भिन्नता देखिए तापनि अन्तर्यमा समान धारणा पाइन्छन्। यही पृष्ठभूमिमा कृष्णागण्डकीको बहुउपयोगिताका सम्बन्धमा थप अध्ययन र विभिन्न विषयक्षेत्रगत योजना तर्जुमाको आधार निर्माण हेतु यो अध्ययन सम्पन्न भएको छ। अध्ययन प्रयोजनका लागि द्वितीय र प्राथमिक दुवै स्रोतबाट सूचनाहरू सङ्कलन र विश्लेषण गरिएको छ। द्वितीय स्रोतका रूपमा खासगरी सङ्घीय, प्रदेश र स्थानीय सरकारका नीतिगत कानुनी व्यवस्थाहरू र योजना दस्तावेजहरू तथा ऐतिहासिक दस्तावेजहरूलाई मुख्य स्रोत मानी तिनीहरूको पुनरावलोकन गरिएको छ। तिनका अतिरिक्त अन्य प्रकाशित/अप्रकाशित कृतिहरू अथवा यससँग सम्बन्धित दस्तावेजहरू पनि अध्ययन गरिएको हो।

यो अध्ययनका लागि जोड दिइएका विधिहरू मध्ये स्थलगत अवलोकन पनि हो। मुस्ताङदेखि नवलपुरसम्म सम्पन्न अन्तरक्रियामा सहभागीले व्यक्त गरेका भावका अलावा हिंड्दा-हिंड्दै जिज्ञासाको उठान गरेर उनीहरूको भावना र मान्यता सुन्ने र टिपोट गर्ने काम भएको छ। धेरै व्यक्तिले व्यक्त गरेका साझा सूचनालाई प्रतिवेदन तयार गर्न उपयोग गरिएको छ। व्यक्तिगत घरको आँगनमा बनेको तुलसीको मठदेखि सङ्ग्रहालयसम्म राखिएका शालिग्रामको अवलोकन गरिएको छ। गण्डकीको किनारैकिनार खनिएका बाटोको भित्ता, बाटोमा छरिएका गिट्टीदेखि पूर्व, पश्चिम, उत्तर तथा दक्षिण बाहिनी क्षेत्रको बगरमा शालिग्रामको उपलब्धता निहालिएको छ। अवलोकन गर्ने कार्य उत्तरी सीमादेखि दक्षिणी सीमासम्म गरिएको छ। अवलोकनकै क्रममा मन्दिरमा सङ्ग्रह गरिएको शालिग्राम पनि हेरियो। अवलोकनको क्रम गण्डकी प्रदेशमा मात्र सीमित नगरेर लुम्बिनी प्रदेशमा पर्ने केही सम्पदाहरू र दक्षिण सोमेश्वर भनेर परिचित बागमती प्रदेश अन्तरगत चितवनको माडीमा पनि गरिएको छ।

त्यसैगरी, कृष्णागण्डकी प्रभावित जिल्लाहरूमा प्रदेश नीति तथा योजना आयोगको अनुरोधमा सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको समन्वयमा जिल्लास्तरमा आयोजित अन्तरक्रिया गोष्ठीहरूका निष्कर्षहरू, स्थलगत अवलोकनबाट प्राप्त सूचनाहरू र उपलब्ध भएका व्यक्तिहरूसँग भएका अनौंपचारिक कुराकानी पनि सूचना सङ्कलनको माध्यमको रूपमा लिइएको हो। जिल्लास्तरमा सम्पन्न भएका गोष्ठीहरूमा सम्बन्धित जिल्लाबाट सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने माननीयज्यूहरू, प्रदेश सभाका माननीयज्यूहरू, जि.स.स. प्रमुख, स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरू, प्रमुख जिल्ला अधिकारीहरू, वडा अध्यक्षहरू, उद्योग वाणिज्य सङ्घ, प्रमुख राजनीतिक दलका प्रमुखहरू, जिल्ला समन्वय अधिकारी, विषयगत कार्यालयका प्रमुखहरू आदिको सहभागिता रहेको थियो। कतिपय स्थानमा जिल्लास्तरमा मात्र नभै स्थानीय तहमा पनि अनौंपचारिक छलफलहरू भएका थिए।

यसप्रकार सूचनाहरू सङ्कलन र विश्लेषण गरी तयार गरिएको मस्यौदा प्रतिवेदनलाई गण्डकी प्रदेशसभा तथा सङ्घीय संसदका माननीयज्यूहरू समक्ष अलगअलग प्रस्तुत गरी प्राप्त सुझावहरूलाई समावेश गरिएको छ। अन्तिम चरणमा माननीय मुख्यमन्त्रीज्यूको उपस्थितिमा माननीय मन्त्रीज्यूहरू, प्रदेश नीति तथा योजना आयोगका पदाधिकारीहरू एवम् सचिवज्यूहरू समक्ष प्रस्तुत एवम् छलफल गरी उक्त छलफलबाट सङ्कलित सुझावहरू समेत समावेश गरी प्रतिवेदनलाई अन्तिम रूप दिइएको हो।

कालीगण्डकी नदी धार्मिक आस्था र आध्यात्मिक साधनाका हिसाबले पवित्र नदी त हो नै, यसका अतिरिक्त जैविक विविधता र सांस्कृतिक सम्पदाका हिसाबले पनि विश्व सम्पदापूर्ण धरोहर पनि हो। यहाँको शालिग्रामशिलाले नदीको विश्वव्यापी पहिचान दिलाउन धर्मदूतको काम गरिरहेको छ भने यसको किनारमा रहेका बोन, बौद्ध, सनातन हिन्दु, जैन र जलसंस्कृतिका अनुयायीहरूको अन्तर सांस्कृतिक समन्वयले कालीगण्डकी सभ्यता विश्व विविधताको अध्ययन क्षेत्र बन्न पुगेको छ।

हिमवत् खण्डमा चिनिएको हिन्दकुश हिमालय पर्वत शृङ्खलाको वास्तविक मध्यबिन्दुमा रहेको रुम्बिने र दामोदर पर्वतबाट प्रवाहित हुने नौं धाराहरूलाई कालीगण्डकीको मुहान मानिएको छ। यसको दुवै किनारका पाँचै सांस्कृतिक समुदाय, जीव र वानस्पतिक विविधता यहाँका अतुलनीय सम्पदाहरू हुन्। विश्वमा अस्तित्वमा रहेको पूरानो धर्म बोनको एकमात्र नेपाली सम्पदा बोकेको लुब्रा बोन गुम्बा, तिब्बती लामा बौद्ध मतका प्रणेता रिम्पोछे पद्मसम्भवको आदि साधना केन्द्र चराङको घारा गुम्बा, हिन्दु सनातनहरूको आदि साधना केन्द्र मुक्तिनाथ र दामोदर कुण्ड तथा शालग्रामी क्षेत्र यसै नदीको मुहान क्षेत्रमा रहेको, जैन धर्मदर्शनका आदि तीर्थकर ऋषभदेवको साधनाकेन्द्र नाभी क्षेत्र यसै नदीको पुलाह क्षेत्रमा रहेको, कृष्णाभाले विष्णुलाई मातृत्व काख दिए जस्तै शङ्ख, चक्र, गदा, पद्मका शिलाकृतिहरू कालीगण्डकीकै गर्भ क्षेत्रमा पाइएकाले दुनियाँका ओमकार समुदायका उपासकहरूका लागि यो नदी बहुआयामिक समन्वय र मोक्षदायिनी मानिएकाले यो नदी साझा हुनुका साथै पवित्र सम्पदाको रूपमा छ। कालीगण्डकीका किनारमा र आसपासका टाकुरीहरूमा १ सय ८ भन्दा बढी महत्वपूर्ण तीर्थहरू छन्। यी मध्ये कैयन तीर्थहरूमा सनातन मान्यताका कल्पवासी कुटीहरू पनि रहेका छन् र सनातन गृहस्थहरूको अन्त्यष्ठीको भूमि पनि यसैको किनार हुने गरेको छ। यसकारण यो नदी ओमकार परिवारका समुदायहरूका लागि परम्परागत सम्पदा बन्न पुगेको छ।

कालीगण्डकीलाई पथान्तरण गरेर अन्यत्र दिशावहन (मिर्मी-बेलटारीमा पथान्तरण) गर्दा मिर्मीदेखि हिलेबगर, कोटाकोट, रुद्रबेणी, रूरू क्षेत्रका नदी किनारका जरुवा र टारहरूमा परेको सुख्खा तथा प्राकृतिक वातावरणीय विचलनका नतिजाहरू देखिएका छन्। यस्तै समस्या त्रिवेणीधामको गण्डक नहरमा पथान्तरणका कारण सुस्ता क्षेत्रमा पर्न गएको छ।

शालिग्राम शिलाको पुरातात्विक महत्वको विश्व सम्पदाको सुरक्षा र परम्परादेखि रहेका गुरुपूजक, शिलापूजक, नदीपूजक संस्कृतिको जिवित संग्राहलयलाई जीवन्त राख्न कालीगण्डकीको मूल प्रवाहलाई शुद्ध र स्वतन्त्र प्रवाहको अवसर सुनिश्चित गरिनु पर्दछ। विद्युतीय उर्जाका लागि जलाशय बनाउने वा पथान्तरण गरेर यसको सामाजिक मर्म, सांस्कृतिक मूल्य र धार्मिक मान्यतामा आँच पुर्याउने कुनै पनि काम निषेध गरिनु पर्छ। यसलाई प्रदेश सम्पदा नदी, राष्ट्रिय सम्पदा नदी हुदै विश्व सम्पदा नदीका रूपमा संरक्षण गर्दा यसबाट बहुआयामिक लाभ लिन सकिने देखिन्छ। त्यसैले पर्यटन विकासका माध्यमबाट बढी लाभ लिन प्राथमिकता दिन आवश्यक देखिएको छ।

यसरी पर्यटन विकासका माध्यमबाट समृद्धिको पहुँचका लागि प्रभावकारी व्यवस्थापकीय प्राधिकरण निर्माण गर्न र आध्यात्म र संस्कृतिका दृष्टिले चारवटा एकीकृत परियोजना सञ्चालन गर्न प्रस्ताव गरिएको छ। स्थानीय सहभागिता सुनिश्चित हुने गरी हिमाली खण्डमा धवलेश्वर परियोजना, पहाडी क्षेत्रमा आलम ध्यान त्रिकोण परियोजना, गण्डकी उपत्यकामा उत्तरबाहिनी आध्यात्म परियोजना र नवलपुर-चितवन क्षेत्रमा दक्षिणी शालग्रामी परिक्रमा परियोजना सञ्चालन गरेर धार्मिक पर्यटनका माध्यमबाट कम जोखिममा दिगो लाभ लिन सकिने सम्भावना देखिएको छ। यसप्रकार गण्डकी प्रदेश प्राकृतिक स्रोतहरू जस्तैः जलस्रोत, वनजङ्गल, र हिमाल आदिले मात्र नभै धार्मिक सम्पदाहरू, जैविक विविधता, जातजाति, भाषाभाषी आदिका हिसाबमा पनि अन्य प्रदेशहरूभन्दा अग्रणी ठहरिएको छ।

विश्व प्रसिद्ध अन्नपूर्ण पदमार्ग, अन्नपूर्ण, धौलागिरी, माछापुच्छ्रे र निलगिरीजस्ता हिमालहरू त्यसैगरी ढोरपाटन शिकार आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, यहाँको जैविक विविधता, जडिबुटीहरू, विभिन्न जातजातिहरूका रहनसहनहरू, प्राकृतिक रूपमा विशेष प्रकारले सजिएका भोटे, थकाली, तामाङ, गुरुङ, मगर, कुमाल, बोटेमाझी, दराईं तथा थारू आदि जातिका गाउँहरू, अग्ला पुलहरूले जोडिएका र सहासिक खेलहरूको मज्जा लिन सकिने संरचनाहरू विकास भएका साना र सफा सहरहरू, तातोपानीका कुण्डहरू, झरना र छहराहरूका कारण कृष्णागण्डकी प्रस्रवण पर्यटकीय गतिविधिमा अग्रणी मानिन्छ।

कोरला नाकादेखि तराई जोड्ने कालीगण्डकी लोकमार्गले भारतीय पर्यटकहरूलाई मुक्तिनाथ र दामोदर कुण्डसम्म

र चिनियाँ पर्यटकहरूलाई लुम्बिनीसम्म पुऱ्याउन ठूलो भूमिका खेल्ने विश्वास गरिएको छ। गण्डकी प्रदेश सरकारले अगाडि ल्याएको शालिग्राम लोकमार्गले पनि पर्यटन प्रवर्द्धन लगायत अन्य आर्थिक गतिविधिमा सहयोग पुऱ्याउने निश्चित छ।

पर्यटन व्यवसाय गण्डकी प्रदेशको मुख्य आम्दानीको स्रोत बन्न सक्ने विषयमा गण्डकी प्रदेश सरकार मात्र नभएर यहाँका सबै स्थानीय तहहरू पनि सहमत छन्। यसका लागि कालीगण्डकीको संरक्षण र यसको सभ्यतासँग जोडिएका अन्य सबै सम्पदाहरूको संरक्षण र सिङ्गो कालीगण्डकी सभ्यताको संरक्षण अपरिहार्य छ। निर्माणाधीन सडक पूर्वाधारहरूलाई लाभदायक उपयोग गरी प्रदेशको समृद्धिमा योगदान पुर्याउनका लागि खासगरी पशुपालन, उच्चमूल्ययुक्त फलफूलहरू र स्थानीय रैथाने जातका बालीहरूको संरक्षण मार्फत् कृषि-पर्यापर्यटन प्रवर्द्धन गर्न सकिने पर्याप्त सम्भावना छ। त्यसैगरी नदी किनारका ऐतिहासिक सम्पदाहरूको संरक्षण र विकास, विद्युत उत्पादन, सिंचाई सुविधा बिस्तार, उद्योगहरूको स्थापना आदि विषयमा गण्डकी प्रदेशले गर्न धेरै बाँकी छ।

# संक्षिप्त शब्दावलीहरूको विस्तृतीकरण

| | |
|---|---|
| आ.व. | - आर्थिक वर्ष |
| का.कि.व्य.स. | - कानुन किताब व्यवस्थापन समिति |
| कि.मि. | - किलोमिटर |
| वि.स. | - विक्रम सम्वत् |
| जि.वि.स. | - जिल्ला विकास समिति |
| प्र.नि.यो.आ. | - प्रदेश नीति तथा योजना आयोग |
| रा.यो.आ. | - राष्ट्रिय योजना आयोग |
| MCTCA | - Ministry of Culture, Tourism and Civil Aviation |
| MoITFE | - Ministry of Industry, Tourism, Forest and Environment |
| RNAC | - Royal Nepal Airlines Corporation |
| WECS | - Water and Energy Commission Secretariat |
| WTTC | - World Travel and Tourism Council |

# विषय सूची


**परिच्छेद एकः प्रारम्भिक** **१**

१.१ परिचय १

१.२ अध्ययनको उद्देश्य ४

१.३ अध्ययन विधि ५

१.४ प्रतिवेदनको प्रारूप ७

**परिच्छेद दुईः जलसम्पदा र उपयोगको कानुनी पक्ष** **८**

२.१ जलसम्पदाको भण्डार ८

२.२ जलसम्पदा उपयोगको कानुनी पक्ष ८

**परिच्छेद तीनः श्रीकृष्णागण्डकी सम्पदा नदीको योग्यता र व्यवस्थापन** **१२**

३.१ पूर्वकृति समीक्षा १३

३.२ स्थलगत अवलोकनको समीक्षाः २१

**परिच्छेद चारः कालीगण्डकी क्षेत्रका सांस्कृतिक/पुरातात्विक सम्पदाहरू** **३२**

४.१ कालीगण्डकी मुहानः शालग्रामीदेखि रुम्बिनेसम्मका नौं धारा ३२

४.२ कालीगण्डकी किनारका धार्मिक-सांस्कृतिक सम्पदाहरू ३२

**परिच्छेद पाँचः श्रीकृष्णागण्डकी क्षेत्रको आर्थिक विकास** **५८**

५.१ कृषि विकासमा गण्डकी प्रदेश सरकारका प्रयासहरू ५९

५.२ कृषि विकासमा स्थानीय तहका प्रयासहरू ५९

५.३ पर्यटन विकासमा स्थानीय तहका प्रयासहरू ६०

५.४ जलसम्पदाको बहुउपयोग र आर्थिक विकास ६१

५.४.१ खानेपानी तथा सरसफाइमा पहुँच र आर्थिक विकास ६२

५.४.२ जल सम्पदा र कृषि तथा खाद्यान्न उत्पादन ६२

५.४.३ मत्स्यपालन ६३

५.४.४ जलसम्पदा र औद्योगिक विकास ६३

५.४.५ जलविद्युत उत्पादन तथा जलभण्डारण पूर्वाधार विकास ६३

५.४.६ पर्यावरणीय वस्तु तथा सेवाहरु ६५

५.४.७ नदीजन्य निर्माण सामग्री ६५

५.४.८ जलउत्पन्न जोखिम तथा प्रकोपहरु ६५

५.५ उर्जा विकासमा प्रदेश सरकारका प्रयासहरू ६६
५.६ उर्जा विकासमा स्थानीय तहका प्रयासहरू ६६
५.७ उद्योगको विकासमा प्रदेश सरकारका प्रयासहरू ६७
५.८ उद्योगको विकासमा स्थानीय तहका प्रयासहरू ६७
५.९ सिँचाई विकासमा प्रदेश सरकारका प्रयासहरू ६७
५.१० सिँचाई सुविधा बिस्तारमा स्थानीय तहका प्रयासहरू ६८
५.११ बस्ती विकासमा प्रदेश सरकारका प्रयासहरू ६८
५.१२ बस्ती विकासमा स्थानीय तहका प्रयासहरू ६९

**परिच्छेद छः निष्कर्ष तथा सिफारिस गरिएका परियोजनाहरू** **७०**
६.१ पर्यटनलाई अग्रप्राथमिकता ७०
६.२ गण्डकी तटीय समृद्धिका लागि प्रस्तावित योजनाहरू ७१
६.२.१ धवलेश्वर शिवलिङ्ग परियोजना ७२
६.२.२ आलम ध्यान त्रिकोण परियोजना ७३
६.२.३ उत्तरबाहिनी आध्यात्म परियोजना ७३
६.२.४ दक्षिण शालग्रामी परिक्रमा परियोजना ७४
६.३ राय सङ्क्षेपीकरण ७५

**सन्दर्भ सामग्रीहरू** **७७**
अनुसूची १ः श्रीकृष्णागण्डकी नदी र जैविक विविधता ८३
अनुसूची २ः सरोकारवालाहरू बीच छलफलका विषयहरू १०१
अनुसूची ३ः कार्यदलको संरचना १०२

# परिच्छेद एकः प्रारम्भिक

समावेशी आर्थिक वृद्धि, स्थानीय उत्पादनसँग सघन सम्बन्ध भएको पर्यटन क्षेत्रको विस्तार, ऊर्जाको उत्पादन प्रयोग र निकासी, कृषिको आधुनिकीकरण र औद्योगिकीकरण, गुणस्तरीय भौतिक पूर्वाधारहरूको निर्माण, प्राविधिक र व्यावसायिक शिक्षाको विस्तार, गुणस्तरीय स्वास्थ्य सेवाको सुदृढीकरण, जलवायु अनुकूलन आर्थिक कृयाकलापहरू सञ्चालन, गरिबी निवारण र सुशासनको माध्यमबाट सामाजिक न्याय सहितको **"समृद्ध प्रदेश र सुखी प्रदेशवासी"** गण्डकी प्रदेशको मुख्य विकास लक्ष्य हो। यसका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषणमार्फत् विषय क्षेत्रगत समस्या, चुनौंती तथा अवसरहरू पहिचान गरी तिनैका आधारमा विषय केन्द्रित रणनीति, व्यावहारिक कार्यनीति र नतिजामुखी कृयाकलाप सहितका योजनाहरू निर्माण गर्ने कुरामा गण्डकी प्रदेश सरकार अग्रसर छ।

## १.१ परिचय

नेपालको मात्र नभएर हिन्दुकुश हिमालको मध्यभागमा (८३° देखि ८४° पूर्व) उद्गम भएको कृष्णागण्डकी प्रस्रवणले रिडी (८३° पूर्व) देखि देवघाट (८४° पूर्व) सम्म पूर्ववाहिनी भएर चौडाई प्रदर्शन गरेको छ। मधेसको दाउन्ने देखि सोमेश्वर यसै रेखामा पर्छ। महाकालीदेखि मेचीसम्म (८०° देखि ८८° पूर्व) फैलिएको र हिमाल वारी र पारी समेत समेटेको मध्य नेपालमा पर्ने यो प्रस्रवणमा नेपालको अधिकतम् र न्यूनतम् वर्षा मापन भएको छ। यस मानेमा यो रेखाले नेपालको सम्पूर्ण जलवायुको प्रतिनिधित्व गर्छ। लगभग ११९०० वर्गकिलोमिटर क्षेत्रमा विस्तारित यो प्रस्रवणको करिव १७ प्रतिशत क्षेत्रफल ५००० मिटर भन्दा अग्ला हिमाल पर्छन्। त्यहाँ बाह्रैमास हिउँ जमेको हुन्छ। त्यसले कृष्णागण्डकीको कुल जलप्रवाहमा करिव ५ प्रतिशतको हाराहारीमा मात्र योगदान दिन्छ। प्रस्रवणमा धेरै पानी पर्ने क्षेत्र ३००० मिटर भन्दा तलको क्षेत्रमा पर्छ। त्यसैको आधारमा कृष्णागण्डकीको जलप्रवाह निरन्तर भएको हुन्छ। सामान्यतया रुम्बिनेदेखि देवघाटसम्मलाई कृष्णागण्डकीको नामले चिनिने यो नदीलाई देवघाटदेखि त्रिवेणीसम्म नारायणी भनिन्छ। भारतको हाँजिपुरमा भागिरथीसँग मिल्ने यो नदीलाई गण्डक भनिन्छ। भारतखण्डको यस्को लम्बाई करिव ३०० किलोमिटर रहेको छ। नेपालखण्डमा यस्को लम्बाई ५१४ किलोमिटर अनुमान गरिएको छ। रुम्बिनेदेखि देवघाट (१८८ मिटर) सम्म यस्को लम्बाई करिव ४१२ किलोमिटर छ। समुद्रको सतहबाट ८१४३ मिटर (धवलागिरी) देखि ९१ मिटर (त्रिवेणी) सम्मको भूभाग समेटेको यो प्रस्रवणमा सबैभन्दा गहिरो अन्धगल्छी (८१४३ मिटर) पनि पर्दछ।

हिमालय भन्दा जेठी (Gradstein *et al*., 1989) हुनाको कारणले कृष्णागण्डकीको शिरोभागमा समुद्रपिँधको भूगर्भलक्षण अनुभव हुन्छ। समुद्रमा पाईने विशेषजीवको अवशेष मानिएका शालिग्रामको पहाड नै हिमालयमा पाउनु अत्यन्त दुर्लभ लक्षण हो। नेपालमा पाइने डाँफेचरीको छ प्रजाति सबै नै यो प्रस्रवणमा पाइन्छ। डाँफेचरी मात्र नभई, अन्य दुर्लभ चरा प्रजातिको अवलोकन यस प्रस्रवणमा गर्न पाइन्छ। त्यसैले हिमालपारीको क्षेत्रलाई चितवन राष्ट्रिय निकुञ्जसँग जोड्ने जलमार्ग तथा पंक्षी उडान मार्ग समेत भएकोले श्रीकृष्णागण्डकी प्रस्रवणलाई जैविक विविधताको राजमार्ग भनेर चिनिन्छ। (Mc Cain, 2009) (ADB, 1996) (NTNC, 2008)। यस्तो जैविकमार्गमा सतहमा बगेको पानीको मात्र गणना हुँदैन, भूमिगत जलप्रवाह र वायुमण्डलीय आर्द्रताको पनि उत्तिकै महत्त्व रहन्छ। यस्तो मार्गमा पानीको

**कृष्णागण्डकी प्रस्रवणको भौगोलिक विवरणः (रुम्बिनेदेखि देबघाटसम्म)**

| | |
|---|---|
| कूल क्षेत्रफल | ११,८४१ वर्ग कि.मि. |
| ५०००मि.भन्दा अग्लो | १९८३ वर्ग कि.मि(१६.७५%) |
| ३००० देखि ५००० मि. सम्म | २८७० वर्ग कि.मि. (२४.२४%) |
| ३००० मि. भन्दा होचो | ६,९८८ वर्ग कि.मि.(५९.०२%) |

**स्रोतः (DWRI, 2021 को परिमार्जित तथ्याङ्क)**

परिणामको साथसाथै आइसोटप्स तहसम्म पुगेको गुणस्तरको महत्त्व रहने भएकोले मानवीय प्रयासमा मात्र त्यस्तो गुणस्तर कायम राख्न सकिँदैन । त्यसको निमित्त प्रकृतिको संरक्षण भरपर्दो विकल्प हो। गुणस्तरीय पानी र तापक्रमको सीधा प्रभाव जीवजगतको प्रजनन क्षमतामा पर्छ। सन् २००० मा प्रकाशित अर्थ एण्ड प्लानेटरी साईन्स लेटर अंक १८३ मा कर्मला एन गार्जियोन र साथीहरू मिलेर सम्पन्न अनुसन्धानको प्रतिवेदनले कृष्णागण्डकी प्रस्रवणको विभिन्न वेणीहरूको पानीमा उचाई अनुसार १८ आइसोटप्सको अक्सिजन भएको पानीको मात्रा घटेको देखाइयो (Garzione *et al*., 2000)। पानीको गुणस्तरमा पर्ने त्यस्तो प्रभावले कुनै पनि जीव बाँच्नको निमित्त तात्विक प्रभाव नपरे पनि प्रजनन क्षमतामा धेरै फरक पार्छ। उभयचरले फूल पार्न तथा चल्ला कोरल्न विशेष वन नै खोज्नुको अर्थ त्यस्तै प्रजनन क्षमताको निमित्त हो। उनीहरूलाई प्रजननको निमित्त एक प्रकारको वातावरण चाहिन्छ भने शारीरिक विकासको निमित्त अर्कै किसिमको वातावरण चाहिन्छ। त्यसैले तिनीहरू मौसम अनुसार बसाइ सराइ गर्छन्। एकठाउँमा बच्चा कोरल्छन् र अर्को ठाउँमा हुर्काउँछन्। साईबेरिया तथा मानसरोवरका चरा चितवन राष्ट्रिय निकुञ्जमा ओहोरदोहोर गर्ने मार्गको रूपमा कृष्णागण्डकी कै आकाशमार्ग छनौंट गर्नु तथा विशेष प्रकृतिका माछाले प्रजननको निमित्त कृष्णागण्डकीको प्रवाह नै अनुकुल हुनु यसका जीवन्त उदाहरण हुन्। कृष्णागण्डकीमा पाइने विभिन्न प्रकृतिका शालिग्राम, एक प्रकारको जीवावशेष हुन्। समयक्रमसँगै भूगोल, तापक्रम र वर्षा प्रकृतिमा परिमाणात्मक तथा गुणस्तरीय परिवर्तन हुँदा ती जीवको अस्तित्व करोडौं वर्ष पहिला नै लोप भएको थियो। शालिग्रामको कार्बन डेटिङ्ग सहित डिएनए परीक्षण गरेमा त्यतिवेलाको वातावरण र उक्त वातावरणमा बाँच्ने जीवको आयु तथा जीवावशेषको अवधि अनुमान गर्न सघाउ पुग्छ। त्यस्तो जटिल प्रयोगशालामा आधारित अनुसन्धान गर्ने अवस्था तत्कालको निमित्त हामीसँग छैन। तर स्थिति सधैं यस्तै रहँदैन। हाम्रा विद्यार्थीले बाहिरका प्रयोगशालासँग सहकार्य गरेर यस्तो अनुसन्धान गर्ने अभ्यास प्रारम्भ गरिसकेका छन्। भविष्यमा यस्तो गहन अनुसन्धान अझै हुने विश्वास छ।

जल नै जीवनको आधार हो। पानी हिजो जत्ति थियो, आज त्यत्ति नै छ र भोलिपनि त्यत्ति नै हुन्छ। यो चक्र पद्धतिमा घुमी रहन्छ। कुनै एक स्थानमा कमी हुँदा अर्को स्थानमा बढी हुन्छ। ध्रुवीय प्रदेश पग्लिँदा भूमध्यसागरको सतह बढेको जस्तो हुने हो, कुल योगमा फरक परेको हुँदैन। जलवायु परिवर्तनको अर्थ वायुमण्डलमा पानीको मात्रा घट्ने वा बढ्ने नभई वायुमण्डलीय तापमानको आधारमा वर्षाको प्रकृति परिवर्तन हुने हो। केही वर्ष अगाडि अत्यन्त कम पानी पर्ने हिमालपारीका जिल्ला मुस्ताङ र मनाङमा आजभोली केही बढी वर्षा हुँदैछ। वायुमण्डलको औसत तापक्रममा भएको परिवर्तनले वायुमण्डलीय चापमा असर गरेर पानी बोकेको वायु हिमालपारीसम्म पुगेको हो। वायुमण्डलको पानी हिमालपारी जान नसकेको भए अन्त कतै जान्थ्यो। पानीको त्यस्तो चक्रमा गुणस्तर पनि परिवर्तन हुन्छ। पानीको त्यस्तै गुणस्तरले जैविक विविधता निर्धारण गर्न मद्दत गर्छ। नेपालको सबैभन्दा कम पानी पर्ने उपल्लो मुस्ताङ र सबैभन्दा बढी पानी पर्ने लुम्ले गण्डकी प्रदेशकै कृष्णागण्डकी प्रस्रवणमा नै पर्ने भएकोले यो प्रस्रवणलाई जैविक विविधताको खानी नै मानिएको छ। एक प्रतिवेदनले यो प्रस्रवणमा १२० प्रजातिका चरा, २०० भन्दा बढी औषधी महत्त्वका जडिबुटी, विभिन्न प्रजातिका वन्यजन्तु, पाइने उल्लेख गरेको छ भने पाल्पाको सीता कुण्ड क्षेत्रमा जङ्गली धान पाइएको तथ्य स्थलगत अवलोकनमा नै पुष्टि भएको छ (Neupane, *et al*, 2000; Neupane et al, 2020)। अर्को प्रतिवेदनले करीब ४० प्रजातिका चराहरूले मौसमी बसाइ-सराइको निमित्त यो मार्गलाई प्रयोग गरेको उल्लेख गरिएको छ। चराहरूको त्यस्तो उडानमा वायुमण्डलको आर्द्रता र गुणस्तरले पनि प्रभाव पारेको हुन्छ। त्यसरी नै स्थानीय प्रजातिका माछाहरूले फुल पार्न र त्यस्तो फूल भुरामा परिणत हुन पानीको गुणस्तर र प्रवाह निर्णायक हुन्छ। Schizothorax richardsonii प्रजातिको माछा यो नदीमा मात्र पाइनुको मुख्य कारण पानीको धार र गुणस्तर हो। यो प्रस्रवणमा यस्ता धेरै उभयचर, जलचर र स्थलचर जीव तथा तिनको आहाराको आधार बनेका वानस्पतिक विविधताको खोज अनुसन्धान हुन बाँकी छ (Upadhaya, K.K. and B.C. Shrestha, Undated)। क्षणिक लाभको निमित्त तिनको बासस्थान लोप गर्न हुँदैन। प्रतिकूल हुँदै गएको जलवायु परिवर्तनलाई व्यवस्थापन गर्न चितवन राष्ट्रिय निकुञ्जलाई नदीमार्गबाट उपल्लो मुस्ताङसम्म जोडेर

उनीहरूको प्रजनन् वातावरण बनाई राख्न यो प्रस्रवणको संरक्षण नितान्त आवश्यक छ। यसले कृष्णागण्डकी प्रस्रवणलाई विश्वसम्पदामा सूचीकरण गर्न मद्दत गर्छ।

कृष्णागण्डकीको विशेषता भूगर्भ, भूधरातल, जलवायु तथा जैविक विविधतामा मात्र सिमित छैन। यो प्रस्रवणमा तिब्बती, थकाली, मगर, गुरुङ, नेवार, आर्य, बोटेमाझी, कुमाल, दराई, थारु आदि संस्कृतिको समन्वयात्मक विविधता पनि देख्न सकिन्छ। प्राकृतिक स्रोत र संस्कृतिले सम्पन्न भएको प्रस्रवण हुँदा पनि यहाँका सर्वसाधारण जनताको जीवन कष्टकर छ। स्थानीय, प्रदेश तथा संघीय सरकारले यहाँको स्रोत र संस्कृतिलाई व्यवसायको आधार बनाएर सर्वसाधारणको रोजगारी सुनिश्चित गर्न सकेको छैन। प्रस्रवणको जनघनत्व र जनसंख्या वृद्धिदरले प्रस्रवणको मूल समस्या बसाइ-सराइ रहेको देखाउँछ। केन्द्रीय तथ्याङ्क विभागले सम्पन्न गरेको जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार म्याग्दी, बागलुङ, पर्वत, स्याङ्जा तथा गुल्मीको जनसंख्या वृद्धिदर ऋणात्मक छ भने मुस्ताङ, तनहुँ र पाल्पाको राष्ट्रिय औसत भन्दा कम छ (केतवि, २०७८)। पहाडको जनसंख्या वृद्धिदर घट्दा चितवन, नवलपरासी पूर्व तथा पश्चिम, रुपन्देही तथा कपिलवस्तुको जनसंख्या अत्याधिक हिसाबले बढेको छ। जिल्ला भित्रको बसाइ-सराइ र अनुपस्थित जनसंख्याको हिसाव गर्ने हो भने यो समस्या कहाली लाग्दो देखिन्छ। यस्को सीधा अर्थ स्थानीय, प्रदेश तथा संघीय कुनैपनि सरकारले प्रस्रवणमा उपलब्ध स्रोत र संस्कृतिलाई व्यावसायिक लाभको निमित्त उपयोग गरेको छैन वा उपयोग गरेको हकमा पनि सीमित वर्गले मात्र व्यावसायिक लाभ लिएर आधारतहका जनतालाई बसाई सर्न बाध्य बनाएको बुझिन्छ।

कृष्णागण्डकी र गण्डकीको गर्भमा पाइने शालिग्रामलाई पुराण लगायतका शास्त्रहरूमा उच्च महत्त्व दिएर प्रस्तुत भएका छन्। त्यहाँको भूगर्भ, भूधरातल, जलवायु तथा जैविक विविधता उपर धेरै पहिलादेखि नै खोज अनुसन्धान भएर कृति प्रकाशन भएका छन्। तिनको सदुपयोग गरेमा प्रस्रवणको हरेक इकाई भूमि, जलबिन्द तथा जनशक्तिको उत्पादकत्व वृद्धि गर्न सकिन्थ्यो। त्यसतर्फ तीनैतहका सरकारहरूले प्रयास नगरेको तथ्य बसाइ-सराइको चापले प्रदर्शन गरेको छ।

**तालिका १ः कृष्णागण्डकी प्रस्रवणको जनसंख्या विवरण**

| जिल्ला/पालिका | जनसंख्या | जनघनत्व | जनसंख्या वृद्धिदर |
|---|---|---|---|
| मुस्ताङ | १४५९६ | ४ | ०.७८ |
| म्याग्दी | १०७३७२ | ४७ | (०.५४) |
| बागलुङ्ग | २५०५५४ | १४० | (०.६७) |
| पर्वत | १३२७०३ | २६९ | (०.९६) |
| स्याङ्जा | २५४९६५ | २१९ | (१.२१) |
| गुल्मी | २४६८३६ | २१५ | (१.२२) |
| नवलपरासी पूर्व | ३८११०५ | २६७ | १.९३ |
| चितवन | ७२२१६८ | ३२६ | २.१० |
| तनहुँ | | | ०.१३ |
| घिरिङ्ग | १५०३८ | | |
| ऋशिङ्ग | १८८२१ | | |
| देवघाट | १४९४१ | | |
| पाल्पा | | | (०.७२) |
| वगनासकाली | १६९३४ | | |

| जिल्ला/पालिका | जनसंख्या | जनघनत्व | जनसंख्या वृद्धिदर |
|---|---|---|---|
| रम्भा | १७०७७ | | |
| रामपुर | ३९१९० | | |
| निस्दी | १७६२९ | | |
| कास्की अन्नपूर्ण | २२५१७ | | |
| जम्मा | २२७२४४६ | | |

*स्रोतः केन्द्रीय तथ्याङ्क, राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा*

यो अध्ययनले प्रस्रवणको यसै समस्याको कडि पहिचान गरेर समस्या समाधानको विकल्प प्रस्तुत गर्ने लक्ष्य राखेको छ। नदी प्रस्रवण, जलवायु परिवर्तन, जैविक विविधता व्यवस्थापन जस्ता आमचासोका विषयवस्तुको दिगो व्यवस्थापनमा सांस्कृतिक रणनीतिको प्रभाव दह्रो देखिएकोले हालका वर्षहरूमा युनेस्को (UNESCO, 2012) विश्व वन्यजन्तु कोष (WWF, n.d.) संयुक्त राष्ट्रसङ्घको वातावरण कार्यक्रम (UNEP, 2016), विश्व बैंक (Palmer, & Finlay, 2003) अमेरिकी सहयोग नियोग (USAID, 2011) लगायतका धेरै अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले धर्म संस्कृतिलाई रणनीतिक उपयोग गरेका छन् (Infield & Mugisha,2010)। विश्वमा चलेको त्यो लहरलाई अनुशरण गर्दै सनातन धर्म संस्कृतिलाई आधार बनाएर हिमालयको दुवै पानीढलोमा विस्तारित श्रीकृष्णागण्डकीको संरक्षण, सम्वर्द्धन र दिगो उपयोगमा उक्त रणनीति रूपान्तरण गर्न धेरै सम्भावना रहेकोले यो अध्ययनले त्यसै अवधारणालाई आधार बनाएको छ। चितवन राष्ट्रिय निकुञ्ज र अन्नपूर्ण संरक्षण क्षेत्रको समन्वयकारी भूमिका निर्वाह गरेको यो नदी पवित्रताको शिखरमा भएको र यहाँ पाइने शालिग्राम उपर विश्व समुदायको चासो हुनाको साथै भारतीय पर्यटकको निमित्त प्रमुख आध्यात्मिक तीर्थ गन्तव्य हुनसक्ने भएकोले शालग्रामी संस्कृतिलाई प्रस्रवण संरक्षणको आधार बनाउने उद्देश्यले यो प्रतिवेदन तयार गरिएको छ।

यस प्रदेशमा रहेका ११ जिल्ला मध्ये मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वत, स्याङ्जा, तनहुँ र नवलपुरसमेत ७ वटा जिल्ला भएर यो नदी बगेको छ। यसका अतिरिक्त मोदी, मादी, मर्स्याङ्दी, बुढीगण्डकी, सेती, रघुगङ्गा, म्याग्दी आदि अन्य ठूला नदी तथा खोलाहरू पनि यस प्रदेशमा रहेका छन्। यी मध्ये पनि कृष्णागण्डकी पानीको उपलब्धताका हिसाबले मात्र नभै यसको पवित्रता, धार्मिक सांस्कृतिक विश्वास, र नदी किनारमा अवस्थित दर्जनौं तीर्थस्थल एवम् ऋषिमुनिहरूका आश्रामहरूले पनि यस नदीलाई पवित्र र ऐतिहासिक नदीको रूपमा चिनाएको छ। तथापि राष्ट्रियस्तरमा परिचित यसको पवित्रता एवम् जलसंस्कृतिलाई विश्व समुदायसामु चिनाउन भने बाँकी छ।

## १.२ अध्ययनको उद्देश्य

माथिल्लो मुस्ताङदेखि त्रिवेणी सुस्तासम्म गण्डकी प्रदेशको बीच भागबाट बगेको कृष्णागण्डकी धार्मिक एवम् सांस्कृतिक महत्वका हिसाबले विश्वकै सबभन्दा पवित्र नदी हो। यो नदी नेपालका तीन ठूला नदीहरूमध्येको एक हो। विश्वकै सबैभन्दा पवित्र मानिएको यस नदीको महत्व नेपालमा मात्र नभई भारत प्रवेश गरेपछि पनि उत्तिकै रहेको छ। तथापि यसको अपार महत्वको प्रचारप्रसार गरी लाभदायक उपयोग भने अपेक्षित रूपमा हुन सकेको छैन। यसै सन्दर्भमा गण्डकी प्रदेशको समृद्धिमा कृष्णागण्डकीको जल, जलसंस्कृति, धार्मिक आस्था र विश्वासको उपयोगका साथै यस आसपासमा सञ्चालन गर्न सकिने ठूला व्यावसायिक कृयाकलापहरू जसबाट कालीगण्डकी लोकमार्ग, कालीगण्डकी कोरिडोर र शालिग्राम कोरिडोरलगायत अन्य सडक पूर्वाधारहरूको उपयोग गर्न सकियोस् भन्ने बारेमा पूर्वसम्भाव्यता अध्ययन गरी गण्डकी प्रदेश सरकारलाई सुझाव दिनु यस अध्ययनको मुख्य उद्देश्य हो। यसका साथै यो अध्ययनका निम्न विशिष्ट उद्देश्यहरू रहेका छन्-

(क) शालिग्रामलाई केन्द्रमा राखेर कृष्णागण्डकी प्रस्रवणमा भएका अनुसन्धान प्रकाशनहरूको सङ्ग्रह गरी नीति निर्माणको निमित्त प्रतिवेदन तयार गर्ने,

(ख) जलवायु परिवर्तनका प्रभाव तथा जैविक विविधताका सन्दर्भमा भए गरेका अनुसन्धान प्रकाशनहरू अध्ययन गरी थप अनुसन्धान तथा विकासका लागि सुझावहरू तयार गर्ने,

(ग) ऐतिहासिक तथा पुरातात्विक महत्वका स्मारक, गुठी, चौतारी, पौवा, कुवा, पँधेरो तथा बगैंचाहरू आदिको संरक्षणसँग जोडिएका सवालहरू पहिचान गर्ने,

(घ) निर्माणाधीन कालीगण्डकी तथा शालिग्राम कोरिडोरको उत्पादकत्व बढाउन गर्न सकिने रणनीतिक कार्ययोजना सिफारिस गर्ने

(ङ) कृष्णागण्डकी प्रस्रवणलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न सम्पन्न गर्नुपर्ने पूर्वतयारीको कार्ययोजना सिफारिस गर्ने।

## १.३ अध्ययन विधि

शास्त्रमा वर्णन भएका शालिग्रामशिलाको दृष्टान्त रहस्यपूर्ण छन्। तिनको निरूपण गर्नु सजिलो विषय होईन। **"परोक्षवादो वेदो यं बालानामनुशासनम्"** (भागवत महापुराण ११:३:४४) भनेर पुराणहरू विषयको उठान गरेर पूर्ण निरूपण नगरी श्लोकमा नै शयन गरिदिन्छन्। तिनीहरू जिज्ञासा जगाएर गुढ रहस्य पत्ता लगाउने जिम्मा स्वयम् जिज्ञासुलाई नै छाडिदिन्छन्। यो प्रतिवेदन तयार गर्दा शास्त्रवचनको उपयोग उपरोक्त श्लोकको मर्मअनुसार भएको छ। न्यूनतम खर्च र छोटो समयमा पूर्वसम्भाव्यता अध्ययन गर्नु परेको हुँदा यो अध्ययनमा प्रयोगशाला परीक्षण तथा उपकरणको प्रयोग गरिएको छैन। सम्भव भएसम्मका शास्त्रहरूको पुनरावलोकन गरी कृष्णागण्डकी र शालिग्रामशिला सम्बन्धित दृष्टान्तलाई भूगोलको अनुसन्धान अनुशासन पालन गरेर प्रकाशन भएका कृतिहरूसँग तुलना गरी नयाँ दृष्टान्त दिने प्रयास गरिएको छ। यो प्रतिवेदन आस्तिक र नास्तिक दुवै पक्षको समन्वय बिन्दु पहिल्याउने प्रयासमा छ।

यो प्रस्रवणमा बसोबास गर्ने भिन्नभिन्न सम्प्रदायले आ-आफ्नै तरिकाले कृष्णागण्डकी र शालिग्रामको श्रद्धा गर्छन्। सतहमा उनीहरूमा भिन्नता देखिँदा पनि अन्तर्यमा समान धारणा राख्छन्। यो प्रतिवेदनले सांस्कृतिक विविधता बीच गण्डकी र शिला उपर समान आदरभाव हुनुको समन्वय बिन्दु पहिल्याउन प्रयास गरेको छ। जोमसोमदेखि नवलपुरसम्म सम्पन्न अन्तरक्रियामा सहभागीले व्यक्त गरेका भावका अलावा हिंड्दाहिंड्दै जिज्ञासाको उठान गरेर उनीहरूको भावना र मान्यता सुन्ने काम भएको छ। धेरै व्यक्तिले व्यक्त गरेका साझा सूचनालाई प्रतिवेदन तयार गर्न उपयोग गरिएको छ।

यो प्रतिवेदन तयार गर्दा सबैभन्दा जोड दिइएको विधि स्थलगत अवलोकन हो। व्यक्तिगत घरको आँगनमा बनेको तुलसीको मठदेखि संग्रहालयसम्म राखिएका शालिग्रामको अवलोकन गरिएको छ। गण्डकीको किनारै किनार खनिएका बाटोको भित्ता, बाटोमा छरिएका गिट्टीदेखि पूर्व, पश्चिम, उत्तर तथा दक्षिण बाहिनी क्षेत्रको बगरमा शालिग्रामको उपलब्धता निहालिएको छ। अवलोकन गर्ने कार्य उत्तरी सीमादेखि दक्षिणी सीमासम्म भयो। अवलोकनकै क्रममा मन्दिरमा सङ्ग्रह गरिएको शालिग्राम पनि हेरियो। अवलोकनको क्रम गण्डकी प्रदेशमा मात्र सीमित नगरेर दक्षिण सोमेश्वर भनेर परिचित बागमती प्रदेश अन्तरगत चितवनको माडीमा पनि सम्पन्न भयो।

कृष्णागण्डकीको बहुउपयोगिताका सम्बन्धमा थप अध्ययन र विभिन्न विषयक्षेत्रगत योजना तर्जुमाको आधार निर्माणका लागि गरिएको यो पूर्वसम्भाव्यता अध्ययन कार्य सम्पन्न गर्नका लागि द्वितीय र प्राथमिक दुवै स्रोतबाट सूचनाहरू सङ्कलन र विश्लेषण गरिएको छ। द्वितीय स्रोतका रूपमा खासगरी संघीय, प्रदेश र स्थानीय तहका नीतिगत कानुनी व्यवस्थाहरू र योजना दस्तावेजहरू र ऐतिहासिक दस्तावेजहरूलाई मुख्य स्रोत मानी सोही अनुरूप पुनरावलोकन गरिएको छ। तिनका अतिरिक्त अन्य प्रकाशित अप्रकाशित कृतिहरू अथवा यससँग सम्बन्धित दस्तावेजहरू पनि अध्ययन गरिएको हो।

त्यसैगरी, कृष्णागण्डकी प्रभावित जिल्लाहरूमा प्रदेश नीति तथा योजना आयोगको अनुरोधमा सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको समन्वयमा जिल्लास्तरमा आयोजित छलफल गोष्ठीहरूका निष्कर्षहरू, स्थलगत अवलोकनबाट प्राप्त सूचनाहरू र उपलब्ध व्यक्तिहरूसँग भएका अनौंपचारिक कुराकानी एवम् भलाकुसारीलाई पनि सूचना सङ्कलनको माध्यमको रूपमा लिइएको हो। जिल्लास्तरमा सम्पन्न भएका गोष्ठीहरूमा सम्बन्धित जिल्लाबाट सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने माननीयज्यूहरू, प्रदेश सभाका माननीयज्यूहरू, जि.स.स. प्रमुख, स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरू, वडा अध्यक्षहरू, उद्योग वाणिज्य सङ्घ, प्रमुख राजनीतिक दलका प्रमुखहरू, जिल्ला समन्वय अधिकारी, विषयगत कार्यलयका प्रमुखहरू आदिको सहभागिता रहेको थियो। उक्त गोष्ठीहरूमा विज्ञहरूले विषय प्रवेश गर्दै प्रस्तुत चेकलिस्टका आधारमा छलफलमार्फत् सुझाव सङ्कलन गरिएको थियो। कतिपय स्थानमा जिल्लास्तरमा मात्र नभै स्थानीय तहमा पनि औपचारिक छलफलहरू भएका थिए।

यसप्रकार सङ्घीय तथा प्रदेश सरकारका प्राथमिकताहरू र स्थानीय आवश्यकता बीच तादात्म्य हुने गरी उचित सुझाव प्रस्तुतिका लागि सर्वप्रथम सङ्घीय तथा प्रदेश सरकारका कानुनी र नीतिगत व्यवस्थाहरूका साथै कार्यक्रमहरू विश्लेषण सम्पन्न भयो। त्यसपछि गण्डकी प्रदेश खासगरी यस नदी आसपासका स्थानीय तहहरूले आर्थिक विकासका लागि गरेका प्रयासहरू विश्लेषण पश्चात् रिक्तता परिपूर्तिका लागि सुझावहरू प्रस्तुत गरिएको छ । यसरी तयार गरिएको ड्राफ्ट प्रतिवेदनलाई प्रदेश स्तरमा पनि विभिन्न विशिष्ट पदाधिकारी एवम् व्यक्तिहरू बीच प्रस्तुत गरी प्राप्त सुझावहरू समेतलाई समावेश गरी प्रतिवेदनलाई अन्तिम रूप दिइएको हो।

**तालिका २: अध्ययन विधि एवम् प्रक्रिया**



## १.४ प्रतिवेदनको प्रारूप

यो अध्ययन प्रतिवेदन विभिन्न सात वटा परिच्छेदमा विभक्त गरी सङ्गठित गरिएको छ। पहिलो प्रारम्भिक खण्डमा परिचय, अध्ययनको उद्देश्य र अध्ययन विधि समावेश गरिएको छ। दोस्रो परिच्छेदमा प्राकृतिक स्रोत उपयोगसम्बन्धी कानुनी नीतिगत विषयहरू समावेश गरिएको छ।

परिच्छेद तीन र चारमा श्रीकृष्णागण्डकी क्षेत्रका सांस्कृतिक एवम् पुरातात्विक सम्पदाहरूका बारेमा चर्चा गरिएको छ। यस अन्तर्गत कृष्णागण्डकीको मुहान, यो नदी किनार तथा यसको आसपासमा भएका सांस्कृतिक सम्पदाहरू, गङ्गाक्षेत्र संरक्षण नीतिका लागि शास्त्रीय सुझाव र गण्डकी प्रदेशको समृद्धिका लागि प्रस्तावित केही योजनाहरू यसमा समेटिएका छन्।

त्यसैगरी परिच्छेद पाँच प्रस्रवण क्षेत्रको आर्थिक तथा भौतिक विकाससँग सम्बन्धित छ। यस अन्तर्गत कृषि, पर्यटन, उद्योग, ऊर्जा, सिँचाई, आवास तथा बस्ती विकास, आदि विषयक्षेत्रका बारेमा विवेचना गरिएको छ। त्यसैगरी छैटौं तथा अन्तिम परिच्छेद अध्ययनको नतिजा, निष्कर्ष र सुझावहरूको रहेको छ।

# परिच्छेद दुईः जलसम्पदा र उपयोगको कानुनी पक्ष

## २.१ जलसम्पदाको भण्डार

पानी मानवको जीवन र जीविकोपार्जनका लागि अत्यावश्यक छ। पानी मानवता, सामाजिक समता र न्यायको साझा प्रतीक हो। पानी मानिसलाई धार्मिक, प्राकृतिक र सांस्कृतिक सम्पदाहरूसँग बाध्यकारी रूपमा जोड्ने पुलहरू मध्ये एक हो। कालीगण्डकी नदी नेपाल, भारत र बंगलादेशका मानिसहरूको प्रमुख धार्मिक तथा सांस्कृतिक महत्वको नदी हो। पानीको उपलब्धताका दृष्टिले विश्वमा नेपाल सम्पन्न मानिन्छ। नेपालमा वार्षिक करीब २२५ अरब घन मिटर वा ७,१२५ घन मिटर प्रति सेकेण्ड औसत प्रवाह रहेको पानी करीब १२ अरब घन मिटर भूमिगत जलस्रोतका रूपमा पुनर्भरण भएको पानी उपलब्ध भए पनि केवल यसको सानो अंश करीब १५ अरब घन मिटर मात्र आर्थिक तथा सामाजिक उद्देश्यका लागि उपयोग गरेको पाइन्छ। उपयोग गरेको पानी मध्ये पनि ९५.९% कृषि, ३.८% घरायसी र केवल ०.३% औद्योगिक उपयोगमा प्रयोग भएको पाइन्छ। पानीको श्रोतका रूपमा देशमा ५,३२३ वर्ग कि.मि. क्षेत्रफल ढाकेका ३,२५२ वटा हिमनदीहरू, ४८१ घन कि.मि. क्षेत्र हिउँ भण्डार, ७५ वर्ग कि.मि. समेटेका २,३२३ हिउँतालहरू र ६,००० भन्दा बढी नदीनालाहरू रहेका छन्। देशका ठूला चार हिउँ तथा हिमनदी पोषित नदी बेसिन मध्ये गण्डकी प्रदेशमा रहेको गण्डकी नदी बेसिनमा १,८०० वर्ग कि.मि. फैलिएका १,३३७ हिमनदीहरू, १९१.३९ घन कि.मि. हिउँ भण्डार रहेको पाइन्छ (WECS,2011)। कालीगण्डकी नदी बेसिनमा १७,३०० हेक्टर फैलिएका हिमनदीहरू र १,१०० हेक्टर भूमिमा हिउँ भण्डार रहेको पाइन्छ। कालीगण्डकी नदीको जलप्रवाह विगत २५ वर्षको अवधिमा न्यूनतममा ५५.७ घन मिटर प्रति सेकेण्ड (१२ अप्रिल सन् २००९) र अधिकतममा ४,२७६ घन मिटर प्रति सेकेण्ड (१९ जुलाई सन् १९९६) निकै उच्च रहेको देखिन्छ। वार्षिक औषत जलप्रवाह सन् १९६४ मा ४६४.२८ घन मिटर प्रति सेकेण्ड, सन् १९९६ मा ४७०.८९ घन मिटर प्रति सेकेण्ड र सन् २०१५ मा २८५.३२ घन मिटर प्रति सेकेण्ड रहेको देखिन्छ। त्रिशुली नदीको मुख्य सहायक नदी कालीगण्डकी नदी त्रिशुली नदीमा मिसिएपछि चितवनको देवघाटमा सन् १९६४ देखि सन् २०१० को अवधिमा नदीको औसत मासिक प्रवाहमा भिन्नता देखिन्छ। मार्च महिनामा २७७ घन मिटर प्रति सेकेण्डदेखि अगष्टमा ४,६३४ घन मिटर प्रति सेकेण्ड देखिएको छ भने सन् १९७४ अगष्ट ५ मा अधिकतम दैनिक प्रवाह १४,१०० घन मिटर प्रति सेकेण्ड जल प्रवाह देखिन्छ (IBRD, 2019)। पानीको स्रोतका रूपमा रहेको वर्षा पनि नेपालकै सबैभन्दा बढी पानी पर्ने क्षेत्र लुम्ले (वार्षिक ५००० मि.मि. भन्दा बढी) यही नदीको जलाधार क्षेत्रमा पर्ने भएबाट नेपाल कै बढी जलसम्पदाको भण्डारका रूपमा कालीगण्डकी नदी जलाधार क्षेत्र रहेको कुरा प्रष्ट हुन्छ।

## २.२ जलसम्पदा उपयोगको कानुनी पक्ष

नेपालको संविधान नेपालको मूल कानुन हो (धारा १)। नेपालको संविधानको धारा ४ को 'स्पष्टीकरण' मा "धर्म निरपेक्ष भन्नाले सनातनदेखि चली आएको धर्म संस्कृतिको संरक्षण लगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्झनु पर्छ" भन्ने छ। दामोदर कुण्ड, मुक्तिनाथ, पुलाह आश्रम, राजर्षि भरतको तपस्थल (गलेश्वर), कालिका भगवती, रिडी, रानीघाट, त्रिवेणी र गजेन्द्रमोक्ष जस्ता यस नदी प्रश्रवणसँग जोडिएका धार्मिक, ऐतिहासिक स्थलहरू हुन्। संविधानको धारा २६ ले धार्मिक स्वतन्त्रताको प्रत्याभूति गरेको छ। संविधानको धारा ५१ मा राज्यका नीतिहरूको व्यवस्था छ त्यसको (च) (२) मा "वातावरण अनुकूल गुणस्तरीय तथा दिगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने बारे उल्लेख छ। सोही धाराको (छ) मा "प्राकृतिक साधन श्रोतको संरक्षण, सम्वर्द्धन र उपयोगका कुरा छन्" भने (ठ) मा पर्यटन सम्बन्धी नीतिका बारेमा उल्लेख छ। धारा २५० मा "राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग" को व्यवस्था छ भने धारा २५१ मा "आयोगको काम कर्तव्य र अधिकार" को व्यवस्था छ। सोही धाराको (१) (ज) मा- "प्राकृतिक

श्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने" र (झ) मा प्राकृतिक श्रोतको बाँडफाँडको विवाद परे सुझाव दिने व्यवस्था छ। सोही धाराको उपधारा (२) मा वातावरण प्रभाव मूल्याङ्कन सम्बन्धमा अध्ययन गरी सरकारलाई सिफारिस गर्ने उपधारा (३) मा प्राकृतिक श्रोतको परिचालन गर्दा वा राजस्वको बाँडफाँड गर्दा अपनाउनु पर्ने विस्तृत आधार सङ्घीय कानुन बमोजिम हुनेछ भनिएको छ। संविधानको धारा २३२ (१) मा सङ्घ, प्रदेश सरकार र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, समन्वय र सहअस्तित्वको सिद्धान्तमा आधारित हुनेछ भनिएको छ।

नेपालको संविधान अनुसूची-५ मा संघको अधिकारको सूचीको क्रम संख्या ११ मा जलश्रोतको संरक्षण र बहुआयामिक उपयोग सम्बन्धी नीति र मापदण्ड, क्रम संख्या १४ मा केन्द्रीय स्तरका ठूला विद्युत, सिँचाई र अन्य आयोजना तथा परियोजना र क्रम संख्या २९ मा भूउपयोग नीति, बस्ती विकास नीति, पर्यटन नीति, वातावरण अनुकूलन सङ्घको अधिकारमा रहेको छ।

नेपालको संविधान अनुसूची-६ मा प्रदेशको अधिकारको सूचीको क्रम संख्या १८ मा धर्मको संरक्षण र प्रयोग, क्रम संख्या १९ मा प्रदेश भित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यस्थापन र अनुसूची-७ सङ्घ र प्रदेशको साझा अधिकारको सूचीको क्रम संख्या १३ मा प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता, क्रम संख्या १८ मा पर्यटन, खानेपानी तथा सरसफाइ, क्रम संख्या २३ मा अन्तर प्रादेशिक रूपमा फैलिएको जङ्गल, हिमाल, वन संरक्षण क्षेत्र र जल उपयोगको व्यवस्था रहेको छ। त्यसैगरी अनुसूची-९ संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीको क्र.स. ७ मा जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधताको व्यवस्था रहेको छ।

### स्थानीय तहको अधिकारको सूची (अनुसूची-८)

नेपालको संविधान २०७२ को अनुसूची-८ स्थानीय तहको अधिकार सूचीमा वातावरण र जैविक विविधता, खानेपानी, साना जल विद्युत आयोजना, विपद् व्यवस्थापन, जलाधार, वन्यजन्तु खानी तथा खनिज पदार्थको संरक्षणको अधिकारको व्यवस्था रहेको छ।

### राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४

- उक्त ऐनको दफा ३ (१) र (६) प्राकृतिक श्रोतको संरक्षण र उपयोगका विषयमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक सुझाव दिने काम, कर्तव्य राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगलाई सुम्पेको छ।
- दफा १४ (१) अनुसार आयोगले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा लगानी हिस्सा देहायको आधार तय गरी नेपाल सरकारमा सिफारिस गर्नुपर्ने भन्ने छ।
  - राजस्वको अवस्था र उठ्न सक्ने क्षमता।
  - लगानी गर्न सक्ने क्षमता।
  - प्राप्त गर्ने उपलब्धिको हिस्सा।
  - प्राप्त उपलब्धिको उपभोग।
  - पूर्वाधारको अवस्था र आवश्यकता।
  - आर्थिक अवस्था र भौगोलिक बनोट।

आयोगले प्राकृतिक श्रोतको परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्सा वितरण गर्ने सूत्र निर्धारणका निश्चित आधारहरू कानुनद्वारा नै स्पष्ट पारिएको छ। जस्तैः- परिचालित प्राकृतिक श्रोतको परिचालनबाट प्रभावित क्षेत्र; परिचालित प्राकृतिक श्रोतको उपरको निर्भरता; प्रतिफल लाभान्वित जनसङ्ख्या; प्राकृतिक श्रोतमा आश्रित जनसङ्ख्या; प्राकृतिक श्रोतको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता आदिका आधारमा निर्धारण गरी नेपाल सरकारमा सिफारिस गर्नुपर्ने भन्ने व्यवस्था छ।

**जलश्रोत ऐन, २०४९**

- ऐनको दफा-२(क) मा 'जलश्रोत' भन्नाले नेपाल भित्रको भूसतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ।
- ऐ ऐनको दफा-३ मा नेपाल भित्र रहेको जलश्रोतको स्वामित्व नेपालमा निहित रहनेछ।
- ऐ ऐनको दफा-१९ मा जलश्रोत प्रदूषित गर्न नहुने।
- ऐ ऐनको दफा-२० मा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुने।

यस ऐनमा खानेपानी, सिँचाई, जलविद्युत आयोजनाको स्वीकृति र जलश्रोत दर्तासम्बन्धी व्यवस्था छ।

**जग्गा (नापजाँच) ऐन, २०१९**

ऐनको दफा २ (ङ) 'सरकारी जग्गा' भन्नाले नदी, खोलानालासमेत भित्र पारी परिभाषा गरिएको छ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

ऐनको दफा ११ (१) (घ) (छ) - ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवम् खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन आदि विषयहरू पनि समावेश छन्।

**जलश्रोत नीति, २०७७ मा निम्न कुराहरू समावेश छनः**

- नदी बेसिन गुरु योजनाको आधारमा जलश्रोतको उपयोग तथा व्यवस्थापन गर्ने।
- सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयनमा जलश्रोतको संरक्षण, विकास उपयोग गर्ने।
- आयोजना प्रभावित समुदायको सुरक्षा एवम् संरक्षण गर्ने।
- सम्बन्धित निकायमार्फत् निमार्ण र व्यवस्थापन।
- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनका आधारमा उपयोग र व्यवस्थापन।
- जलअनुपालन प्रणाली।
- जलश्रोत उपयोगको लगत।
- जल बाँडफाँड प्रमाणी र अनुपालन प्रणालीको अवलम्बन।
- एकीकृत जलश्रोत व्यवस्थापन तथा बहुउद्देश्यीय उपयोगलाई प्राथमिकता।
- उपयोगका लागि संघमा समिति रहने।
- सङ्घले कानुन तयार र परिमार्जन गर्ने।
- क्षेत्रगत नीति तर्जुमा।
- जोखिम तथा जोखिम न्यूनीकरणका उपायहरू।

तपसिलका ऐन कानुनहरू एवम् आयोजनाहरूले पनि नदीहरू तथा जलसम्पदासँग सम्बन्ध राख्दछन्।

- खानेपानीसम्बन्धी ऐनहरू तथा खानेपानी आयोजनाहरू।
- सिँचाई नियमावलीहरू तथा सिँचाई आयोजनाहरू।
- जलविद्युतसम्बन्धी ऐनहरू तथा आयोजनाहरू।
- नदी व्यवस्थापन नीति, २०४९।
- वातावरणसम्बन्धी ऐन, २०५३।

जलसम्पदाका अतिरिक्त धार्मिक र सांस्कृतिक दृष्टिकोणले पनि कृष्णागण्डकी नदीको महत्व रहेको छ। नेपाल चीन सीमाका प्रमुख ५ वटा नाकाहरू मध्ये भारत गोरखपुर हुँदै तिब्बत जाने मार्ग र मुक्तिनाथ जाने व्यापारिक एवम् धार्मिक पर्यटकीय मार्ग पनि यही नदीको प्रश्रवण क्षेत्र रहेकोले यसको सामाजिक, आर्थिक तथा ऐतिहासिक महत्व रहेको छ। बन्दै गरेको कालीगण्डकी लोकमार्गबाट पनि यस क्षेत्रको विकासको सम्भावनालाई अझ वढाएको छ। यस नदीको प्रश्रवण क्षेत्रमा पर्ने अन्नपूर्ण संरक्षण क्षेत्र विश्व पर्यटनको दश पदमार्गहरू मध्येको एक कहलिएको छ।

कृष्णागण्डकी नदी क्षेत्र हिन्दु, बौद्ध, लामा, जैन एवम् प्रकृति पूजकहरूको तीर्थ र पवित्र स्थल हो। त्यसका साथै यहाँको हिमाली क्षेत्रको वन, वन्यजन्तु, हिमाली प्रजातिको दुर्लभ जनावर, युरेनियम, ग्यास एवम् पेट्रोलियम पदार्थ जस्ता खानीहरू पनि यहाँका महत्वपूर्ण सम्पदाहरू हुन्। यहाँका विविध भाषाभाषी, घाटहरू सभ्यता र संस्कृतिहरू पनि मुलुकका सम्पदाहरू हुन्। यसक्षेत्रका स्थानीय तहहरूका नदीसँग सम्बन्धित कानुन एवम् कार्यहरूको सङ्कलन र नदी क्षेत्रको सार्वजनिक जग्गामा भएका अतिक्रमण कार्य निरुत्साहित गर्नु पर्दछ।


Allerhand
So Lehr- als Geistreiche
Brief, Schrifften
und
Reise-Beschreibungen,
welche von denen
MISSIONARIIS
der Gesellschafft JESU
aus
Beyden Indien,
und anderen
Uber Meer gelegenen Ländern,
Meistentheils
Von A. 1730. bis 1740. in Europa angelanget seynd.
Aus Hand-schrifftlichen Urkunden,
und
anderen bewerthen Nachrichten
Zusammengetragen
von
FRANCISCO KELLER,
Einem Priester derselbigen Gesellschafft.
Ein und dreyssigster Theil.
WJEN in Oesterreich,

गण्डकीका शालिग्राम विश्वसमुदायमा सूचना सम्प्रेषण गर्न सक्षम बनाउने प्रथम श्रेय फ्रान्सेली धर्मप्रचारक पादरी जिन कालमेट्टेलाई जान्छ। दक्षिणभारतका वैष्णव समुदायमा २००० वर्ष अगाडिदेखि नै जमेको शालिग्राम उपरको अनन्य भक्ति र विश्वासलाई हल्लाउन नसके पछि उनले फ्रान्सस्थित आफ्ना हाकिमलाई लेखेको पत्रले युरोपका वैज्ञानिकको ध्यानाकृष्ट गरेको थियो। उनले पत्र लेखेको पन्ध्रवर्ष पछि मात्र (सन् १७६७)मा स्पेनिस वैज्ञानिक डाभिलाले शालिग्रामशिलालाई एक प्रजातिको एमोनाइट जीवावशेष भएको पहिचान गरेका थिए (Walter, 2020)।

*तस्विरः पाश्चात्य जगतले जिज्ञासा राखेको प्रथम पुस्तक*




## भारत र भोट विचको प्राचिन व्यापारमार्ग

At the end of the 18th century, William Kirkpatrick used Kṛṣṇāgaṇḍakī route as a preliminary business step between Tibet and India. Colonel H.C.B.Tanner and RinzinNimgyal prepared first map of this route in 1887/88. A map prepared under the leadership of Colonel Sidney Gerald Burrard, published around 1915 clearly shows the channels of trade between India and Tibet. On his maps, the trade route through the Kṛṣṇāgaṇḍakī valley occupies a key position on trans-Himalayan business (Graafen & Seeber, 1993). Gansser (1964), Fuchs (1967), Tony Hagen (1968) did their research and explored the beauty of this region massively in the modern world. Executive producer of the BBC, Richard Brock selected this gorge to start his documentary "The Living Planet", which was presented by David Attenborough on 19th January 1984.
(Chalise, K.R., 2016)

**स्रोतः प्राचिन नेपाल १३०-१३३ (संयुक्ताङ्क)**

## ३.१ पूर्वकृति समीक्षा

### (क) पुराणमा कृष्णागण्डकीः

ब्रह्मा,नारायण वा भगवतीको गण्डस्थलबाट निस्केका पसिना भनौं वा सर्वप्रथम गण्डऋषिले स्नान गरेको भएर भनौं, हिन्दु संस्कृतिले गण्डकीका सातैधारालाई पवित्र मान्छ। शालिग्राम धारण गरेको हुनाले कृष्णागण्डकीलाई सात मध्यको प्रधानधारा मानिन्छ। देवघाटमा पुगेपछि नारायणी नाम धारण गर्ने कृष्णागण्डकीले नेपालको सीमा बाहिर गण्डक नाम धारण गर्छिन्। त्रिशुली लगायतका अन्य छ धाराहरू कृष्णागण्डकीको सहायक नदीहरू हुन्। नेपालको हिमाल उद्गम भएका अन्य धेरै नदीहरू छन्। तिनीहरू सबै भागिरथीमा समाहित भएर समुद्रमा मिल्छन्। क्षीरसागर (हिमाल) र नीरसागर (समुद्र)को सम्बन्ध स्थापित गर्ने भएकोले तिनीहरू सबैलाई पवित्र मानिन्छ (हिमवत खण्ड ३:५६)। तर सर्वदेवमय शालिग्रामलाई गर्भमा लिने भएकोले श्रीकृष्णागण्डकी प्रमातामही मानिन्छ। नारायणको पाउबाट उत्पन्न भएका हुनाले अन्य हिमनदीलाई विष्णुपदीको उपमा दिइन्छ। तर नारायण स्वयम्ले कृष्णागण्डकीको गर्भमा बस्नु भएकोले यिनलाई विष्णुपदीको प्रमातामही दर्जा प्राप्त छ (गण्डकी माहात्म्य,१:१६,देवेश्वर सरश्वती,२०६८)। त्रिवेणीमा पनि शालिग्राम पाइएकोले नारायणी स्वयम् पनि कृष्णागण्डकी नै भन्नुपर्छ। यिनको अनुपस्थितिमा स्वयम्भागिरथी पनि अपूर्ण हुन्छिन्।

पुराणहरू मध्ये वराहपुराण, पद्मपुराण र स्कन्दपुराणमा कृष्णागण्डकीको विस्तृत वर्णन पाइन्छ। भारतबाट प्रकाशित स्कन्दपुराणमा हिमवत खण्डको वर्णन पाईदैन। योगी नरहरिनाथको सत्प्रयासमा वि.स. २००४ देखि सत्रौं शताब्दीका पाण्डुलिपि सङ्कलन गरेर वि.स.२०१३मा स्कन्दपुराण अन्तर्गतको सुमेरुखण्ड भित्र हिमवतखण्डलाई नेपाली भाषाटीका सहित योगप्रचारिणी महासभा, गोरक्षटिला, काशीले प्रकाशनमा ल्यायो। उक्त पुराणको परिशिष्टमा गण्डकी माहात्म्य पनि समावेश थियो। पछि वि.सं.२०५६ सालमा तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयले प्रा.डा. टीकाराम अधिकारीको सम्पादनमा गण्डकी माहात्म्य पुनः प्रकाशन गरेको थियो (गण्डकी माहात्म्य,२०५५)। उक्त प्रकाशनहरू अहिले बजारमा किन्न दुर्लभ भएकोले वि.स.२०७५ मा प्रा.डा.वेणीमाधव ढकालको सम्पादनमा विद्यार्थी पुस्तक भण्डारले पुन प्रकाशन गरेको छ (हिमवत्खण्ड, २०७५)। अठारपुराणमा शोभायमान श्रीकृष्णागण्डकीको पौराणिक वर्णन गर्न उक्त दुई प्रकाशन प्रयाप्त छन्। गण्डकी प्रदेश सरकारले हिमवतखण्ड पुराण र गण्डकी माहात्म्यमा उल्लेखित विवरण स्थलगत प्रदर्शन गर्ने वातावरणलाई निरन्तरता दिए कृष्णागण्डकीलाई बुझ्न र बुझाउन भरपर्दो सन्दर्भ हुन्छ।

### (ख) पुराणमा शालिग्रामः

आम बुझाईमा गण्डकीको उत्पत्ति गण्डस्थलबाट निस्केका पसिना र वृन्दा तथा तुलसीले कृष्णागण्डकी रूप धारण गरेको लीलाकथामा सीमित छ तर शालिग्रामको उत्पत्ति सम्बन्धमा पुराणहरूमा पाँचवटा मुख्यकथाहरू भेटिन्छन्। ज्योतिर्मय विष्णुको सानिध्यमा जम्मा भएका देवताहरू (वराहपुराण १४४:२२५), जालन्धर र वृन्दाको कथा (स्कन्दपुराण, हिमवत खण्ड ४४:६१), शङ्खचुड र तुलसीको कथा (ब्रह्मवैवर्तपुराण २:२१), गजग्राहको कथा (भागवतपुराण ८:२,३ र ४) र शालङ्कायन ऋषिले चारै दिशामा भगवत दर्शन गरेको कथा (वराहपुराण १४४:२५६)। पद्मपुराण (पातालखण्ड अध्याय १९, उत्तरखण्ड अध्याय २४, ८७, १२२ र १२६) तथा गरुडपुराणमा (अध्याय ४५ र ६६) शालिग्रामको विस्तारपूर्वक वर्णन गरिएको छ। तर उत्पत्तिकथा विवरण यिनै पाँच मध्ये नै पर्छ। कल्पभेद र सम्प्रदायभेदको कारणले उक्त कथाहरू भिन्नभिन्न स्थान र पात्रसँग सम्बन्धित हुन पनि सक्छन्। जेजति भेद भएपनि शालिग्राम सम्बन्धी लीलाकथाहरूको निष्कर्ष लगभग हिमालको उत्पत्ति र जलनिर्मलीकरणसँग नै गासिन्छ। भगवान श्रीशिवसँग पनि प्रतिस्पर्धा गर्नसक्ने जालन्धरको उत्पत्ति जलमण्डलबाट भएको थियो (लिङ्गपुराण, १:९७:२) भने भगवान् श्रीकृष्णको बालसखा सुदामालाई श्रीराधाको श्रापले गर्दा शङ्खचुडको जीवन समुद्रमा नै बस्न परेको थियो (व्रह्मवैवर्तपुराण, ९:६)। यी दुवै पात्रको सम्बन्ध समुद्रको गरुङ्गोपानीसँग छ। गरुङ्गोपानी भित्र चोखोपानीको अंश पनि

हुन्छ। त्यसैले गरुङ्गोपानी भित्रको हलुङ्गोपानीलाई वृन्दा र तुलसीको नाममा चित्रण गरिएको सम्बन्धमा पनि अनुसन्धान हुन जरुरी छ। गरुङ्गोपानी ओरालो लाग्छ भने हलुङ्गोपानी उकालो चढ्छ। चोखोपानीकै सहारामा गरुङ्गोपानीले हिमालय प्रयन्त ध्रुवप्रदेशसम्मको हवाईयात्रा गर्छ र श्रीनारायणको प्रेरणाले चोखोपानीलाई त्याग गर्छ अनि नारायणमा नै लिन हुन्छ। श्रीमुक्तिक्षेत्रको घोडेपानी, तातोपानी, कोप्चेपानी, कालोपानी, रातोपानी र चोखोपानीको स्थानक्रमले पनि वर्षात्मा झरेको पानीको यसै गुणलाई सङ्केत गरेको छ। जालन्धर र शङ्खचुडलाई मुक्ति दिने क्षमता अर्चावतार श्रीशालिग्राममा भएको प्रमाणित गर्न श्रीमुक्तिक्षेत्रमा वर्षिने र बग्ने पानीको आइसोटप्स नापेर एकिन गर्न सक्नुपर्थ्यो, तर भक्तिमार्गमा सन्तुष्ट कृष्णागण्डकीका उपाषकहरूले त्यस्तो जाँगर देखाएनन्। त्यो महत्वपूर्ण कार्य पश्चिमा वैज्ञानिकले पूर्ण गरे। आइसोटप्सको तहमा गरिएको पानीको गुणस्तर अनुसन्धानले उचाईको क्रमसँगै सतहको पानीमा हलुङ्गोपानीको मात्रा बढ्दै गएको प्रमाणित गरेको छ। अर्थात् गरुङ्गोपानीको अंश घट्दै गएको पाइएको छ (Garzione et al, 2000)।

त्यसैले पुराणमा शालिग्राम र गण्डकीको बारेमा उल्लेखित वृन्दा र तुलसीको कथालाई गार्जियोन र साथीहरूको अनुसन्धान प्रतिवेदनमा उल्लेखित वैज्ञानिक तर्कसमेत समायोजन गरेर जलवायु अनुकूलनलाई समेट्ने गरेर नयाँ दृष्टान्त दिन अब ढिला गर्न हुँदैन । "परोक्षवादो वेदो यं बालानामनुशासनम्" (भागवत महापुराण ११:३:४४) अर्थात् बच्चालाई लोभ वा डर देखाएर अनुशासनमा राखे जस्तै मन्दबुद्धिका जनतालाई भक्तिमार्गमा राख्न प्रयोग भएका दृष्टान्तलाई समयसापेक्ष परिवर्तन गरेर वास्तविक अर्थ जनसमक्ष ल्याउने पहल हामीले गर्नुपर्छ।

**तालिका ३ः कृष्णागण्डकी र शालिग्रामको महात्म्य कथन भएका आध्यात्मिक प्रकाशनहरू**

| | |
|---|---|
| – वराहपुराण | – गण्डकी माहात्म्यम् |
| – ब्रह्मवैवर्तपुराण | – मुक्तिक्षेत्र माहात्म्यम् |
| – स्कन्दपुराण | – रिडीक्षेत्र माहात्म्यम् |
| – श्रीमद्भागवत माहापुराण | – उमानाथ पन्थीको गण्डकी गौरवम् |
| – पद्मपुराण | – रामचन्द्र बरालको मुक्तिक्षेत्र तीर्थाटन |
| – विष्णुपुराण | – जगन्नाथ रेग्मीको कालाञ्जर क्षेत्र र गलेश्वर धाम |
| – गरुडपुराण | – मोहन क्षत्रीको गण्डकीमणी |
| – देवीभागवत | – ईन्द्रदेव ढकालको कृष्णागण्डकी माताको शिक्षा |
| – हिमवत्खण्डपुराण | |
| – धौलागिरीक्षेत्रका पर्यटकीय गन्तव्यहरु तथा गण्डकी सभ्यता धवलागिरी समाजको स्मारिका | |
| – कालीगण्डकी : संस्कृति र सम्पदा : श्रीश्रीधराचार्य शालग्रामालयम्को स्मारिका | |
| – देवघाट दर्पण : देवघाट क्षेत्र विकास समितिको नियमित प्रकाशन | |
| – देववाणी : देवघाट वैदिक आध्यात्मिक परिषदको नियमित प्रकाशन | |

## (ग) दिगोशान्तिको प्रस्रवणः

धेरै सन्दर्भ ग्रन्थहरूको अध्ययन विश्लेषण गरेर नेपाल प्रज्ञा प्रतिष्ठानका वर्तमान उपकूलपति डा.जगमान गुरुङ्गले एसियाली अनुसन्धान केन्द्रको निमित्त नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्षमा गण्डकीप्रस्रवण क्षेत्रका तीर्थस्थलहरूको विश्लेषणात्मक अनुसन्धान गरेर २०६१ सालमा कृति प्रकाशित भएको छ। त्यसै सूचनालाई आधार बनाएर पश्चिमाञ्चल विकास मञ्चले २०६७ सालमा गण्डकीप्रस्रवण क्षेत्रको सांस्कृतिक सम्पदा प्रकाशन गरेको छ। उक्त दुवै प्रकाशनले क्रान्ति गर्न भन्दा क्रान्तिपछिको शान्ति कायम गरेर जनतालाई आर्थिक कृयाकलापमा सकृय बनाउन तीर्थस्थल र विभिन्न समयमा त्यस्ता तीर्थस्थलहरूमा लाग्ने मेला तथा अनुष्ठानात्मक पर्वहरूको महत्त्व उजागर गरेका छन्। उक्त प्रकाशनहरूले कृष्णागण्डकी प्रस्रवणलाई दिगोशान्ति कायम राख्न दिएको योगदानलाई सप्रमाण प्रस्तुत गरेका छन्।

नेपाल अहिले त्यस्तै सङ्क्रमणबाट गुज्रिएको हुनाले दिगोशान्ति बनाई राख्न उक्त प्रकाशनहरूले सङ्केत गरेका रणनीतिहरू पुनः अवलम्बन गर्न आवश्यक छ।

## (घ) शालिग्रामको विश्व भ्रमणः

अठारौं शताब्दीको मध्यकालमा पुनर्निर्माण भएको केरलाको पद्मनाभस्वामी मन्दिरलाई सोह्रौं शताब्दीको प्रारम्भमा निर्माण भएको कन्याकुमारीको आदिकेशव पेरुमल मन्दिरको प्रतिरूप भनेर मानिन्छ (www.temples.newkerala.com)। उक्त दुवै मन्दिरको इतिहास ईशापूर्व दोश्रो शताब्दी देखिको हो भन्ने जनमान्यता छ। वैष्णव सम्प्रदायका १०८ दिव्यदेशम् मध्य गणना हुने विश्वविख्यात उक्त मन्दिरहरूको प्रमुख आकर्षणमा मूर्ति पुनर्निर्माणको निमित्त प्रयोग भएका १२००८ र १६००८ शालिग्राम हुन् (Hatch, 1939)। मन्दिर पुनर्निर्माणमा संलग्न दाताले तात्कालीन अवस्थामा वनारसबाट शालिग्राम खरिद गरेर लगेको व्यहोरा विकिपडिया सूचनासङ्ग्रह स्रोतमा अहिले पनि हेर्न सकिन्छ। उनीहरूलाई शालिग्रामको प्रमुखस्रोत मुक्तिक्षेत्र उद्गम भएको श्रीकृष्णागण्डकी हो भन्ने थाहा भएपनि उक्त नदीलाई काशी विश्वनाथको उत्तरवर्ती भन्ने मात्र अनुमान रहेछ (Menon, 1878)। यस्ता सूचनाहरूले शालिग्रामको व्यापारमा वनारसले परापूर्वकालदेखिनै मध्यस्थता गरेको छ र धेरै सूचनाहरू श्रीकृष्णागण्डकी भन्दा शालिग्रामको बजार प्रवर्द्धनमा सीमित गरेका छन् भन्ने सङ्केत हुन्छ। स्कटल्याण्डस्थित इस्कोनको करुणा भवन शालिग्राम सङ्ग्रहको कारणले प्रख्यात छ भने इस्कोन कै मायापुरको मन्दिरमा राखिएको मूर्तिमा १०८ शालिग्रामको जपमाला छ (Walter, 2020)। माथि उल्लेखित दृष्टान्तहरू त प्रतिनिधि सूचना मात्र हुन्। विश्वका प्रायजसो पुराना मन्दिरहरूमा शालिग्रामको उपस्थिति अनिवार्य जस्तै छ। नेपाल सरकारले मुक्तिक्षेत्रको प्रचारप्रसारमा शालिग्रामलाई माध्यम नबनाउँदा पनि शालिग्राम स्वयम्ले विभिन्न व्यक्तिलाई माध्यम बनाएर देशविदेशको यात्रा गर्दै मुक्तिक्षेत्रको माहात्म्य प्रचार गरेका छन्। मुक्तिनाथको मूर्ति धातुको छ तर बद्रीनाथ जाने हरेक तीर्थयात्रीलाई त्यहाँ स्थापित शालिग्रामको मूर्तिले मुक्तिक्षेत्रको महत्त्व मौन भाषामा सम्प्रेषण गरेका छन् (शास्त्री, २०६६, २०७०)। यसमानेमा गण्डकीको पर्यटन प्रवर्द्धन गर्ने सूचनाको सम्वाहकमा विश्वमा विस्तारित भएका शालिग्राम सबैभन्दा प्रभावकारी भएका छन् भन्ने प्रमाणित गर्न सकिन्छ।

> Shaligrams are mentioned in South Asian inscriptions and texts roughly as far back as the second century BCE but according to Hagn (1977, 1988), Shaligrams had already been introduced into Europe as far back at the late 1600s or early 1700s. In one such example, he describes the French Jesuit missionary and Sanskrit scholar, Father Jean Calmette (1693-1740) who once wrote a letter to his superior about his encounters with the caillou vermoulu (worm stones) or, conversely, the caillou perce (perforated pebbles) in south India (possible somewhere in Tamil Nadu or Andhra Pradesh). Additionally, in 1767, it was then the Spanish naturalist Dávila who recognized that the key components in the descriptions of such stones were fossil ammonites. In 1901, Gustav Oppert also described Shaligrams in a lecture presented to the Congrès International d'Historie des Religions on 7 September 1900.
>
> Holly Walters (2020). P.87
>
> प्राचीन शालिग्राम संस्कृतिबारे एक विदेशी मानवशास्त्रीको खोज

## (ङ) स्वयम् प्रकट मूर्तिको महत्वः

हाम्रो सनातन संस्कृतिमा ब्रह्मापुत्र विश्वकर्माको महत्त्वपूर्ण स्थान छ। शास्त्र अनुसार शालिग्रामको प्रतिमा उहाँले नै कुद्नु भएको हो। त्यसैको आधारमा परापूर्वदेखि नै मूर्तिपूजाको प्रचलन थियो भन्न सकिन्छ। निराकार भगवानको साकार दर्शन गर्ने सिद्धान्तमा मन्दिर निर्माण गरेर मूर्ति प्रतिस्थापना गर्ने प्रचलन हिन्दु संस्कृतिको महत्त्वपूर्ण पाटो नै हो। त्यस्ता मूर्तिमा स्वयम् प्रकट र मानवकलाकृतिको उपज गरी दुई भेद हुन्छ। मानवनिर्मित भन्दा स्वयम् प्रकट मूर्तिमा धेरै आस्था हुन्छ। किनभने तिनलाई स्वयम् विश्वकर्माले निर्माण गर्नु भएको मानिन्छ र प्राण प्रतिष्ठा गर्न पर्दैन (हिमवतखण्ड, २०७५)। परिपूर्णत्तम परमेश्वरले अनेक कालमा अनेक अवतार लिनु भयो। लोक शिक्षाको निमित्त त्यस्ता अवतार तथा अवतार अन्तर्गत प्रदर्शन गर्नुभएको लीलाकथालाई बिम्वको रूपमा प्रस्तुत गर्ने कलाकृतिलाई मानव निर्मित मूर्ति भनिन्छ र तिनको प्राणप्रतिष्ठा गर्न आवश्यक हुन्छ। शास्त्रहरूले व्याख्या गरेका प्रतिमा, विग्रह, प्रतिमूर्ति वा मूर्ति जे नाम दिए पनि ति भगवानका लीलाकथाका विम्ब हुन्। भगवानका लीलाकथा स्मरण गराउने अक्षर हुन्।

त्यहाँ मूर्ति भन्दा धेरै लीलाकथाको महत्त्व हुन्छ। कथावाचकको महत्त्व हुन्छ र लीलाकथालाई विम्बमा रूपान्तरण गर्ने मूर्तिकारको महत्त्व हुन्छ। कलाकारले निर्माण गरेका मूर्तिमध्ये गुप्तराज्यकालमा निर्माण भएका मूर्तिलाई विशिष्ट श्रेणीको मूर्ति मानिन्छ। त्यो भन्दा विशिष्ट भगवानको आदेशमा वज्रकिटको अवतार लिएर स्वयम् विश्वकर्माले कुद्नुभएको अर्चावतार श्रीशालिग्रामको मूर्तिलाई मानिन्छ (वराहपुराण १४४:२२५)। यस मानेमा विश्वका चर्चित मन्दिरहरूलाई प्रचारप्रसारको केन्द्र र त्यहाँ सेवारत पूजारीलाई सूचनाको सम्बाहक बनाउँदा गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धन सस्तो तर प्रभावकारी तवरले गर्न सकिन्छ। श्रीमुक्तिनाथको दर्शन गर्न आउने पाहुनालाई शालिग्राम माहात्म्य सहित एउटा शालिग्राम आकर्षक थैलीमा दिन सकेमा उनैले मुक्तिक्षेत्रको व्यापक प्रचार गरेर पर्यटन प्रवर्द्धनमा सघाउन सक्दछन्।

## (च) एमोनाईट फोसिल:

गण्डकीका शालिग्राम विश्व समुदायमा सूचना सम्प्रेषण गर्न सक्षम बनाउने प्रथम श्रेय फ्रान्सेली धर्मप्रचारक पादरी जिन कालमेट्टेलाई जान्छ। दक्षिणभारतका वैष्णव समुदायको शालिग्राम उपरको अनन्य भक्ति र विश्वासलाई हल्लाउन नसकेपछि उनले फ्रान्स स्थित आफ्ना हाकिमलाई लेखेको पत्रले युरोपका वैज्ञानिकको ध्यानाकृष्ट गरेको थियो। उनले पत्र लेखेको पन्ध्र वर्षपछि मात्र (सन् १७६७) स्पेनिस वैज्ञानिक डाभिलाले शालिग्राम शिलालाई एक प्रजातिको एमोनाइट जीवावशेष भएको पहिचान गरेका थिए (Walter, 2020)। डाईनोसरकालमा नै लोप भएको सामुद्रिकजीवको अवशेष हिमालको उचाईमा, त्यो पनि त्यति धेरै मात्रामा कसरी पुग्यो भनेर पहिचान गर्न स्विसवैज्ञानिकलाई झण्डै १ सय ७० वर्ष लाग्यो (Heim and Gansser, 1939)। दक्षिणभारतको शालिग्रामलाई पच्छ्याउदै अन्वेषकले मुक्तिक्षेत्रसम्म पुग्न त्यत्ति धेरै समय लाग्नुमा वनारसी व्यापारीको सफलता र हाम्रो कमजोरी थियो। त्यस्तो कमजोरीलाई सच्याउन सकेनौं भने शालिग्राममा लुकेका धेरै रहस्य लुप्त राखेर व्यापार गर्ने समूह अझै पनि क्रियाशील हुन्छन्। शालिग्राम लक्षणको नाममा भएका व्यापार त्यस्को ज्वलन्त उदाहरण हुन्। त्यस्ता व्यापारिक दाउपेचलाई चिर्न गण्डकी प्रदेशले नै अगुवाई गर्नुपर्छ। हामी त्यसको निमित्त सक्षम छौं। शालिग्रामको आधारमा नै गण्डकी प्रदेशले आफ्नो पहिचान विश्व समुदायमा विस्तार गर्न सक्छ।



शालिग्राम खुल्लमखुल्ला व्यापारको उदाहरण

एमोनाईट फोसिल धेरै प्रजातिका छन्। त्यसमध्ये कृष्णागण्डकीमा पाइने प्रजातिमा Blandfordiceras को बाहुल्यता छ। सन् १९६९ मा भूगर्भशास्त्री हेरवार्ट हेलम्स्टेडले प्राप्त गर्नुभएको एउटा प्रजातिलाई Blandfordiceras muktinathense नामाकरण गरेर मुक्तिनाथको ख्याति विश्वव्यापी प्राज्ञिक समुदायमा विस्तार गर्ने प्रयास गर्नुभएको थियो (Dhital, 2015)। उहाँको उक्त प्रयासलाई हामीले व्यापक बनाउन नसकेको मात्र हो। त्यस सूचनालाई व्यापक सम्प्रेषण गर्न सकेको भए जैविक विविधता, जलवायु परिवर्तन तथा भूगर्भ विज्ञानका धेरै विद्यार्थीलाई गण्डकीको अवलोकन गर्न थप प्रेरित गर्न सकिने थियो। पछिल्ला चरणमा सम्पन्न भएका धारावाहिक अनुसन्धान कृतिका सारलाई शास्त्रमा उल्लेखित शालिग्रामको उत्पत्ति तथा भगवानका अवतार रहस्यसम्बन्धी परोक्षवादात्मक दृष्टान्तलाई समायोजन गरेमा शालिग्रामसम्बन्धी नयाँ दृष्टान्त दिन सकिन्छ। सन्तसमुदायको रोहवरमा नै शास्त्रको सारसन्देश नबिग्रने गरेर यो कार्य गर्न सकिन्छ।

## (छ) शालिग्राम प्रचारमा मोहनमान शेरचनको योगदान:

सन् १९३६ मा जर्मन वैज्ञानिक कोल्हवोन जोसेफले जर्मन ओरियण्टल सोसाइटीले प्रकाशन गरेको जर्नलमा लेखेको "To the Indian Stone Calt" विषयक अनुसन्धानात्मक लेखले स्वीस वैज्ञानिकलाई शालिग्रामको रहश्य पत्ता लगाउन पुनः झक्झक्यायो। आँफूले खासै महत्त्व नदिएको शालिग्राम सम्बन्धमा सोधखोज गर्दै आएका विदेशी पाहुनाको

उत्साह देखेर टुकुचेका सुब्बा मोहनमान शेरचनलाई सरकारको उदासिनतामा लाज लाग्यो र भवानीशंकर शास्त्रीलाई प्रेरित गरेर आफ्नै खर्चमा सन् १९४७ मा प्रकाशित गर्नुभयो (Walter, 2020:119)। हाम्रो शालिग्रामको रहश्य लेख्न सक्ने पण्डित खोजेर पुस्तक आकार दिन वहाँलाई १० वर्ष लाग्यो। त्यसमा पनि नेपाली मौलिक सुगन्ध भन्दा दक्षिण भारतीय संस्कृतिले स्थान पायो। त्यै भएपनि एउटा थकाली नेपालीले स्वलगानीमा शालिग्राम र श्रीकृष्णागण्डकीको महत्त्व विस्तार गरेको प्रथम प्रयासको रूपमा त्यसलाई लिन सकिन्छ। त्यसभन्दा अगाडि सत्रौं शताब्दीमा काशिराम सुरीले गण्डकी माहात्म्यको रचना गर्नु भएको थियो। त्यसैको आधारमा रुरुक्षेत्रको महिमा देशदेशान्तरसम्म पुगेको थियो। तर संस्कृत साहित्य भएकोले सर्वसाधारणसम्म पुग्न सकेको थिएन। योगी नरहरि नाथले देवदेशौं हिमालय र शिखरिणी यात्राको माध्यमले नेपाली र नेपाल सरकारको ध्यान खिच्न खोज्नुभयो। उहाँको समूहले सम्पादन गरेको स्कन्दपुराण, हिमवत खण्डको सतीदेवीको कथालाई स्थानीयकरण गरी लेखिएको स्वस्थानी व्रतकथा गण्डकी माहात्म्य भन्दा लोकप्रिय भएको थियो। त्यसैको आधारमा सर्वसाधारणले कुश, पिपल, तुलसी र शालिग्रामको महत्त्व बुझेका थिए।

### (ज) प्राचीन मुक्तिनाथ मन्दिरः-

मुक्तिनाथको मन्दिर सन्दर्भमा विभिन्न दृष्टिकोण छन्। रैथाने समुदायले पूर्वपट्टिको पहाडलाई मूलधुरी मानेर त्यहाँबाट रसाउने पानीका धाराको साथमा पानी भित्रबाट उत्पन्न ज्वालाको पूजा गर्छन्। आर्यवर्गको आकर्षण १०८ धाराको साथमा मुक्तिनाथको मूलमूर्तिमा केन्द्रित हुन्छ। गहिराईमा बुझ्ेकाले मुक्तिनाथको गर्भगृहस्थित शिलालाई पूज्छन्। अहिलेको मूल मन्दिर २०४०/४२ तिर जीर्णोद्धार गरिएको हो र हाल पूजिने धातुको मूर्तिहरू जीर्णोद्धारको बेलामा जडिएको हो। प्राचीन शिलामूर्ति त गर्भगृहको हो, जहाँ सर्वसाधारणको पहुँच हुँदैन। रैथाने समुदाय मुक्तिनाथलाई अवलोकितेश्वरको रूपमा पूज्छन्, शैव समुदायले मुक्तिनाथ भन्छन्, अनि वैष्णवले मुक्तिनारायण। जस्ले जुन नामले पुकारे पनि मुक्तिनाथको नाम अब परिवर्तन हुन सक्दैन। मुक्तिनाथ अब नाथ सम्प्रदायको आराध्य मात्र होइनन्, यिनी त सम्पूर्ण प्रकृति पूजकहरूका साझा हुन्। गुरु पद्मसम्भवले सिन्मोलाई पूर्ण नियन्त्रण गर्नुभएको यो क्षेत्र भुटानदेखि लद्दाखसम्म, तिब्बतदेखि कन्याकुमारीसम्मका जनताको पवित्र तीर्थस्थल हो। यो क्षेत्रको प्रतिलिपि अधिकार कुनै एक धर्मसम्प्रदायमा सीमित हुन सक्दैन।

### (झ) मुक्तिक्षेत्रमा स्वामीनारायणः-

मुक्तिनाथ पुलह आश्रमको दर्शन गर्न भारतबाट प्रशस्त तीर्थयात्री आउने गरेका छन्। हाम्रो प्रयासले त्यो उपलब्धि भएको हैन। हामीले त उनीहरूको आवश्यकता अनुसारको वातावरण दिएका पनि छैनौं। गोरो छाला र अङ्ग्रेजी भाषा बोल्ने मात्र पर्यटक हुँदैनन् भनेर सेवाक्षेत्रमा सकृय निजीक्षेत्रलाई उत्प्रेरित गर्न हामीले अझै सकेका छैनौं। हाम्रा पर्यटकीय सेवा र प्राथमिकता अझैपनि गोरा पर्यटकमा केन्द्रित छन्। हामीले पर्यटन सेवामा तीर्थयात्रीको आवश्यकता र प्राथमिकतालाई महत्त्वपूर्ण स्थान दिन सकेका छैनौं। सन् १८९३ मा स्वामीनारायण नीलवर्णीले श्रीमुक्तिनाथको कठिन यात्रा गरेपछि गुरुस्थानको दर्शन गर्न आउने दक्षिण भारतका हिन्दी, अङ्ग्रेजी र नेपाली कुनै भाषा पनि नबुझ्ने तीर्थयात्रीलाई शालिग्राम, कृष्णागण्डकी र मुक्तिक्षेत्रको महत्व बताउन सक्ने वैष्णव पथप्रदर्शकको उत्पादन हामीले गर्न सकेका छैनौं। उनीहरूको आहारा तथा दैनिक दिनचर्याको आवश्यकतालाई सम्बोधन हुने सेवा व्यापारमा ग्रामीण पर्यटनमा सकृय निजीक्षेत्रलाई समेत तत्पर गराई उनीहरूको बसाई लम्ब्याउने र निर्माणाधीन कालीगण्डकी र शालिग्राम कोरिडोरको उत्पादकत्व व्यवस्थापन गर्न अब ढिला गर्न हुँदैन। पोखरामा निर्माणाधीन अन्तर्राष्ट्रिय विमानस्थलको उत्पादकत्व वृद्धि गर्न पनि यो रणनीतिलाई अग्रप्राथमिकता दिन आवश्यक छ।

### (ञ) वज्रयानमा मुक्तिक्षेत्रः-

श्रीमुक्तिक्षेत्रसँग वज्रयानी बौद्ध सम्प्रदायको आस्था धेरै पुरानो हो। कतैकतै मुक्तिक्षेत्रलाई प्राचीन तिब्बतको राजधानी भनेर पनि पुस्तक लेखियो। भुटानदेखि लद्दाखसम्मको पर्यटनमा तिब्बती संस्कृति केन्द्रमा छ। लामो यात्रापछि फ्रान्सेली लेखक माइकेल मिसेलले सन् १९६७ मा उपल्लो मुस्ताङलाई लद्दाख तथा भुटानलाई पनि समेटेको प्राचीन तर वृहद् भोटको राजधानी भनेर अमेजनको वेष्टसेलर पुस्तक प्रकाशन गर्दा पद्मसम्भवले डाकिनी (सिन्मो) नियन्त्रण गरेको गुरुस्थान भन्नु भएको छ। मध्य मुस्ताङको लुम्ब्रागुम्बाको इतिहास बाह्रौं शताब्दीसम्म विस्तारित छ (Jackson 1978, Ramble 1983, Walter,2020)। रिम्पोक्ष पद्मसम्भवको मूलस्थान भएकोले भुटानस्तरभन्दा बढी मूल्यलाभ लिएर मुस्ताङको पर्यटन प्रवर्द्धन गर्न सकिने प्रयाप्त आधार हामीसँग छ। अवलोकितेश्वरको पूजा गरिने मुक्तिनाथले समन्वयात्मक अध्यात्मको नमूना प्रदर्शन भएको छ। चुमिङ्ग्घ्यात्सा र फाक्पात्याङ्ग्रेसी भनौं वा श्रीमुक्तिनाथका १०८ धारा भनौं, सालामेवार र डोलामेवार भनौं वा ज्वालामाई भनौं देवता उनै हुन्। उत्तर र दक्षिणको विशाल जनसङ्ख्यालाई आकर्षण गर्न सक्ने महत्त्वपूर्ण केन्द्र गण्डकी प्रदेशमा छन्। अवलोकितेश्वर आस्थाको जगमा भुटानको पर्यटन फस्टाएको छ। तिब्बतको पर्यटनमा पनि अवलोकितेश्वरको योगदान छ। मानसरोवरमा लामागुरुहरूले मन्त्र साधना गरे जस्तै मुक्तिक्षेत्रमा पनि गर्ने चलन अहिलेसम्म चलिराखेको छ। पश्चिम तिब्बतका लामागुरुहरू आकाशमार्गबाट ढुम्बातालमा आएर स्नान गरेर बोधीवृक्षको परिक्रमा गर्छन् र आकाशमार्गबाट नै फर्किन्छन् भन्ने मान्यतामा अहिले पनि विश्वास छ (बराल,२०७३)। मुक्तिनाथको ज्वालामन्दिरमा पनि त्यत्तिकै विश्वास गर्छन्। हामीले त्यस्ता जनविश्वासलाई पर्यटकीय अवसरमा रूपान्तरण गर्ने प्रयास गर्न आवश्यक छ।




**फोटोः कृष्णागण्डकी प्रस्रवण र शालिग्रामलाई विश्वव्यापीकरण गरेका प्रमुख प्रकाशनहरू**

### (ट) जापानी भिक्षुको योगदानः-

तल्लो मुस्ताङको थकाली समुदायमा बोन र खसआर्यको मिश्रित संस्कृति छ। सन् १९५० को दशकमा जिउसेप्पे टुकी, जिरो कावाटीका र शिङ्गेरू लिजिमाले त्यो संस्कृतिको गहन अध्ययन गरेर अनुसन्धानात्मक लेख प्रकाशन गरेका छन् (Tucci,1953, Kawakita,1955, Iijima, 1960)। टुकुचेस्थित पुस्तकालयमा उक्त प्रकाशन सुरक्षित छन् भने पुस्तकमा उल्लेखित बुँदालाई प्रमाणीकरण गर्न भित्तामा खोपिएका गुफा र चोखोपानीमा निर्माण भएको जलविद्युत परियोजना निर्माणकालमा प्राप्त आदिमकालीन मानवले प्रयोग गरेका भाँडाकुँडा अहिले पनि परियोजना स्थलमा सुरक्षित छन्। थकाली समुदायको संस्कृति समन्वयात्मक अध्यात्मको जगमा विकास भएको छ। उनीहरू मष्टो, वोन्पो र प्राचीन बौद्ध संस्कृतिलाई उत्तिकै सम्मान गरेर ती भन्दा भिन्न संस्कृति विकास गर्न सक्षम भएकाछन्। त्यसैको कारणले गर्दा उनीहरूको आर्थिक उन्नति पनि तुलनात्मक राम्रो छ। जापानी भिक्षुहरूलाई आकर्षण गर्न सकेको थकाली संस्कृतिलाई

विस्तार गर्न सकेमा दिगोशान्तिको उपयुक्त रणनीति पहिचान गर्न सकिन्छ। यसले मुक्तिक्षेत्रको माहात्म्य थाईल्याण्डदेखि कोरियासम्म विस्तार गर्न महत्त्वपूर्ण योगदान दिन सक्छ।

## (ठ) भूगर्मशास्त्रीको निमित्त सूचनाको स्रोतः-

जर्मन वैज्ञानिक कोह्लवोन जोसेफको अनुसन्धानात्मक लेख पछि विश्वका धेरै वैज्ञानिकको ध्यान कृष्णागण्डकी प्रस्रवणमा भयो तर अन्य धर्म प्रचारकलाई नेपाल प्रवेशमा लगाएको रोकको कारणले राणाशासनकालसम्म उनीहरूले मुक्तिक्षेत्रको अध्ययन अनुसन्धान गर्न सकेनन्। सातसालको राजनीतिक परिवर्तनपछि उनीहरूको प्रवेश सहज भयो र १९६० को दशकमा टोनी हेगन लगायतका धेरै वैज्ञानिकहरूले नेपालको भौगोलिक अध्ययन अनुसन्धान गरेर फुटकर अनुसन्धान लेख विभिन्न जर्नलहरूमा प्रकाशन गर्न लागे। उनीहरूको लामो प्रयासपछि मात्र १९८५ देखि जर्मन, फ्रान्स, इटली, क्यानडा, चीन, जापान तथा भारतका भूगर्भशास्त्रीहरूले मुक्तिक्षेत्रको सघन अनुसन्धान गरेर पुस्तक प्रकाशन गर्न लागे (Gradstein et al, 1989; Garzione et al, 2000)। त्यसपछि नेपाली भूगर्भ वैज्ञानिकहरूले पनि मुक्तिक्षेत्रको भूगर्भको अध्ययन गर्दा शालिग्रामलाई महत्त्वपूर्ण सूचनाको आधार बनाए तर शालिग्रामसँग जोडिएको सांस्कृतिक पक्षलाई समायोजन गर्ने सन्दर्भग्रन्थ पाउन सकेनन्। कृष्णागण्डकी प्रस्रवणको रामनदीधामपछि देवघाटसम्म नदीको वेग कम हुनाको साथै नागवेली आकार भएकोले नदीको वेगसँगै बगेर आएका शालिग्राम क्रमशः थुप्रदै जान्छन्। असर्दीदेखि कोटथरसम्म नदीमा भन्दा पाखामा धेरै शालिग्राम पाइन्छ (Chalise, 2016)। नारायणीको प्रवाह क्षेत्रभन्दा बाहिर माडीको दक्षिण सोमेश्वर पहाडको फेदीमा प्रयाप्त शालिग्राम पाइन्छ। तिनले नारायणीको प्राचीन मार्ग भएको सङ्केत गर्छन्। स्थलगत अवलोकनको क्रममा त्रिवेणीको बगरमा पनि प्रयाप्त शालिग्राम पाइयो। यस्को अर्थ भैसालोटनको बाँध बन्नुपूर्व शालिग्रामको प्रवाह हरिक्षेत्रसम्म पुगेको हुनुपर्छ। जहाँसम्म शालिग्रामको प्रवाह भयो, त्यहाँसम्म नेपालको सीमा विस्तार भएको थियो। आजसम्म कृष्णागण्डकीको शिरभागमा केन्द्रित भएको भूगर्भ अनुसन्धानलाई रामपुर उपत्यका, माडीक्षेत्र, त्रिवेणीक्षेत्रको अतिरिक्त हरिक्षेत्रमा विस्तार गर्न सकेमा भूगर्भ विज्ञानको क्षेत्रमा नयाँ सूचना प्राप्त भएर चितवन उपत्यकाको उत्पत्तिसँगै शास्त्रमा उल्लेखित गजग्राह युद्धलाई नयाँ दृष्टान्तसहित व्याख्या हुने सम्भावना देखिएको छ।

## (ड) मुक्तिक्षेत्रको पुरातात्विक महत्वः-

रामशाहपथमा अवस्थित पुरातत्त्व विभागमा जर्मनको एउटा परियोजनाले डेरा नै जमाएर मुस्ताङको पुरातात्त्विक अनुसन्धान गरी प्राचीन नेपालका जरनलमा धारावाहिक प्रकाशन गरेका छन् (Ancient Nepal, No. 188/189)। उनीहरूलाई पछ्याउँदै धेरै नेपालीले अन्य धेरै पूरकलेख प्रकाशन गरेकाछन्। उक्त प्रतिवेदनहरू प्राचीन मानवसभ्यताको प्रतिनिधित्व गर्दै नेमुनी, मञ्जुश्री, मच्छेन्द्रनाथ र गोरखनाथकालीन सभ्यतासँग सामिप्यता राख्न पुग्छन्। जुम्ली राज्यकालमा प्रयोग भएको **"बद्रिनाथो जयती, मुक्तिनाथो सहाय"** भन्ने लालमोहोरमा अङ्कित ध्येय चिन्तनले मुस्ताङको सभ्यता, समग्र नेपालको प्राचीन सभ्यताको प्रतिनिधित्व गर्छ भन्ने सङ्केत गरेका छन्। भेडी तथा चौंरीको घुम्तीगोठ संस्कृतिको प्रमाण गुफागुफामा पाइन्छ। यसमानेमा कृष्णागण्डकी र गण्डकीको गर्भमा विराजमान शालिग्रामले नेपालको सभ्यतालाई अहिलेसम्म पनि प्रतिनिधित्व गरेको छ। पुराणका दृष्टान्त वैज्ञानिक अनुसन्धानमा पनि प्रमाणीकरण हुँदै गएका छन्। गण्डकीको संस्कृति भागिरथी गङ्गासम्म विस्तार भएको प्रमाणित गर्न शालिग्रामको उपलब्धता नै प्रयाप्त छ। कौटिल्यको अर्थशास्त्रमा नेपालमा बुनिएका राडीपाखीलाई गुणस्तरीय भनिएको पनि छ। अब उक्त सूचनालाई व्यावसायिक लाभ लिन गण्डकी प्रदेश सरकारले पहल गर्नुपर्छ। जर्मन वैज्ञानिकहरूले प्रकाशन गरेको गुफा संस्कृतिलाई अब पर्यटकीय उत्पादन बनाउनु पर्दछ।

## (ढ) चितवन माडीका शालिग्रामः-

सेनकालीन नेपालको सीमाना भागिरथी र गण्डकको सङ्गमसम्म फैलिएको थियो।

**पूर्व वराहक्षेत्रान्तं मुक्तिक्षेत्रान्तमुत्तरम्। पश्चिमं रुरुक्षेत्रान्तं हरिक्षेत्रावधीत्यवाक्।** (गण्डकी माहात्म्यम् ११ः२१)

पछि राजा प्रतापसिंह शाहको पालामा नेपालको सीमाना सोमेश्वरमा खिचिएर वि.स. १८७७ मा अभिमान सिंह र स्वरूपसिंहको कमाण्डमा सीमा रक्षा गढीको निर्माण गरिएको थियो भनेर आधुनिक नेपालको इतिहास लेख्दा देवीलाल शर्माले लेखु भएको रहेछ (सापकोटा, २०५४)। सोमेश्वरगढीको स्थलगत अवलोकन गर्दा देवीलाल शर्माको कथनमा सत्यता देखिन्छ। शिवालयको भग्नावशेष, त्यहाँ प्रयोग गरिएका ईट्टाका आकार, पानी सञ्चय गर्न बनाइएको ढुङ्गाको पानी भकारी र कालिका मन्दिरको पूर्वतर्फ बनाइएको कुण्डमा राखिएको ढुङ्गामा कुदिएको सत्तलले त्यहाँ सीमा रक्षार्थ सेनाको टुकडी बस्थ्यो र त्यो नाका तात्कालीन अवस्थाको प्रमुख नाका मध्ये थियो भन्ने प्रमाणित गर्दछ। त्यो मार्ग त्रेता तथा द्वापरमा पनि कायम थियो भन्ने प्रमाण जुटाउन शास्त्रका वचनहरू नै आधार लिनुपर्छ भने युग पहिचान गर्न उक्त स्थानमा उपलब्ध पूरातात्विक महत्त्वका पदार्थको कार्वन डेटिङ गर्न आवश्यक छ।

## (ण) जैनशास्त्रमा मुक्तिक्षेत्रः

जैनशास्त्रमा नाभिराजा, ऋषभदेव (आदिकृषक) र चक्रवर्ती भरतको नाम युगान्तकारी सम्राटको रूपमा लिइन्छ। जैन संस्कृतिका प्रथम तीर्थंकर आदिनाथ उनै ऋषभदेव हुन्। ऋषभका एकसय दुई सन्तानहरू मध्ये ब्राह्मीको नाममा लिपिको विकास भएर लेखन संस्कृतिको प्रारम्भ भएको हो। उनलाई ब्रह्माको छोरी सरश्वती पनि भनिन्छ। जैन महापुराण भाग एकमा (सन् २००७) ऋषभदेवलाई ब्रह्मा भनेर प्रमाणीकरण गर्ने धेरै दृष्टान्त दिइएको छ। देवघाट तीर्थमाहात्म्यमा नलराज शास्त्रीले कृष्णागण्डकीलाई ठाँउठाँउमा ब्राह्मी गण्डकी भनेर पद्मपुराण र वराहपुराणको दृष्टान्त दिनु भएको छ (शास्त्री, २०६६)। नारायण क्षेत्रीले मुस्ताङ दिग्दर्शनमा पुलह र पुलत्स्य तपोक्षेत्रको बीचबाट बग्ने सानो नदीलाई ब्रह्मपुत्री (ब्राह्मी) उल्लेख गर्नुभयो (क्षेत्री,२०४४)। स्थलगत अवलोकन र स्थानीय जनतासँग छलफल गर्दा पुलहआश्रमको निकट कृष्णागण्डकीमा समाहित हुने अर्को नदीमा रघुगङ्गा हुनुपर्ने आंकलन भयो। गलेश्वरबाबाले रघुगङ्गा दोभानमा रहेको सानो कुण्डलाई सरस्वतीकुण्ड मानेर गायत्रीमन्दिरको स्थापना गर्नुभएको रहेछ। हिमवतखण्ड पुराणअनुसार दामोदर हिमालको पूर्व पानीढलोबाट बग्ने बुढीगण्डकीको जलदेवीलाई ब्राह्मी भनियो। उपरोक्त सबै दृष्टान्तलाई प्रमाणीकरण गर्ने आधार शालिग्राम हुन्। राजानाभिको नाम पनि नाभिचक्र जस्ता शालिग्रामचक्रसँग सम्बन्धित भएकोले जैन तीर्थंकरहरूको मूलस्थानमा पुलहआश्रम प्रमाणीकरण मात्र नभई श्रुतिस्मृतिमा सीमित वेदपुराण लेख्ने प्रारम्भ कृष्णागण्डकी प्रस्रवणबाट भएको भन्ने आधार तयार हुन्छ। यो तर्कलाई जैन महासभाले समर्थन नगरेसम्म लोकले मान्यता दिँदैन। त्यसैले गण्डकी प्रदेश सरकारको पहलमा पुलहआश्रम म्याग्दीमा जैन सम्मेलन आयोजना गरेर यो कार्यको औपचारिक थालनी गर्न सिफारिस गर्छौं।

## (त) शालिग्राम संस्कृतिमा विद्यावारिधिः-

शालिग्रामको माहात्म्य कथन अबसंस्कृत, हिन्दी र नेपालीमा सीमित छैन। सन् १९९६ मा एस के रामचन्द्र रावले अङ्ग्रेजीभाषामा तीन खण्डका शालिग्राम कोश (Rao,1996) र सन् २००० मा रामचरण शर्माले शालिग्राम पुराण प्रकाशन गरेपछि शालिग्राम संस्कृतिलाई विषयवस्तु बनाएर विद्यावारिधि गर्ने क्रम पनि वढेको छ। सन् २०१६ मा कुलराज चालिसे र सन् २०१८ मा होली वाल्टरले अङ्ग्रेजी माध्यममा शालिग्राम संस्कृतिलाई केन्द्रमा राखेर गरेको विद्यावारिधि त्यस्को उदाहरण हुन्। विद्यावारिधिको विषयले जरनलको निमित्त धेरै अनुसन्धानात्मक लेख उत्पादन गर्न सक्छन्। तिनको आधारमा भूगर्भ, हराएको तेत्थिस सागर, हिमालयको उत्पत्ति, पानीको विविधता र जैविक विविधताको अलावा मानवसंस्कृति विकासको खोज अनुसन्धान गर्ने महत्त्वपूर्ण थलोको रूपमा श्रीकृष्णागण्डकी

प्रस्रवणको आकर्षण विश्वव्यापीकरण हुँदै जाने सम्भावना छ। यस मानेमा वैष्णव तथा शैव समुदायलाई लक्ष गरेर कथिएका शालिग्राम सम्बन्धी दृष्टान्त नयाँ पुस्तालाई प्रयाप्त हुँदैनन्। त्यसैले बोन तथा जैन विश्वासलाई पनि समायोजन गरेर श्रीकृष्णागण्डकी र शालिग्रामको पुनर्व्याख्याको नितान्त आवश्यकता देखिएको छ। धार्मिक सङ्घसस्था, गैरसरकारी संस्था तथा स्थानीय पालिका सरकारहरूले शालिग्राम सङ्ग्रहालय स्थापना गर्न तत्परता देखाएको वर्तमान अवस्थामा दक्षिण भारतीय संस्कृतिले मानेको शालिग्राम लक्षण तथा पहिचान मात्रले सङ्ग्रहालय प्रयोजनको व्याख्या प्रयाप्त हुँदैन। गण्डकी प्रदेश सरकारले अब शालिग्राम संस्कृतिको सर्वमान्य पुनर्व्याख्या गर्न सर्वपक्षीय सघन कार्यशालाको आयोजना तथा प्रदेशस्तरीय शालिग्राम सङ्ग्रहालयसहितको अनुसन्धान केन्द्र स्थापना गर्न ढिलो गर्न हुँदैन। सन्त समुदाय तथा निजीक्षेत्रको पहललाई सरकारी सहयोग र समर्थनले मात्र यस्को उद्देश्य पूर्ण हुँदैन। विश्वव्यापी विश्वास आर्जन गर्न सरकारी तथा प्राज्ञिक सस्थाले नै यस कार्यको नेतृत्व गर्नुपर्छ। गण्डकी विश्वविद्यालय मातहतमा यस्तो अनुसन्धान केन्द्र स्थापना गरेमा यस्तो विश्वास आर्जन गर्ने सम्भावना रहन्छ।

## ३.२ स्थलगत अवलोकनको समीक्षाः-

गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजनाले पर्यटनलाई सम्वृद्धिको प्रमुख आधार मानेको छ र सहयोगी आधारमा प्राकृतिक सौन्दर्यता र जैविक विविधतालाई मूल र सांस्कृतिक विविधतालाई सहायक मानेको छ (प्रनीयो आयोग, २०७७)। केही हदमा उपरोक्त पहिचान ठीक छ, तर पनि पूर्ण र मूर्त छैन। गण्डकीको प्रमुख पर्यटकीय आकर्षण पोखरा क्षेत्रलाई मानेर योजना तर्जुमा गर्दा अपूर्ण हुन्छ। पोखराले हिमाल र हिमालपारीको जिल्ला बेच्न सेवा प्रदान गरेको हो। आँफैमा प्रमुख पर्यटकीय आकर्षण होइन। फुर्सदको सदुपयोग गर्न घुम्ने आन्तरिक पर्यटकको चापलाई हेरेर गण्डकीको पर्यटन गुरुयोजना बनाइएको हकमा योजना अपूर्ण हुन सक्छ। मेची महाकालीका नेपालीले पोखरा घुमेर खर्च गर्दा कोटको एउटा खल्तीको पैसा अर्कामा सारे जस्तै हो, देशलाई फरक पर्दैन। त्यसैले दिगो पर्यटन योजना तर्जुमा गर्न बाह्य पर्यटकको गन्तव्य विश्लेषण अनिवार्य हुन्छ। गण्डकीमा आउने बाह्य पर्यटकका प्रमुख दुई उद्देश्य हुन्छन्। अन्नपूर्ण पदयात्रा वा मुक्तिक्षेत्रको तीर्थाटन। आजभोलि अन्नपूर्ण परिक्रमा, पदयात्राभन्दा मुक्तिक्षेत्रको तीर्थाटनमा चाप धेरै छ।

यस मानेमा गण्डकीको प्रमुख पर्यटकीय आकर्षणमा हिमालपारीको प्राकृतिक दृष्य र हिमवतखण्ड लगायतका पुराणवर्णित शालग्रामी श्रीकृष्णागण्डकी र मुक्तिक्षेत्र माहात्म्यलाई मान्नुपर्छ। यहाँ मुक्तिनाथ वा मुक्तिनारायणको स्थानमा मुक्तिक्षेत्रको नाम उद्देश्यमूलक प्रयोग भएको छ। किनभने मुक्तिक्षेत्रको परिचय हरिहरात्मक माहात्म्यमा सीमित रहँदैन। गुरु पद्मसम्भवले तिब्बत यात्राको क्रममा प्रयोग गर्नुभएको मार्गमा स्थापित ऐतिहासिक गुम्बा र सिन्मोको आतङ्कबाट दिनुभएको मुक्ति र जैनसम्प्रदायका प्रथम तीर्थङ्कर ऋषभ तथा प्रथम चक्रवर्ती सम्राट भरतको देहमुक्तिको अन्तरसम्बन्ध पनि मुक्तिक्षेत्रसँग गाँसिएको छ। हिन्दुशास्त्रमा जस्तो बोन, बौद्ध र जैनशास्त्रमा मुक्तिक्षेत्रको लिखित माहात्म्य प्रयाप्त छैन। तिब्बती र पाल्ही भाषामा सर्वसाधारण जनताको पहुँच कम भएकोले सीमित भएका माहात्म्य पढने र बुझनेको संख्या पनि कम छ। जैनशास्त्रहरूको संख्याका कमी छैन। तर तिनीहरूले नेपालका तीर्थहरूलाई धेरै महत्त्व दिएका छैनन्। लिखित माहात्म्यको अभाव हुँदैमा भूगोल परिवर्तन हुँदैन। हिमवत्खण्डमा उपलब्ध यावत भौतिक प्रमाणहरूले स्थान विशेष माहात्म्यको स्वयम् प्रकाश गर्न सक्छन् भने त्यहाँ लिखित माहात्म्यको आवश्यकता पर्दैन। कृष्णागण्डकीको गर्भक्षेत्रमा उपलब्ध शालिग्राम अवशेषले यस क्षेत्रको माहात्म्य प्राकृतिक भाषामा लेखेको छ। यस्लाई थप माहात्म्यको आवश्यकता पर्दैन। स्वयम् प्रकाश माहात्म्यमा लिपि तथा भाषाको आवश्यकता रहँदैन।

परमात्माको माहात्म्य व्याख्या गर्न विश्वका कुनै भाषामा पनि पूर्ण सामर्थता हुँदैन। मानव सृजनाको भाषा र व्याकरण निश्चित कालखण्ड पछि परिवर्तन हुन्छन्। पौराणिककालमा एक अर्थ लाग्ने भाषालाई अहिलेको समाजले अर्कै अर्थमा बुझ्छ। त्यसमाथि साहित्यको लालित्य चढेको भाषामा त्यस्तो जोखिम अत्यधिक हुन्छ। त्यसैले वर्तमान



तनहुँ ढोरफर्दी स्थित नयाँ मुस्ताङको गुम्बामा कोरिएको भित्तेशास्त्र,
तस्वीरः कुलराज चालिसे

चलनचल्तीको भाषामा लेखिएका तीर्थमाहात्म्यको भाषाटीकाले शास्त्रको सही व्याख्या गर्न प्रयास नहुन सक्छन्। त्यहाँ भाषागत प्रदूषणको प्रवेश हुन्छ। त्यसमाथि तीर्थव्यापार प्रयोजनको निमित्त विस्तारित शास्त्रका भाषाटीकाको प्रदूषणस्तर कल्पनाभन्दा बढी हुनसक्छ। यस मानेमा शालिग्राम चक्रलिपिमा लेखिएको कृष्णागण्डकी प्रस्रवण आफैँमा वेद हो। साङ्केतिक पद्यमा बहुअर्थ लाग्ने भाषा प्रयोग भएकोले वेदपुराणलाई सहज तरिकामा बुझ्न सकिदैन। त्यसैले भाषाटीकामा "शतकोटिप्रविस्तरम्" जस्ता शब्द प्रयोग गरेर दोषनिवारण गरिएको हुन्छ। यस्लाई पढ्न र बुझ्न गहन अनुसन्धान र सघन ध्यानको आवश्यकता हुन्छ। चलनचल्तीका लिपि र भाषामा भएका व्याख्या अपूर्ण हुन सक्छन्। परोक्षवादात्मक वाक्य प्रयोग भएका शास्त्रलाई (भागवत महापुराण ११:३:४४) त्यस्ता भाषाटीकाको अर्थवादमा व्याख्या गर्दा अनर्थ लाग्ने जोखिम हुन्छ।



तनहुँ ढोरफिर्दी स्थित नयाँ मुस्ताङको गुम्वामा कोरिएको भित्तेशास्त्र, *तस्विरः कुलराज चालिसे*

शालिग्रामको उत्पत्ति सन्दर्भमा श्रीस्वस्थानी व्रतकथामा उल्लेखित वृन्दा र जालन्धरको दृष्टान्त त्यस्तै उदाहरण हो। अनर्थमा पनि अहङ्कार गर्ने मूर्ख पण्डित (भागवत महापुराण ११:५:६) त्यस्तो जोखिमको कारक हुन्छन्। पुराणहरूमा उल्लेखित कृष्णागण्डकी र शालिग्रामको हकमा पनि उपासकहरूको स्तरअनुसार उत्प्रेरण गर्ने उद्देश्यले परोक्षवादात्मक वाक्यसहित पुराण अनुसार दृष्टान्तहरू फरक भएकाछन्। माथि प्रस्तावित शालिग्राम अनुसन्धानको कार्य फरक फरक दृष्टान्तहरूको विश्लेषण गरेर साझा दृष्टान्त बनाउन केन्द्रित हुनुपर्छ। शालिग्रामको उत्पत्ति दृष्टान्तमा नै विविधता भएकोले माहात्म्यहरूमा उल्लेखित शालिग्रामको लक्षण पहिचानमा भ्रम हुनु स्वभाविक हुन्छ। त्यस्तो दुविधा कुडुलेफेदी लगायतका शालिग्राम सङ्ग्रहालयहरूमा स्पष्ट प्रदर्शन भएको छ।

### (क) गुम्बाशास्त्र

प्राय हरेक धर्मसम्प्रदायको शास्त्रहरू गुढ रहश्यले भरिएको हुन्छ। त्यसैको बलमा शास्त्रहरू कालजयी हुन्छन्। तिनमा "शतकोटिप्रविस्तरम्" जस्ता शब्द प्रयोग भएको हुन्छ। अर्थात् अनेक वाक्यहरू प्रयोग गर्दा पनि शास्त्रको व्याख्या पूर्ण हुँदैनन्। Picture speak louder than words भनेजस्तै गुम्बामा बनाइएका चित्रहरूले यही भाव बोकेका हुन्छन्। त्यस्ता चित्रको व्याख्या गर्न हजार शब्द पनि प्रयाप्त हुँदैनन्। अर्को तर्फ शब्दमा भाषा प्रदूषणको प्रवेश हुनसक्छ। तर गुम्बाको भित्तामा चित्रित शास्त्रमा त्यस्तो प्रदूषणको जोखिम कम हुन्छ। त्यसमाथि गुम्बाचित्र बनाउन विशेष पदार्थको प्रयोग हुन्छ। त्यसैले त्यस्ता गुम्बाचित्र हजारौं वर्ष पनि उस्तै हुन्छन्। विशेष प्रशिक्षण प्राप्त लामाले मात्र त्यस्तो चित्र कोर्न सक्छन्। त्यस्तो चित्रको पात्र अनुसार व्याख्या गर्ने क्षमता र अधिकार पनि लामालाई मात्र प्राप्त हुन्छ। तीन वर्ष, तीन महिना, तीन दिन वा सोभन्दा बढी समय सघन साधना गरेका लामाले मात्र त्यस्ता चित्रहरूको सविस्तार व्याख्या गर्न सक्छन्।

मुस्ताङ गुरुपद्मसम्भवको मार्गमा धेरै प्राचीन गुम्बाहरू छन्। मुस्ताङको गुम्बा निर्माण नहुँदा तिब्बतका गुम्बा बन्न नसकेको किम्बदन्ती अहिले पनि जनजनको विश्वासमा छ। त्यहाँका गुम्बाचित्र गुरु पद्मसम्भवको सघन निर्देशनमा

लद्दाख तथा हुम्लाका लामाहरूले कोरेका विश्वास गरिन्छ। त्यसैले त्यहाँका गुम्बाचित्रको अध्ययन गर्न धेरै विदेशीहरू महिनौंमहिना बिताउँछन्। तिनीहरू गुम्बाचित्रभन्दा धेरै गुम्बाशास्त्र हुन्। तिनीहरूले विश्वसम्पदामा सूचीकृत हुने सामर्थता राख्छन्।

### (ख) गुफाबस्ती

मुस्ताङका गुफामा बनेका गुम्बा र गुफाभित्रको बस्ती प्राचीन सभ्यताको अर्को नमूना उदाहरण हुन्। त्यहाँका गुम्बा, छोर्तेन, मानेका अतिरिक्त गुफाहरू पनि विश्वसम्पदामा सूचीकृत हुने क्षमता राख्छन्। यस कार्यको पहल सन् २००८ बाट नै सुरू भएको भएता पनि हाम्रो आफ्नै ढिलासुस्तीले हालसम्म सम्पन्न हुन सकेको छैन। पुरातात्त्विक महत्त्वका उक्त सम्पदाहरू उपर धारावाहिक अनुसन्धान भएका छन्। आजपनि मुस्ताङ भ्रमणमा जाने धेरै पश्चिमा पर्यटकहरूको लुप्त उद्देश्य त्यहाँका सम्पदा र जनजीवनको अनुसन्धान रहेको हुन्छ। कत्तिले त्यस्तो अनुसन्धानमा राजनीतिक षडयन्त्र आंकलन गरेका हुन पनि सक्छन्। विभिन्न राजदुतावासहरूले गुफा उत्खनन र प्राचीन गुम्बा जिर्णोद्धारमा देखाएको चाखले त्यस्तो अनुमान गर्न प्रेरित गरेको हुनसक्छ। तर त्यस्तो अनुसन्धानमा शैक्षिक उन्नयन तथा व्यक्तिगत चाख नै बढी हुनुपर्छ। सम्पत्ति सुद्धीकरण र पारदर्शिताको कारणले गर्दा शिक्षण संस्था तथा निजीक्षेत्रको लगानी नियमन गर्न पनि राजदुतावासको संलग्नता हुन अनिवार्य जस्तै हुन्छ। त्यसैले गुम्बा जिर्णोद्वारमा वा थप आवश्यक संरचना निर्माणमा अमुक राजदुतावासको संलग्नता हुँदैमा राजनीतिक दृष्टिकोण राख्नु उचित नहुन सक्छ। त्यस्ता समस्याको समाधान कुटनीतिक वार्ताबाट नै पारदर्शी बनाउन सकिन्छ। राजनीतिक सङ्कीर्णताको कारणले कृष्णागण्डकी क्षेत्रमा जनता-जनता वा समुदाय-समुदाय स्तरको सहकार्यलाई निरुत्साहित गर्न हुँदैन।



छोसेरको गुफावस्ती, *तश्विरः कुलराज चालिसे*

### (ग) नदी उकास समस्या

हिमालपारीको जिल्ला भएकोले मुस्ताङ नेपालको सबैभन्दा कम पानी पर्ने जिल्ला हो। त्यसैले छोसेरको मौसम विज्ञान स्टेसन नेपालको निमित्त मात्र नभएर जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव अनुसन्धान गर्ने समस्त विश्वको निमित्त आकर्षणको केन्द्र हो। नेपालको सबैभन्दा बढी पानी पर्ने कास्कीको लुम्ले र कम पानी पर्ने छोसेरको वर्षा हिमाली क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव अध्ययन गर्ने थलो हो। हिमवतखण्डमा पर्नाको साथै कम वर्षाको कारणले मुस्ताङको भूधरातल कमजोर छ। हालका वर्षमा मनसुनी वायुले हिमालयलाई नाघेर हिमालपारीका जिल्लामा पनि प्रभाव जमाउन लागेको लक्षण देखिएको छ। वि.स. २०४१ र २०४४ सालमा छोसेर तथा छोनुपमा आएको आकस्मिक बाढीले जलवायु प्रलयको सङ्केत धेरै पहिला नै दिएका थिए। क्योटो सम्मेलन अगाडि नै छोसेरका बाढी पीडितलाई तनहुँको नयाँ मुस्ताङमा बसाइ सराइ गराउन हामी बाध्य भएका थियौं। हामीले उक्त बाढीहरूको प्रकृति अध्ययन गरेनौं, क्योटो सम्मेलनमा प्रथम गवाही दिन सकेनौं।

छोसेरमा हाल सेवारत प्राविधिकको अनुसार उक्त बाढी भुँई फुटेर प्रकट भएको थियो। मुस्ताङ अब त्यस्ता बाढीको तीव्र जोखिममा छ। चैलेदेखि लेतेसम्म कालीगण्डकी उकासिँदै आएको छ। किनारका बस्तीहरू नदीकटानको जोखिममा छन्। तटबन्धलाई हामीले जोखिम व्यवस्थापनको उपाय सोचेका छौं। तर गेग्रानसहितको नदी उकास समस्याको स्थायी समाधान तटबन्धको सहारामा मात्र हुन सक्दैन। त्यहाँको भूगोलमा राजमार्ग निर्माणमा भएको प्रहार माथि वर्षाको मात्रा बढ्दै छ। गण्डकीमा चारैतिरबाट गेग्रान थर्पिँदै छ। पाण्डाखोलाको जस्तो सङ्केत अन्य धेरै खोलामा देखा पर्दैछन्। कृष्णागण्डकीको क्षमताभन्दा धेरै गेग्रान नदीको पिँधमा थुप्रिँदा नदीले मार्ग परिवर्तन गर्ने जोखिम बढेको छ। लेतेदेखि घाँसासम्मको पहिरोको प्रकृति हेर्दा कालीगण्डकीमा मेलम्ची प्रकृतिको आकस्मिक बाढीको जोखिम उत्तिकै देखिन्छ। त्यसमाथि राजमार्ग निर्माणको दौरान उत्पन्न गेग्रान नदीमा नै फालिएको छ। काभ्रेभिरको पहराबाट पानी चुहिएको छ। रुप्से छहराको स्वरूप नै बदलिएको छ। यसले म्याग्दी, बागलुङ, पर्वतमा नदी किनारको बस्तीलाई मात्र नभई कालीगण्डकी जलाशयको सतह पनि उकासिँदै छ।



थासाङ् गापा मुस्ताङ् स्थित लेतेको पहिरो
*तस्बिरः कुलराज चालिसे*

यो समस्याको स्थायी समाधान नदीजन्य उत्खननलाई नियन्त्रण गरेर हुँदैन, न त तटबन्ध निर्माणले दिन सक्छ। कृष्णागण्डकीको हकमा हामीले नदीको गर्भबाट गिट्टीबालुवा उत्खनन गरेर नदीलाई घासासम्मको मार्ग निर्धारित गर्न सकेनौं भने अन्धगल्छीक्षेत्रको प्राकृतिकबाँध (भीमबाँध) फुटेर त्रिवेणीसम्मका गण्डकीको गर्भक्षेत्र च्यापेर निर्माण भएका आश्रम र बस्तीमा आकस्मिक बाढीको जोखिम आउन सक्छ। नदीमार्ग व्यवस्थापनको खर्चभन्दा आकस्मिक बाढीले गर्ने जनधनको क्षति कैयौंगुणा बढी हुनसक्छ। त्यसैले सम्भावित जोखिमको आँकलन गरेर आवश्यकताअनुसार बस्ती स्थानान्तरणसम्मको योजना तत्कालै तर्जुमा गर्न आवश्यक छ।

एकातिर अन्धगल्छी फुटेर मेलम्ची प्रकृतिको गेग्रानसहितको बाढी आउन सक्ने जोखिम देखिएको छ भने तातोपानी उप्रान्त नदीको गर्भक्षेत्र च्यापेर भवन निर्माण गरेको पनि देखिन्छ। नदी किनारको बस्तीको अलावा थुप्रै जलविद्युत परियोजनामा ठूलो रकम लगानी गरेका छौं। नदीले छोडेको जग्गा (खस्ती) भएकोले कतिपय स्थानमा वृद्धाआश्रम तथा गुरुकूलको निर्माण पनि भएको छ। आकस्मिक बाढीको उच्च जोखिम भएको त्यस्तो स्थानमा वृद्धवृद्धा र बालबच्चालाई आवास दिनु उचित हुँदैन। पुरानो बस्ती, आश्रम तथा गुरुकूललाई तुरुन्त स्थानान्तरण गर्न कठिन भए पनि प्रयास त्याग्न मिल्दैन, नयाँ बन्न दिनुहुँदैन। त्यसैले जोखिमयुक्त क्षेत्रमा हुने नवनिर्माणलाई निरुत्साहित गर्नैपर्छ। आकस्मिक बाढीको चेतावनीका वावजुद मुर्खतावस नदीको गर्भ च्यापेर भवन निर्माण गर्नेलाई जे गरेपनि जेष्ठनागरिक र बालबच्चाको संरक्षण गर्न सरकार सचेत हुनैपर्छ।

### (घ) अन्नक्षेत्रको पुनर्व्याख्या

दामोदरकुण्डको तीर्थयात्रीलाई अन्नक्षेत्रको जोहो मिलाउन स्थापना भएको दानाको प्राचीन शिवालय यातायात सुविधाको कारणले गर्दा केही ओझेलमा पर्न गएको छ। दाना नामाकरण हुनको पछि बग्दै आएको किलो र

दाम्लोसहितको गाईलाई अन्नदान गर्ने स्थान भएकोले भन्ने छ। जनविश्वास आर्जन गर्न शिवालयमा पुरानो किलो राखिएको छ। यातायात सुविधाको कारणले तराईको अन्न उत्तरी सीमासम्म जाने हालको अवस्थामा दानामा अन्न सङ्कलन हुन छाडेको छ। अब हामीले त्यो शिवालयलाई अन्नदानको निमित्त नभएर अन्न उत्पादनको प्रविधि प्रसारको केन्द्र बनाउन बढी उपयुक्त हुन्छ। साविकमा मुस्ताङ र पर्वत राज्यको भंसारसमेत रहेको यो क्षेत्रले भूगोलको विभाजन गर्छ। वर्षाको मात्रा त्यहीँबाट घट्न सुरू गर्छ। वर्षा अन्न उत्पादनको प्राथमिक आवश्यकता हो। हिमालीक्षेत्रको वर्षाले अमृततुल्य अन्न उत्पादन हुन्छ। आजभोलि माटोरहित अन्न उत्पादनको प्रविधि विकास भएको छ। उक्त प्रविधि खेतीयोग्य जमिन कम भएको उपल्लो मुस्ताङको निमित्त अत्यन्त लाभकारी सिद्ध हुनसक्छ। उक्तक्षेत्रमा वर्षेनी अनुदानमा खाद्यआपूर्ति गर्न भन्दा एकपटक संरचना निर्माणमा अनुदान दिएर अन्न उत्पादनको प्रविधि दिनु दिगो उपाय सिद्ध हुन्छ। अन्नक्षेत्र अथवा जलवायु विज्ञान र अन्न (दाना) विज्ञानको शिक्षा केन्द्रको रूपमा दाना शिवालय क्षेत्रको उपयोग गर्न सम्भावना देखियो। त्यसको साथै मुस्ताङको जलवायु तथा तीर्थयात्रीले अपनाउनु पर्ने सावधानीको सूचना केन्द्र स्थापना गर्ने यो उपयुक्त स्थान पनि हो।

### (ङ) पुलह पुलत्स्यक्षेत्र

मुक्तिक्षेत्रको जग पुलह पुलत्स्यको माहात्म्य हो। शतशृङ्गी गोवर्धनको माहात्म्य पुलत्स्यसँग गाँसिएको छ। पर्वतीय वातावरणको अनौंपचारिक शिक्षा सम्प्रेषण गर्न यो क्षेत्रको सम्वर्धनले महत्त्व राख्दछ। कालाञ्जरलेकदेखि गलेश्वरक्षेत्रसम्मको एकीकृत गुरु योजना तर्जुमा गरेर यो क्षेत्रलाई विश्वस्तरीय अवलोकन क्षेत्रको रूपमा विकास गर्न सकिनेमा स्वायत्त तरिकाले सम्पन्न भएका र कार्यान्वयन हुँदै गरेका टुक्रे योजनाहरूले विगार्ने जोखिम देखियो । प्राचीन पुलहाश्रम शिला ओझेलमा पर्ने गरेर बनेको नयाँ शिवालय त्यस्को उदाहरण हो। बेनी नगरपालिकाले प्रस्ताव गरेको रावण बगैंचाको खाका पनि स्पष्ट छैन। यो क्षेत्रको विकासमा जैनधर्मका प्रवर्तक ऋषभदेव, प्रथम चक्रवर्ती सम्राट भरत र ऋषभपुत्री ब्राह्मीको अस्तित्व पनि झल्किन आवश्यक देखियो। प्रदेश सरकारको पहलमा गलेश्वरमा जैन सन्त सम्मेलनको आयोजना गर्न सकिएमा यो उद्देश्य प्राप्त गर्न सम्भव हुन्छ।

### (च) शालिग्राम सङ्ग्रहालय एवम् अनुसन्धान केन्द्र

कृष्णागण्डकी प्रस्रवण स्वयम् नै शालिग्रामको प्राकृतिक सङ्ग्रहालय हो। त्यहाँ Ex-situ भन्दा In-situ सङ्ग्रहालयले शोभा दिन्छ। अहिले स्थापित सङ्ग्रहालय Ex-situ सिद्धान्तमा स्थापित छन्। प्रस्रवणको भूगोल र भूगर्भ अनुसन्धान गर्न शालिग्रामलाई यथास्थानमा र यथास्थितिमा संरक्षणको आवश्यकता पर्ने भएकोले अब बन्ने सङ्ग्रहालय In-situ सिद्धान्त अपनाउन सकेमा अन्तर्राष्ट्रिय स्तरको सङ्ग्रहालय हुन सक्ने थियो। यो सिद्धान्तको नमूना गलेश्वरको विशाल शिलामा देख्न सकिन्छ। प्रदेश सरकार तत्पर भएमा युनेस्को लगायतका जलवायु परिवर्तन तथा अनुकूलन तथा जैविक विविधताको क्षेत्रमा सकृय अन्तर्राष्ट्रिय संस्थाहरूले लागतमा सहभागिता जनाउन सक्छन्। कोप १६ले निर्धारण गरेको जलवायु अनुकूलनमा वर्षेनी १०० विलियन डलर लगानी गर्ने प्रतिवद्धताले यस्तो अनुसन्धानमा लगानी गर्ने सम्भावना प्रवल हुन्छ। गण्डकी विश्वविद्यालय मार्फत् समग्र प्रस्रवणलाई प्राकृतिक सङ्ग्रहालयमा विकास गरेर संयुक्त अनुसन्धान गर्ने वातावरण मिलेमा यो उद्देश्यमा विदेशमा ख्याति कमाएका विश्वविद्यालय तथा अनुसन्धान प्रतिष्ठानले सहकार्य गर्न सक्छन्। यसमा बहुराष्ट्रिय कम्पनीहरूले विश्वविद्यालय मार्फत् लगानी गर्न सक्दछन्। गण्डकी विश्वविद्यालयले प्रस्तावित अनुसन्धानलाई प्राथमिकताको साथमा लागु गर्न दह्रो सिफारिस गर्दछौं।

आध्यात्मिक पर्यटन प्रवर्द्धनमा भजन किर्तनको महत्त्वपूर्ण भूमिका हुन्छ। हिजोआज यो पेसा सामाजिक भन्दा धेरै व्यावसायिक भएको छ। निजीक्षेत्रका प्रशिक्षण केन्द्रहरूले यो विधालाई व्यावसायिक बनाएका पनि छन्। गण्डकी विश्वविद्यालयले यो विधाको औपचारिक शिक्षा प्रारम्भ गरेमा स्वरोजगारी प्रवर्द्धन हुन सक्थ्यो। यसले कृष्णागण्डकी

प्रस्रवणका मन्दिर तथा गुम्बाहरूको आकर्षण बढन सक्थ्यो। भारतीय प्राचीन मन्दिर तथा तीर्थस्थलहरूको महिमा भजन किर्तनले नै बढाएको यहाँ भुल्न हुँदैन। कलियुगको निमित्त भगवत् नाम् संकिर्तन् नै धर्माचरणको सहज मार्ग भएको व्यहोरा शास्त्रहरूको कथन भएकोले प्रस्रवणका कुनै विद्यालयबाट भक्तिसङ्गित विधामा औपचारिक शिक्षा परीक्षण गर्न सिफारिस गर्दछौं।

शालिग्राम सङ्ग्रहालयको अवलोकन गर्नेमा आध्यात्मिक भन्दा धेरै भूगोल र विज्ञानका विद्यार्थी हुन्छन्। पुराणमा वर्णन भएका शालिग्राम लक्षणको स्थलगत अवलोकन गरेर निरूपण गर्न विज्ञानका विद्यार्थीलाई कठिन हुन्छ। उनीहरूको अपेक्षा आध्यात्मिकभन्दा भूगर्भ विज्ञानमा धेरै हुन्छ। शालिग्रामको अस्तित्व पाँच करोड वर्षभन्दा पुरानो मानिएको र हिमालयको उत्पत्ति अध्ययन गर्न शालिग्रामलाई विशेष आधार बनाइएको अवस्थामा व्याख्या पनि सोही अनुसार हुनुपर्छ । तर हाम्रा शालिग्राम सङ्ग्रहालयहरूले विज्ञानको त्यो पाटोलाई समेट्न सकेका छैनन्। सन् १९९६ मा कल्पतरु रिसर्च अकाडेमी बैंगलोरले प्रकाशन गरेको एस.के. रामचन्द्रन रावको सचित्र कृति, शालिग्राम कोषले शालिग्रामको लक्षण पहिचान गर्न ठूलो सहयोग गरेको छ। त्यो प्रकाशन पनि विज्ञानका विद्यार्थीलाई प्रयाप्त छैन। अब हामीले त्यसलाई पूर्णता दिन आवश्यक छ।

शालिग्राम मानव निर्मित मूर्ति होइनन्। त्यसैले हरेक शालिग्राम एक आपसमा भिन्न हुन्छन्, एकसँग अर्को मिल्दैनन् । यस सिद्धान्तमा शालिग्रामको लक्षण विवेचना कुनै अवतारमा सीमित गर्न मिल्दैन। कुँडुलेको सङ्ग्रहालयमा राखिएका शालिग्रामको नामाकरण अवतार सिद्धान्तमा गर्ने प्रयास भएको छ। अमुक अवतारको कुन लीलाकथासँग उक्त शालिग्रामको लक्षण मिलान गर्ने भन्ने दुविधा अन्त गर्न भने सङ्ग्रहालय सक्षम भएको छैन। अन्य सङ्ग्रहालयले कुँडुलेको जति प्रयास गर्न सकेको पनि छैन। नयाँ बन्ने सग्रहालयमा प्रदेश सरकार आफैले शालिग्रामको वर्गीकरण गर्ने पहल गर्नुपर्छ।

### (छ) कुवा, चौतारी र बगैंचा

बागलुङ, पर्वत, स्याङ्जा, तनहुँ तथा नवलपुरको कृष्णागण्डकी प्रस्रवणमा ऐतिहासिक चौतारी, आपका बगैंचा र पानीको कुवा अनुसारको स्थान विशेषको नामाकरण भएको अहिले पनि देख्न सकिन्छ। खानेपानीको विकल्प पश्चात् कुवाहरू हराएका छन् भने बाटो निर्माणको क्रममा धेरै चौतारी नष्ट भएको पनि छ। पुराना बगैंचामा सार्वजनिक भवन तथा विद्यालय बनेर आकारमा सानो भएको पनि पाइएको छ। मालुङ्गामा निर्माणाधीन अस्पताल यस्को ज्वलन्त उदाहरण हो। कुवा, चौतारी तथा बगैंचाहरू पुण्यलाभको लक्षमा स्थापना भएका भएपनि पद्मपुराणका सन्देश अध्ययन गर्दा जलवायु अनुकूलनमा जनताको स्वलगानी प्रेरित गर्न विज्ञान पक्षलाई लुप्त राखेर पाप र पुण्यको दृष्टान्त दिइएको पाइन्छ।



विशाल चक्रशिला माथि बनेको गलेश्वर शिवालय,
*तस्विरः कुलराज चालिसे*

जलवायु परिवर्तन तथा अनुकूलन हाल विश्वको चासोको विषय भएको र हामीले विभिन्न सम्मेलनमा यो विषयलाई प्राथमिकताको साथमा उठाएका छौं। तर

हामीले यस क्षेत्रमा स्वलगानी कति गरेका छौं भनेर दावी गर्न सकेका छैनौं। पुराना चौतारी र आँपका बगैंचाको अभिलेख अध्यावधिक गरेर मूल्याङ्कन गरेको भए उक्त सम्मेलनहरूमा हामीले चारपाँच सय वर्ष अगाडिदेखि नै स्वलगानी गरेको प्रमाण प्रस्तुत गर्न सक्ने थियौं। गण्डकी माहात्म्यम् ४:५९ मा उल्लेखित “दानं देवालयं रामपुरे च वृक्षवाटीकाम्” जस्ता शास्त्रवचनको आधारमा हामी सत्रौं शताब्दी अगाडिदेखि नै जलवायु परिवर्तन तथा अनुकूलनमा सचेत रहेको दावी गर्न सक्थ्यौ। धेरै चौतारी र बगैंचा नष्ट हुँदा पनि गण्डकी प्रस्रवणमा अझैपनि पुराना चौतारी र बगैंचा बाँकी छन्। सडकका दायाँबायाँ नयाँ चौतारी हुर्कँदै छन्। प्रदेश तथा स्थानीय सरकारले पहल गरेमा अहिले पनि जनताहरू चौतारी तथा बगैंचामा लगानी गर्न तत्पर देखिन्छन्। यो कार्य गर्दा हामीले जलवायु परिवर्तनका अन्तर्राष्ट्रिय सम्मेलनमा सगौरव तथ्य प्रस्तुत गर्न सक्ने थियौं। जनस्तरमा यो सिद्धान्तको प्रयोग सुरू भएको छ। तीन तहका सरकारले यो सिद्धान्तलाई आत्मसाथ गरेमा नतिजामूलक परिणाम देखाउन सकिन्छ।

प्रदेश सरकारले चौतारी, बगैंचा, पोखरी तथा ऐतिहासिक कुवाको अभिलेख अध्यावधिक गरेर संरक्षण गर्ने कानुन नै पारित गरिसकेको छ। अब उमेर अनुसारको चौतारी वृक्षको औसत मूल्य आंकलन गर्न सकेमा अभिलेखको चौतारी तथा बगैंचालाई वर्तमान मूल्यमा मूल्याङ्कन गरेर जलवायु अनुकूलन वासलातमा लेखाङ्कन गर्न सकिन्छ।

### (ज) नदीको प्रकृति अनुसार दोहन नीतिको आवश्यकता

कृष्णागण्डकीको चोखोपानी र तिनाउ खोलाको जुठोपानीको मूल्य एउटै हुँदैन। कृष्णागण्डकीमा अन्य खोला दोहन गर्न बनाइएको नियम प्रयास हुँदैन। एकातर्फ शालिग्रामलाई पुरातात्विक महत्व दिने र अर्कातर्फ गिट्टी जस्तैः सडक तथा भवन निर्माणमा प्रयोग गर्दा नीतिमा सन्तुलन देखिँदैन। त्यसैले नदीजन्य निर्माण सामग्री दोहन गरेर कोष जगेर्ना गर्ने स्थानीय सरकारको अधिकार कृष्णागण्डकीमा लागु हुनु हुँदैन। शास्त्रले कृष्णागण्डकीको हरेक जलविन्दलाई चरणामृत मान्छ र बालुवाको हरेक कणलाई शालिग्राम मान्दछ। कृष्णागण्डकीबाट उत्खनन् हुने गिट्टी बालुवाबाट शालिग्राम अलग गरी मन्दिर जस्तै पवित्रस्थल निर्माणमा प्रयोग गर्न उच्चमूल्यमा लिलामबिक्री गर्ने व्यवस्था हुनुपर्छ भने चोखोपानीलाई खोलामा पन्थान्तरण गरेर अवमूल्यन गर्न धर्म र अर्थ दुवै दृष्टिमा उचित हुँदैन। हामी कृष्णागण्डकी दोहनको सम्पूर्ण प्राधिकार प्रदेश सरकारमा निहित राखेर छुट्टै दोहन नीतिको तर्जुमा गर्न गहन सिफारिस गर्दछौं।



नवलपुर डेढगाउँमा रहेको अकलाको वृक्षमन्दिर

*तस्विरः कुलराज चालिसे*

### (झ) फोहरमैला नियमन

कृष्णागण्डकीको तीर्थस्नान र जलसेवन कुनै एकस्थानमा सीमित हुँदैन। रुम्विनेदेखि सोनपुर विहारसम्म सम्मानका साथ तीर्थस्नान र जलसेवन गरिने यो नदीको जल स्वच्छ राख्न सबै क्षेत्रको योगदान अत्यन्त आवश्यक छ। उपल्लो तटीय उपभोक्ताले विसर्जन गरेको फोहरमैला तथा ढल निकासले तल्लो तटीय उपभोक्ताको अधिकारलाई कुण्ठित गरेको हुन्छ। उपल्लो तटीय नगरको ढल र उद्योगको फोहोरपानी विसर्जन हुने स्थान पनि गण्डकी नै हो। भागिरथीगङ्गामा अनुभव भएको फोहोरमैला तथा ढलको समस्या (NGRBA, 2011) नारायणीमा पनि आउन सक्छ। बागमतीमा पनि यो समस्या भोगिसकेका छौं। स्थलगत अनुगमन गर्दा मुक्तिनाथदेखि कुश्मासम्मका नगरले फोहोरमैला तथा ढल प्रशोधनको समुचित व्यवस्थापन गरेको देखिएन। आफ्नो घरबाट निस्कने फोहरपानीको व्यवस्थापन गरेर जिम्मेवार

नागरिक बनाउने रामपुर नगरपालिका पाल्पाले देशको प्रथम ढल रहित नगरको घोषणा गरेर गण्डकीको सम्मान गर्न सुरू गरेको प्रयासलाई अन्य पालिकाले पनि अनुशरण गर्न हामी जोडदार सिफारिस गर्छौं। गण्डकी प्रस्रवणका धेरैजसो पालिकाले वातावरण संरक्षण ऐन, २०५३ तथा जलवायु परिवर्तन तथा अनुकूलन नीति, २०६६ लाई पालन गरेको देखिएन। प्रदेशले पनि यस्तो कानुनको व्यवस्था गर्नु पर्थ्यो। नयाँ अभ्यास भएकोले त्यो सबै नहुँदा सङ्घीय कानुनको पालना भए नभएको अनुगमन गर्नु पर्थ्यो। त्यहाँ हामी चुकेका छौं।

फोहरमैला तथा फोहरपानीको व्यवस्थापनमा कतिपय वृद्धाश्रम तथा गुरुकूल आश्रमहरूले पनि लापरवाही गरेको देखिन्छ। गण्डकी क्षेत्रको अनुशासन पालन नगरेका त्यस्ता आश्रमबाट अपेक्षा गर्न सकिदैन। धर्मको चिह्न धारण गरेका भएर नियमन गर्ने निकायले पनि अनुगमनको आवश्यकता ठानेका छैनन्। धेरै हदमा तीर्थयात्रीले पनि तीर्थ अनुशासन पालन गरेको देखिदैन। अगुवाले नै तीर्थ अनुशासनको पालन गर्दैनन् भने तीर्थयात्रीले नगर्नु स्वभाविक हो। शवदाहको अनुशासनमा झन धेरै लापरवाही भएको देखिन्छ।

### (ञ) निरन्तर जलप्रवाहको आवश्यकता

जलप्रवाह होस् वा नहोस्, परम्परादेखि प्रयोग भएको घाटमा नै शवदाह गर्ने प्रचलन हाम्रो समाजमा विद्यमान छ। सम्पन्न परिवारले जहाँसुकै बसाइ सरेको भएपनि शान्तिकर्म आफ्नै पुर्ख्यौंलीघाटमा गर्ने चलन पनि देखियो। शवको अग्निसंस्कारपछि खरानी र शवयात्रामा प्रयोग भएको सामग्री गण्डकीमा नै विसर्जन गर्ने प्रचलन छ। विद्युत उत्पादनको निमित्त गण्डकी पथान्तरण भएको स्थानमा त्यस्तो खरानी बगाउने पानी पनि नभएको पनि सुनियो। यो समस्या मिर्मीबाँधदेखि रुद्रवेणीसम्म प्रत्यक्ष देख्न सकिन्छ। विशेष गरेर हिउँदयाममा कालीगण्डकी 'ए' परियोजनाले सबैपानी विद्युतगृहतिर पठाउँदा हिलेबगर तर्फ फाट्टफुट्ट पोखरी मात्र देखिन्छ। त्यस्तो पोखरीमा दाहसंस्कार गर्दा खरानी र शवयात्रामा प्रयोग भएका सामग्री त्यत्तिकै छोड्न जनता बाध्य भएका छन्। त्यसरी जम्मा हुने फोहर र खरानी एकैचोटी वर्षाको पानीले बगाउँदा गण्डकी अपेक्षा गरेको भन्दा धेरै फोहर देखिन्छ।

गण्डकीको त्यत्ति छोटो दूरीमा त यो समस्या छ भने प्रस्तावित कालीतिनाउ बहुउद्देश्य पथान्तरण परियोजनाले राम्दीदेखि देवघाटसम्मको झण्डै १ सय २५ कि.मि. जलमार्ग सुख्खा हुँदा कस्तो होला ? कृष्णागण्डकीको न्यूनतम वहाव ४६ क्युसेक टिपोट भएको छ (Suwal *et al* 2020)। परियोजनाको पूर्व सम्भाव्यता अध्ययनमा समेत ५१ क्युसेक लेखिएको छ। नौं मिटर व्यासको पथान्तरण सुरूङबाट ९१ क्युसेक पानी लाने संरचना परियोजनाले डिजाइन गरेको छ (DWRI, 2021)। परियोजनाले औसत मासिक न्यूनतम वहावको आधारमा डिजाइन गरेकोले सुख्खा मौसममा परियोजनाले पानी छाड्न सक्दैन। त्यसले मालुङ्गा उत्तरबाहिनीदेखि ज्याग्दी दोभानसम्म लगभग कमिला हिड्ने अवस्था आउँछ। त्यस बीचमा धेरै घाटहरू छन्।

गण्डकीको पथान्तरण हुँदा त्यहाँको खरानी तथा शवयात्रामा प्रयोग भएका सामग्री व्यवस्थापन कसरी गर्ने भन्ने चिन्ता हुन्। ज्याग्दी समेतका अन्य नदीको वहाव सय कि.मि. मार्गमा सोसिन सक्छ भने देवघाट पुग्दा कृष्णागण्डकी लगभग सुख्खा हुन्छ। शवदाह संस्कारको निमित्त प्राथमिकतामा परेका नदीमा अन्य नदीको निमित्त हिसाब गरेको १० प्रतिशत पानी छोड्ने प्रावधान प्रयाप्त हुँदैन। "नदी वगेन शुद्ध्यति" भन्ने मान्यता बोकेको समाजले शवदाह संस्कारको निमित्त बगेको नदी खोज्छ। परियोजनाले देवघाटलाई मात्र तीर्थस्थल देखेको छ। राम्दीदेखि देवघाटसम्मका २७ वटा उत्तरबाहिनी घाटहरू देखेको छैन। प्रख्यात हुँदै गएका घुमारीघाट, केलादीघाट, खोरियाघाट, रामघाट, बालीघाट, आँधीघाट, हुँगीघाट, असर्दीघाट कुनैलाई देखेन। गण्डकीबैंसीमा कृष्णागण्डकी नागबेली भएर पूर्व बगेको हुँदा जमिनमा धेरै पानी सोसिन्छ। नदीमा ५० क्युसेक भन्दा कम पानी बग्दा प्रतिकूल असर देखा पर्न सुरू हुन्छ। त्यसले रामदीदेखि तलका करिव एकलाख हेक्टर भूभाग पूर्ण प्रभावित हुन्छ। रामदीभन्दा माथिका पथान्तरणमा पनि समस्या त्यही हुन्छ। तर छोटो दूरी पछि विद्युत गृहको पानी पुन कृष्णागण्डकीमा मिस्सिने हुँदा प्रभाव कम हुन्छ। जे होस्, कृष्णागण्डकी

शवदाह संस्कारको प्राथमिकतामा परेको पवित्र नदी भएकोले तीर्थाटन तथा दाहसंस्कारलाई समुचित व्यवस्थापन गर्न प्रयाप्त वहाव कायम रहने गरेर मात्र विद्युत उत्पादनको निमित्त पथान्तरण गर्न उपयुक्त हुन्छ।

### (ट) विश्वसम्पदामा सूचीकरणको सम्भाव्यता

दाउन्ने र दक्षिण सोमेश्वर पहाडलाई काटेर बगेको कृष्णागण्डकी (नारायणी)को गजग्राह क्षेत्र चितवन राष्ट्रिय निकुञ्ज विश्वसम्पदा अन्तरगत सूचीकृत छ। माडी निकुञ्जको सीमावर्ती अन्तरगत छ। प्राकृतिक अवस्थामा नै शालिग्राम पाइएकोले माडीलाई कृष्णागण्डकी प्रस्रवण अन्तरगत नै गणना गर्नुपर्छ। मुस्ताङका गुफाबस्तीहरू र लो-मन्थाङ दरबारका अलावा तानसेन नगरपालिकाको रिडीस्थित ऋषिकेश मन्दिर नेपाल सरकारको अनुरोधमा विगत १४ वर्षदेखि विश्वसम्पदामा सूचीकरणको पर्खाइमा छन्। उपल्लो मुस्ताङ प्राचीनकालमा लोप भएको तेतिथ सागरको गर्भमा थियो भन्ने तथ्य धेरै अनुसन्धानहरूले प्रष्ट गरेका छन्। माडी तथा त्रिवेणीक्षेत्रसम्म पुगेका शालिग्राम कृष्णागण्डकीको प्रवाहसँगै उपल्लो मुस्ताङबाट बगेका हुन् भन्ने प्रमाण पनि छन्। प्रस्रवणको कास्की, म्याग्दी र मुस्ताङ लामो समयदेखि नेपाल प्रकृति संरक्षण कोषको अगुवाईमा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना मातहतमा संरक्षण अभ्यासमा छन्। युएसएआडिको वित्तीय सहयोगमा विश्व वन्यजन्तु कोषले चितवन राष्ट्रिय  निकुञ्ज र अन्नपूर्ण संरक्षण क्षेत्रको जैविक अन्तरसम्बन्ध कायम राख्न हरियो वन कार्यक्रम कार्यान्वयन भएको छ (WWF Nepal, 2017)। यस अर्थमा दक्षिण सोमेश्वरदेखि उत्तर सोमेश्वरसम्मको भूधरातल भूगर्भविज्ञान तथा जैविक विविधताको क्षेत्रमा कार्यरत वैज्ञानिकहरूको निमित्त प्रयोगशाला नै हो। त्यसैले कृष्णागण्डकी प्रस्रवण समग्र नै विश्व सम्पदामा सूचीकृत हुने योग्यता राख्छ।

पुरातात्विक महत्त्वका कुनैपनि धरोहर विश्वसम्पदामा सूचीकरण गर्न भन्दा सूचीकृत सम्पदाको योग्यतालाई निरन्तरता दिन कठिन हुन्छ। सुदृढ व्यवस्थापन प्रणालीको अभावमा सूचीकरण पश्चात पर्यटकीय चाप बढेर सम्पदाको पहिचानमा नै प्रतिकूल असर पर्दछ। सूचीकरण पश्चातको व्यवस्थापन गर्न नसक्ने हो भने सूचीकरण नै अभिशाप बन्न पनि सक्छ। विश्व सम्पदामा सूचीकरण भैरहन युनेस्कोले निर्धारण गरेको योग्यता पूरा हुनैपर्छ। स्थानीय, प्रदेश तथा सङ्घीय तीनै तहका सरकारको इच्छाशक्ति जागृत नहुँदा त्यस्तो योग्यता पुग्दैन। सरकार भनेको नागरिकको प्रतिनिधि हो। यस मानेमा प्रस्रवणका नागरिकहरू सकारात्मक नहुँदा सूचीकरण तथा सूचीकरण पश्चातका व्यवस्थापन् गर्न सकिदैन। त्यसैले विश्वसम्पदालाई ध्येय चिन्तन बनाएर प्रस्रवणका यावत विकास योजना तर्जुमा गर्न आवश्यक छ। हामी सकृय भएनौं भने पाइपलाइनमा तेह्र चौध वर्ष पनि सूचीकृत हुन नसकिने रहेछ भन्ने अनुभव गरिसकेका छौं। त्यसैले अल्प, मध्यम र दीर्घकालीन योजना तर्जुमा गरेर योजनावद्ध अनुशासनमा रहँदा मात्र विश्व सम्पदामा सूचीकृत हुने सम्भावना रहन्छ।

ठूलो लगानी पश्चात् पनि बागमतीको प्रदूषण नियन्त्रण गर्न नसकेपछि नेपाल सरकारले २०७३ मा अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति गठन गरेर एकीकृत व्यवस्थापन गर्न प्रयास गरेको छ। भारत सरकारले ठूलो धनराशी खर्च हुँदा पनि सन् १९८५ बाट प्रयास भएको गङ्गा एक्सन प्लानबाट आशातित उपलब्धि नभएपछि सन् २००९ मा भागिरथीलाई राष्ट्रिय नदी घोषणा गरेर राष्ट्रिय गङ्गा नदी बेसिन प्राधिकरण (NGRBA, 2010) गठन गरी नदी व्यवस्थापनको प्रयास गरेको छ। उपरोक्त दुई उदाहरणबाट पाठ सिकेर कृष्णागण्डकीलाई अन्तर्राष्ट्रिय स्तरको सम्पदा बनाउन NGRBA सँग समन्वय गरी व्यवस्थापन गर्ने स्वतन्त्र प्रतिष्ठानको गठन गर्दा सूचीकरण उद्देश्य प्राप्तिमा सहायक हुनसक्छ।

### (ठ) एकीकृत प्रस्रवण विकासको आवश्यकता

शास्त्रमा उल्लेखित गङ्गाले भागिरथीलाई मात्र जनाउदैन, गण्डकी भन्नाले कृष्णागण्डकी मात्र होईन। गण्डकीका बाँकी छ धाराहरू कृष्णागण्डकीका सहायक नदी हुन् भने गण्डकी स्वयम् भागिरथीको सहायक नदी हो। गङ्गालाई त्रिपथगामिनी भनिन्छ। त्यस्को मतलव धर्तीमा वग्ने गङ्गाको अलावा आकाशगङ्गा र पातालगङ्गाको समष्टिरूप नै शास्त्रमा

उल्लेखित गङ्गा हो। आधुनिक विज्ञानले जलचक्र नाम दिएको पानीको चक्रीयपद्धत्ति नै गङ्गा हो। नदी प्रस्रवणको एकीकृत विकासमा चक्रीय पद्धत्तिको अनुशासन पालन नगर्ने हो भने असन्तुलन हुन्छ र बाढी, पहिरो, सुख्खा, अनिकाल तथा जलवायु परिवर्तन जस्ता समस्याको सामना गर्नुपर्छ। उक्त चक्रीय पद्धत्तिको अनुशासन पालन गर्नु भनेकै आजको भाषामा जलवायु अनुकूलन हो। पद्मपुराणमा विस्तृत दृष्टान्त दिइएको चौतारी, पोखरी, कुवा, यज्ञ आदि जस्ता निष्काम यज्ञ त्यस्तो अनुशासनको नमूना हुन्।

आधारभूत रूपमा मुक्तिक्षेत्र त्रिपथगामिनी गङ्गाको आकाशगङ्गा अन्तरगत पर्छ। कृष्णागण्डकी उक्त आकाशगङ्गाको गङ्गासागर लक्षित निकासमार्ग मात्र हो। आकाश र पाताल गण्डकीलाई उपेक्षा गरेर उक्त निकास मार्गको सम्पूर्ण व्यवस्थापन गर्न सकिदैन। प्रस्रवणमा पर्ने वर्षाको उपेक्षा गरेर नदीको प्रवाह मापन गरेको आँकडाको आधारमा मात्र एकीकृत प्रस्रवण विकासको खाका तयार हुँदैन। वर्षको चार महिनामा ओइरिने ८० प्रतिशत वर्षालाई दायाँबायाँका पहाडमा सोस्ने संरचना बनाएनौं भने साना खोला, खोल्सा र मूल लामो अवधि टिक्दैनन्। नदीको सतहमा भन्दा धेरै पानी जमिन भित्र बग्छ। एकठाउँबाट जमिनमा पसेको पानी अर्को ठाउँमा मूल बनेर निस्कन्छ। नदीलाई पथान्तरण गरियो भने त्यस्ता जरुवा सुक्छन्। यस्तो समस्या मिर्मीदिखि रुद्रवेणीमा स्थानीय जनताले भोगिसकेका छन्। त्यसैले ठूलानदीको दायाँबायाँका जरुवाहरूलाई कृष्णागण्डकी भन्दा अलग गणना गर्न मिल्दैन। नेपालको पहाडी क्षेत्रको आकाशमा उड्ने सबै बादल बङ्गालको खाडीबाट आएका होइनन्। यहाँको बादलमा नदी, ताल र वृक्षको पातबाट उडेको पानीको मात्रा समुद्रबाट आएको भन्दा धेरै हुन्छ। गहन अनुसन्धान पछि गिमेनो र साथीहरूले प्रकाशन गरेको परिमाणात्मक जलचक्रले यो तथ्य स्पष्ट गरेको छ (Gimeno *et al*., 2012)। चौतारी, पोखरी र कुवा बनाउने निष्काम यज्ञमा यही सिद्धान्त लागेको छ। गीता ३:१४ मा उल्लेखित श्लोकले त्यस्ता यज्ञहरूको उपादयता दिगो समाज विकासलाई सङ्केत गरेको छ।

भारतीय राष्ट्रिय गङ्गा नदी बेसिन प्राधिकरणको स्थापनाको सँगसँगै सन् २००९ मा नै संयुक्त अधिराज्य वेलायत, अष्ट्रेलिया र नर्वेको वित्तीय स्रोतमा विश्व बैंकले दक्षिण एसिया पानी पहल नामको परियोजना मातहत भागिरथीगङ्गा र सहायक नदीहरूको गहन अनुसन्धान गरेर सन् २०१४ मा १० प्रश्नमा केन्द्रित रही प्रतिवेदन प्रकाशन गरेको थियो (SAWI, 2014)। उक्त दश प्रश्नहरू बक्स ४ मा उल्लेख छन्।

कोशी उच्चबाँध लगायतका नेपालका नदीहरूको पथान्तरण अवधारणा तिनै अनुसन्धानबाट प्रेरित भएका हुन्। प्रतिवेदनको निष्कर्षमा नेपालका नदीमा ठूला बाँध बनाउँदैमा समस्याको समाधान नहुने, भूकम्प आदिको जोखिम हुने तथा लागत धेरै हुने भएकाले भागिरथी मैदानको गहिरो तहमा भूमिगत जल भण्डारण गर्ने सिफारिस छ। भारतको पानी समस्यामा केन्द्रित उक्त प्रतिवेदन नेपालको हकमा कति लागु हुनसक्छ भनेर थप अनुसन्धानमा जुटने कर्तव्य हाम्रो हो। हामीले आफ्नै भूगोल र जलवायु प्रकृति र प्रस्रवणका जनताको संस्कृति अनुसार योजना तर्जुमा गर्नुपर्छ।

बक्स ४

**GANGES STRATEGIC BASIN ASSESSMENT:**
**Ten Fundamental Questions**

| | |
|---|---|
| Question 1 | Is there Substantial Potential for Upstream Reservoir Storage in the Himalayan Headwaters of the Basin? |
| Question 2 | Can Upstream Water Storage Control Basin Wide Flooding? |
| Question 3 | Can Upstream Water Storage Augment Low Flows Downstream? |
| Question 4 | Are there Good Alternatives or Complements to Reservoir Storage? |
| Question 5 | Is there Substantial Untapped Hydropower Potential in the Ganges Basin? |
| Question 6 | What is the Magnitude of Potential Economic Benefits from Multipurpose Water Infrastructure, and What are the Tradeoffs Among Different Water uses? |
| Question 7 | What are the Cost- and Benefit-Sharing Dynamics of Upstream Water Storage Development? |
| Question 8 | Is large Infrastructure the Best Strategy for Protecting Communities from Floods? |
| Question 9 | Is it Possible to Control Sediment in the Ganges? |
| Question 10 | What will Climate Change Mean for the Basin? |

(SAWI, 2014)

उल्लेखित दस प्रश्न कृष्णागण्डकी प्रस्रवणमा पनि लागु हुन्छन्। पहाडको तीव्रगतिमा बग्ने नदीको प्रवाहसँगै प्रशस्त गिट्टी र बालुवा पनि आउने हुँदा जलाशय परियोजनाको पूँजीगत एव सञ्चालन दुवै खर्च उच्च भएर उत्पादकत्व कम हुन्छ। भिरालो भूधरातलमा जलाशयको जलभण्डार क्षमता पनि अपेक्षाकृत कम हुन्छ। यो तर्क कृष्णागण्डकीको दक्षिणबाहिनी खण्डमा सत्य हुनसक्छ। तर रामनदीधाम पछि नागबेली आकारमा बगेको गण्डकीमा

जलाशय बनाउँदा भूमिगतको साथमा सतहमा पनि भण्डारण बढाउन सकिन्छ। पहाडमा माटोको तह निश्चय नै पातलो छ र डलर तिरेर किनेको रासायनिक मल अनुदानमा बाँडेर पानीमा बगाएका छौं। यसो भन्दैमा माटो सुख्खा राखेर हरियाली घटाउन सक्दैनौं। आकाशबाट पहाडमा खसेका हरेक थोपा पानीको गन्तव्य समुद्र नै हुन्छ। पानी चक्रमा घुम्ने मात्र हो कहिल्यै सकिँदैन। जमिनमा सोसिनुको अर्थ नदी सुक्नु होइन, अर्को कुनै ठाँउबाट जरुवा बनेर निस्कन्छ। गण्डकी प्रस्रवणका हरेक खोला गण्डकको मार्गबाट भागिरथीमा नै जाने हुन्। हाम्रो प्रयास नदीमार्गको दूरी र समय बढाएर चार महिनामा पर्ने वर्षालाई केही समय अल्मल्याउने मात्र हुने हो। त्यही अल्मलिएको समयमा धेरथोर उत्पादन लिने मात्र हो। पहाडको पानी बेंशी त झर्छ झर्छ, तर एक पटक बेंशीमा झरेको पानी नदीमार्गबाट फेरि पहाड चढ्दैन। चढाउनै परेमा संरचना र ऊर्जामा धेरै लगानी गर्नुपर्छ। त्यसरी व्यवस्थापन गरेको पानीको प्रतिफल लागतको कारणले तुलनात्मक कम हुन्छ। त्यसैले एकीकृत प्रस्रवण विकासको अभ्यास सिरानबाट सुरू गर्नुपर्छ। सिरान रसिलो भएमा चुहिएको पानीले बेंशी त्यस्सै रसिलो हुन्छ (Vörösmarty et al., 2010)। यस मानेमा कृष्णागण्डकी प्रस्रवणको एकीकृत व्यवस्थापनमा चौतारी, बगैंचा, पोखरी र ससाना जलाशयको निर्माण अत्यन्त महत्त्वपूर्ण छन्। शास्त्रले निष्काम यज्ञ अन्तरगत राखेको यस्ता संरचना बनाउन सरकारी बजेट नै चाहिन्छ भन्ने हुँदैन। स्थानीय तथा प्रदेश सरकारले नीतिगत व्यवस्था गरेमा व्यक्तिगत लगानीमा नै यस्ता संरचनामा लगानी जुटन सक्छ।

मुक्तिनाथदेखि त्रिवेणीसम्म फुटकर विकास समितिहरू गठन गर्दा भौतिक संरचना विकास र मन्दिर क्षेत्रको व्यवस्थापनमा सघाउ पुगे पनि कृष्णागण्डकी र शालिग्राम ओझेलमा परेका छन्। उक्त मन्दिरलाई भेट गर्न कृष्णागण्डकीले आफ्नो मार्ग बनाएकी होइनन्। अपितु शालिग्रामयुक्त गण्डकीको कारणले ती मन्दिर तथा आश्रमहरू त्यहाँ बनेका हुन्। कृष्णाको अस्तित्व सकिँदा ती मन्दिरको पनि महत्त्व रहँदैन। त्यसैले चौतारी तथा पोखरी निर्माणमा जनसहभागिता जगेर्ना गर्न फुटकर विकास समितिहरू परिचालित हुनुपर्छ। गण्डकी प्रदेश सरकारले कृष्णागण्डकी एकीकृत विकास प्राधिकरण गठन गरेर त्यस्ता समितिहरूलाई अगुवाई तथा नियमन गरेमा प्रस्रवणको दिगो विकास गर्न सरकारी बजेट विनियोजनको आवश्यकता पर्दैन। पर्यटन प्रवर्द्धनको निमित्त पर्यटन बोर्डको चिन्ता लिन पनि पर्दैन। धेरै लगानी गरेर विद्युत निकासी व्यापारको जोखिम उठाउनुभन्दा न्यूनतम लगानीमा दिगो प्रतिफल लिने यो उपयुक्त रणनीति हुनसक्छ। उर्जाको विकल्पमा अन्य नदीहरूको साथमा साना जल विद्युत पनि हुन सक्छन्, देश विदेशका जनताको आस्थामा जमिसकेको कृष्णागण्डकी पर्यटन प्रयोजनमा नै सुरक्षित राख्नु स्वरोजगारी प्रवर्द्धनको निमित्त उत्पादक हुनसक्छ।




The hydrological cycle. Estimates of the observed main water reservoirs (black numbers, in 103 km3 ) and the flow of moisture through the system (red numbers, in

तश्विरः जलचक्र (Gimeno et al., 2012)

# परिच्छेद चारः कालीगण्डकी क्षेत्रका सांस्कृतिक-पुरातात्विक सम्पदाहरू

## ४.१ कालीगण्डकी मुहानः शालग्रामीदेखि रुम्बिनेसम्मका नौं धारा

**कालीगण्डकी मुहानका नौं धारा**

१. न्याम्दो खोला (रुम्बिने बायाँ)
२. नेचुङ्ग खोला (रुम्बिने दाँया)
३. चाहा (रातो नुन खोला)
४. धाक्चाङ्ग (कालो नुन खोला)
५. पुयुङ्ग (यारा) खोला
६. धेह खोला (देवा खोला )
७. ताङ्गे खोला
८. नर्सीङ्ग खोला
९. झोङ कागखोला (मुक्तिनाथ श्रोत)

सनातन हिन्दुशास्त्रमा कालीगण्डकीलाई शालग्रामी पनि भनिने हुनाले शालग्राम पाइने दामोदर पर्वत श्रृंखलामा जलधाराहरू यसको मुहानका श्रोतहरू हुन् भन्ने कुरामा विमती रहँदैन। गण्डकी मुहानका बारे खोज गर्दा तीनवटा सैद्धान्तिक आधार लिनुपर्ने हुन्छ। शालग्रामी धारा, रुद्रात्मिका धारा र क्षीर सागरीय धारा। यसरी हेर्दा जति पनि शालिग्राम श्रोत प्रवाह भएका धाराहरू छन्, यी सबैलाई शालग्रामीको मुहान क्षेत्रमा समेट्नु उचित हुन्छ। यो आधारले हेर्दा स्थलगत अवलोकनमा कालीगण्डकीमा मिसिएका दामोदर पर्वतका नौं धाराहरूमध्ये पश्चिम बाहिनी पाँच शालग्रामी धारालाई शालग्रामी श्रोत मान्नु पर्ने हुन्छ।

दोश्रो आधार भनेको जलप्रवाहको वेग मापन हो। पाँचवटा शालग्रामी धाराभन्दा बढी पानी आइरहेको रुद्रधारा जो रुम्बिने तीर्थको दायाँ र बायाँबाट प्रवाहित भएका धाराहरू पनि त बिर्सनु भएन। मुस्ताङ भोटका स्थानीयहरूको कथ्यबोलीमा रुम्बिने चुली (६२०० मिटर), जो शिवको साधना क्षेत्र मानिन्छ त्यसको निकटबाट बायाँ तर्फबाट आएको न्याम्दो धारा, जो शिवको बामाङ्गीका रूपमा प्रवाह भइरहेको छ। त्यसैगरी दायाँतर्फबाट नेचुङ्ग धारा प्रवाह भइरहेको छ, यी दुबै धारालाई बायाँ र दायाँ लिएको रुम्बिने क्षेत्र नै कालीगण्डकीको सबैभन्दा सुदुर शिखरको मुहान भएको स्थलगत अवलोकनबाट पुष्टि हुन्छ।

विष्णु तीर्थ मानिएको दामोदर पर्वतदेखि शिव तीर्थ मानिएको रुम्बिने दुई पवित्र तीर्थहरूको सन्दर्भलाई आधार मानेर हेर्दा शालग्राम पर्वत धारा र शिव तीर्थ रुम्बिने धारालाई आधार मानेर मुहानको गणना गर्दा नौं धाराहरू काली मुहानमा पाइएका छन्। यसरी हेर्दा २ धारा रुम्बिने, क्षीरसागरीय २ लवण धारा र पाँचधारा शालग्रामी गरी नौंधारा पाइएको छ। यी धाराहरूको विवरण यसप्रकार छ। यी नौं धाराहरू रुम्बिने श्रोतका २, नून खानी श्रोतका २ र शालग्रामी श्रोतका ५ गरेर ९ धारा देखिएको छ। यसमा शालग्रामी क्षेत्रमा जोडिन आएका तर शालिग्राम नपाइने पश्चिमी धाराहरूलाई गणना गरिएको छैन। यसकारण नौं धाराको कालीगण्डकीको सुदूर शिखरको मुहान शिव तीर्थ रुम्बिने हिमचुली, र शालिग्राम पाइने पूर्वीतटका पाँच शालग्रामी धाराहरूसँगै बीचमा रहेका २ लवण खोलालाई समेटेर नौंधारा मुहान मान्नु उपयुक्त देखिन्छ।

## ४.२ कालीगण्डकी किनारका धार्मिक-सांस्कृतिक सम्पदाहरू

हिमाली सभ्यता र नदी सभ्यताको समन्वयात्मक मण्डलामा गण्डकी प्रदेशको पहिचान निर्माण भएको छ। सप्तगण्डकीको त्रिकोणका समन्वयात्मक मण्डलामा सनातन हिन्दु, बोन, बौद्ध र जैन तथा जलसंस्कृति पूजक समुदायहरू परम्परादेखि नै स्थानगत सांस्कृतिक सम्पदा निर्माण र निरन्तरता दिँदै आएका छन्।

गण्डकी सभ्यताको निर्माणमा यी पाँच थरी समुदायको अलावा बौद्ध साधक रिम्पोछे पद्मसम्भव लगायतको लुम्बिनीदेखि भोट यात्राको सुगम मार्ग हुनु, इस्टइण्डिया कम्पनीको पालामा भोट-भारत व्यापारका लागि कालीगण्डकी कोरिडोर नै रेशममार्गमा जोडिन व्यापारिक सुगममार्ग देखिएकाले व्यापारिक ओहोर-दोहोर हुनु र गङ्गासागरदेखि कैलाश परिक्रमा गर्ने दक्षिण भारतीय सनातन हिन्दु र जैन समुदायको परिक्रमा तीर्थाटनको केन्द्रबिन्दु बनेको ऐतिहासिक संसर्गले पनि गण्डकीको सभ्यता निर्माणमा योगदान पुऱ्याइरहेको छ। यसका विशिष्ट लक्षणहरू कालीगण्डकी प्रस्रवण क्षेत्रमा रहेका पवित्र तीर्थ तथा सम्पदाहरूमा पाँचै धार्मिक मतका अनुयायीहरू श्रद्धापूर्वक सहभागी भइरहेको पाइनु

नै महत्वपूर्ण छ। भोटबाट लुम्बिनी जाने बौद्धमार्गीहरू, भारतबाट मुक्तिनाथ, दामोदरकुण्ड र कैलाश जाने सनातनीहरूको समन्वयात्मक जम्काभेट हुने कालीगण्डकी सभ्यतामा सबैको सांस्कृतिक वैभवताको सम्बन्ध जोडिएका सम्पदाहरू पाइन्छन। यी सम्पदाहरू विश्वसम्पदा हुन् र यिनिहरूको जगेर्ना गर्नु हामी स्थानीय निकटवर्तीहरूको दायित्व हो।

## सैद्धान्तिक सवाल

गण्डकी सभ्यताको अध्ययनका क्रममा यहाँ तीन प्रकारका सांस्कृतिक विशिष्ठता विकसित भएको पाइएको छ। यो सांस्कृतिक विशिष्ठताको त्रिकोणमा पद्म-शिला-जल संयोजन पाइएको छ। अर्थात् पद्मसम्भव जस्ता सिद्ध गुरु उपासक संस्कृति, शालिग्राम शिला उपासक संस्कृति र चोखोपानी उपासक संस्कृति।

गुरु उपासकहरूले गुरु साधना क्षेत्र र परिक्रमा क्षेत्रलाई गौरव र सम्पदा मान्ने गरेका छन्। यो गुरु परम्परा अनुसार विकास भएको बोन, बौद्ध, जैन र वैष्णव साधकहरूको साधना क्षेत्रका रूपमा यहाँका सम्पदाहरू परिचत छन्। यसै गुरु परम्परामा जैन तीर्थंकर ऋषभ देव र उनका उत्तराधिकारी भरत तथा जडभरत समेतले यसै क्षेत्रमा मोक्षसाधनामा भएकाले गुरु परम्परालाई मोक्ष आधार मान्ने समुदायमा बोन, बौद्ध, जैन र वैष्णवहरू अन्तरघुलित भएका छन्।

प्रदेशको पहिचानको आध्यात्मिक त्रिकोणमा अर्को समुदाय शिला पूजन संस्कृतिमा जोडिएको छ। यस अन्तरगत गण्डकीमा पाइने शालिग्राम शिलालाई पूजनीय र आराध्य श्रीविग्रह मान्ने समुदाय पर्दछन्। शालिग्राम शिलालाई देवताको प्रतीकको रूपमा स्वीकार गर्ने वैष्णव, शाक्त र शैव मतका सनातनीहरू शालिग्रामको स्पर्स गर्दै प्रवाहित हुने गण्डकी नदीलाई शालीगम जत्तिकै पूजनीय मान्दछन्। यही शिलाका कारण गण्डकीको महत्व रहेको र गण्डकीलाई शालग्रामी गङ्गाका रूपमा सम्मान गर्दछन्। शालग्रामी गण्डकी र शालिग्राम शिलालाई अलग्याउन हुँदैन, सँगै जोडेर एको-भावले सम्मान गर्नुपर्दछ भन्ने मत राख्दछन्।

प्रदेशको सभ्यतामा पद्म र शिला जस्तै अर्को प्रेरक पक्ष चोखोपानी अर्थात् गण्डकी जल हो। भोटको भूगोलमा गुरु क्षेत्र पवित्र मानिए जस्तै मैदानी क्षेत्रमा गण्डकी जललाई पवित्र मानिन्छ। तल्लोतटीय मैदानी भागमा जलसंस्कृतिलाई सम्मान गर्दै गण्डकी किनारका घाटहरूमा गण्डकी आराधना गर्ने आश्रम, गण्डकी जलसमाधीका कल्पबासीहरू, गण्डकी जलसङ्गमका बेनी तथा त्रिवेणीहरू एवम् घाटहरूमा आफ्ना आराध्य'इष्टदेव, पितृदेवलाई पूजन गर्ने, जल पूजन संस्कृतिहरू अभ्यासमा छन्। यो अभ्यासमा पहाडी संस्कृतिका उपासकहरू गण्डकी जल र शालिग्रामलाई जोडेर एक अर्काका परिपूरक मान्दछन् भने मैदानी संस्कृतिका उपासकहरू शालग्राम शिलाभन्दा पनि गण्डकी जल वा चोखोपानीलाई महत्व दिन्छन्। उनीहरूका लागि गण्डकी जल र

**कालीगण्डकी किनारका धार्मिक-सांस्कृतिक सम्पदाहरू**

१. रुम्बिने
२. धेनुशिला
३. छोसेर झोङ् गुफा
४. लोमन्थाङ्ग मण्डला बस्ती
५. कालभैरव तथा काली मन्दिर
६. रिम्पोछे साधना घार गुम्बा
७. माने पर्खाल
८. सुम्दा त्रिवेणी
९. तासी काबुङ गुम्बा
१०. लुरी गुम्बा
११. दामोदर कुण्ड
१२. लक्ष्मी नरसिंह कुण्ड
१३. मुक्तिनाथ
१४. ज्वाला क्षेत्र
१५. कागबेनी धाम
१६. लुब्रा बोन गुम्बा
१७. पद्म शिला
१८. ठिनी गाउँ
१९. ढुम्बा ताल
२०. मैत्री गुम्बा
२१. मोक्ष वृक्ष
२२. तिलिचो ताल
२३. चोखो पानी
२४. गुरु साङवो गुफा
२५. टिटी ताल
२६. धवलेश्वर शिवलिङ्ग
२७. रूपसे छहरा
२८. अग्नी लामा गुफा
२९. दाना शिवालय
३०. नारच्याङ्ग शिवालय
३१. अग्नी कुण्ड (तातो पानी)
३२. नागशिला जलेश्वर शिव
३३. गलेश्वर त्रिवेणी धाम
३४. पुलाह आश्रम
३५. जगन्नाथ पुरी
३६. कालञ्जर मालिका धुरी
३७. रिखार सप्तऋषि धाम
३८. सिंगा देवी (तातो पानी)
३९. नाभी क्षेत्र
४०. बेनी घाट

आद्रताले सिंचन भएका हरेक कुरा पवित्र र पूजनीय लाग्छन र गण्डकीलाई माता तुल्य सम्मान गर्दछन् (चालिसे, २०७७)।

यसरी हेर्दा गण्डकीको एकै प्रवाहमा तीन प्रकारका विशिष्ठ संस्कृतिको पारस्परिक समन्वयता र अन्तरघुलन हुँदै आएको छ। यो अन्तरघुलनमा बोन, बौद्ध, हिन्दु, जैन र प्रकृति पूजक जलसंस्कृति समुदाय प्राचीनकालदेखि नै मिश्रण हुने र गण्डकी परम्परामा अनुकूलन हुँदै आएका छन्। यो विशिष्ठ अनुकूलनताको अभ्यासमा यी पाँचै समुदायका उपासकहरूले युगौंदेखि यही गण्डकी क्षेत्रमा सांस्कृतिक, पुरातात्विक सम्पदा र सामाजिक सभ्यताको विकासमा निरन्तर योगदान दिदैं आएका छन्। यसको स्थानगत अवलोकनका क्रममा कालीगण्डकीको शिरभाग रुम्बिनेदेखि तल्लो तटीय त्रिवेणीसम्म १०८ भन्दा बढी सांस्कृतिक सम्पदा र प्रतीकहरू रहेका छन् भने हरेकमा पाँचैवटा समुदायका उपासकहरूले पारस्परिक श्रद्धा र विश्वास गरेको पाइन्छ।

**अर्थराजनीतिक सवालः**

रुम्बिनेबाट सुरू भएको गण्डकी यात्राको सामाजिक धार्मिक मार्ग लुम्बिनी र कपिलवस्तुसँग पनि जोडिएको छ र बौद्ध समुदायको परिक्रमा संस्कृति चलिरहेको छ। रुम्बिनेबाट नजिकै रहेको कोराला नाका र नेचुङ्ग भन्सार बिन्दुबाट भोटे नूनको आयात गर्दै कालीगण्डकीका विभिन्न घाट-बेनी, बजार र थुमहरू पारगर्दै पाल्पाको प्रभास-सिद्धबाबाहुँदै खस्यौली पारगरी बटौली बजार र गोरखपुरसम्म नूनको निर्यात तेल-लत्ताकपडा आयातमा लागिपरेका थकाली समुदायको परम्परागत भान्छाघर ब्राण्ड नै बन्न पुगेको छ। नून व्यापार मार्गका रूपमा पहिचान बनाएको कालीगण्डकी कोरिडोर चीनियाँ रेशममार्ग परियोजनासँग जोडिएको सांस्कृतिक सम्पदाको धरोहर समेत हो। यी सम्पदाहरूलाई सन् २०२३ सम्ममा विश्वसम्पदामा सूचीकृत गर्ने पुरातत्व विभाग र युनेस्कोको कार्यायोजना समेत प्रस्तावित भएकाले कालीगण्डकीको गौरव र सामाजिक-सांस्कृतिक तथा जीवीकाका जुक्तिहरूको अभिलेखन तथा सूचीकरण एवम् संरक्षणका लागि यहाँका समुदायगत महत्वका क्षेत्रहरूको पहिचान र बजारीकरण गर्नु बान्छनीय हुन्छ।

**केही मुख्य सम्पदाका नालीबेली**

माथि उल्लेखित मान्यतालाई आत्मसात गर्दै यस प्रतिवेदनमा कालीगण्डकीको मुहान क्षेत्र रुम्बिने मुस्ताङदेखि लुम्बिनी नवलपुरको त्रिवेणीसम्मका केही सम्पदाहरूका बारेमा सङ्क्षेपमा चर्चा गरिएको छ।

१. **रुम्बिनेः** कालीगण्डकीको शिरभागमा रहेको २ धारा (नुप र शेर धारा) को बीचभागमा रहेको रुम्बिने शिव आराधनाको स्थल मानिन्छ। गण्डकी मार्गहुँदै कैलाश मानसरोवर जाने मागृमा पर्ने यो रुम्बिने स्थानीय भाषामा तल्लो पहाडीयाहरूको तीर्थ भन्ने अर्थ लाग्दछ। दामोदर कुण्ड जाने सन्तहरूले यस क्षेत्रमा पनि शिवको ध्यान क्षेत्र रहेको भन्दै पुग्ने गरेको तथ्य मुस्ताङ भोटका बुढापाकाहरूले बताउँदै आएका छन्। यसै स्थानलाई तत्कालीन मुस्ताङ राजपरिवारले आफनो कूल देवताको स्थानका रपमा श्रद्धा गर्ने गरेको तत्कालीन राजप्रसादका अधिकारीहरूले बताएका छन्। स्थानीय भाषामा रुम्बिनेलाई धुङ्गमर भन्ने गरिएको र हिमाललाई घाङ्ग धुङ्गमर भन्ने गरिन्छ।

   कालीगण्डकीको शिरभागमा रहेको यो तीर्थ कैलाश मानसरोवर मार्गको परिक्रमा गर्ने सनातन हिन्दु, जैन, बौद्ध र बोन चारै समुदायको तीर्थ मानिन्छ। यहीबाट सुरू भएको कालीगण्डकीमा दामोदर पर्वत श्रृंखलाका ५ धाराहरूबाट शालिग्राम शिला प्रवाहित भएर मिसिने भएकाले त्यसपछि कालीगण्डकी नदीलाई शालग्रामी नदी पनि भनिन्छ। यो तीर्थ गोप्य तीर्थका रूपमा रहेको छ। भौगेलिक विकट रहेकाले टाढैबाट दिशा पारेर पूजा गर्ने प्रचलन छ। कोराला नाका पुग्ने बेलामा बायाँपट्टीको हिमशैलमा रहेको यो तीर्थ ओमकार समुदायको आध्यात्मिक समन्वयको शिखर हो। यो सम्पदा रुम्बिने, धुङ्गमर वा रोङ्गती नाममा सम्बोधन हुँदै आएको छ (बराल, २०७७: १०३)।

२. **धेनुशिलाः** कैलाश मानसरोवर यात्रा मार्ग भएको कालीगण्डकीको उत्तरी भाग रुम्बिने जाँदा बाटोमा धेनु शिला अर्थात् गाई पत्थरका रूपमा सुनौंलो चट्टान अंश देख्न पाइन्छ। गण्डकी प्रवाह क्षेत्रमा भगवान विष्णुका २४ अवतारका आकृति र देव सम्पदा शङ्ख, चक्र, पद्म, गदा, धेनु, धवल, नाग र शिवलिंग समेत देख्न पाइने बताइन्छ। यसै क्रममा रुम्बिने मार्गमा रहेको धेनुशिलालाई स्थानीयहरू देउताको गाईका रूपमा लिने गरेको बताउँछन्। देउताको गाई अर्थात् कामधेनु गाईको प्रतीकका रूपमा 'भर्मा' भन्ने गरेको लोवा समुदायका सदस्यले बताएका छन्। यो धेनु शिलालाई चीनियाँ पर्यटकहरूले सुनौंलो माछा (गोल्डेन फिस) भन्ने गरेको समेत स्थानीयले बताएका छन्।

(हिन्दु शास्त्रमा पहिलो अवतार मत्स्य मानिने र उसले डोर्याएको डुङ्गा धवलागिरीमा राखिएको बताइने लोक कथासँग यो सुनौंलो माछा पनि सम्बन्धित छ भनेर भन्ने गरिन्छ।)

कालीगण्डकी यात्रामा कैयन सन्तहरूले कामधेनु गाईले अन्नपूर्ण स्वरुपाको रूपमा अन्नादीलाई उर्जा दिएको मान्यता छ भने स्थानीय छोसेर तथा छोनुपका लोवा समुदायले देउताको गाईका रूपमा मान्ने धेनुशिला वरिपरिको अरु माटोको रङ्गभन्दा फरक र रोचक देख्न सकिन्छ। विक्रम सम्वत २०४० र ०४४ मा उपल्लो मुस्ताङमा ९४ घरलाई क्षति पुग्ने गरी आएको भूगर्भ बाढी यही धेनु शिलाभन्दा माथिल्लो भागको रुम्बिनेको दायाँ र बाँयाबाट प्रकट भएको स्थानीयहरूले बताएका छन्। त्यो बेला बाढीपीडित भएका मुस्ताङी समुदायका ९४ घर मध्ये ३४ घरलाई तनहुँको ढोरफिर्दीमा पुनर्वास गराइएको छ।

३. **छोसेर झोङ गुफाः** कालीगण्डकीको उपल्लो तटीय क्षेत्रमा प्राचीन जीवीका र बसोबासका पुरातात्विक प्रमाण बोकेर अनगिन्ती गुफाघरहरू बसेका छन्। यी गुफाघरहरू चुनढुङ्गा पग्लिएर बनेका नभई प्राचीन पशुपालक र कृषि युगका मानिसहरूले घरेलु उपकरणको सहायताले गुफाभित्र विभिन्न कोठा बनाउँदै पारिवारिक बसोबास र राजकीय बन्दोबस्ती समेत गरेको पाइएको छ। देउपूजन र साधनास्थल पनि यस्तै गुफाघरलाई बनाउने गरेको पाइएको छ। यद्यपि भोट समुदायले आफ्ना आराध्य देवता र पितृहरूको स्मरण गर्ने गुम्बा गुफामा नै बनाउने गरेका र पछिल्ला दिनमा मात्रै गुफा बाहिर बनाउने गरेको पाइएको छ। यस्ता गुफा घर र गुफा गुम्बाहरूको नमूना छोसेर क्षेत्रमा प्रशस्त देख्न पाइन्छ। झोङ गुफामा ५ तला र २२ कोठा रहेको पुरानो बसोबासको नमूना पर्यटकीय र अनुसन्धानको स्थान मात्र नभई पुरातात्विक सम्पदाको रूपमा रहेको छ। हालै स्थानीय समुदायले हरेक घरको वार्षिक पालो लगाएर यो पर्यटकीय गन्तव्य व्यवस्थापनमा सहजीकरण गर्दै आएका छन्। उपल्लो मुस्ताङ ल्होछो दिनका कैयन गुफाघर मध्ये यो प्रतिनिधि गुफा हो।

४. **लोमन्थाङ मण्डला बस्तीः** प्राचीन कला संस्कृति, मानव बस्तीका गुफा र माटे पर्खालले घेरेको सहरका रूपमा लोमान्थाङलाई चिनिन्छ। यहाँ काँचो माटोबाट निर्माण गरिएको गुम्बा र घरहरू देख्न पाइन्छ। यहाँको परम्परागत ल्हो राज्यका राजाको ऐतिहासिक दरबार छ। लोमान्थाङ दरबारका रूपमा प्रसिद्ध दरबार पाँचतलाको विशाल ऐतिहासिक भवन छ। यो दरबार १ मिटर चौडाई ६ मिटर अग्लो एल आकारको ८५६ मिटर लामो पर्खालभित्रको परिसरमा रहेको छ। यो पर्खाल पूरै काँचो माटोबाट निर्माण गरिएको छ। उहिले सुरक्षाको दृष्टिकोणले निर्माण गरिएको लोमान्थाङ दरबारको पर्खालमा पाँच कुना र बीच-बीचमा नौं मीटरका अग्ला बुर्जाहरू रहेका छन्। लोमान्थाङ दरबारको पूर्वतिर एउटा मात्र प्रवेशको लागि गेट राखिएको छ। यसभित्र रहेका १५ औं शताब्दीतिर निर्माण भएका मोन्खर दरबार, थुसेन गुम्बा, छयोदेन गुम्बा, झ्याम्पाल गुम्बाहरू लोमान्थाङ दरबारक्षेत्रका ऐतिहासिक सम्पदा मानिन्छ। तन्त्रविधान अनुसार मण्डला आकारमा बनाइएको ल्होमन्थाङ मण्डला बस्तीका चार गाउँहरूमा ढोल्माल्हाङ्ग (ढोल्मा तारा गाउँ), पोतालिङ्ग (अवलोकेश्वर गाउँ) धुन्थाङ (महाकाल गाउँ) र झ्याथाङ (मैत्रेय नयाँ बुद्ध गाउँ) रहेका छन् भने मण्डला बाहिरको बस्ती छोरो ढोक्पा रहेको छ (बराल २०७५)।

५. कालभैरव तथा काली मन्दिरः यो कृष्णभा क्षेत्रको मुहान शिव र गौरीको उपस्थिति बोध गराउने गरी उपल्लो मुस्ताङ क्षेत्रमा महाकाल भैरव र महाकालीको मन्दिर रहेको छ। माटोको पर्खालले घेरिएको नगरका रूपमा परिचित उपल्लो मुस्ताङको एक प्रसिद्ध गुम्बा झम्पा परिसरमा महाकालीको मूर्ति रहेको छ। महाकाल भैरवलाई यहाँ महाकालचक्र पनि भनिन्छ। मन्दिरको शिरभागमा महाकालीको कृष्णारूपको मूर्ति विराजमान छ। मन्दिरको भूईंतलामा कालभैरव शिवसँग आलिङ्गन गर्दै रहेको महाकालीको अर्को मूर्ति पनि छ। यहाँ बौद्ध लामा तथा विद्यार्थीहरूले तिब्बती बौद्ध परम्पराअनुसार पूजा गर्ने प्रचलन रहेको छ।

मन्दिरका टुँडालहरूमा संस्कृत लिपिमा विभिन्न सन्देशहरू लेखिएका छन्। रिम्पोछे पद्मसम्भव, हरिततारा, मञ्जुश्री लगायतको समेत मूर्ति रहेको उक्त गुम्बामा महाकाल चक्र भैरव र कालीको आलिंगन आकृति सबैले देख्न सकिन्छ। पहिले बोन सम्प्रदाय र पछिल्ला दिनमा तिब्बती लामा सम्प्रदायको विधिमा तन्त्रसाधना तथा आराधनाका अभ्यास चल्ने गरेको स्थानमा गुम्बाका ढोका तथा मझेरीहरूमा संस्कृतका श्लोकहरू लेखिएका काष्ठ खाँबो र बलोहरू छन्। भित्र महाकाल भैरव र महाकालीको विशाल प्रतिमा पनि पाइन्छ। यसैको गजुरमा महाकालीको मूर्ति पनि स्थापना गरिएको पाइन्छ (बराल २०७७:१००)।

६. **रिम्पोछे साधना घार गुम्बाः** कालीगण्डकी सभ्यतामा गुरु पूजक समुदायमध्ये हिमाली क्षेत्रमा रिम्पोछे पद्मसम्भवलाई महागुरुका रूपमा लिइन्छ। पाकिस्तानमा जन्मेर बौद्धसाधनामा सिद्धिप्राप्त पद्मसम्भव तिब्बती लामा समुदायमा बौद्धमार्ग प्रचारक प्रथम गुरु मानिन्छन्। तिब्बती समुदायमा धर्म प्रचारमा जानु भन्दा पहिले मुस्ताङका कैयन स्थानमा यी महागुरुले साधना गरेको विश्वासमा ती स्थानलाई तीर्थको रूपमा हेर्ने गरिन्छ। ती स्थानहरू मध्ये चराङ र ल्होघेकर क्षेत्रको घारा गुम्बालाई महत्वपूर्ण मानिन्छ। हिमाली समुदायमा दुःख दिने खराब शक्ति डाकिनीलाई पद्मसम्भवले तन्त्र र मन्त्रबलले परास्त गरी उसको मुटुलाई माटोमा गाडेर त्यसैमाथी आफ्नो ध्यान समाधिसहित बनाएको गुम्बाले मुस्ताङमा आवादयोग्य बस्ती बनाउन योगदान पुर्याएको मान्यता पाइन्छ। यसैले घारा गुम्बालाई गुरु पद्मसम्भवको मुख्य साधना केन्द्रका रूपमा अझैपनि बौद्ध समुदायमा विश्वास गरिन्छ।

तिब्वतका गुम्बाहरूभन्दा पनि पुरानो मानिने यो गुम्बा तथागत बुद्धको जन्मथलो लुम्विनी जत्तिकै पवित्र मानिन्छ। ल्होछोदिनको मराङ गाउँमा रहेको घारा गुम्बा र लुम्विनीको मायादेवी मन्दिर दुवै तथागत महागुरुका जननी हुन् भनेर महत्व दर्शाइन्छ। रिम्पोछे पद्मसम्भवका सिद्धत्वसँग जोडिएको यो गुम्बा हिमाली बौद्ध समुदायका लागि विश्वकै दुर्लभ पुरातात्विक र सांस्कृतिक महत्वको सम्पदा हो। पद्मसम्भवसँग सम्बन्धित पुस्तक, आकर्षक भित्तेचित्र र उनको मूर्ति रहेको निङमापा सम्प्रदायको घारा गुम्बाले बुद्ध धर्मको तान्त्रिक धारलाई प्रतिनिधित्व गरेको छ। यसको पवित्रता र गरिमा जोगाउन मुस्ताङी राजपरिवार र समुदायस्तरबाट पहल हुँदै आएको पाइएको छ।

७. **माने पर्खालः** हिमाली बौद्ध समुदायमा तन्त्र विधिद्वारा गाउँको शुद्धता निर्माण गर्ने र शान्तिपूर्वक जीविकाका जुक्तिहरू अपनाउने प्रचलनमा गाउँको प्रवेश मार्गमा छोर्तेन र माने पर्खाल निर्माण गर्ने तथा मन्त्रहरू कुँदिएका शिलाहरू माने पर्खाल र छोर्तेनमा राख्ने तथा मन्त्र लेखिएका ध्वजा-तोरणहरूको पताका फहराउने परम्परागत चलन छ। यी तोरणहरूमा लेखिएका मन्त्रलाई स्पर्श गरेर बहने वायुले गाउँको स्वच्छतामा धार्मिक शुद्धता कायम गर्ने र खराव शक्तिलाई गाउँबाट धपाएर असल शक्तिको उर्जाले आवाद बस्तीमा अमनचयन बाहाल हुन्छ भन्ने परम्परागत विश्वास रहिआएको छ। यही मान्यताअनुसार उपल्लो मुस्ताङको घमी गाउँमा प्राचीन ऐतिहासिक माने पर्खाल रहेको छ। घमीबाट चराङ तथा राता पहाडको ढाकामार एवम् लोघेकर गाउँजाने ठाउँमा माने पर्खाल रहेको छ। विभिन्न मन्त्र कुँदिएका शिलाहरूद्धारा निर्माण गरिएको यो मानेपर्खाल विश्वकै परानो र लामो माने पर्खाल मानिन्छ।

आचार्य रिम्पोछेले तन्त्र साधनाको बलमा उपल्लो मुस्ताङमा दुःख दिने डाकिनी शक्तिलाई परास्त गरी

उसको कुनै पनि शक्तिले गाउँमा दुख नदेओस भनेर उसको आन्द्राहरू गाडेर सो पर्खालमा मन्त्रशिलाहरू अभिमन्त्रित गर्दै बनाइएको मान्यता रहेको छ। स्थानीय समुदायले आफ्ना परलोक भएका पितृहरूका नाममा यसरी नै मन्त्र कुदिएको शिला सो माने पर्खालमा लगेर मिसाउने चलन पनि रही आएको छ। करिब १ सय ८ मिटर लामो यो माने पर्खालमा बौद्धग्रन्थ, मन्त्र, देव-चित्र आदि कोरिएको छ। बौद्ध साधनामा गुरु रिम्पोछे, तारा ढोल्मालाई प्रार्थजना गर्ने 'ऊँ माने पद्मे हुँम', ऊँ नमः गुरुमे', ऊँ आमी देव ही' ऊँ बज्र सत्व हुँ', ऊँ तारे तुतारे तुरे स्वाहा' 'ऊँ आ हुँ बज्र गुरु पदम सिदी हुँम', ऊँ मुनि मुनिये महा मनुष्य स्वाहा', ऊँ बज्र किला किला सर्वा भितम् हुंमफेट, लगायतका मन्त्रहरू लेखिएका शिलाहरू पाइन्छन्। विश्वकै लामो मन्त्रशिलाको माने पर्खाल बौद्ध साधक, अनुसन्धाता र पर्यटकहरूका लागि पुरातात्विक सम्पदा मानिन्छ।




८. **सुम्दा त्रिवेणीः** गुरु पूजक समुदायले गुरु साधना स्थललाई तीर्थ माने जस्तै नदीपूजक समुदायले नदी वेणी र त्रिवेणीलाई विशेष तीर्थ मान्ने गर्दछन्। कतिपय तीर्थहरू निकट रहेर चर्चित हुने र कतिपय विकट रहेर ओझेल पर्ने अवस्था पनि छ। मुक्तिनाथबाट निःशृत जल मिसिने कागबेनी जस्तै दामोदर पर्वतबाट आउने धेह (देवा) खोला, कालीगण्डकीको उत्तरी शिरबाट आउने गङ्गा र चराङ लोघेकर क्षेत्रबाट आउने खोला मिलेर बन्ने सुम्दा त्रिवेणी दामोदर कुण्ड परिक्रमाका हिसाबले महत्वपूर्ण तीर्थ मानिन्छ। यो त्रिवेणीको दायाँतर्फ दामोदर पर्वत, बायाँतर्फ ल्होमन्थाङ्गो प्रसिद्ध मण्डला बस्ती रहेको छ भने शिर भागमा काली मुहानका दुईधाराहरू आइरहेका छन्। सुम्दा गुफा र त्रिवेणी क्षेत्र पवित्र साधना केन्दका रूपमा लिइन्छ र सनातन धर्म अनुयायीहरूले यो स्थान शिव र कालीको साधना स्थलका रूपमा लिने गरेका छन् (बराल २०७३)।

९. **तासी काबुङ गुम्बा (सरस्वती साधना केन्द्र)ः** शङ्ख कुण्डदेखि निस्केको जलप्रवाह यारा गाउँ हुँदै कालीगण्डकीमा मिलन हुन आउने खोलालाई स्थानीयहरू पुयुङ खोला तथा यारा खोला पनि भन्दछन्। यो पुयुङ खोलाको शिरभाग शङ्ख क्षेत्रका रूपमा सिद्ध भूमि भएकाले यो क्षेत्रमा विभिन्न साधना केन्द्रहरू छन्। यारा गाउँ हुँदै पुयुङ खोलाको बाटो दामोदर कुण्ड जाने मार्गको बिन्दुमा लुरी गुम्बा नपुग्दै तासी कावुङ गुफा भेटिन्छ। यो गुफा गुम्बाको बाहिरी आकृति विक्षिप्त रूपमा क्षति भएको देखिन्छ भने गुफाभित्र गुम्बा र चित्रकारिता भेटिन्छ।

दामोदर कुण्ड जाने बाटोमा सुर्खाङभन्दा पर गएपछि घारा गाउँभन्दा गहिरो खोंच पुयुङ खोलाको पश्चिमी किनारको चट्टानी पहाडमा जोडिएर बनाइएका तासी कावुङ गुम्बा ऐतिहासिक पुरातात्विक तथा आध्यात्मिक सम्पदाको धरोहर मानिन्छ।

पहाडी चट्टानमा जोडेर बनाइएको यो गुम्बा बुद्धमार्गीहरूले मञ्जुश्रीको आराधना स्थलका रूपमा श्रद्धा गर्ने गर्दछन् भने सनातन हिन्दुमार्गीहरूले सरस्वती साधना केन्द्रका रूपमा लिने गर्दछन्। त्यस गुफामा बेदहरू सुरक्षित रहेको मानिन्छ। दामोदर कुण्ड ब्रह्म कुण्ड नै भएको र ब्रह्मा तथा सरस्वतीले वेदान्त मन्त्रोच्चारणसहित विष्णुमोक्ष यज्ञ गरेको स्थल मानिएकाले दामोदर कुण्डसँग यो गुम्बाको निकट सम्बन्ध मानिन्छ। यो क्षेत्र ब्रह्म चिन्तन क्षेत्र हुनु र तासी कावुङ गुम्बाको भित्री भित्तामा स्वयम् ब्रह्मरूपा सरस्वतीको आकृति कोरिएर प्राचीनकालदेखि लामाहरूले साधना गर्ने पवित्र स्थानका रूपमा पहिचान गरी जगेर्ना गरेकोले यस गुम्बाको धार्मिक तथा आध्यात्मिक महत्व छ (बराल २०७३)।

१०. **लुरी गुम्बाः** लुरी गुम्बा शङ्ख ध्वनी प्रवाहसँगै आराधना गर्ने सिद्ध भूमिका रूपमा चिनिन्छ। लुरी गुम्बा पनि चट्टानी पहाडभित्रको गुफामा रहेकाले पूर्वजहरूले गुफाभित्र गुम्बाको विकास गरी त्यसको आध्यात्मिक शक्ति पहिचान गरी लामा विद्यार्थीहरूका लागि गुफा साधना केन्द्रको रूपमा विकास गरेको बुझिन्छ। हाल पनि लुरी गुम्बामा बौद्ध लामा विद्यार्थीहरूको ध्यान तथा साधना केन्द्रको रूपमा प्रयोग हुँदै आएको छ। लामा विधामा ज्ञान तथा सिद्धि प्राप्तिका लागि ३ वर्ष ३ महिना ३ दिनसम्म गुप्त ध्यान गर्नुपर्ने, एकजना शिक्षक र १ जना खाना दिने व्यक्तिले गुफाको साधना केन्द्र व्यवस्थापन गरिरहेका हुन्छन्। गुफा ध्यानको चक्र पूरा गरेपछि २१ वटा मसान घाटमासमेत साधना गर्न लगाईने प्रचलन रहेको स्थानीय तेण्डु लामाले बताएका छन्। यहाँको गुफामा ध्यान साधना गर्दा शङ्ख समेत बजाउने चलन रहेको लुरी गुम्बाका सीताराम लामाले बताएका छन् (बराल २०७३)। लुरी गुम्बाका लामाहरूले स्थानीय समुदायमा मृत्यु संस्कारमा अन्त्येष्टि कार्यको पनि सहजीकरण गर्दछन्। व्यक्तिको मृत्यु पश्चात् लामाले तन्त्र गणितका माध्यमद्वारा उसको अन्त्येष्टि विधि पत्ता लगाउने र शवलाई आगोमा जलाउने, काटेर टुक्रा बनाई हिमाली चरालाई खान दिने र माछालाई खुवाउन नदीमा विसर्जन गर्ने विधिको प्रयोग गर्दै आएको स्थानीय अगुवा हिरा लामाले समूह छलफलका क्रममा बताएका छन्।

लुरी गुम्बाका लामाहरूले स्थानीय किसानहरूको खेतीयोग्य बारीको तान्त्रिक विधिबाट शुद्धीकरण गर्ने र खेतीका लागि बीउ, माटो शुद्धता तथा रोगकिरा नियन्त्रणका परम्परागत जुक्तिहरू पनि उपयोग गर्दै आएको पाइन्छ। यसरी हेर्दा परम्परागत ज्ञानको पाठशाला र प्रयोगशालाका रूपमा लुरी गुम्बा रहेको छ। यो ज्ञान सम्पदा गण्डकी प्रदेशको बौद्ध लामा पाठशालामा एकमात्र र दुर्लभ क्षेत्र मानिन्छ।

११. **दामोदर कुण्डः** मुस्ताङको सदरमुकाम जोमसोमदेखि करिब ४७ कोष उत्तर पूर्वमा पर्ने दामोरकुण्ड समुद्र सतहदेखि करिब १५,७११ फिटको उचाइमा पर्छ। दामोदर कुण्ड क्षेत्र ब्रह्मा, विष्णु, शिवको प्रियस्थल मानिन्छ। त्यसैले यसलाई शिव क्षेत्र, विष्णु (दामोदर) क्षेत्र, ब्रह्म क्षेत्रका रूपमा पुराणहरूमा चर्चा गरेको पाइन्छ। त्यस ब्रह्मकुण्डमा विष्णु भगवानले १००८ पटक परिक्रमा र स्नान गर्नुभएको र त्यहाँ विष्णुका १ हजार ८ स्वरूपहरू प्रकट भएर विभिन्न शिला तथा वनस्पतिका रूपमा रहेका भन्ने विश्वास गरिन्छ।

भगवान विष्णुले मोक्ष प्राप्तिको साधना सम्पन्न गर्ने क्रममा ब्रह्मा र सरस्वतीद्वारा शुद्धीकरण गरिएको सो ब्रह्मकुण्डलाई द्वापरमा दामोदर कृष्णले मोक्ष गराएका कुवेरका पुत्रहरूलाई मोक्ष स्नान गर्नका लागि दिशा निर्देश गरिएका हुनाले (दामोदरले मोक्ष स्नानका लागि चिनाइएको कुण्डका रूपमा) दामोदर कुण्ड भनेर प्रचलित हुन थालेको मानिन्छ। शालिग्रामी पहाडका रूपमा चिनिएको दामोदर पर्वतका नौं धाराहरूमा शालिग्राम शिला पाइन्छ। ती मध्ये पाँचधाराहरू कालीगण्डकीमा मिसिने हुनाले कालीगण्डकीलाई पनि शालिग्रामी गङ्गा भन्ने गरिन्छ।

अन्यत्र नपाइने दुर्लभ औषधीय वनस्पति पनि यहाँ पाइन्छ। स्थानीय समुदायले यसलाई दम्दा कुण्ड भनेर उच्चारण गर्छन्। त्यसको अर्थ उनीहरू 'दाम्लो'सँग नै जोड्छन्। परापूर्वदेखि त्यस कुण्डमा जानेले दाम्लो चढाउने गरेको पनि सुनिएको छ। खासगरी गाई पाल्ने ब्राह्मणहरूले गोठमा बाँधेको गाई कुनै कारणबस दाम्लो घाँटीमै भएको बेला गाई मर्न गएमा उसलाई बाँध्ने गोठालालाई गौ-हत्याको दोष लाग्ने भएकाले गाईको मृत्यु संस्कार, काजक्रिया गर्ने र दाम्लोलाई दामोदर कुण्डमा लगेर विसर्जन गरेमा गौ-हत्याको दोषबाट मुक्ति पाइने विश्वासले त्यस्तो परिस्थितिका व्यक्तिहरू दाम्लो चढाउन पनि दामोदर कुण्ड पुग्ने चलन छ (बराल,२०७३)।

१२. **लक्ष्मी नरसिंह कुण्डः** मुक्तिनाथबाट पश्चिमपट्टि झोङ देउराली काटेर छुक्साङ गाउँ क्षेत्रमा पर्ने तेताङ गाउँको पनि पश्चिम उत्तरपट्टी याक हिमालबाट बगेर आउने नरसिंह खोलाको किनारमा अलौकिक अर्को कुण्ड रहेको छ। त्यसलाई लक्ष्मी कुण्ड पनि भनिन्छ। लक्ष्मी कुण्डको क्षेत्रमा नरसिंह अवतार विष्णु, हात्तीहरू र नाग तथा लक्ष्मी देवीका आराधना क्षेत्र रहेको मान्यता छ। नरसिंह खोलाको पूर्वतर्फको चट्टानी क्षेत्रमा जमिनको गर्भबाट

कञ्चन जल लगेर धर्म कुण्ड (दामोदर कुण्ड) मा चढाउनु अत्यन्त पवित्र कार्य मानिन्छ। त्यसैले दामोदर कुण्ड जाने तीर्थयात्रुले लक्ष्मी कुण्डको जल लगेर दामोदर कुण्ड जाने चलन छ।

यो क्षेत्र पहिलेको नूनखानीका रूपमा प्रख्यात स्थल हो। यहाँ पहिले भोटको नून सङ्कलन र तिब्बत तथा पोखरा क्षेत्रमा कारोबार गरिन्थ्यो। हाल समुन्द्री नूनको बजार पहुँच हुँदै गएकाले त्यहाँको नूनखानी प्रशोधन कार्य रोकिएको मानिन्छ। हाल पनि कतिपय स्थानीय समुदायले स्थानीय रूपमा नूनखानीबाट नून सङ्कलन गरेर खाने गर्दछन्। उनीहरू आफ्ना रीतिरिवाज र पूजा कर्ममा आफ्नै गाउँको नून प्रयोग गर्नु पर्ने मान्यता राख्दछन्। बाहिरीया परचक्रीलाई नूनखानी देखायो भने कूलदेउता रिसाउछन् भन्ने विश्वास राख्दछन् (बराल,२०७३)।

१३. **मुक्तिनाथः** समुन्द्र सतहदेखि करिब ३७१० मिटर उचाइमा रहेको मुक्तिनाथ मन्दिरमा कतिपय साधक तथा द्रष्टाहरूले कागबेनीदेखि कृष्णभा नदीको जल लिएर मुक्तिनाथ पुगी शालग्राम पहाडमा विष्णुरूप शिलाको पाउमा उक्त जल चढाउने गर्दछन्।

बराह पुराणको अध्याय १४४ मा उल्लेख गरेअनुसार एकजना शालङ्कायन नामका महर्षिले शिवतुल्य पुत्र प्राप्तिका लागि विष्णुको आराधना गरेका थिए। शालङ्कायनको साधनासँगै उनलाई दर्शन दिन भगवान विष्णु शालवृक्षको रूपमा उत्पत्ति भएका र शालङ्कायनले शालवृक्षका चारै कोणबाट वैदिक मन्त्रोच्चारण गरी विष्णुको आराधना गरेका र विष्णुले प्रत्यक्ष दर्शन दिई उक्त शालवृक्ष आफ्नै रूप भएको बताएको सन्दर्भले त्यस क्षेत्रलाई शालग्राम भन्न थालिएको बताइन्छ।

बराह पुराणको सोही अध्याय १ सय ४४ मा अर्को सन्दर्भमा गण्डकी नदीले भगवान विष्णुको तपस्या गरी विष्णुलाई आफ्नो पुत्रको रूपमा पाउन वरदान मागेकी थिइन्। त्यतिबेला भगवान विष्णुले गण्डकीको गर्भमा शालग्राम शिलाका रूपमा विराजमान भइरहने वरदान दिएकाले गण्डकी नदीलाई विष्णुमाताका रूपमा पनि लिने गरिन्छ। यही सन्दर्भलाई लिएर कृष्णभा र गण्डकीको संयोजनको कालीगण्डकीलाई विष्णु मोक्षदायिनी नदी मान्दै मानव मोक्षतामा समेत उनको महान योगदान रहने विश्वास गरिन्छ।

मुक्तिनाथको मन्दिर क्षेत्रलाई सनातन हिन्दुहरूले मूल रूपमा भगवान नारायणको शक्तिपीठ मान्दछन्, उत्तरी बौद्धहरू पद्मसम्भवको साधना क्षेत्र मान्छन, थकालीहरू चोखोपानी क्षेत्र मान्छन् भने बोन धर्मका अनुयायीहरूले शेषनाग देवताको क्षेत्रमानेर पूजा गर्ने बताएका छन्। यसरी बहुधर्म समुदायको धार्मिक समन्वयको प्रतीकका रूपमा मुक्तिनाथलाई यी सबै समुदायको आस्थाको केन्द्र मानिएको छ (बराल,२०७३)।

करिब ५०० रोपनी क्षेत्रफलमा फैलिएको मुक्तिनाथ मन्दिर परिसरका विभिन्न मन्दिरमा पूजा व्यवस्थापनका लागि वि.सं. २०२८ सालदेखि मुक्तिनाथ विकास समिति नामक छाता संस्थासमेत बनाइएको र व्यवस्थापन हुँदै आएको बताइन्छ। पूजा सञ्चालनका लागि एक जना पुजारी र एकजना झुमालाई पालै पालो खटाइएको छ। हाल प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा मुक्तिनाथ विकास समितिमा स्थानीय धार्मिक तथा सामाजिक व्यक्तित्वहरू समावेश रहेको समितिले व्यवस्थापनको प्रयास गरेको छ (बराल,२०७३)।

प्यागोडा शैलीको मुक्तिनाथको मन्दिर वि.सं.१८७१ सालमा बनाइएको र वि.सं.१९८३ मा जीर्णोद्धार गरिएको शिलालेखबाट ज्ञात हुन्छ। मन्दिरभित्रको भगवान मुक्तिनाथको तामाको मूर्ति १६ औं शताब्दीतिर बनाइएको अनुमान छ। तीनतले तामाको छाना भएको यस मन्दिरको गजुरमा सुनको जलप लगाइएको छ। मुक्तिनाथ मन्दिरको नाममा मुस्ताङ जिल्लामा ५०० रोपनी र म्याग्दी जिल्लामा २८००० रोपनी जमिन गुठीको रूपमा रहेको बताइन्छ (कार्की, २०६४:३)।

१४. **ज्वाला क्षेत्रः** विष्णुको मुक्तिका लागि शिव र कालीले नील रूपमा कृष्ण गङ्गाको रूपमा प्रवाह थाले झैं ब्रह्माले पनि विष्णुको मोक्षताको अनुष्ठानमा सघाउन गरेको अग्नि यज्ञको प्रतीक मानिने ज्वाला क्षेत्रमा ज्वाला तीनवटा ज्योतिका रूपमा निरन्तर प्रज्ज्वलित छ। केही वर्ष पहिलेबाट एउटा ज्योति निभेको छ भने जलप्रवाहसँगै एउटा

ज्योति र स्थल चट्टानमा अर्को एउटा गरी २ वटा ज्योति अहिले पनि निरन्तर प्रज्ज्वलित भएको देख्न पाइन्छ। कतिपय अवस्थामा आगो र पानीका बीचमा बैरत्वको भावले हेर्ने गरिन्छ। तर ज्वालामाई एकमात्र त्यस्तो चमत्कारिक स्थान हो जहाँ आगो र पानी बैरी नभई मित्र भावले सँगै देखिन्छन्।

१५. **कागबेनी धामः** कागबेनीमा काली गङ्गाको शालग्रामी पञ्चधारा मध्येको पाँचौ धारासँग भेट भएको मानिन्छ। दक्षिणबाट साधना गर्न जाने साधकहरूका लागि कागबेनी पहिलो शालग्रामी धाराको बेनी भएकाले पनि महत्वपूर्ण हुन गएको छ। यहाँ सनातन हिन्दु र बौद्धमतका मन्दिर र गुम्बाहरू रहेका छन्। कागबेनी धाममा सनातनीहरूले पितृ मोक्षताका लागि उत्तम तीर्थ मान्दछन् र हरेक पितृपक्षमा हजारौ तीर्थालुहरू यहाँ श्राद्धकर्म गर्न भेला हुने गरेका छन्। वर्षेनी पितृपक्ष (सोह्रश्राद्ध) मा देश-परदेशका हिन्दूहरू आफ्ना पितृको श्राद्धकर्म गर्न त्यस धाममा आउने यो सांस्कृतिक सम्पदाको संरक्षण र प्रबोधीकरण आवश्यक देखिन्छ। यहाँ पितृकार्यमा सहभागी हुन आउने तीर्थालुहरूको चापलाई ध्यानमा राखेर घाट निर्माण र धर्मशालाको बिस्तार गर्न आवश्यक देखिएको छ।

१६. **लुब्रा बोन गुम्बाः** कालीगण्डकीमा बोन धर्म समुदायको केन्द्रीय आराधनाको एकमात्र गुम्बा मुस्ताङको पाण्डा खोलाको शिर भाग लुब्रा गाउँमा छ। लुब्रा गाउँका १७ घरका बोन्पो धर्मसमुदायका परिवारहरूको सामूहिक प्रयासबाट बोन गुम्बा सञ्चालन हुँदै आएको छ। भारतको सिमला र धर्मशालासम्म साधनाको सञ्जाल रहेको यो बोन गुम्बामा बोन धर्मका आदि पुरुषहरूको मूर्ति पनि राखिएको छ। सनातनीहरूले मान्ने त्रिदेव र नाग तथा महाकाल भैरव जस्तै सम्यक बुद्ध पद्मसम्भवलाई पनि इष्टदेवका रूपमा स्थापना गरिएको छ। यो बोन गुम्बा नेपालकै दुर्लभ र लोपोन्मुख धर्मको रूपमा प्रतिनिधित्व गर्ने सम्पदा हो। तिव्वतमा बौद्धधर्म बिस्तार हुनुभन्दा पहिलेको बोन धर्मको अध्ययन अनुसन्धान गर्नका लागि यो बोन धर्म विश्वका लागि पाठशाला हुन सक्छ। यसर्थ कालीगण्डकी सभ्यतामा गुरुपूजक समुदाय जस्तै प्रकृतिपूजक समुदायका एकमात्र जीवित तीर्थलाई संरक्षण गर्नु प्रदेशकै सम्पदाको संरक्षण हो।

१७. **पद्म शिलाः** जोमसोम बजारबाट कागबेनीतर्फ यात्रा गर्दा बाटोमा गुरु पद्मसम्भवको पाउको प्रतीक भएको स्थान र श्वेत कमलको शिला दर्शन गर्न पाइन्छ। जोमसोमबाट करिब एकघण्टा उत्तरतर्फ यात्रा गर्दा पाण्डा खोला नपुग्दैको भिरालो चट्टानमा पद्मशिला पाइन्छ। पद्म सम्भवको पाउको प्रतीकको आसनमा सेतो कमलको पुष्पदल जस्तै देखिने शिलाखण्ड देख्न सकिन्छ। यसको पहिचान र प्रकटीकरणका बारेमा स्थानीय समुदायमा रोचक भनाइहरूपनि छन् (बराल, २०७३)।

पद्मसम्भवको पाउ परेको क्षेत्रका रूपमा स्थानीय समुदायले विश्वास गर्ने पद्म शिला संरक्षण गर्न केही प्रयत्न थालिएको छ । नजिकै तीन रङ्गका थुमका र एउटा दीप प्रज्ज्वलन गर्ने घरसमेत बनाइएको छ। बुद्ध पुरुष पद्मसम्भवले तपस्या गर्दा पाएको मोक्षता अनुसार उनको पाउ परेको ठाउँमा कमलको फूलको प्रतीकसमेत सङ्केत हुने सिद्धि पाएको बौद्ध समुदायमा विश्वास गरिन्छ र पहाडलाई महाचक्र स्थानका रूपमा समेत लिने गरिएको छ।

१८. **ठिनी गाउँः** उहिल्यै तिब्बतबाट आएका पूर्वजहरूले बस्ती बसाएको यो स्थानमा पुराना ताम्रपत्र, रजतपत्र, जमिनमुनि सुरक्षित भएको मानिन्छ। जालन्धरी राज्य जुम्ला र थकाली राजा घरपजोङको ऐतिहासिक सम्बन्धको आधार मानिएको ठिनी गाउँ पुरातात्विक बस्ती हो।

१९ **ढुम्बा तालः** जोमसोम बजारदेखि पूर्वतर्फको ढुम्बा गाउँ नजिकै रहेको ढुम्बा ताललाई स्थानीय लामा तन्त्रसाधकहरू शेषनाग तथा गदा कुण्डका रूपमा श्रद्धा गर्दछन्। सनातनीहरू समेत विष्णु भगवानको गदा शक्ति स्थापित भएको कुण्डका रूपमा मान्दछन्। बराह पुराणमा बताइएको गदा कुण्डको सुरक्षामा शेषनागसमेत यहाँ विराजमान भएकाले यसलाई शेषनाग दह पनि भनिन्छ। यहाँ स्थानीय लामाहरूले लामा मान्यताको पात्रो अनुसार तीन वर्षमा एकपटक नागपूजा गर्ने प्रचलन छ। यस तालको वरपर कुश वनस्पती समेत पाइन्छ। यो जल क्षेत्रलाई विष्णु मन्त्र र पद्म मन्त्र स्मरण गर्दै १०८ पटक परिक्रमा गर्नु उचित हुने मान्यताले सनातनी र बौद्धसाधकहरू

यसको परिक्रमा गर्ने गर्दछन्। पहिला तिब्बतबाट दर्शनार्थीहरू आउने गरे पनि र हाल मनाङबाट मात्र आउने गर्छन् (क्षेत्री, २०४४:३९)।

२०. **मैत्री गुम्बाः** ढुम्बा तालदेखि पूर्वतर्फ रहेको हात्तीको सूँढ जस्तो पहाडी बनोटमा मैत्री गुम्बा रहेको छ। भविष्यका तथागत अवतारका रूपमा मैत्रेय बौद्धलाई लिने गरिन्छ। स्थानीय समुदायको सहभागितामा ध्यान केन्द्र सञ्चालन र बिस्तारमा यो गुम्बा सांस्कृतिक सम्पदाको रूपमा लिएको छ। हालै मात्र गुम्बा परिसरमा आवासीय ध्यान केन्द्र र पाठशाला निर्माण गरिएको छ।

२१. **मोक्ष वृक्षः** मैत्रेय गुम्बाको नजिकै पहाडी चुचुरोतिर एउटा ठूलो धूपी वृक्ष छ। त्यो वृक्षको स्थान उड्ने लामाहरूले ध्यान गर्ने स्थानको रूपमा चिनिन्छ। पहिलेका दिनमा तिब्बतदेखि उड्ने लामाहरू आएर त्यस वृक्षको फेदमा ध्यान साधना गर्दथे भन्ने विश्वास गरिन्छ भने त्यस वृक्षको फेदमा साधनागरी पूर्व जन्मको ऊर्जासँग सम्पर्क गर्न सकिने भएकाले ज्ञानी व्यक्तिहरू ध्यान साधनागर्न पूर्णिमा रात्रीमा जाने गर्दछन्।
मोक्ष वृक्ष स्थानबाट जोमसोम बजार र कालीगण्डकीको रमणीय दृष्य देखिन्छ। जसरी शेषनाग काललाई मोक्ष ताल मान्दै हिन्दू तथा बौद्धमार्गीहरूले पूजन गर्दछन्, त्यसैगरी मैत्री बुद्धको पाउस्थलका रूपमा चिनिएको मैत्री गुम्बा तथा उड्ने लामाहरूले साधना गर्ने वृक्ष पनि मोक्षताको ऊर्जा सङ्ग्रह गर्ने स्थानका रूपमा चिनिएको छ।

२२. **तिलिचो तालः** दामोदर क्षेत्रमै रहेको, दामोदर हिम श्रृंखलाको पूर्व, तिलिचो टाकुरीको काखमा रहेको तिलिचो ताल आध्यात्मिक दृष्टिकोणले समेत महत्वपूर्ण मानिन्छ। तिलिचो ताल भगवान शिव र गौरी तथा बुद्धसँग जोडिएको स्थान हो। यसलाई गरुड पुराण र रामायणमा चर्चा गरिएका काकभुषुण्डीको तपस्या स्थलका रूपमा पनि चिनिन्छ। पहिले तिरीछो ताल भनिने यो क्षेत्र मुस्ताङ जिल्लामा रहेको थियो भने राजनीतिक एवम् प्रसाशनिक सीमाङ्कन गर्दा हाल मनाङ जिल्लाको क्षेत्रमा पर्दछ। पदयात्राका हिसाबले पनि मनाङ जिल्लाको बाटो भएर वर्षेनी पर्यटक आउने गरेका छन् भने तिलिचो ताल क्षेत्रबाट मुस्ताङको ठिनी, जोमसोम आउने ओरालो बाटो पनि छ। हालै मुस्ताङको ठिनी कैसाङ हुँदै तिलिचो जाने पूरानो पदमार्गलाई नेपाली सेनाले सूधार गर्दै तीन दिनमा यात्रा गर्न सकिने रुट निर्माण गरेका छन्। बुद्ध भगवानले वोधिसत्व प्राप्त गरेपछि ढुम्बाताल छेउको मैत्रेय गुम्बा भएको स्थानमा विश्राम गर्दै तिलिचोताल गएको र यस तालमा लगेर आफ्नो बज्र घण्टी राखुभएको स्थानका रूपमा समेत बौद्धमार्गीहरूले श्रद्धा गर्दछन्।

२३. **चोखोपानीः** प्राचीन मानव बसोबासका तमाम पुरातात्विक, सांस्कृतिक प्रमाणहरूको संग्रहालयको रूपमा रहेको चोखोपानी क्षेत्र तल्लो मुस्ताङको दुर्लभ सम्पदा हो। स्थानीय थकाली समुदायले पवित्र तीर्थका रूपमा परम्परादेखि मान्दै आएको चोखोपानीमा उत्खनन गर्दा पुरातात्विक महत्वका भाँडा, औजार र केही नरकङ्काल पनि पाइएको थियो। तिनीहरूको यथोचित संरक्षण र सम्वर्द्धन हुन नसकेकाले अनुसन्धान योग्य सम्पदा ओझेलमा परेको छ। उहिले सामुदायिक नून कारोबारका लागि राज्यलाई सातसय घरधुरीले तिरो बुझाउनु पर्ने गणना अनुसार थाक सातसय गाउँ भनिने थकाली बसोबासको टुकुचे बस्तीभन्दा कालीपारि निलगिरी शिखरको बेसीमा चोखोपानी रहेको छ। चोखोपानीका उपासक थकाली समुदायहरू बोन र बौद्ध गुरूपरम्पराका पनि उपासक मानिन्छन्।

२४. **गुरु साङवो गुफाः** लार्जुङ्ग गाउँमा बोक्सीखोलाको मुहान भागतिर धौलागिरी हिमालको काखमा गुरु साङवो गुफा छ। रिम्पोछेलाई शङ्ख बजाउने लामाका रूपमा चिन्ने गरिएकाले स्थानीयहरू गुरु साङवो अर्थात् शङ्खवाला गुरुका रूपमा पनि सम्वोधन गर्दछन्। केही उकालो चढेर गुफा स्थलमा पुग्दा जलप्रवाहको छहराभित्र रहेको गुफा र त्यस गुफामा रहेको सेतो स्फटिक शिवलिङ्ग तथा गुफा भित्रबाट पनि जलप्रवाहको प्रकृतिले त्यहाँ शिव र गङ्गाको उपस्थिति भएकाले गुफाघरमा तन्त्र साधना गर्न उपयोगी हुने ठानी मनाङ र अन्यत्रका तामाङ तथा गुरुङ समुदायका साधकहरूसमेत त्यस ठाउँमा ३ वर्ष, ३ महिना ३ दिनको ध्यान साधना गर्ने प्रचलन रहेको पाइन्छ।

२५. **टिटी ताल (झाँक्री दह)**: मुस्ताङको लेते भन्दा पूर्व थासाङ गाउँपालिकाको वडा न ५ अर्थात साविकको कुञ्जो गाविसमा पर्ने टिटी गाउँमा एउटा ताल रहेको छ। यो ताललाई जल झाँक्रीहरूको वासस्थान तथा सभास्थलका रूपमा चिनिन्छ। यो ताल सहको स्थान अर्थात् लक्ष्मीको स्थानका रूपमा पनि चिनिन्छ। यहाँ हिन्दूहरूले शिवगण झाँक्रीको स्थानका रूपमा सुनझाँक्री, जलझाँक्रीहरूको स्थानका रूपमा पूजन गर्दछन्। यो तालको जल आफ्नो घरमा ल्याएर चारै दिशा छर्केर अभिषेक तथा पूजन गर्नाले घरको सह कायम रहने, स्थिर रहने मान्यता र समाजिक विश्वास रहिआएको छ।

झाँक्री परम्परामा विश्वास गर्ने प्रकृति पूजक बोन, हिन्दु तथा बुद्धमार्गीले यस ताललाई पवित्र पूजन तथा साधना केन्द्रका रूपमा लिने गर्छन्। तालको मध्यभागमा उत्तर तर्फ एउटा ठूलो वृक्ष तथा शिला खण्डको थुम्को रहेको छ। पूजा तथा साधना गर्नेहरूले त्यस वृक्षस्थलमा गएर जौ, तिल, कुशसहित पूजा गर्ने चलन छ भने सबै झाँक्रीहरूका अगुवा भगवान शिव नै भएकाले शिव पूजन क्षेत्रका रूपमा यसलाई लिइएको छ।

२६. **धवलेश्वर शिवलिङ्ग**: कालीगण्डकीलाई हरि-हरात्मक, वैष्णवी र शाम्भवी, तथा स्थानीय थकाली समुदायको परमपरागत भाषामा 'ओम क्युँ' अर्थात् ओम नदी भन्ने गरेको सुनिन्छ। ओमकार परिवारको आराध्य मानीने यो नदीमा आराध्यदेव शिवको प्रतिमा शिवलिङ्गमा काली गण्डकीको जलले हरपल धारादिइरहेको धवलेश्वर शिवलिङ्गको स्वरूप देख्न सकिन्छ। धवलाचल र नीलाचल क्षेत्रको सङ्गम बिन्दुमा धवलेश्वर शिवलिङ्ग देख्न सकिन्छ। धौलागिरी र निलगिरीको सङ्गममा रहेको कालीगण्डकीको गर्भ गृहमा धवलेश्वर शिवलिङ्गमा कालीगण्डकीको जलले निरन्तर धारा दिइरहेको अनुसन्धानको स्थलगत अबलोकनामा पनि देखिएको छ।

यो दुर्लभ शिवलिङ्गका बारेमा अन्नपूर्ण स्मृतिमा धवलेश्वरको प्रसङ्गले पनि पुष्टि गर्दछ। यसलाई धार्मिक पर्यटनको रूपमा दुवै गाउँपालिकाले व्यावसायिक प्रवर्द्धन गर्न सकिने र गण्डकी प्रदेशको रोलमोडल परियोजनाका रूपमा विकास गर्न सकिने सम्भावना देखिन्छ। धौलागिरी तर्फबाट शिवले अन्न भिक्षा मागेको र निलगिरी तर्फबाट अन्नपूर्ण देवीले शिवलाई भिक्षा दिएको सन्देश दिने धवलेश्वरमा जलधी शिवलिङ्गको दर्शन अलौकिक तीर्थाटनको आनन्द दिन सकिने ठाउँका रूपमा यो स्थानलाई लिन सकिन्छ।

२७. **रूपसे छहरा**: पैदल मार्गबाट मुस्ताङ प्रवेश गर्दा भेटिने रूप्से छहरा बौद्धमार्गीहरूको महत्वपूर्ण साधना स्थान हो। तारा साधना गर्ने बौद्ध अनुयायीहरू पूर्णिमाको रातमा २१ ताराहरूको संयोग भएको विश्वास गर्दछन्। यहाँको जलमा दर्शन, स्नान, चारै दिशा फर्केर अभिषेक गर्दै ब्रह्माण्ड र ताराहरूलाई नमस्कार गर्नु बौद्ध धर्ममा तारा तथा योगिनीहरूको विशेष महत्व मानिएको स्थानका रूपमा पवित्र र महत्वपूर्ण मानिन्छ।

२८. **अग्नि लामा गुफा**: रूप्से छहराको शिर भागमा २१ ताराहरूको एकैचोटी संयोग हुँदा झट्का लागेको ठाउँमा अग्नि लामाको गुफा रहेको थियो। गतवर्षको बाढीले गुफा ध्यान र साधना गर्ने स्थानमा क्षति पुगेको छ।

२९. **दाना शिवालय**: कालीगण्डकीमा किलो र दाम्लोसहित बग्दै आएकी धेनु गाईलाई एक सन्तले जतन गरेर किनारको कुटीमा स्याहार उपासना गर्न थालेपछि नून र तीर्थका लागि भोटजाने यात्रीहरूले धेनुका लागि दान दिने परम्पराको सूत्रपात भयो र कालान्तरमा ढाक्रेकै लोकबोलीमा दान बस्तीको नामाकरण हुँदै दाना बनेको यो क्षेत्रमा गाई र सन्त परलोक भएपनि दान दिएर तीर्थालुहरूका लागि अन्नक्षेत्र चलाउने प्रेरणा स्थानीय समुदायले गर्दै आइरहेका छन्। गण्डकीले आफ्नो गर्भ क्षेत्रमा आवधिक विचरण गरिरहने र शिवालय पनि जोगाउन हम्मे पर्ने भएकाले, तीर्थालुहरूको आवासको बन्दोबस्तीसमेत गर्नुपर्ने भएकाले पखेरामा शिवालय र गायत्री मन्दिरसमेत चलाएर आजसम्म स्वयम्सेवी साधना चल्दै आइरहेको छ। यहाँको सक्रियतामा दामोदरकुण्ड तीर्थाटन गर्नेहरूका लागि निःशुल्क अन्नक्षेत्र तथा आवास उपलब्ध गराउँदै आएको दाना शिवालय गण्डकी प्रदेशकै नमूना अन्नक्षेत्र मानिन्छ। धवलेश्वर शिवलिङ्ग विकास परियोजनामा अन्नपूर्ण गाउँपालिका म्याग्दी र दाना शिवालयको सहकार्यमा धार्मिक पर्यटन प्रवर्द्धन गर्न सकिने आधारहरू विद्यमान छन्।

**३०. नारच्याङ्ग शिवालयः** कालीगण्डकीको अन्नपूर्ण गाउँपालिका क्षेत्रको नारच्याङ्गमा विगतमा सन्तहरूले साधना गरेको स्थलका रूपमा स्थानीयहरूले पहिचान गरेका कैयन बिन्दुहरू छन्। तिनीहरूमध्ये केही दशक पहिले योगी नरहरिनाथले कोटीहोम आयोजना गरी त्यस क्षेत्रको तथ्य प्रकाशमा ल्याएपछि हाल सोही यज्ञक्षेत्रमा शिवालय र अखण्ड पूजन किर्तन हुँदै आएको छ। अन्नपूर्णदिवीको काखमा मात्रीशक्तिले सञ्चालन गरेको यो शिवालय गोप्य तीर्थका रूपमा लिइन्छ।

**३१. अग्नि कुण्ड (तातो पानी)ः** कालीगण्डकीको किनारमा रहेको पर्यटकीय क्षेत्र तातोपानी शास्त्रीय रूपमा अग्नि कुण्ड मानिन्छ। यो अग्नि कुण्ड शिवजीको नेत्र अग्निबाट उत्पत्ति भएकोले यहाँ त्रिनेत्रेश्वर शिव, अग्नि देव र नाग स्थल रहेको विश्वास छ। यस कुण्डमा अग्नि तत्वबाट उपचारका लागि उपयुक्त मानिन्छ। यस स्थानमा शिवजीसँगै नाग समेतको वासस्थान रहेकाले रजोवती महिलाले स्नान गर्नु हुँदैन भन्ने मान्यता छ। कालीगण्डकीको तीरमा पर्ने म्याग्दीको यो तातोपानीमा पर्यटकीय चापले सानो बजार तथा यातायातको सुविधा पनि रहेको छ। आजकल यस कुण्डमा स्नान तथा जलक्रिडा गरेको शुल्क लिइने र स्थानीय विद्यालय व्यवस्थापनमा सो आर्जन लगाउन थालिएको छ। कतिपय चर्मरोगका बिरामीहरू तातोपानीको कुण्डमा जलक्रिडा गर्दा उपचार हुने विश्वासले आवाशीय रूपमा हप्तादिनसम्म सहभागी हुन जाने गर्दछन्। यस स्थानलाई जलक्रिडाको स्थान मात्र नबुझी धार्मिक शक्ति स्थानका रूपमा पनि बुझ्नु उचित हुन्छ।

कालीगण्डकीको यो क्षेत्रमा अनेकन तापकुण्डहरू रहेका छन्। तातोपानी बजारदेखि पूर्व कालीनदी पारी पनि तातो कुण्ड रहेको छ। त्यहाँ शिवशक्ति र नागको वासस्थान रहेको स्थानीय जानकारहरूले पनि बताएका छन्। करिब ४० वर्ष पहिले कालीगण्डकीमा आएको बाढीले नदी किनारमा रहेको तातो पानीको कुण्ड पुरिएकाले पुरानो स्थानको उत्खनन् हुन सकेको छैन। हाल प्रकट भएका तातो पानीका कुण्डहरूलाई स्थानीयहरूले व्यावसायिक प्रयोजनमा संरक्षण र सञ्चालन गर्दै आएका छन्। तातो पानी बजारदेखि पूर्व नारच्याङ गाउँको पुछारमा रहेको तातोपानी कुण्डमा विरे नूनको स्वाद आउने तातो पानीको श्रोत रहेको छ। चर्मरोग तथा हाडजोर्नी रोगले पीडा पाएका व्यक्तिहरू प्राकृतिक उपचारका लागि हप्तादिनसम्मको आवासीय जलसाधनाका लागि त्यहाँ जाने गरेको पाइन्छ।

**३२. नागशिला जलेश्वर शिवः** तातोपानी क्षेत्रमै घारा खोलाको सङ्गममा एक विशाल कालो शिला रहेको छ। उत्तर दिशातर्फ वहने घाराखोलालाई स्थानीय साधु सन्तहरूले उत्तरबाहिनी हिमावती गङ्गाका नामले पनि संबोधन गर्दछन्। यिनै उत्तरबाहिनी गङ्गासँग जब कृष्णाभाको भेटहुन्छ, त्यहाँ रहेको विशाल शिलाखण्डमा अचम्मको शिव लिङ्गसहित जलेश्वर शिव मन्दिर रहेको छ। यस स्थानका बारेमा पौराणिक तथ्य पहिचान भएर नभई त्यस क्षेत्रमा तपोरत एक सन्तले पहिचान गरेको स्थानीयवासीको भनाइ छ।

स्थानीयबासीहरूले बताएअनुसार पूर्वी नेपालबाट आएका भोलानाथ नामका साधुले सो क्षेत्रमा साधना गरिरहँदा स्थानीयले दुधालु गाई अर्पण गर्ने गरेका थिए। त्यसमध्ये एउटा कैलो रंगको गाईले हरेक मध्यान्हमा त्यस शिलामा गएर दूध चढाउने गरेको पाएपछि त्यस क्षेत्रको अलौकिकता खोजी भएको र सो स्थानमा नागसहित शिवलिंग रहेको तथा शिवलिंगमा निरन्तर जल रसाइरहने भएकाले जलेश्वर शिव नामले पुकार्ने गरिएको बताइएको छ। कालीगण्डकी  किनारमा बेनीदेखि मुस्ताङ जाने मोटरबाटो बनाउने क्रममा सो मन्दिर क्षेत्रको संरक्षण गर्दै नेपाली सेनाको निर्माण दलले मन्दिर निर्माणमा सहयोग गरेको र स्थानीयबासीले आफ्ना पूर्वजको स्मृतिमा अन्य संरचना निर्माण गरी शिवालयमा अर्पण गरेका छन्।

**३३. गलेश्वर त्रिवेणी धामः** कालीगङ्गासँग रहुगङ्गा र सरस्वती गङ्गाको सङ्गम मानिएको त्रिवेणीलाई शास्त्रीय मतमा उत्तर प्रयाग मानिन्छ। सरस्वती गङ्गालाई हाल अदृष्य रूपमा रहेको मान्नेहरू पनि छन् भने कतिपय सन्तहरूले सरस्वती गङ्गाको पहिचान गरेको पनि बताएका छन्। यो त्रिवेणी क्षेत्रमा ९ रोपनीको विशाल शालग्राम शिला रहेको र

शिलामा विभिन्न देव चक्रहरू अंकित रहेकाले चक्र शिला पनि मानिन्छ। सो स्थानमा पौराणिक कालमा आदि गालव ऋषि, भरत, जडभरत, रहुगण, पुलस्त्य ऋषि र कपिल ऋषिका साथै रावणका बाबु विश्रवा ऋषिले तपस्या गरेका स्थानहरूको पहिचान भएका छन्। यही त्रिवेणीमा सत्य युगमा पार्वतीले स्वस्थानी व्रत गरेकी र शिवजीले दर्शन दिएर गिरीजेश्वर महादेवका नामले सम्बोधित भएको स्थानका रूपमा लिइन्छ भने हरेक माघ मासमा गिरीजासहित शिव सो क्षेत्रमा प्रातः ब्रम्हकालमा स्नान गर्न आउने गरेकाले आफू त्यो दुर्लभ पुण्य दर्शनका लागि सो क्षेत्रमा रहने गरेको गलेश्वर बाबाकारूपमा चिनिएका स्वामी ईश्वरानन्दबाबाले बताउने गरेको तथ्य गायत्री आश्रममा बस्ने सन्तहरूले बताएका छन् (बराल,२०७३)। गलेश्वर त्रिवेणीमा अनौंठो तीनधामको सङ्गम रहेको छ। पश्चिम क्षेत्रमा गलेश्वर शिवालय, पूर्व क्षेत्रमा गायत्री क्षेत्र, र दक्षिणमा राम मन्दिर क्षेत्र रहेको छ। गोप्य रूपमा बग्ने मानिएकी सरस्वती गङ्गा बगेको क्षेत्र पहिचान गरेर स्वामी ईश्वरानन्द गलेश्वर बाबाले सरस्वती बग्ने क्षेत्रमा नै गायत्री मन्दिर स्थापना गरेर गायत्री साधना गरेको सङ्केत पाइन्छ।

३४. **पुलह आश्रमः** सनातन हिन्दु पुराणअनुसार जम्बुदीप खण्डमा ५१ वटा पवित्र सिद्ध क्षेत्रहरू मध्ये नेपाल वर्षमा रहेका क्षेत्रहरूमा नारायण क्षेत्र, शालग्राम क्षेत्र झै पुलहाश्रम पनि यसै क्षेत्रमा पर्दछ। त्रेता युगमा ब्रह्माजीका मानस पुत्र मानिएका पौलत्स्य ऋषिले जम्बुदीपका प्रकाण्ड ऋषिहरूको सहभागितामा कृष्णभाका तटमा गरेको महायज्ञको क्षेत्रलाई पुलहाश्रमका रूपमा चिनिन्छ।

कालीगण्डकीको सङ्गममा मङ्गला र रहुगङ्गाका बीचमा रहेको घतान ग्रामक्षेत्रमा रहेको पुलहाश्रम क्षेत्रमा आज पनि भरत तपस्थली र गुफा, र कपिल ऋषिको तपोस्थल कपिलाश्रम, पौलस्त्य ऋषिको तपोस्थली पुलाहश्रम, रावणका बाबु विश्रवाको तपोस्थल विश्रवाश्रम र रावणको नाभी गाडिएको स्थानसमेत पहिचान भएको स्थानीयहरूले बताएका छन्। पुलहाश्रमको यज्ञ स्थलमा अझै पनि भेटिने यज्ञ अवशेष, नागक्षेत्र, धर्मद्धार शिला र यज्ञमा भागलिन आएर भारतवर्षमा नफर्केका मानीएका कपील ऋषिको तपोस्थली कपीलाश्रमलाई स्थानीयहरूले प्रेमपूर्वक संरक्षण गर्दै आएका छन्।

३५. **जगन्नाथ पुरीः** कालञ्जर वनको शिरभाग मानिने घतान ग्रामको शीर क्षेत्रमा पन्ध्रौं शताब्दीका स्थानीय चक्रवर्ती राजा दिलीप बम मल्लको योगसमाधी स्थल र जगन्नाथ मन्दिर समेतले अलौकिक कथाहरू बोकेको छ। योग बलले सिद्धि पाएका ती राजा दिलीप भगवान जगन्नाथका भक्त रहेको जगन्नाथको दर्शन तथा स्वेच्छा मरणको वर पाएको सन्दर्भहरू स्थानीयहरूले अझै पनि सुनाउने गर्दछन्। कालञ्जरगिरीको द्वार मानिने जगन्नाथ क्षेत्रमा अझै पनि नागले ग्रामको शुद्धता र पवित्रताको रक्षा गरेको स्थानीयबासीहरूले जनाएका छन्। यहाँको जगन्नाथ मन्दिर, पुरानो राजा प्रसादको अबसेस र ढोलथान क्षेत्र पुरातात्विक सम्पदाहरू हुन्।

३६. **कालञ्जर मालिकाः** मत्स्य पुराणमा वर्णन गरिएको सतिदेवीको अङ्ग पतन भएर बनेका १ सय ८ शक्ति पीठ मध्ये २८ औं स्थानका रूपमा शालग्राम क्षेत्रमा महादेवी स्थानको चर्चा गरिएको छ भने २९ औं स्थानमा कालञ्जर गिरीकी कालीको सन्दर्भ गरिएको छ। यो कालन्जर गिरीको शक्तिपीठ हालको म्याग्दी क्षेत्रको कालञ्जर वनको काली मन्दिर मालिका धुरीका रूपमा यसै क्षेत्रमा पर्दछ। पूर्वमा रहुगङ्गा, दक्षिणमा कृष्ण गङ्गा, पश्चिममा मङ्गला (म्याग्दी) गङ्गा र उत्तरमा हिमालयले वेष्टित भएको कालञ्जर पर्वतमा कालिका, मालिका र जाल्पादेवीको स्थान रहेको स्थानीयहरूले विश्वास गर्दै परम्परादेखि पूजा आराधना गर्दै आएका छन्। स्थानीयहरूले जेष्ठ शुक्ल पूर्णिमाका दिनमा कालिका, मालिका र जाल्पाको विशिष्ट पूजा गर्ने चलन छ। बैशाख शुक्ल पूर्णिमालाई चण्डी पूर्णिमा मानेर पूजा हुँदै आएकोमा पछिल्ला दिनमा बैशाख शुक्ल पूर्णिमालाई बुद्ध पूर्णिमा मान्ने र अहिंसात्मक पूजा गर्ने दिन भएकाले स्थानीयहरूले त्रिकालीहरू (कालिका, मालिका र जाल्पा)लाई वली पूजा गर्ने दिनका लागि जेष्ठ शुक्ल पूर्णिमा रोजिएको बताएका छन्। सो स्थानमा मगर समुदायका कुमार पुजारीहरूले पूजा सञ्चालन गर्दै आएका छन्।

**३७. नाभी क्षेत्रः** अफगानिस्तान, पाकिस्तान, भारत, नेपाल, चीन, भुटान र बंगलादेश र बर्मासम्म फैलिएको हिन्दुकुश हिमालय क्षेत्रको लम्बाइको हिसाबमा मध्यबिन्दु नै कालीगण्डकी पर्ने देखिएको छ। हिन्दुकुश पर्वत श्रृंखलाको ३ हजार ५ सय किलोटिर लामो फैलावटमा आठवटा देशहरू समेटिएको भौगोलिक अबस्थितिमा मध्यबिन्दु अन्नपूर्ण र धौलागिरी हिमालको बीचको भाग देखिएको छ। पश्चिममा रिखारदेखि पूर्वमा धवलेश्वरको शिवलिंगको त्रिकोणमा हिन्दुकुश हिमालयको मध्यभाग पर्ने देखिदा कालीगण्डकी नदीलाई नै मध्यदिपीका नाभी क्षेत्र भएको सङ्केत मिलेको छ। यसकारण पनि गण्डकी प्रदेशका कालीगण्डकी हिन्दुकुश हिमालयको मध्यबिन्दुमा रहेर हिमालहरूलाई दुइभागमा बाँडेकोले पनि महत्वपूर्ण भौगोलिक अबस्थितिमा रहेको पाइन्छ। कालीगण्डकी तटमा विभिन्न कालभेदमा गुरु पूजक, नदी पूजक र शिला पूजक सभ्यताको परम्परागत अभ्यास हुँदै आएको छ। यस मध्ये जैन धर्मका तीर्थंकर ऋषभदेव (भरतका पूर्वज) को साधना गर्भक्षेत्रका रूपमा कालञ्जरको नाभी क्षेत्रलाई मानिन्छ। जैन तीर्थकर ऋषभदेवले जयन्ती, मङ्गला र काली नदीको त्रिवेणीमा साधना गरेको जैन साहित्यले उल्लेख गरेका छन् (ढकाल,२०७७)। उनै ऋषभदेवको अनुशरण गर्दै राजा भरत र जडभरत समेतले तपस्या गरेको कालन्जर क्षेत्र हाल मालिका, पुलाहाश्रम, जगन्नाथ, गायत्रीधाम तथा गलेश्वरधामका रूपमा समेत रुपान्तरण भएको छ। ऋषभदेवको साधनाको बिन्दुमा रहेको जलक्षेत्र हालैको सडक पूर्वाधार निर्माणको क्रममा अतिक्रमण भएको छ। मङ्गला बेनी र रहुँगङ्गा समान दूरीमा रहेको ऋषभध्यान केन्द्रको शिरभागमा पुलस्त्य र जगन्नाथ क्षेत्र त्रिकोणको समकोण भएर रहेको पाइन्छ।

**३८. खनियाघाट कामरुपा शिवालयः** कालीगण्डकी तटमा परमार्थ कीर्ति र स्मृर्तिका सम्पदाहरू निर्माण गर्ने र समर्पण गर्ने स्थानीय परम्पराहरू नै रहेका

**कालीगण्डकी किनारका**
**धार्मिक-सांस्कृतिक सम्पदाहरूः**

४१. खनीयाघाट कामरुपा शिवालय
४२. निर्णयघाट
४३. सहश्रधारा
४४. पञ्चकोट, कुडुले शालिग्राम संग्रहालय
४५. पाङ ज्योतिष गाउँ, शिवालय, लक्ष्मीनारायण मन्दिर,
४६. गुसेश्वर, कुश्मा शिवालय
४७. बागलुङ्ग कालिका
४८. अर्मादीघाट
४९. मोदीबेनी नरसिंह घाट
५०. पञ्चासे सिद्धधाम र श्रवण कुमारक्षेत्र
५१. शंख शिला जैमिनीघाट
५२. सत्यवतीक्षेत्र जयखानी (पुर्तीघाट‘बेलटारी)
५३. सेतीबेनी शिला
५४. आलम ध्यान त्रिकोण
५५. हिले वगर शिलाधाम
५६. रुद्रवेणी धाम
५७. रुरुक्षेत्र ऋषिकेश
५८. भिमसेन शिवालय
५९. उत्तरबाहिनी रानीघाट
६०. गोनिष्क्रमण
६१. दर्लामकालीका त्रिजलेश
६२. रम्भापानी सितागुफा,दर्पुकघाट,
६३. राम्दीघाट,
६४. सिद्धवावा,
६५. महालिङ्ग मालुङ्गा-अर्सादीघाट
६६. हुँगीघाट बेलटारी
६७. सम्पास/हेक्लाङ्ग स्वयंभू लिङ्ग
६८. आँधीघाट,
६९. मिर्दीम/ खालीवन भुजाडघाट
७०. पुरुषोत्तमघाट
७१. ज्याग्दीघाट
७२. खोरियाघाट,
७३. साँखरघाट,
७४. केलादीघाट,
७५. रामघाट,
७६. सीताकुण्ड
७७. गजरकोट-पुट्टारघाट, अत्रौली
७८. ऋषिङ अजम्बरी कुवा
७९. रानीपोखरी र कोटदरवार
८०. टापुधाम शिला सङ्ग्राहलय

छन्। पुल, पाटी, पौवा, चौतारी, मन्दिर र बगैंचा बनाएर काली किनारमा यात्रीहरूका लागि अर्पण गर्ने यहाँको संस्कृति रहेको छ। यसैक्रममा खनियाघाट क्षेत्रमा स्थानीय सुकदेव रेग्मीकी धर्मपत्नीले पतिको स्मृतिमा निर्माण गराएको शुकलेश्वर शिवालय यस क्षेत्रको कामरुपा मन्दिरका रूपमा चिनिएको छ। विक्रम संवत् १८४० ताका निर्माण गरिएको र राजा रणबहादुर शाहका पालामा सनदसमेत जारी भएको तथ्य बाग्लुङका अन्वेषक प्रेम छोटाले दर्शाएका छन् (छोटा, २०७०)।

आसाम कामरूपमा मन्दिरको स्थानीय झल्को दिने गरी शिवालयका टुँडालहरूमा कामकलाका प्रतीकहरू कुँदिएका छन्। सयौं वर्ष पहिले उतिबेलाको विकट भूगोलमा कालीगढहरू झिकाएर सुन्दर कलाकृति रचना गर्ने काममा योगदान गर्ने शुकदेव रेग्मीको परिवारले गुठी समेतको व्यवस्था गरी धर्मशालासमेत निर्माण गरी लोकमा अर्पण गरेको यो सम्पदा पुरातात्विक र सांस्कृतिक सम्पदाका रूपमा रहेको छ। सन्तान प्राप्ति र गृहस्थ व्यवस्थापनका साधकहरूले उपासना गर्ने कामेश्वर शिवालयका रूपमा रहेको यो सम्पदा प्रदेशकै दुर्लभ निधि हुन पुगेको छ।

३९. **निर्णयघाटः** गण्डकी माझमा एउटा शिला छ। स्थानीय ग्राम प्रधान र रजौटाहरूले अन्तरग्राम वा अन्तरदेशीय मुद्दाका बारेमा निर्णय दिनु पर्दा, सार्वजनिक महत्वको निर्णय गर्ने बेलामा सोही शिलामा रहेर शिलालाई साक्षी राखेर निर्णय गर्ने गरेका ऐतिहासिक घटनाहरू लोकवार्तामा पाइन्छन्। त्यही ऐतिहासिक निर्णय अभ्यासको स्मृति स्वरूप त्यो शिलालाई निर्णय शिला र घाटलाई निर्णयघाट भनिन्छ। हालको लोकबोलीमा अपभ्रंस हुँदै 'निरय' भन्ने गरिएको छ। यो क्षेत्रको न्याय प्रशासन र राजनीतिको ऐतिहासिक सम्पदाको रूपमा निर्णयघाट र निर्णय शिला दैवको दण्डशिला (गदा) को रूपमा सम्मान गरिएको पाइन्छ। कसैलाई सत बकाउनु पर्दा र धर्मसाक्षी राखेर न्यायाधिकारीले दण्डको फैसला दिनुपर्दा यही गदा शिलालाई साक्षी राखेर निर्णय दिने स्थानीय परम्पराभित्र सांस्कृतिक सम्पदाको पूँजी रहेको पाइन्छ।

४०. **सहश्रधाराः** वैष्णव दर्शन र साहित्यको प्रसारमा ऐतिहासिक योगदान रहेको पाङ र धाइरिङ क्षेत्रका साधक तथा ज्योतिषहरूले प्राच्य गणितमा विशिष्ट पहिचान राखेका छन्। यहाँका साधकहरूले यसलाई शाक्त देवी पार्वतीको जन्म, साधना र विचरण क्षेत्रका रूपमा लिने गर्दछन्। यहाँका कैयन गुफाहरू पार्वतीको साधना क्षेत्र मानिन्छन् भने पाङ गाउँ निश्रित जलधारा सहश्रधारालाई पार्वती स्नान क्षेत्र तथा चोखोपानी मानिन्छ। पहिलेका दिनमा दशहरा पर्व मनाउन बागलुङ कालिकादेखि पर्वतको सहश्रधारासम्म कलश परिक्रमा गर्ने प्रचलन पनि रहेको स्थानीयहरूले जनाएका छन्। हाल यज्ञको दक्षिणबाट शिव मन्दिर समेत बनाइएको सहश्रधारालाई चोखोपानी क्षेत्रका रूपमा सनातनीहरूले सांस्कृतिक सम्पदाका रूपमा जगेर्ना गरेका छन्।

४१. **बागलुङ कालिकाः** सहश्रधाराको पश्चिमी किनारमा रहेको काठेखोला बेनीको त्रिकोणमा रहेको बाग्लुङ कालिकाको मन्दिर ऐतिहासिक र सांस्कृतिक पहिचानको प्रतीक हो। पाल्पाली राजा मुकुन्दसेनकी कन्यासँग वि.सं. १५९१ सालताका वैवाहिक साइनो गाँसेका पर्वत राज्यका नारायण मल्लले राजकुमारीसँगै आराध्यदेवी कालिका (माझकी देवी) को मूर्ति लिएर आएकी र त्यस स्थानमा स्थापना गरी पूजाको गुठी तथा बन्दोबस्ती समेत गरेको सन्दर्भ छ (खडका,२०७७)।

स्थानीय मेला, पर्व र पूजाको सङ्गम बनेको कालिका स्थानीय संस्कृतिको सङ्गम नै बन्न पुगेको छ। सयौंवर्ष पहिलेदेखि स्थानीय आराध्यदेवीको रूपमा पुजिँदै आएकी बाग्लुङ कालिकालाई पाल्पाली राज्य र पर्वते राज्यका बीचको ऐतिहासिक मित्रताको पहिचान पनि मानिन्छ।

४२. **अर्मादीघाटः** भोटे नूनको व्यापार मार्ग र कालीगण्डकी तीर्थमार्गको कोरिडोर मानिने पर्वतको कुश्मादेखि म्याग्दी जाने बाटोमा पर्ने अर्मादी खोलाघाट पनि यसक्षेत्रको ऐतिहासिक तथा आर्थिक इतिहासको सम्पदा हो। उहिले काश्मिरी राजा राज्य बिस्तारका लागि सैन्यबलमा आएको बेलालाई पर्वते मगर राजाले बन्दी बनाएर राखेकाले

नेपालको सैन्य इतिहासका लागि पनि यो स्थानलाई महत्वपूर्ण मानिन्छ। वि.सं. २०४० सालपछि बागलुङ जाने मार्ग बनेपछि अर्मादीघाटका व्यापारीहरू कुश्मा बजारतिर स्थानान्तरण भएपछि हाल कुश्मा व्यापारिक केन्द्र बनेको भएपनि पहिलेका दिनमा नदीको घाटहरू नै व्यापारिक केन्द्र हुने गरेका थिए। अर्मादीघाट पनि कालीगण्डकी कोरिडोरको व्यापारिक तथा सामारिक इतिहास बोकेको स्थान मानिन्छ।

४३. **मोदीबेनी नरसिंह घाटः** पर्वतको कुश्मा बजार निकट मोदी र काली सङ्गममा मोदीबेनी घाट छ। स्याङ्जा कास्की र पर्वतका जिल्ला बासिन्दाहरूको अन्त्येष्टी कर्म गरिने मोदीबेनी प्रमुख धार्मिकस्थल पनि हो। माछापुच्छ्रे हिमालबाट बगेर आएको मोदी र कालीगण्डकीको सङ्गम यो बेनीमा वृद्धाश्रमका रूपमा कल्पबासी कुटीहरू रहेका छन्। यहाँ कल्पाबासीहरू पनि रहेका छन्। यहाँ नृसिंह मन्दिर र शिवालय पनि रहेको छ। उहिले मुस्ताङ र पोखराको नून मार्गका रूपमा स्याङ्जाको नागडाँडाबाट पर्वतको कार्कीनेटा हुँदै मोदीबेनी पुगेर कुश्मा तथा बाग्लुङ र मुस्ताङ जाने पदमार्ग चल्तीमा थियो। नूनमार्गको पदचिह्न बोकेको यो मार्ग ऐतिहासिक व्यापारिक घाट पनि हो।

४४. **शङ्खशिला जैमिनीघाटः** कालीगण्डकी किनारमा रहेर व्यास ऋषिका शिष्य जैमिनीले प्राच्य दर्शनमा महत्वपूर्ण योगदान दिने ग्रन्थहरू लेखेको बताइन्छ। पौराणिक साहित्य साङ्ख्य दर्शनका रचयिता जैमिनीले साधना र तप तथा ज्ञान अभिलेखन गरेको जैमिनीघाट रहेको आधार जैमिनीघाट मात्रले नभई त्यहाँ प्रमाणिकरूपमा रहेको शङ्खशिला पुरातात्विक सम्पदा मानिन्छ (शर्मा,२०७७)।

नदी किनारमा रहेको रक्तवर्णको शङ्ख जस्तै बजाउने ढुलो ढुंगा नै पौराणिक साहित्यले उल्लेख गरेको कालीगण्डकी गर्भक्षेत्रको शङ्खशिला मानिन्छ। यही शङ्खशिलाको आधारमा नै त्यो क्षेत्र जैमिनी ऋषिसँग सम्बन्धित क्षेत्र हो भन्ने बलियो आधार हो (ढकाल,२०७७)। कालीगण्डकी गर्भ क्षेत्रमा शङ्ख, चक्र, गदा, पद्म शिलाहरू रहेको पौराणिक कथनलाई पुष्टि गर्ने यी आधारहरूले पौराणिक साहित्यले बताएका कालीगण्डकीका बयानहरू वास्तविक देखिएका छन्। शङ्खशिला बाग्लुङ, चक्रशिला म्याग्दी, गदाशिला पर्वत र पद्म शिला मुस्ताङमा पाइएको छ। यी सबै शिलाहरू पुरातात्विक सम्पदाका रूपमा जगेर्ना गर्नु आवश्यक छ।

४५. **सत्यवती क्षेत्र जयखानीः** कालीगण्डकीको बाग्लुङ - गुल्मीक्षेत्रका लोक जीवनमा सत्यवती देवीको निकै चर्चा पाइन्छ। गुल्मीको पुर्तिघाटको नारायण मन्दिर र केही परको जयखानी बेलटारीमा रहेको शिवालयमा स्थानीयहरूले दक्षप्रजापति यज्ञ स्थलका रूपमा मान्दै आएका छन्। करिब २ सय १६ वर्ष पहिले (वि.सं. १८६२) ताका सन्त योगी र स्थानीयको सहभागितामा निर्माण गरिएको शिवालय, दक्ष प्रजापति यज्ञ कुण्ड लगायतका सम्पदाहरू निर्माण तथा अखण्ड धुनी सञ्चालनका लागि स्थानीय बुढाथोकी मगर परिवारले गुठीसमेतको व्यवस्था गरेको पाइएको छ (बुढाथोकी, २०५९)।

स्कन्द पुराणको केदारखण्डमा वर्णन गरिएको स्वस्थानी व्रत कथामा बताइएको सतीदेवी आत्मदाह र दक्ष यज्ञ विध्वंशका बारेमा वर्णन गरिएका सङ्केतहरू यहाँ पाइन्छन्। सन्तहरूले ध्यान र उपासनाका लागि यो क्षेत्र भूवैकुण्ठको श्रेणीमा पर्ने बताउँदै निर्माण गर्न उत्प्रेरित गरेका र स्थानीय समुदायले यसैलाई दक्ष यज्ञ स्थलका रूपमा मान्ने गरेको बताएका छन्। जयखानी गाउँको पुरानो नाम नै दक्ष प्रजापति क्षेत्र रहेको पनि गाउँका अगुवाहरूले बताएका छन्। शैव तथा वैष्णब समुदायका सन्त तथा योगीहरूको तपोस्थली र भारत देहरादुनको मन्सुरी शिवालयसँगको भगिनी सम्बन्धको रूपमा लिइएको यो क्षेत्रसँग स्थानीय धार्मिक तथा सांस्कृतिक विश्वास जोडिएको पाइएको छ।

४६. **सेतीबेनी शिलाः** मिर्मी जलाशयको शिरान भागमा पर्वत, स्याङ्जा र गुल्मी जिल्लाको सङ्गममा कालीगण्डकी-सेतीखोला बिन्दुमा सेतीवेनी धाम रहेको छ। कालीगण्डकी किनारको बेनी क्षेत्रमा ठूलो शिला पनि छ। कालीगण्डकीको बहावको शिला र बालुवा रासायनिक मिश्रणबाट बनेको शिलाखण्डलाई शिला शालिग्रामका

रूपमा पूजा आराधना हुदै आएको छ। कालीगण्डकीको गर्भक्षेत्रमा आउने बाढीका कारण गर्भक्षेत्रमा बनेका अन्य मन्दिर तथा संरचनाहरू नदीको बाढी प्रकोपमा क्षति हुने गरेका छन्। यसै वर्ष (वि.स. २०७८ को वर्षादमा) आएको बाढीले सेतीबेनीमा शिला परिक्रमाको संरचना क्षति भएको छ भने बजार क्षेत्रसमेत डुवानमा परेको थियो।

४७. **आलम ध्यान त्रिकोणः** कालीको जल, शिला र किनारसमेत सनातन साधकहरूका लागि योग र ध्यानका लागि उत्कृष्ठ क्षेत्र मानिएको छ। यसमा पनि चारैतिर कालीको जलप्रवाहले घेरिएको स्याङ्जाको कालीगण्डकी गाउँपालिकाको आलम त्रिकोण विशिष्ठ ध्यानका लागि उच्चतम त्रिकोण मानिन्छ। प्राकृतिक रूपमा कालीले तीन तिरबाट घेरिएको त्रिकोणात्मक आलम क्षेत्रमा मानवीय प्रयत्नमा मिर्मीदेखि जलविद्युत उत्पादनका लागि बेलटारीसम्म बनाइएको सुरूङ्गमार्गको जल प्रवाहले यसलाई चारैतिरबाट कालीजलले घेरिरहेको छ। यसरी पवित्र कालीगण्डकीले घेरिएको यो आलम त्रिकोणलाई आध्यात्मिक साधकहरूले ध्यानकेन्द्रका रूपमा लिने गर्दछन्। यसैमा पनि यो त्रिकोणमा आलमदेवीको प्रसिद्ध मन्दिर पनि रहेको छ। भीमसेन पातीको बोटमुनि रहेको आलमदेवीको मन्दिरमा नेपालका राज परिवारका पूर्वजहरूले चढाएका घण्ट समेत रहेका छन् भने स्थानीय मास्की राना मगर, तत्कालीन शाही राजपरिवार र खाँडठकुरीहरूले आफनो कूलदेवीका रूपमा आलमदेवीको पूजा गर्ने गरेको पाइएको छ। मगर समुदायका १५ वर्ष मुनिका कुमारहरूलाई पुजारीका रूपमा राख्ने गरिएको र दैनिक पूजा तथा नगरा चल्ने गरेको यो मन्दिर स्थानीयहरूको आस्थाको केन्द्र रहँदै आएको र सयौं वर्षदेखिको परम्परा जीवित रहेको छ।

कालीगण्डकीको उत्तरीतटीय क्षेत्रमा धवलेश्वर जस्तै मध्ये क्षेत्रमा आलम त्रिकोणमा ध्यान त्रिकोण विकास गर्नु उपयोगी देखिएको छ। यो त्रिकोणको परिधि र केन्द्रमा विभिन्न कालखण्डमा विभिन्न सन्त साधकहरूले तपस्या र सिद्धि पाएको सङ्केतहरू विद्यमान छन्। हिलेबाबा धाम, रुद्रगङ्गा बडीगाड सङ्गममा रुद्रवेणी धाम, भृगुतुङ्ग, ऋषिकेश तथा रिडीधाम र गायत्री केन्द्र, भीमसेन पाटी, उत्तरबाहिनी रानीमहलजस्ता साधना स्थललाई परिधिमा लिएर केन्द्रबिन्दुमा आलमदेवीलाई राखेको आलम त्रिकोण मध्य पहाडी क्षेत्रको धार्मिक पर्यटन केन्द्र, आध्यात्मिक साधना केन्द्र र कल्पबासी तीर्थका रूपमा अभ्यास हुँदै आएको छ (सुवेदी,२०७७ः ११५-१२१)।

रिडीधाममा बनेको त्रिकोण झोलुङ्गेपुलले रुद्रगङ्गा अर्थात् वडीगाडबाट बाग्लुङको ढोरपाटन क्षेत्र समेतलाई जोडेर धवलाचलका अन्य तीर्थसँग आलम बिन्दुलाई जोडन सकिने र लुम्बिनीदेखि रुम्बिने सम्मको धार्मिक तीर्थाटनका परिक्रमा रुट निर्माणमा सहयोगी हुन सक्दछ। यसकारण आलम त्रिकोणलाई प्रदेशको धार्मिक पर्यटनसँग जोडेर आलम ध्यान त्रिकोण परियोजना विकास गर्नु राम्रो देखिन्छ।

४८. **नूनमार्ग र लाहुरेमार्गका घाटहरूः** भोटेनून आयातका बेला उत्तरी हिमाल र दक्षिणी गोरखपुर जोडने नूनमार्गले दिशा परिवर्तन गरी बटौलीबाट समुन्द्री नूनको कारोबार पहाडी र हिमाली बस्तीमा बिस्तार गर्नमा सहयोगी भएका घाट र पदमार्गहरू ऐतिहासिक रेशममार्गमा जोडिएका कालीगण्डकी सभ्यताको जीवित प्रमाणहरू मानिन्छन्। ती घाटहरूमा डुङ्गा तार्नका लागि समुदाय स्तरमा नै व्यवस्थापन गरिएका बोटे-माझी समुदाय यहाँको जलसंस्कृतिका पुजारी मानिन्छन्। यस्ता घाटहरू र आसपासमा रहेका समुदायमा बोटे-माझी, दरै, कुमाल, थारुहरू दक्षिणको जलसंस्कृतिसँग जोडिएका समुदाय मानिन्छन्। यो घाटसँगै रहेका व्यापारिक भट्टिपसल सञ्चालनमा परम्परादेखि पहिचान बनाएका थकाली समुदाय पनि नूनमार्गको सभ्यतामा जोडिएका दूतहरू हुन्। गण्डकी प्रदेशमा नेवारहरू भन्दा पहिले थकाली समुदाय नै यहाँको वाणिज्यदूतका रूपमा हिमालको टुकुचे भन्सारदेखि गोरखपुरको जक्सनसम्म सञ्चालकृत थिए (हेमिल्टन, १९७१:१७)।

नूनमार्गमा जोडिएका कालीगण्डकीका यस्ता घाटहरूमा रिडीघाट, रानीघाट, दर्पुकघाट, राम्दीघाट, मालुङ्गा-हुँगीघाट, सम्पातघाट, आँधीघाट, खोरियाघाट, साँखरघाट, ज्याग्दीघाट, केलादीघाट, रामघाट, गजरकोट-पुट्टारघाट, बालीघाट, घुमारीघाट, गर्गटीघाट, हुँदै कालीगण्डकी पार गरेर नूनका लागि जाने पाल्पाको तिनाउखोला-खस्यौली

र बटौली ऐतिहासिक बजारकेन्द्र बन्न पुग्यो। नूनमार्ग मात्र नभएर इस्टइण्डिया कम्पनिसँगको सम्झौतापछि खुलेको गोर्खाभर्ति चलनले यो मार्ग लाहुरे युवा ओहोरदोहोर गर्ने लाहुरे मार्गका रूपमा रुपान्तरण हुनपुग्यो। यी पदमार्ग र घाटहरूमा मोक्ष र परमार्थ किर्तीराख्नका लागि पाटी, पौवा, देवालय, बगैंचा, चौतारी बनाउने र लोकमा अर्पण गर्ने मान्यताले निर्माण भएका सयौंवर्ष पुराना पुरातात्विक सम्पदाहरू पनि रहेका छन्। प्रादेशिक सभ्यताको अनुसन्धानमा सहयोग पुग्ने यी सम्पदाहरू पछिल्ला दिनमा स्थानीय अतिक्रमणमा पर्न थालेका छन् । यिनको संरक्षण गर्न प्रादेशिक नदी तथा सम्पदा संरक्षण नीति आवश्यक देखिएको छ। यी नदी र सम्पदासँगै जलसंस्कृतिसँग जोडिएका बोटेमाझी कुमाल, दरै र थारुहरूको जलसंस्कृति पनि तल्लोतटीय सम्पदासँग जोडिएका पूँजीहरू हुन्। हरेक वर्षको गङ्गादशाहरा पर्वमा गण्डकी पूजन गर्ने यी जलसंस्कृतिका पुजारीहरूको संस्कृति कालीगण्डकी नदीको निरन्तर प्रवाहको जीवनसँग जोडिएको छ।

४९. **उत्तरबाहिनीः** कालीगण्डकीका कैयन् स्थानहरूमा उत्तरबाहिनी क्षेत्रहरू रहेका छन्। कालीको उत्तरबाहिनी क्षेत्र ध्यान, उपासना र शालिग्राम उपलब्धताका हिसाबले विशिष्ठ स्थान मानिन्छ। स्थलगत अवलोकनमा पनि दक्षिण वाहिनी क्षेत्रमा भन्दा पश्चिम वाहिनी क्षेत्र (कोटाकोट 'रुद्रवेणी र रिडी क्षेत्र) मा शालिग्रामको विविधता र उपलब्धता बढी पाइएको छ। यो भन्दा अझ बढी उत्तरबाहिनी क्षेत्रमा विविधता र उपलब्धता बढी पाइएको छ। यस्ता उत्तरबाहिनी क्षेत्रहरू कालीगण्डकीको आलम त्रिकोणसँगै दर्जनबढी स्थानमा पाइएको छ। आलम बेसीमा अर्तुङ्गको बोटेगाउँ, रानीमहल क्षेत्र, बिर्घा बेंसी, मालुङ्गा बेंसीमा पर्ने राम्दी-मालुङ्गाघाट, गेझा सम्पासघाट, चापाकोट बेंसी, पकवादी, उत्तरगङ्गा मन्दिर र मणी मुकुन्देश्वर गुरुकूल क्षेत्र, खालीवन, ज्याग्दीघाट, केलादीघाट, टापुधाम, गजरकोट, पुट्टार, बालीघाट, घुमारीघाट, बुलिङ्गटार, भीरकोट डाँडाझेरी र बसेनीटार क्षेत्रमा कालीगण्डकीको उत्तरबाहिनी मोडहरू पाउन सकिन्छ। यी स्थानहरू स्याङ्जा, पाल्पा, तनहुँ र नवलपुर जिल्लाहरूको अन्तर जिल्ला र लुम्बिनी प्रदेशसँगको अन्तरसम्बन्धबाट दुईपक्षीय सहभागितामा संरक्षण र सम्वर्दधन गर्न सकिनेछ। सनातन हिन्दु समुदायमा उत्तरबाहिनी क्षेत्रमा वैष्णव साधना, कल्पबास आराधना र धार्मिक उपवासका अभ्यासहरू बढी हुने गरेको पाइएको छ। यी उत्तरबाहिनी तीर्थहरू कालीगण्डकीको जलप्रवाहको अस्तित्व र ऐतिहासिकतासँगै विकास हुँदै र जीवन्त बन्दै आइरहेका छन्।

यी क्षेत्रमा आध्यात्म परियोजनाद्वारा कृषि, संस्कृति र प्रकृति समन्वय क्रियाकलाप सञ्चालन गर्नु तथा तल्लो तटीय देवघाट एवम् त्रिवेणी क्षेत्रको तीर्थाटन-पर्यटनलाई उपज बजारीकरण गर्ने सम्भावना राम्रो देखिएको छ। उत्तरबाहिनी आध्यात्म परियोजनाले उल्लेखित १७ स्थानमा कालीको पानी लिफ्टिङ्ग गरी स्थानीय खेतीयोग्य जमिनमा सिँचाई र कृषि योग्य उत्पादन गरी स्थानीय तीर्थहरूमा सात्विक भोजनको आपूर्ति श्रोत विकास गर्ने, कर्मकाण्डका उपयोगका लागि कुशयन्त्र, तुलसी, गण्डकी जल, गाईको गहुँत, यज्ञोपवित (जनै), सनातन यज्ञशालामा आवश्यक नव समिधाहरू निर्माण र सशुल्क वितरण प्रणालीमा जोड्न सकेमा काशी र ल्हासाबाट ल्याइने सामग्रीको विकल्प बनाउन सकिने छ। यिनै सामग्रीका लागि रकम विदेशिने क्रम रोकेर स्थानीय रोजगार सिर्जना हुन सक्नेछ।

५०. **सम्पास स्वयम्भूशिलाः** कालीगण्डकी प्रवाहमा प्रकट रहेका शिलाहरू विशेष महत्वका मानिन्छन्। उत्तरको धवलेश्वर शिला जस्तै सेतीवेनीमा रहेको शिला पनि गण्डकीले स्पर्श र परिक्रमा गरेको शिलाका रूपमा आराधना स्थलका रूपमा विकास भएको छ। त्यसैगरी कालीगण्डकीको गल्याङ पकवादी र चापाकोटको सीमा बिन्दु कुवाकोटको सीमानामा रहेको सम्पास खोला तथा पाल्पाको गेझा उत्तरबाहिनीको शिरभागमा गण्डकीले परिक्रमा गरेको स्वयम्भू शिला पनि अद्भुत ऊर्जाबिन्दु मानिएको छ। यस क्षेत्रमा उत्तरबाहिनीमा गङ्गा परिक्रमाको शिला खण्ड पाउनु, सम्पास खोलाको बेनी हुनु, सयौं वर्षपहिले स्थानीय आँपचौरका खनाल परिवारले पाटी, पौवा र बगैंचा निर्माण गरेर लोकमा अर्पण गरेका पुराना सम्पदा पनि अध्यापि छन्। यसको साथै सम्पास शिलाकै निकट

पश्चिम तर्फ एउटा सिद्धगुफा पनि पाइएको छ। स्थानीय पकवादी आँपचौरका नागरिकहरूले सम्पास शिला क्षेत्रमा माघेसंक्रान्ति, शिवरात्री, कुशे औंशी पर्वमा धार्मिक मेला लाग्दै आएको छ। गण्डकी पर्यटनमा कृत्रिम पूर्वाधार बनाएर पर्यटन केन्द्र बनाउनु भन्दा प्राकृतिक रूपमा रहेको सम्पदाको सम्वर्धन गर्नु उचित हुने देखिन्छ। गेझा, गल्याङ र चापाकोट तीन पालिकाको सीमा बिन्दुमा रहेको यो घाटमा नदीजन्य उपज सङ्कलन र ठेक्काका लागि आपसी खिचातानी गर्नुभन्दा शिला क्षेत्रको धार्मिक पर्यटन विकासका लागि सहकार्य बढाउन सकेमा गण्डकी आध्यात्म विकासमा टेवा पुग्ने देखिन्छ।

५१. **आँधीघाटः** चापाकोट नगरकै गण्डकी किनारमा आँधीघाट रहेको छ। यो घाट क्षेत्रमा भक्तेश्वर महादेवको मन्दिर तथा धर्मशाला र पौवा पनि रहेको छ। पिपल रोपेर चौतारी बनाई गण्डकी शरणमा अर्पण गर्ने परम्परा अनुसार यहाँ पिपल चौतारीहरू पनि रहेका छन्। करिब २०० वर्षभन्दा पहिले निर्माण गरिएको मानिने यो शिवालय आँधीघाट क्षेत्रको धार्मिक पर्यटनको धरोहर तथा गङ्गा र पिपल चौतारी अभियानको ऐतिहासिक सम्पदा रहेको स्थानीयहरूले बताएका छन्। स्थानीय रेग्मी परिवारले त्यहाँ पौवा-ठाँटी निर्माण गरेर कालीगण्डकी सेवामा अर्पण गरेको पाइएको छ।

५२. **खोरियाघाटः** नूनमार्गको पदमार्ग तथा घाटका साथै बोटेमाझी समुदायको पहिचानको बस्तीका रूपमा खोरियाघाट परिचित छ। यहाँ राधाकृष्ण मन्दिर तथा वैष्णव आश्रम पनि रहेको छ। जलसंस्कृतिका उपासक बोटेहरूले घाटमा डुङ्गा तारेर समुदायगत बाली उठाएर जीविका व्यवस्थापन गर्ने र गङ्गा दशहरामा गङ्गापूजनको संस्कार गर्दै आएका थिए। यहाँ अझै पनि घाट क्षेत्रमा नून मार्गका थकाली बस्तीका अवशेष पाइन्छ। बोटे समुदायले गङ्गा पूजनका क्रममा गण्डकी किनारमा पिपल रोप्ने र आफ्नो कीर्ति लोकमा अर्पण गर्ने चलन अझै पनि जीवित रहेको पाइएको छ।

५३. **केलादीघाटः** केलादीघाट पनि ऐतिहासिक विष्णु मन्दिर तथा वैष्णव साधना केन्द्रका रूपमा विकास भइरहेको छ। स्थानीय बोटेमाझी बस्तीका रूपमा चिनिएको यो बस्ती जलसंस्कृतिका अभ्यासहरूको सङ्गम बनेको छ। नून मार्गको बाटो मात्र नभएर पाल्पा र स्याङ्जा तथा तनहुँका नागरिक सम्पर्क तथा गङ्गा आराधना गर्ने घाटका रूपमा यो स्थानको पहिचान बनेको छ। राधाकृण मन्दिरको सञ्चालन र अन्नक्षेत्रका रूपमा धार्मिक पर्यटनमा समेत योगदान भइरहेको छ। नेपालमा निम्बार्क समुदायका वैष्णवहरूको केन्द्रबिन्दुका रूपमा केलादीधामको विकास भइरहेको छ। भारतीय वैष्णव समुदायलाई समेत सहभागिताका लागि उत्सुकता रहेको पाइने यो क्षेत्र उत्तरबाहिनी आध्यात्म परियोजनाका लागि प्रेरक स्थान हुन सक्छ।

५४. **ऋषिङ-रामघाट र सीताकुण्डः** कालीगण्डकी उपत्यकामा रामायणकालीन कथाहरूसँग जोडिएका विभिन्न सन्दर्भहरू पाइन्छन्। यो क्रममा तनहुँको ऋषिङ अजम्बरी कुवा ऋषि श्रृंगको तपस्थली, जो रामायणकालमा राजा दशरथको पुत्रेष्ठियज्ञका आचार्य रहेका थिए। उनैसँग यो सम्बन्धित मानिन्छ। उनको साधनाका लागि कालीगङ्गा र सेती गङ्गा आफैं कुटी क्षेत्रमा प्रकट भएर सन्ध्योपासनाका लागि जलश्रोत बनेका हुनाले ऋषिङ कुवामा कहिल्यै पानी नसुक्ने अजम्बरी कुवा भन्ने चलन छ। यसरी नै रामको वनबासका बेला कालीगण्डकी उपत्यकामा रहेका बेला सीता रजोवति भएको मौकामा एकान्तबास र स्नानका लागि शालग्रामी क्षेत्रभन्दा पर बस्नु पर्ने खाँचो महसुस गरेर उपत्यकाको शिखर भागमा सीताको एकान्तबासको बन्दोबस्ती मिलाइएको किम्बदन्ती छ। एकान्तबासमा रहेकाबेला पानीको आवश्यकता परेपछि रामले बाण हानेर सीताका लागि पानी प्रकट गरेको स्थान सीताकुण्ड नामले प्रसिद्धि पाएको छ। सोही बेला सीताका लागि भोजन गर्न रामले केही धान वाणमा पोको पारेर सीतालाई पठाएको धानको बीज नै सीता कुण्डको पोखरी परिसरमा उम्रिएको र आजपर्यन्त त्यो धान मौसम अनुसार फल्ने-झर्ने र फेरि उम्रने तथा फल्ने चक्र निरन्तर रहेको छ।

पहाडी टुप्पोमा सिमसार हुनु, धान फल्नु आफैंमा कृषि अनुसन्धानको विषय हो नै। यो कुण्डसँग कालीतिरको

रामघाट पनि जोडिएको छ। गण्डकीतिरको साँखरमा अवस्थित रामघाटलाई रामले स्नान र साधना गर्ने गरेको स्थानका रूपमा लिइन्छ। गण्डकी माहात्म्यका अनुसार रामलाई स्नान सहजताका लागि तनहुँको भिमादमा रहेको शुक्ला गण्डकी हरेक शिवरात्रीका दिन रामघाटमा प्रकट हुने गरेकी भन्ने विश्वास गरिन्छ। स्थानीय लोकवार्ताअनुसार हरेक रामनवमी तिथिका दिन पनि यो अवसर जुट्ने गर्दछ। यी सन्दर्भहरू कालीगण्डकी उपत्यकाका पाल्पा तथा तनहुँका क्षेत्रमा आपसी अन्तरसम्बन्ध रहेका तीर्थाटनका गन्तव्य क्षेत्रहरू रहेका छन्। स्थानीय आस्था र उपासनासँग जोडिएका यी सांस्कृतिक धरोहर कालीगण्डकीसँग अन्तरनिर्भर रहेका छन्।

५५. **टापुधाम शिला संग्रहालयः** पाल्पाको रामपुर नगरपालिकाले समेत शालिग्राम संग्रहालयका रूपमा कालीगण्डकी तटमा विकास गरेको टापुधाम स्थानीय उत्तरबाहिनीको अर्को नमूना स्थान हो। शालिग्रामको प्रकृति अध्ययन र कालीगण्डकीमा आएका ऐतिहासिक बाढीहरूको 'डिपोजिट' अध्ययनका लागि यो टापुधाम नमूनाको स्थान हुन सक्छ। योगी नरहरिनाथका शिष्य रहेका पद्मबहादुर सिंह ठकुरीले आफनो गृहस्थ वैराग्यका बेला साधना गरेको र पोखरा पचभैयादेखि गएकी एक माताले समेत आश्रम बनाएर साधना गरेको टापुधाम स्थानीय शालिग्राम अध्ययन तथा साधनाका लागि उत्तम उत्तरबाहिनी मानिन्छ। हाल धाममा नगरपालिकाले बनाएको संग्रहालय घर, यज्ञ मण्डप, शिवालय, नवशक्ति देवालयसमेत बनाइएको छ। उत्तरबाहिनि क्षेत्रमा जप, तप, उपासना गर्दा सिद्धि प्राप्तिमा सहजता आउने मान्यताले यस्ता उत्तरबाहिनी तीर्थहरू धार्मिक पर्यटनका लागि उत्तम मानिन्छन्।

५६. **बालीघाटः** उत्तरबाहिनीको अर्को नमूना नवलपुरको डेढगाउँ दरै बस्तीको बालीघाट हो। वाल्मिकी ऋषिले तपस्या गरेको स्थानका रूपमा चिनिएको उक्त स्थान लोकबोलीमा वाल्मिकीबाट बाली हुन पुगेको बताइन्छ। बालीघाट निकटै दरै समुदायको कूलदेवताको स्थान पनि छ भने बालीघाट क्षेत्र विकास समितिले पिपल संरक्षण अभियान चलाइरहेको छ भने शालिग्राम कै पहिचानको हरिहर मन्दिर बनाउने योजना बनाएको छ। रामायण रचयिता वाल्मिकीका लागि अनुकूल मौसमी परिस्थितिमा उत्तरबाहिनीमा तपस्या गर्ने क्रममा उक्त स्थान उपयोग भएको हुनाले वाल्मिकी तपोक्षेत्रका रूपमा उक्त स्थान परिचित भएको बताइएको छ। जलसंस्कृति पूजक समुदायहरूको बसोबास रहेको यो स्थानमा उत्तरबाहिनि आध्यत्म परियोजनाका लागि घाट, पिपल, गङ्गा पूजन र आराधना तथा उपासना कुटीहरू बिस्तार गर्नसकेमा धार्मिक पर्यटन विकासको सम्भावना देखिन्छ।

५७. **अकलादेवी डेडगाउः** नवलपुरको पहाडी क्षेत्रको बुङदीकाली डेढगाउँमा अकलादेवी भगवतीको मन्दिर अवस्थित छ। कालीगण्डकी किनारमा जलसंस्कृतिको अभ्यास गर्दै आएका दरै समुदायले जल माग्दै देवीको आराधना गर्दा जलदेवीका रूपमा अकला देवीको स्थापना गर्न पुगिएको लोकवार्तामा पाइएको छ। दरै बस्तीमा माछा मारेर, डुंगा तारेर, बासका सामग्रीहरू तयार गरेर जीविकोपाजर्न हुने गरेको थियो। लामो समयसम्म पानी नपरेर आकूल ब्याकूल हुँदा कालीगण्डकी नदीको तिरैतिर पानी माग्दै देवीको आरधना गरी भौंतारिएर यही ठाउँमा बास बस्न पुगेछन्। यसैको नजिक नूनजरो भन्ने ठाउँमा कुवा भएकोले खाना खाएर विश्राम गर्न हाल देवी रहेको स्थानमा गएछन् र राति एकजना दराईलाई सपनामा देवीले पानी पार्ने तर उक्त ठाउँमा ढुङ्गाको शिला स्थापना गरी देवीको पूजा अर्चना गर्ने सर्त राखेको हुनाले सोही समयदेखि अकलादेवीको स्थापना गरी पूजाआजा गर्न थालिएको हो (तथ्याङ्क कार्यालय,२०७५)।

देवीको प्रतिमूर्ति स्वरूप एउटा ढुङ्गाको शिला छ जसमा भगवानको आकृति बनाइएको छ । यसको चारैतिर इटाको गारो लगाई विभिन्न जातका बोटविरुवा लगाइएको छ भने वरिपरि काठको मौला खडागरी घण्टहरू झुण्डाइएको छ।

५८. **कामधेनु घुमारीघाटः** बुलिङ्गटार गाउँपालिका घुमारीघाटमा कामधेनु स्थान अवस्थित छ। सबैतिर कालीगण्डकीले परिक्रमा गरेको घुमारीघाटको भूबनावट प्राकृतिक हिसाबले ज्यादै आश्चर्यजनक र रमणीय पर्यटकीय स्थलको रूपमा विकास भइरहेको छ। प्राचीन किम्वदन्ती अनुसार आदिमकालमा कालीगण्डकी नदीको उत्पतिको

समयमा पश्चिमबाट नदी बग्दै आउँदा बाटोमा एउटा कामधेनु गाई भर्खर ब्याएर बाच्छोसहित बसेकी रहिछन्। नदी बग्ने बाटोमा परेकोले सो माउ बाच्छालाई बगाउन नसकी उक्त बाटो छोडी घुमेर पर पुगी हालको घुमाउरी घाटलाई घेरी गाई र बाच्छालाई जोगाउन र उनीहरूलाई चरनको निमित्त त्यो घुमाउरी जमिनको कम्पाउण्ड छोडेर गएकोले यो भूबनावट तयार भएको हो भन्ने पुरानो किम्बदन्ती छ। बीचको गल्छी १ सय ५० मिटरभन्दा गहिरो छ (तथ्याङ्क कार्यालय, २०७५)। घुमाउरो प्रकृति कै कारण यस ठाउँको नाम घुमारीघाट रहेको हो। बोटे समुदायको बसोबास रहेको घुमारीघाटमा नेपाल आमाको मूर्ति र यज्ञशाला रहेको छ भने हालै कृष्ण मन्दिर निर्माण भइरहेको छ।

५९. **गर्गेश्वर शिवालय गर्गरीघाटः** तनहुँको ऋषि अजम्बरी कुवा र रानीपोखरी जस्ता पुरातात्विक सम्पदा जस्तै कालीगण्डकी किनारमा रहेको गर्गरी घाटमा गर्गेश्वर महादेवको मन्दिर छ। परमानन्द गिरीद्वारा वि.सं. १८८० तिर बनाइएको मन्दिरको पूजा सञ्चालनका लागि स्थानीय गिरी परिवारको सहभागितामा करिब ३ हजार रोपनी जमिनको राजगुठीसमेत सञ्चालन भइरहेको छ। राजा राजेन्द्र विक्रम शाहले चढाएको घण्ट र राजगुठीले पुरातात्विक सम्पदाको प्रमाण दिइरहेकोछ।

महाभारत कथामा राजा परिक्षितले भागवत कथा सुनेको सुकदेव स्थानका रूपमा स्थानीयहरूले दावी गरेको यो क्षेत्र सनातन तीर्थालुका लागि महत्वपूर्ण मानिन्छ। राजकीयरूपमा सरकारी पक्षले ताम्रपत्र सङ्कलन गर्ने क्रममा खिचेर लिएको र पछि फिर्ता नपाइएको स्थानीय जेष्ठ नागरिकहरूले बताएका छन्। गुठीको जमिन प्रशस्त भएपनि जनशक्ति अभावमा उत्पादन योग्य बनाउन नसकिएको गर्गेश्वर महादेवको जमिनलाई आध्यात्म परियोजनासँग जोडेर उत्पादनशील बनाउन सकियो भने स्थानीय रोजगारका लागि धार्मिक पर्यटन जोड्न सकिने छ।

६०. **देवचुलीः** प्रकृतिका पुजारीहरूले आफ्नै पुर्खौली पहिचानको चोखोपानी र वनजङ्गलका कन्दमूल चढाएर पूजा गर्ने देवचुली पूजा प्रदेशको धार्मिक पर्यटनको रोचक र महत्वपूर्ण गन्तव्य हो। स्थानीय जङ्गलको इन्द्रसोतमा रात्री जाग्रामसहित जलदेवीको चोखोपानी र तरुल फल चढाएर हरेक वर्षको चैत्र पूर्णिमाका दिनमा हरेक घरका शुद्ध सदस्यहरूको सहभागितामा पूजा हुने गरेको छ। तीन कन्यामाईको मन्दिर

**कालीगण्डकी किनारका धार्मिक-सांस्कृतिक सम्पदाहरूः**

८१. बालीघाट
८२. अकलादेवी डेडगाउ
८३. कामधेनु घुमारीघाट
८४. गर्गरीघाट, रुपटार गर्गेश्वर महादेव
८५. निर्दिमघाट मुकुन्देश्वर
८६. रकुवा, ब्रह्मचारी आश्रम
८७. सतीघाट,
८८. जलदेवी, डाँडाझेरी
८९. कोटथर वनझाँक्री गुफा
९०. छत्तिसा देवी, थामाबेंशी
९१. कोटा छहरा,
९२. भिमसेन शिला, खाल्टे
९३. कदमपानी कोटा
९४. रामेश्वर घाट
९५. देवचुली'कुमारवर्ती
९६. मौला कालिका
९७. देवघाट, गलेश्वर कल्पबास
९८. मणीमुकुन्द चक्रशिला,
९९. बागेश्वरीधाम
१००. गैडाकोट वैष्णव मन्दिरहरू
१०१. शिवघाट नारायणगढ
१०२. रुद्रपुर गढी
१०३. कैलाश आश्रम
१०४. दाउन्ने देवी
१०५. गोद्दक शिवालय माडी दुर्पतिनगर
१०६. सोमस्वर शिव लिङ्ग, सोमेश्वर गढी
१०७. गज-ग्राह मोक्ष धाम
१०८. केउलानी देवी
१०९. त्रिवेणीधाम भैसालोटन
११०. वाल्मीकी आश्रम
१११. वालपुरी कुटी
११२. शिवपुर गढीः
११३. रामग्राम-पाल्हीनगर-लुम्बीनीबौद्ध परिक्रमा
११४. चुवाडी माइ
११५. नरदेवी माइ
११६. रजहर प्राकृतिक चिकित्सालय
११७. साश्वत धाम

मानिने देवचुलीमा थारुहरूले कुमारवर्ती माई भन्ने चलन छ। मगर कुमार र थारु गुरौहरूले मात्र ऐतिहासिक रूपमा पुजारीको भूमिका निर्वाह गर्दै आएको देवचुली क्षेत्रमा तीन कन्या देवीको पूजा हुने गरेको छ। यस चुलीको करिब १८०० मिटरको उचाइमा ३० मिटर लम्बाई रहेको प्राकृतिक गुफा रहेको छ। यही गुफामा स्थानीय कीर्तिपुर गाउँका मगर तथा रजहर गाउँका थारु समुदायले हरेक वर्ष चैत्र शुक्ल पूर्णिमाका दिन यहाँ परम्परागत विधि अनुसार पूजा गर्ने विधान छ। यहाँको पूजामा ब्राह्मणको प्रयोग गरिदैन। ब्राह्मण, कामी र जोगीलाई पूजामा सहभागी गराउनु हुँदैन भन्ने स्थानीय मगर तथा थारु समुदायका अगुवाको मान्यता रहेको रजहरमा रहेका गुरौ भवानी थारुले बताएका छन्। मगर कुमार पुजारीहरूले ढोकेको भूमिका र थारु गुरौले पुजारीको भूमिका निर्वाह गर्ने यो तीर्थ महाभारत पर्वत श्रृङखलाको सबैभन्दा उच्च चुली (उचाइ १९३६ मिटर) मा रहेको छ।

पूजाको ३ दिन पहिले रजहरका थारुहरू कीर्तिपुरमा आउने र तन्त्र विधिअनुसार जोखाना हेरेर पूजाको विधान सुरू गर्ने परम्परा छ। चैत्र शुक्ल त्रयोदशीमा जोखाना हेर्ने (गुरौ खेल्ने) बेलामा पूजाको तयारी, गाउँ र ठाउँ शुद्धता तथा मौसमी अनुकूलता एवम् देवीको सन्देशको खोजी गरेर सबै कुरा अनुकूल देखिएपछि पूजा कार्यका विधान सुरू गर्ने चलन छ।

कीर्तिपुरमा रहेका मगर कुमार पुजारीहरूले देवचुलीकै स्थानको मान राख्न दुर्गा भवानीको मन्दिरमा सोमबार र पूर्णिमाका  दिनमा पानी र धुप चढाउने विधान हुन्छ। चतुर्दशीका दिन (दोश्रो दिन) मा राकाचुली र देवचुलीको सङ्गम 'इन्द्रसोत' भन्ने स्थानमा रात्री विश्राम गर्ने विधान छ। त्यसको प्रातः ब्रह्ममुहर्तमा सबै तीर्थालुहरूले 'जलदी गैरा' को जलधाराबाट पानी लिएर देवचुली परिक्रमा सुरू हुन्छ। बाटोमा पर्ने भिमसेन ढोका भन्ने स्थानमा विजयपात भन्ने वनस्पतिको ठूलोपातमा बन तरुलको प्रसाद चढाउने प्रचलन छ। त्यसपछि सय मिटर पर 'आगो निकाल्ने डाँडा' मा पुगी स्थानीय बाँसको अरणी मन्थन गरेर आगो निकाल्ने र झाडीमा अग्नि दहन गरी सफाइगर्ने चलन रहेको छ। देवचुली गुफामा रहेका देवीहरूलाई अग्नि धुँवाका माध्यमबाट जानकारी दिन र पूजाका लागि झाडी सफाइगर्ने चलन रहेको पुजारी अभ्यास गरेका जीतबहादुर फेबाली मगरले बताएका छन्।

कलावती, विद्यावती र पद्मावती नामका तीनदेवी मानिने त्यस स्थानमा गुफाबाहिर मगर पुजारीहरूले तन्त्र विधान पूजा गरेर ढोका खोल्ने विधान गरेपछि थारु गुरौले पूजा गर्ने पालो आउँछ। त्यसपछि मात्र अन्य भाकलवाला तीर्थालुको पालो आउने चलन छ। करिब २ हजार जना व्यक्तिहरू एकै पटक चुलीमा पूजाका लागि जाने गर्दा त्यो वेला चुलीमा जात्रा नै लाग्ने गर्दछ।

यहाँबाट उत्तरतर्फ मनै लोभ्याउने हिमाली दृश्य तथा दक्षिणतर्फ तराईका समथर मनोरम भूमि दृश्यालोकन गर्न सकिने भएकाले हिउँद याममा स्थानीय युवा युवतीहरूको आन्तरिक पर्यटनको गन्तव्य नै हुने गरेको छ। चुली निकटको मगर गाउँमा घरबास पर्यटनको अभ्यास पनि थालनी भएको छ। यस गुफामा द्वापर युगमा पाँच पाण्डव द्रौपदीसहित केही समय गुप्तवास बसेको किम्वदन्ती समेत रहेको पाइन्छ।

६१. **रुद्रपुर गढीः** हुप्सेकोट क्षेत्रमा बाइसे चौबिसे राज्यकालमा रुद्रसेन नामक राजाको बसोबास भएकोले यस गढीको नाम रुद्रपुर गढी रहन भएको हो। साविकका धौवादी र जौवारी गाविसको सीमानामा पर्ने यस गढीमा अहिले पनि दरबारको भग्नावशेष देख्न सकिन्छ। बाह्रै महिना चिसो हावा बहने यस गढीबाट चारैतिर मनोरम प्राकृतिक दृश्यहरूले भरपुर आनन्द लिन सकिन्छ (तथ्याङ्क कार्यालय,२०७५)।

६२. **कैलाश आश्रमः** नारायणी नदीको तट तथा विश्वसम्पदा सूचीमा सूचीकृत चितवन राष्ट्रिय निकुञ्जको सम्मुखमा सिखौली ग्राममा अवस्थित कैलास आश्रमलाई विष्णुको मुकुट भएको स्थानका रूपमा लिने लोक विश्वास छ। त्रिवेणी धाममा स्थल राजा गजराजलाई जलराजा ग्राह (गोही) बाट मुक्त गराउन हतारमा वेगका साथ आउँदा विष्णुको शिरको मुकुट यस स्थानमा गिरेकाले यस स्थानको नाम सिरमौली रहन गएको र कालान्तरमा अपभ्रंसित हुँदै जाँदा सिखौली भएको कथन छ। सिरमौली ग्रामको विषयमा हिन्दु धार्मिकग्रन्थ हरिवंश पुराणमा समेत

व्याख्या गरिएको पाइन्छ। धर्मानुरागीहरूको कथन अनुसार यहाँ कुदिएका मूर्तिहरू द्वापर युगका हुन्। पाँच पाण्डव वनवास जाँदा यस स्थानमा बास बसेको र यहाँका पाँच जनाले समेत उचाल्न नसक्ने ढुङ्गा भीमसेनले कुदेर बोकेका हुन भन्ने कथन छ। यहाँको भग्नावशेष मन्दिर करिब वि.सं. ६५२ सालमा निर्माण भएको र करिब वि.सं. १३६२ मा मुसलमान र हिन्दु युद्धमा हिन्दुस्तानका मुसलमान बादशाह गया सुद्धिन अबलक तुलकले नेतृत्व गरेको फौजले भत्काएको भनी स्व. योगी नरहरिनाथको भनाई रहेको स्थानीयवासीहरूले बताएका छन् (तथ्याङ्क कार्यालय,२०७५)।

यहाँ पुराना साल, सल्लो, हर्रो, अमला, रुद्राक्ष, बर्रो, सिसौ, हरचुर, राजवृक्ष, रामदतिवन, ईत्यादी लगायत उष्ण, सितोष्ण र समशीतोष्ण प्रदेशमा पाइने जातको रुखहरू एकै ठाउँमा पाइने हुँदा वनस्पति बगैंचाका रूपमा यो क्षेत्र निर्माण भएको पाइन्छ। शताब्दी पहिलेका पुराना र कलात्मक तवरले कुँदिएका हिन्दु आस्थाका आराध्य देवहरूको मूर्ति र विभिन्न आकृतिका चित्र कुँदिएका कलात्मक ढुङ्गे चित्रहरू र ढुङ्गा नै ढुङ्गाको भग्नावशेष मन्दिर समेत रहेको छ (तथ्याङ्क कार्यालय, २०७५)। नारायणी नदीमा जल विहारको विकास गर्न सकेमा त्रिवेणीधाम परिक्रमाका लागि नयाँ पर्यटकीय कार्यक्रम बन्न सक्ने देखिन्छ।

६३. **दाउन्ने देवी**ः पूर्वपश्चिम राजमार्गको छेउमा, दाउन्ने पहाडको काखमा रहेको दाउन्ने देवी प्रतिस्थापन वि.स.१८८० मा प्रभाकरले गरेको वताईन्छ। राणाकालीन प्रधानमन्त्री जङ्‌बहादुरको सौजन्यबाट उक्त मूर्ति प्राप्त भै त्यहाँ स्थापनामा गरिएको भनिएको छ। मन्दिर रहेको स्थान समुद्र सतहदेखि १०३३ मी. उचाइमा हुँदा प्रायः वर्षैभरि त्यहाँ ठण्डा रहन्छ। स्थानीय पर्यटन र पुरातात्विक सम्पदाका रूपमा यो क्षेत्र परिचित छ (तथ्याङ्क कार्यालय, २०७५)।

६४. **मौला कालिका**ः हाल गैंडाकोट नगरक्षेत्रमा पर्ने मौलाकालिका मन्दिर करिब २०० वर्ष अगाडि पाल्पाली राजा मुकुन्द सेनको राज्यक्षेत्रभित्र पर्ने र अलिक उच्च स्थानमा भएकाले त्यहाँ एक सैनिक टुकुडी राज्य रक्षाको लागि रहँदा तिनै सैनिकहरूद्वारा पूजाआजा गरी स्थापित भएको भन्ने मान्यता रहेको पाइन्छ (तथ्याङ्क कार्यालय,२०७५)। मन्दिरमा जाने बाटोको कठिनतालाई मध्यनजर राखी देवघाट क्षेत्र विकास समितिको गुरुयोजना बमोजिम बाघखोरदेखि मन्दिरसम्म छपनी ढुङ्गाहरूबाट सिँढीमार्ग निर्माण गरिएको छ। हाल स्थानीय पर्यटकीय गन्तव्यका रूपमा पहिचान बनाएको मौलाकालिका राजकीय पुरातात्विक सम्पदा पनि मानिन्छ।

६५. **देवघाट**ः गण्डकीका सातैधाराको सङ्गम हुने र दामोदर पर्वतवाट निश्रृत हुने नौं मध्ये आठवटै शालग्रामीहरूको मिलन हुने देवघाट धाम गण्डकी त्रिकोणको सङ्गम बिन्दु हो। हरिगङ्गाका रूपमा कृष्णाभार हरगङ्गाका रूपमा त्रिशुलीको सङ्गम हुने भएकाले यस तीर्थलाई हरिहर क्षेत्र पनि भनिन्छ। पौराणिक रूपमा देवदहको उपमा पाएको यो तीर्थमा वशिष्ठ ऋषिले तपस्या गरेको, पाल्पाली चक्रवर्ती राजा मुकुन्दसेनले राज निवृत्त भई कल्पबास बसेको र पछिल्ला दिनमा प्रसिद्ध गलेश्वरबाबाले कल्पबास लिएको यो भूमिमा विभिन्न कल्पबासी, साधक र गुरुकूलहरू समेत सञ्चालनमा रहेका छन्। देवघाटमा तनहुँ, नवलपुर र चितवन तीन जिल्लामै आध्यात्मिक साधकहरूका विभिन्न साधना केन्द्रहरू, धर्मशाला र कुटीहरू सञ्चालनमा छन्। यस क्षेत्रमा गलेश्वर आश्रम, हरिहर सन्यास आश्रम, शरणागती आश्रम, योगीनरहरिनाथ आश्रम समेत रहेको देवघाटमा जेष्ठ नागरिकहरको निवृत्त सन्यास आश्राम र कल्पबास कुटीहरू पनि रहेका छन्। देवघाट क्षेत्र विकास समितिले सरकारी सहभागितामा नै यसको व्यवस्थापनमा सहजीकरण गर्दै आएको छ। हरेक तिथि र पर्वहरूमा पितृकार्य, देवकार्य, सत्सङ उपासनाका अभ्यासहरू निरन्तर चलिरहेको यो धाम प्रदेश कै आध्यात्म पाठशालाको केन्द्र बिन्दु हुन पुगेकोछ। यहाँको मणिमुकुन्द चक्रशिला, योगी नरहरिनाथको बागेश्वरीधाम लगायतका सन्त आश्रम तथा गुरुकूलहरू पाठशालाहरू सांस्कृतिक तथा पुरातात्विक सम्पदाका रूपमा महत्व राख्दछन्।

६६. **गज-ग्राह मोक्ष धामः** शास्त्रीय पौराणिक आख्यानहरूले गज-ग्राह सङ्घर्षमा विष्णुको सुदर्शनचक्रले द्वन्द्व व्यवस्थापन तथा मोक्षद्वार खोलेको सन्दर्भ उठान गरेको पाइन्छ। स्थानीय लोकवार्तामा स्थलको सत्ता सञ्चालक (गज) र जलको सत्ता सञ्चालक (ग्राह) बीचको द्वन्द्व चलिरहेको बेला विष्णुको उपायले सङ्घर्ष निवारण गरेको तर्क उठान गरेको पाइन्छ। भौगोलिक अवस्थिति अवलोकनमा कालीगण्डकीदेखि त्रिशुलीसम्मका सातै गण्डकीहरू देवघाटमा सङ्गम बनेर विशाल दह बनेको तथा चितवनको माडीमा समेत कालीगण्डकीमा पाइने शालिग्रामहरू पाइन्छ। देवचुलीको पूर्वी आधार दाउन्ने र पूर्वको सोमेस्वर पर्वतले छेकिएर चित्रवन समग्र सप्त गण्डकीको जलभार थेग्न नसकेर जल तथा थलको सङ्घर्ष हुँदा कालीगण्डकीमा कयौं पटक आएका विशाल बाढी मध्ये कुनै पटकमा दाउन्ने र गर्दीको पर्वतीय श्रृंखला तोडेर नारायणीलाई गहिरोसँग बग्ने अनुकूलता निर्माण गरेको शालग्रामीलाई विष्णुको प्रतीकका रूपमा आख्यान प्रस्तुत गरेको सङ्केत पाइन्छ। स्थलगत अवलोकनका क्रममा टापुधाम क्षेत्रमा पाइएको गण्डकी बाढी उपजको सङ्ग्रह गणना गर्दा गण्डकीमा १८ पटक यस्ता बाढी आएको र हिमाली क्षेत्रका शालिग्राम शिलाहरू बगाउँदै लगेर डिपोजिट गरेको आधार देखिएको छ। यसको आधारमा हेर्दा नवलपुरको दाउन्नेडाँडा र चितवनको गर्दीडाँडा बीचको गल्छीलाई कालीगण्डकीको कुनै बाढीले तोडेर देवघाट'चित्रवन क्षेत्रको दह खुलाउँदै नारायणीलाई सहजै बग्ने बाटो दिएर जुन पारिस्थितिक परिवर्तनका लागि योगदान पुगेको थियो, त्यो जक्सनमा संग्रहित शालग्राम चक्र शिलाहरूलाई सुदर्शन चक्रको संकर्षणको उपजका रूपमा व्याख्या गरिएको सङ्केत मिल्दछ। दाउन्ने र गर्दी बीचमा रहेको गज-ग्राह संकर्षणस्थल पनि यसरी सनातन धार्मिक पर्यटकका लागि तीर्थाटनको गन्तव्य बन्न पुगेको छ। यसलाई हालको पालिका सीमानाका हिसाबमा पनि विनयी क्षेत्र, गर्दी क्षेत्र र त्रिवेणी क्षेत्रको त्रिकोणात्मक संकर्षण बिन्दु मान्न सकिन्छ।

६७. **केउलानी देवीः** त्रिवेणी क्षेत्रको महत्वसँग जोडिएको गजग्राह सङ्घर्ष र मोक्षतामा विष्णुको योगदानको सन्दर्भ केउलानी देवीसँग पनि जोडिएको पाइन्छ। ग्राह अर्थात् जलक्षेत्रको राजाले गज अर्थात् स्थल क्षेत्रको राजालाई सङ्घर्षमा परास्त पार्न आटेपछि गजले आफ्ना आराध्यदेवता विष्णुलाई अन्तिम अवस्थामा पुकारा गरेपछि भक्तको पुकारा सुनेका विष्णु तुरुन्तै उक्त क्षेत्रतर्फ लागेपछि उनको लीला हेर्न पछिपछि नै लक्ष्मीदेवी आएर घटनालाई नजीकैबाट नियाल्न बसेको स्थानलाई केउलानी वन भनिन्छ। गज-ग्राह विवाद साम्य भएपछि विष्णु वैकुण्ठ फर्किएका तर लक्ष्मी नफर्किकन सोही ठाँउमा बसिरहेकी छन् भन्ने स्थानीयहरूको विश्वास रहेको छ। तीनै लक्ष्मी रुपादेवीलाई स्थानीयहरूले केउलानी देवी भनेर पुकारा गर्दछन्। केउलानी देवीको मन्दिर केउलानी वनमा रहेको र त्यहाँ एक जना माताजी एक्लै बस्ने गरेको, जङ्गलमा रातीको बेला बाघहरूले परिक्रमा गर्ने तर दुख नदिने गरेका भन्ने लोकवार्तामा पाइएको छ। मन्दिरमा कुनै छानो नभई खुला आकाशको मन्दिर रहेको छ। चुहाडी देवी, नरदेवी र केउलानी देवी तीन दिदीबैनी रहेका आपसमा सम्पर्क र उर्जाको लेनदेन हुने गरेको सन्दर्भका किम्बदन्तीहरू रहेका छन्।

६८. **त्रिवेणीधामः** सप्तगण्डकी नारायणीमा सोना, तमसा, नदीहरूको सङ्गमबाट त्रिवेणी बनेको यो तीर्थ भारतको प्रयाग जतिकै श्रद्धा र आस्थाको केन्द्रको रूपमा रहेको छ। दक्षिणको शालिग्राम क्षेत्रका रूपमा त्रिवेणी धामले मुक्तिक्षेत्रको सन्देश दक्षिण भारती उपासकहरूमा बिस्तार गर्नमा समन्वयकारी भूमिका निर्वाह गरेको छ। त्रिवेणी नदी पारी वाल्मीकि आश्रम रहेको छ। उक्त ठाउँमा वाल्मीकि ऋषिको मूर्ति, सीता, लवकुस गणेशका मूर्तिहरू छन्। सीता पाताल प्रवेश गरेको स्थल, सीताले फलफूल खाएको स्थल, अमृत कुवा, वाल्मीकि ऋषिको हवन कुण्ड, लवकुशले अयोध्याको अश्वमेध यज्ञको घोडा बन्दी बनाएर बाँधेको ढुङ्गाको खम्वा, लवकुशलाई शिक्षा दिइएको स्थल आदि रहेका छन्। यहाँ माघे औशीमा पवित्र नदीमा स्नान गर्न नेपाल तथा भारतवाट लाखौंको संख्यामा तिर्थयात्रीहरू आउने गर्दछन्। सो अवसरमा यहाँ ३ दिन सम्म ठूलो मेला लाग्ने गर्दछ।

६९. **वाल्मीकी तथा वालपुरी कुटीः** चितवनको वाल्मिकी आश्रम र नवलपुरको वालपुरी कुटी आपसमा जोडिएका

रामायणकालका घटना स्थानहरू मानिन्छन्। रामायणका रचनाकार वाल्मिकीको साधना स्थल हालको त्रिवेणीपारि वाल्मिकी आश्रम सीमा क्षेत्रमा भए जस्तै वारी नवलपुरमा रहेको वालपुरी कुटी पनि ऋषि वाल्मिकीसँग सम्बन्धित रहेको स्थानीयहरूले बताएका छन्। ओझेलमा परेको वालपुरीलाई पनि वाल्मीकीसँगै जोडेर धार्मिक पर्यटन विकास गर्न आवश्यक देखिन्छ। यसका लागि वालपुरीधाम संरक्षण (नवलपुर) र वाल्मिकी आश्रम संरक्षण (चितवन) का बीच सहकार्यको खाँचो छ।

७०. **शिवपुर गढीः** त्रिवेणी धाम निकट नै शिवपुर गढी नामको निकै पुरानो ऐतिहासिक पुरातात्विक सम्पदा रहेको छ। शिवपुर गढी दरबार बन्धु सिंह नामका राजाले निर्माण गरेका हुन् भन्ने भनाइ छ। तत्कालीन भूरे टाकुरे राजा (बाईसे, चौबिसे)हरूको पालाको सीमा सुरक्षाका लागि सैनिक र हतियार राख्ने गढी थियो भन्ने भनाइ छ। यहाँ मुस्लिम अक्षरमा कुदिएको सिक्काहरू, गोलीहरू, तरबारहरू फेला परेको छ। यस भित्र १२ कोश लामो सुरूङ्ग भएको अनुमान गरिएको छ (तथ्याङ्क कार्यालय,२०७५)। यो दरबार क्षेत्र भएतापनि यस क्षेत्रको वरपर दुर्गा एवम् शिवको मूर्ति र मन्दिर तथा बौद्ध गुम्बा पनि रहेकोले धार्मिक पर्यटकीय क्षेत्रका रूपमा अभ्यास हुँदै आएको छ। यहाँ यस जिल्लाकै सबैभन्दा ठूलो त्रिशुल (५१ किलो) पनि रहेको छ। यहाँ तत्कालीन राजाको पालामा पानी पिउनको लागि निर्माण गरिएको कुवा पनि रहेको छ।

**निष्कर्षः** कालीगण्डकी क्षेत्रका यी परम्परागत सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरू प्रादेशिक पर्यटकीय गन्तव्य हुन् र गण्डकी सभ्याताका प्रमाणहरू हुन्। यिनको अस्तित्वसँग प्रदेशको स्वाभिमान र अस्तित्व अन्तरनिहित छ। यस क्षेत्रमा रहेका पाँचै प्रकारका धार्मिक आस्थाका समुदायको साझा सम्पत्ति हो। यसलाई जोगाउन गण्डकी पनि जोगिनु पर्दछ।

गण्डकी जोगाउन सबै खालका अतिक्रमण रोकिनुपर्छ र स्वतन्त्र शुद्ध जलप्रवाहको सुनिश्चित गरिनु पर्दछ। पथान्तरणले काटाकोट हिलेबगर र सुस्ता क्षेत्रमा पारेको अनिष्टबाट पाठ सिकेर गण्डकीलाई दोहन होइन सम्मान गर्न सकियो भने धार्मिक पर्यटनकै माध्यमबाट कामधेनु बनाउन सकिने छ। यसका लागि उपल्लो तटमा धवलेश्वर परियोजना, मध्य क्षेत्रमा आलम ध्यान त्रिकोण परियोजना र तल्लो तटीय क्षेत्रमा उत्तरबाहिनी आध्यात्म परियोजना सञ्चालन गर्न उपयुक्त देखिन्छ। यसैगरी गण्डकी धार्मिक नदीमा भएको अतिक्रमण रोक्न गङ्गा गर्भक्षेत्र र प्रभाव क्षेत्र संरक्षणका धार्मिक नीति दृष्टान्तहरूको पालना गर्नु उचित हुनेछ। विश्वव्यापी धार्मिक आस्थाको यो नदीको अतिक्रमण र दोहन रोक्न तथा संरक्षणमा विश्वव्यापी सहभागिता जुटाउन पनि यसलाई विश्वसम्पदामा सूचीकरण गर्नका लागि नेपाल सरकारलाई सहजीकरण गर्नु उचित हुनेछ।

## ४.३ गण्डकी गर्भ संरक्षण अनुशासन

मस्यौदा सवालमा उल्लेख गरिएका गण्डकी तटीय क्षेत्रको अतिक्रमण र दोहन न्यूनीकरणका तथा सम्पदाहरूको संरक्षणका लागि धार्मिक नदी संरक्षण नीतिको पालना गरी गण्डकी नदी संरक्षण गर्नु उपयुक्त देखिएको छ। किनकी धार्मिक पर्यटन नै धरोहर भएको र गण्डकीलाई धार्मिक अनुशासानकै हिसाबमा नमूना संरक्षण नीति पालना गर्न सकिएमा मात्र यहाँको धार्मिक पर्यटन जोगाउन सकिने भएकाले धुरी, धारा र धर्म (हिमाल,नदी र सामाजिक व्यवहार) स्वच्छ, सन्तुलित र सात्विक रहे मात्रै यो सम्भावना जीवन्त रहन्छ। यसैले गण्डकी अतिक्रमण र दोहन न्यूनीकरणका लागि निम्नानुसार नीतिगत व्यवस्था आवश्यक छ।

पौराणिक साहित्यमा भागीरथी गङ्गा अवतरण र गङ्गा स्नान तथा साधना अनुशासन विधिका बारेमा चर्चा पाइन्छ। गीता प्रेस गोरखपुरले २०६४ आषाढमा प्रकाशन गरेको कल्याण पत्रिकाको वर्ष ८१ अंक ६ मा गङ्गा उपासना आचरणका बारेमा उल्लेख गरेको पाइन्छ। शंकराचार्य ज्योति मठका श्रीकृष्ण बोधाश्रमजी महाराजले उल्लेख गरे अनुसार गङ्गा क्षेत्रलाई ३ भागमा पहिचान गर्ने विधान छ (बोधाश्रमजी महाराज, २०६४)।

**नदी क्षेत्र वर्गीकरणका आधारहरुः**

(१) नारायण क्षेत्रः जलप्रवाहको चारहात सम्मको क्षेत्र।

(२) गर्भक्षेत्रः भाद्रशुक्ल चतुर्दशीका दिनको गङ्गाप्रवाह क्षेत्रबाट जलप्रवाहको १५० हात क्षेत्र।

(३) गङ्गाक्षेत्रः गङगा गर्भक्षेत्र पछिको सीमाबाट २/२ कोषसम्मको क्षेत्र।

शास्त्रीय मान्यताअनुसार गण्डकी गर्भ क्षेत्रमा कुनै पनि तीर्थालुले आवाश, शौच तथा प्रदूषण जन्य र धर्माचरण विपरित कार्यहरू गर्न निषेध गरिएको छ। गण्डकी गर्भ गण्डकी कै क्षेत्र भएकाले यसलाई अतिक्रमण गरेर निजी भोग तथा व्यवसाय सञ्चालन एवम् आवासीय काममा उपयोग गर्नु तीर्थको अपमान गरेको ठहरिन्छ। यसकारण गण्डकीलाई पवित्र धार्मिक नदीका रूपमा सम्मान र संरक्षणका लागि गण्डकी गर्भ क्षेत्र अतिक्रमण निषेध गरिनु आवश्यक छ।

(१) गण्डकी गर्भक्षेत्र अतिक्रमण गरी बनाइएका सबैखाले गण्डकी प्रवाह बाधक संरचना हटाउन र गण्डकी गर्भक्षेत्र सुरक्षित बनाउनु आवश्यक छ।

(२) गण्डकी गर्भक्षेत्रमा निजी लालपूर्जा प्राप्तगरी कुनै आवासीय संरचना वा व्यवसाय चलाइएको अवस्थामा उनीहरूलाई गण्डकी गर्भ प्रदूषण कर (थप १० प्रतिशत) लगाइनु आवश्यक छ।

(३) गण्डकी गर्भक्षेत्र अतिक्रमण गरी बनाइएका संरचनामा गण्डकीको कुनै पनि बेलाको बाढीले लैजाने जोखिम भएकाले त्यहाँ संरचना बनाउन नदिने, बनाइएमा बाढी प्रकोपका बेलाको जोखिम आफैंले व्यहोर्ने र राज्यसँग माग अपेक्षा नगर्ने लिखत अभिलेख गराएर त्यस्ता जोखिम क्षेत्रको बसोबास निरुत्साहित गर्न आवश्यक छ।

(४) भाद्रशुक्ल चतुर्दशीका दिनको गङ्गा प्रवाह क्षेत्र मापन तथा हालको प्रवाहको १५० हात क्षेत्रलाई मापन गरी सङ्केत लगाएर गण्डकी गर्भक्षेत्र सङ्केत गर्ने र गर्भक्षेत्र अतिक्रमण निरुत्साहित गर्न बनाइएका दण्डका आधारहरू सर्वजनिक सूचना प्रवाह गर्ने।

(५) गण्डकी गर्भ क्षेत्रमा पशुपति, त्रिवेणी, वाराणशी, हरिद्वार जस्तै पेटी बनाएर तीर्थालुहरूका लागि गङ्गा आराधनाको अनुकूल संरचना बनाउनु आवश्यक छ।

# परिच्छेद पाँचः श्रीकृष्णागण्डकी क्षेत्रको आर्थिक विकास

नेपालको संविधानले समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने सपना देखेको छ। उक्त सपनालाई साकार पार्ने हेतुले नेपाल सरकारले आगामी २५ वर्षमा नेपाललाई समुन्नत मुलुकको सूचीमा सूचीकृत गराउने महत्वाकाङ्क्षी लक्ष्य लिएको छ। २५ वर्षे समृद्धिको यात्रालाई तीन खण्डमा विभाजन गरी पहिलो पाँच वर्ष अर्थात् पन्ध्रौं योजना अविधिमा सामाजिक आर्थिक पूर्वाधारहरूको विकास गरी समृद्धिको आधार निर्माण गर्ने। दोस्रो दस वर्षमा समृद्धि र सुखका सुचकहरूमा तीव्र प्रगति हासिल गर्ने। त्यसैगरी, तेस्रो तथा अन्तिम दस वर्षमा समृद्धि र सुखका सूचकहरूमा सन्तुलनसहितको दिगोपना हासिल गरी नेपालको अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र र समृद्ध बनाई समन्यायिक वितरणको माध्यमबाट असमानता न्यून भई अर्थतन्त्र समाजवादतर्फ उन्मुख भएको हुनेछ भन्ने परिकल्पना गरिएको छ (पन्ध्रौं योजनाको आधारपत्र)।

दीर्घकालीन योजनाको आधार वर्षको रूपमा रहेको आ.व. ०७५/७६ मा १८.७ प्रतिशतमा रहेको गरिबीलाई वि.सं. २०८७ सम्म ४.९ र वि.सं. २१०० सम्म शून्यमा झार्ने। उर्जा उत्पादन ४० हजार मेगावाट पुर्याइ प्रति व्यक्ति उर्जा खपत १ सय ९८ किलोवाट घण्टाबाट ३५०० किलोवाट घण्टा पुर्याउने। बेरोजगारी दर ११.४ प्रतिशतबाट ३ प्रतिशतमा झार्ने। औपचारिक क्षेत्रको रोजगारी ३६.५ प्रतिशतबाट ७० प्रतिशत पुर्याउने। औसत आयु ६९.७ वर्षबाट ८० वर्ष पुर्याउने। प्रतिव्यक्ति आय १,०४७ अमेरीकी डलरबाट १२,१०० पुर्याउने लक्ष्य राखिएको छ। त्यसैगरी, राष्ट्रिय तथा प्रादेशिक लोकमार्ग ६,९७९ कि.मि. बाट ३३,०००कि.मि. पुर्याउने। अहिले शून्यको अवस्थामा रहेको दुर्तमार्गलाई २,००० कि.मि. र हाल ४२ कि.मि.मा सीमित रहेको रेलमार्ग २,२०० कि.मि. पुर्याउने चुनौंतीपूर्ण परिमाणात्मक लक्ष्यहरू तय गरिएको छ (पन्ध्रौं योजना)।

सङ्घीय सरकारले परिकल्पना गरेका उल्लेखित लक्ष्यहरू प्राप्तिको दायित्व भने सबै तहका सरकारहरूको हो। सोही अनुरूप प्रदेश र स्थानीय सरकारहरू त्यस दिशामा अग्रसर हुन थालेका छन्। गण्डकी प्रदेश सरकारले आफ्नो प्रथम पञ्चवर्षीय योजना मार्फत् प्रदेशको समग्र आर्थिक विकासका लागि कृषि, उद्योग, उर्जा, पर्यटन, पूर्वाधार र सुशासन लगायतका ७ वटा क्षेत्रलाई समृद्धिका सम्वाहक मानेको छ भने यहाँको प्राकृतिक सौन्दर्य, जैविक विविधता, सामाजिक विविधता र सांस्कृतिक सम्पन्नता, एवम् जनसांख्यिक लाभलाई सहयोगी क्षेत्र मानेको छ।

त्यसैगरी, (क) उपलब्ध स्रोत साधनको कुशल परिचालन र दक्षतापूर्ण विनियोजनबाट दिगो तथा उच्च आर्थिक वृद्धि हासिल गर्ने, (ख) चालु खर्चलाई आन्तरिक स्रोतबाट धान्न सक्ने अवस्थाको सृजना गर्ने, (ग) वित्तीय हस्तान्तरणको माध्यमबाट प्राप्त सबै प्रकारका अनुदानको प्रभावकारी उपयोग गरी प्रादेशिक विकास गर्ने, (घ) निजी तथा सहकारी क्षेत्रको पूँजीलाई उत्पादनमुलक क्षेत्रमा आकर्षित गरी गण्डकी प्रदेशको समृद्धि हासिल गर्ने, (ङ) वैदेशिक लगानीको परिमाण तथा गुणस्तरमा वृद्धि गर्दै प्रादेशिक आर्थिक, सामाजिक विकास गर्ने, (च) पूर्वाधार तथा उत्पादनको क्षेत्रमा लगानी वृद्धि गर्न सार्वजनिक ऋणको प्रभावकारी परिचालन गर्ने र (छ) बचतको प्रभावकारी परिचालन गर्दै पूँजी निर्माण तथा उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्ने लक्ष्यहरू अंगिकार गरेको छ (प्रदेश नीति तथा योजना आयोग, २०७६)। गण्डकी प्रदेशमा नवलपुर र पोखरा महानगरको सहरी क्षेत्रवाहेक अन्य स्थानहरूमा जनसङ्ख्या विस्तारै घट्दोक्रममा छ। यसो हुनुमा पछिल्ला वर्षहरूमा ती ग्रामीण क्षेत्रहरूमा मानिसहरूलाई बाहिर धकेल्ने कारक तत्वहरू बढी प्रभावकारी भएका हुनसक्दछन्। मानिसहरूलाई थातथलोबाट बाहिर धकेल्ने तत्वहरू के के हुन् ? रोजगारीको स्थिति के छ? सम्भावनाहरू के छन् ? सबै प्रकारका स्रोत र साधनहरूको परिचालन र उपयोग खास प्रकारका सीप भएको मानवीय स्रोतबाट मात्र सम्भव हुने भएकोले स्थानीय स्तरमा कस्तो किसिमको जनशक्ति उपलब्ध छ? उक्त समुदायको विकासका लागि त्यो जनशक्तिको क्षमताको उपयोग कसरी भएको छ? उपलब्ध जनशक्तिको समुचित उपयोग कसरी हुन सक्ला ? नेपालमा केही दशक अघिसम्म पूर्वाधारहरूको विकास सहरी क्षेत्रमा हुने गर्थ्यो तर धेरै मानिस गाउँमा

बस्थे। अहिले पूर्वाधार विकासको गतिले सहरमा भन्दा गाउँमा तीव्रता पाएको छ। तर गाउँमा बसोबास गरिरहेका धेरै मानिसहरू सहरतिर आकर्षित भईरहेका छन्। यस्तो किन भैरहेको छ? यसलाई चलिरहने स्वाभाविक प्रक्रियाको रूपमा स्वीकार्ने हो कि बसाइसराइका कारक तत्वहरूबारे गम्भीर हुनु पर्ने हो ?

प्रदेशको अर्थतन्त्रमा विप्रेषणको उल्लेख्य प्रभाव रहेको छ। आ.व. ०७४/७५ मा मात्रै गण्डकी प्रदेशले कूल १ खर्व ७ अर्व विप्रेषण प्राप्त गरेको थियो। तर विप्रेषणको यति ठूलो रकम उत्पादनमूलक क्षेत्रमा लगानी नगरी उपभोग्य सामान खरिदमा प्रयोग हुने गरेको छ। उपरोक्त सवालहरूको लेखाजोखा पश्चात मात्र कृष्णागण्डकी आसपासमा आर्थिक विकासका लागि के कस्ता गतिविधि आवश्यक हुन सक्दछन् भन्ने कुराको जवाफ मिल्न सक्छ। यस खण्डमा गण्डकी प्रदेश अन्तर्गत खासगरी कृष्णागण्डकी आसपासका नागरिकहरूको जीवनस्तर उकास्नका लागि अथवा आर्थिक समृद्धिका लागि विभिन्न तहका सरकारहरूबाट भएका प्रयासहरू एवम् चुनौंती र अवसरका बारेमा चर्चा गरिएको छ।

## ५.१ कृषि विकासमा गण्डकी प्रदेश सरकारका प्रयासहरू

गण्डकी प्रदेशको कूल भूमि मध्ये केवल २२.२ प्रतिशत भू-भाग अर्थात् ४८७,८२३ हेक्टर जमिन खेतीयोग्य छ। जसमध्ये ७६ प्रतिशत जमिनमा मात्र आंशिक रूपमा खेती गरिएको छ। खेती गरिएको जमिन मध्ये पनि केवल ३६.१ जमिनमा मात्र सिँचाई सुविधा पुगेको छ । सिँचित जमिन मध्ये पनि केवल ४६.१ प्रतिशत जमिनमा मात्र बाह्रै महिना सिँचाई सुविधा उपलब्ध छ। गण्डकी प्रदेशका १८ प्रतिशत घरपरिवार मौसमी खाद्य सङ्कटमा छन् भने ६ प्रतिशत घरपरिवार उच्च खाद्य सङ्कटमा छन् (प्रदेश नीति तथा योजना आयोग, २०७६)। प्रदेशको सहरी अर्थतन्त्र आयातित सामान बेच्ने र ग्रामीण क्षेत्र तिनै आयातित सामान उपभोगमा रमाई रहेको छ। यसप्रकार मनसुनमा आधारित, निर्वाहमुखी र परम्परागत खेती प्रणाली न्यून उत्पादन र उत्पादकत्व गण्डकी प्रदेशको कृषि क्षेत्रको समस्या रहेको छ भने कृषिको यन्त्रिकीकरण अर्थात् आधुनिकीकरण एवम् व्यावसायीकरण गरी उच्च उत्पादकत्व र उत्पादन हासिल गर्न जुन रूपमा कदम चालिनु पर्थ्यो त्यो हुन सकेको छैन।

उपरोक्त चुनौंतीहरूलाई सामना गर्न गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा पर्यटन, कृषि, उर्जा, उद्योग, पूर्वाधार र मानव संसाधन विकासको माध्यमबाट समतामुलक तथा फराकिलो उच्च आर्थिक वृद्धि हासिल गरी समृद्ध प्रदेशको निर्माण गर्ने उद्देश्य राखी पर्यटन र कृषिलाई महत्व दिईएको छ। यसका लागि हालको निर्वाहमुखी कृषि प्रणालीलाई यन्त्रिकीकरण र व्यवसायीकरण, सिँचाई सुविधाको बिस्तार, उच्च उत्पादन दिने उन्नत बीउ र प्राविधिक सहयोगको बिस्तार गरी कृषि र पशुपालन क्षेत्रमा उच्च उत्पादन र उत्पादकत्व हासिल गर्ने रणनीति गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा तय गरिएको छ।

त्यसैगरी, आ.व. ०७७/७८ र ०७८/७९ को बजेटमा कृषि कार्यका लागि चक्लाबन्दी भएका र कृषि पकेटक्षेत्र लक्षित विशेष सिँचाई कार्यक्रम सञ्चालन गर्ने, मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ कार्यक्रम, एक पालिका-एक उत्पादन कार्यक्रम, मनाङ, मुस्ताङ र गोरखा जिल्लामा उच्च घनत्वमा आधारित स्याउ खेती विकास कार्यक्रम, बाली तथा पशुपन्छी बीमा कार्यक्रम, एक सहकारी - एक उत्पादन आदि कार्यक्रमहरू रहेका थिए। तर प्रथम पञ्चवर्षीय योजनाको मध्यावधिसम्म आईपुग्दा उक्त योजनाको कार्यान्वयन पक्ष भने कमजोर देखिएको छ।

## ५.२ कृषि विकासमा स्थानीय तहका प्रयासहरू

कृषि क्षेत्रको विकासका लागि सबै स्थानीय तहहरूले आ-आफ्नो तहबाट क्षमता अनुसार प्रयास गरेका छन्। नगरप्रमुख कृषि विकास आयोजना सबै नगरपालिकाहरूमा कार्यान्वयनमा छ भने गाउँपालिकाहरू पनि सबै कृषि क्षेत्रको विकासमा केन्द्रित छन्। स्याङ्जा जिल्लाको चापाकोट गाउँपालिकाले कृषि गुरुयोजना तयार गरेको छ। जसमा कृषि क्षेत्रमा उपयुक्त प्रविधिको प्रयोग, लगानीमा वृद्धि, कृषि विकासका लागि आवश्यक पूर्वाधारहरूको विकास, बजार विकास

र जनशक्ति विकास आदि विषयलाई प्राथमिकता दिइएको छ। सबै स्थानीय तहहरूले कृषिको गुरुयोजना निर्माण नगरेको भएतापनि कृषि विकाससम्बन्धी विभिन्न आयोजनाहरू भने सञ्चालन गरेका छन्।

पर्वतको मोदी गाउँपालिकाले बाँझो जग्गालाई अधिकतम सदुपयोगका लागि आव ०७८/७९ को बजेट मार्फत् भूमि बैंक स्थापना गर्ने कार्यक्रम घोषणा गरेको छ। बागलुङ नगरपालिकाले कृषि उत्पादनलाई प्रोत्साहन गर्न कृषि बजार केन्द्रको स्थापना गरेको छ। म्याग्दी जिल्लाको रघुगङ्गा गाउँपालिकाले कृषिको आधुनिकीकरण, यन्त्रिकीकरण, विशिष्टिकरण र व्यवसायीकरणका लागि कृषि बीमाको व्यवस्था गरेको छ। स्याङ्जाको गल्याङ नगरपालिकाले सबै पशु र १ रोपनीभन्दा बढी क्षेत्रफलमा तरकारी खेती गर्ने किसानहरूको तरकारीको निःशुल्क बीमा गरिदिने। जतिनै परिमाणमा उत्पादन भएको भए पनि किसानसँगको अदुवा प्रतिकिलो रु. ५० मा खरिद गरिदिने। सबै किसिमका उत्पादनसँग जोडिएका किसानहरूलाई वर्गीकरण गरी उनीहरूलाई व्यवसायिक कृषि कार्डको व्यवस्था गर्ने जस्ता कार्यक्रमहरू गल्याङ नगरपालिकाले आ.व. ०७८/७९ को बजेटमा समावेश गरेको छ।

"बुलिङटार समृद्धिको आधारः कृषि, पर्यावरण र पूर्वाधार" लाई आफ्नो प्रथम पञ्चवर्षीय योजना को दीर्घकालीन सोच बनाएको पूर्वी नवलपरासीको बुलिङटार गाउँपालिकाले "व्यावसायिक कृषि तथा पशुपालन, समृद्ध गाउँपालिका निर्माण" लाई कृषि विकासको सोच बनाएको छ। उक्त सोचलाई सफल बनाउन (क) रैथानै बालीको उत्पादन तथा पशुपंछीपालनलाई व्यावसायिक तथा यन्त्रिकीकरणको माध्यमबाट प्रतिष्पर्धात्मक लाभका आधारमा विकास गर्ने, (ख) कृषि भूमिको संरक्षण र चक्लाबन्दीलाई प्रोत्साहन गर्दै साझेदारी, सामूहिक, सहकारी र करार खेतीलाई प्रोत्साहित गर्ने, र (ग) कृषिको औद्योगिकिकरण गर्ने रणनीतिहरू अवलम्बन गरेको छ। त्यसैगरी, पूर्वी नवलपरासीकै गैंडाकोट नगरपालिकाले आ.व. ०७८/७९ को नीति तथा कार्यक्रममा बाँझो जग्गा रहित नगरलाई प्रोत्साहन गर्दै हरेक वडाभित्रका बाँझो जग्गालाई उत्पादनमा प्रयोग गर्ने योजना बनाएको छ।

## ५.३ पर्यटन विकासमा स्थानीय तहका प्रयासहरू

विश्वव्यापीकरणको यस युगमा व्यापारलाई समृद्धिको मुख्य आधार मान्ने गरिएको छ। यसैक्रममा विश्वमा अहिले सबैभन्दा द्रुत गतिमा विकास र बिस्तार भएको उद्योग पर्यटन हो। प्राचीन समयमा मानिसहरू आफ्नो आवश्यकता पूरा गर्न, अध्ययन अनुसन्धान गर्न तथा वरपरको वस्तुस्थिति जान्न र बुझ्ने उत्सुकताबाट सुरू भएको भ्रमण कार्यले आज अन्तरिक्ष पर्यटनको रूप लिइसकेको छ। विभिन्न पेशा, व्यवसाय, रोजगारी, अध्ययन, सेमिनार, गोष्ठी, तथा भेलाको उद्देश्यले आधुनिक विश्वमा मानिसहरू आवतजावत गर्ने क्रम बढ्दै जाँदा पर्यटन गतिविधि पनि बढेर गएको छ। यहाँसम्मकी उच्चस्तरीय कुटनीतिक भ्रमणको छोटो यात्रामा पनि कुनै न कुनै पर्यटकीय गतिविधिका लागि समय निकाल्ने गरेको पाइन्छ। एडवर्ड सप्तम बृटिश शासनकालमा भारत आउँदा नेपालको ठोरी जङ्गलमा शिकारका लागि आउनु अनि सन २०१३ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मि कार्टर नेपालको पाँचदिने भ्रमणमा आउँदा एकदिन गोकर्णमा चरा अवलोकनमा बिताउनुलाई यस सम्बन्धी महत्वपूर्ण उदाहरणको रूपमा लिन सकिन्छ (जिविस तनहुँ, २०७०)।
विगत केही वर्षदेखि कुटनीतिक नियोग एवम् दुतावासका कर्मचारीहरू बिदा मनाउन अन्नपूर्ण, लाङ्टाङ, माथिल्लो मुस्ताङ, हेलम्बु, कोशीटप्पु, चितवन र बर्दिया राष्ट्रिय निकुञ्ज आदि स्थानहरूको यात्रामा जाने गर्थे भने हाल नेपालीहरू पनि केही दिनका लागि मात्रै भए पनि घरबाट अलि टाढा निस्कने गरेको पाइन्छ। आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्नका लागि गण्डकी प्रदेश सरकारले प्रदेश अन्तर्गतका कर्मचारीहरूलाई भ्रमणका लागि एक महिनाको तलब बराबरको रकम पनि उपलब्ध गराउने गरेको छ। यसले आन्तरिक पर्यटन प्रवर्द्धनमा सहयोग पुर्याएको छ।

विश्वमा आधुनिक पर्यटनको सुरुआत सन् १८४१ तिरबाट सुरूभएको मानिन्छ भने नेपालमा सर्वप्रथम सन् १८९९ मा जापनिज नागरिक इकाई कावागोचीले अन्नपूर्ण क्षेत्रको भ्रमण गरे पश्चात पर्यटनको प्रारम्भ भएको मानिन्छ (जिविस तनहुँ, २०७०)। प्राचीनकालमा चिनीयाँ यात्रीहरू हुयनसाङ्ग र भारतका सम्राट अशोकको नेपाल भ्रमण महत्वपूर्ण मानिन्छ।

तत्पश्चात नेपाल एकीकरणको समय पूर्व अर्थात् सन् १८१४ सम्म नेपाल विदेशीहरूको लागि लगभग बन्द जस्तै रह्यो। सन् १८१६ को सुगौली सन्धी पश्चात विदेशीहरू खासगरी वृटिशहरूको नेपाल भ्रमणको क्रम बढ्न थाल्यो भने नेपालबाट सन् १८५० मा जंगबहादुर राणाको वेलायत भ्रमण, १८९३ मा वीरशमशेरको भारत भ्रमण, सन् १९११ मा वेलायतका राजा जर्ज पाँचौंको नेपाल भ्रमण तथा सन् १९०८ मा चन्द्रसमशेरको वेलायत भ्रमण उच्चस्तरीय भ्रमणका महत्वपूर्ण थालनी हुन्। सन् १९२० तिरबाट हिमालय पर्वतको श्रृङ्खलाबद्ध अन्वेषण एवम् सन् १९२४ बाट हिमाल आरोहणको थालनी भएतापनि सन् १९५० मा फ्रेन्च आरोही मोरिस हरजोगले अन्नपूर्ण हिमालको प्रथम सफल आरोहण र सन् १९५३ मा सर एडमण्ड हिलारी र तेन्जिङ्ग नोर्गेले सगरमाथाको सफल आरोहण गरे। तत्पश्चात सन् १९५५ मा थोमस कूक एण्ड सन्स नामक ट्राभल एजेन्सीले हवाई मार्गबाट पहिलो पटक नेपालमा ६० जना विदेशी पर्यटक भित्र्यायो। तब नेपाल विश्व पर्यटन बजारमा विस्तारै परिचित हुन गयो। अहिले विश्वका २०० वटा मुलुकहरू मध्ये घुम्नै पर्ने १० देशहरू मध्ये आठौं नम्बरमा नेपाल सूचीकृत छ, (Lonely Planet Travel Guidebook, 2021)।

स्थानीय स्तरमा पर्यटनसम्बन्धी कृयाकलापहरूलाई प्रवर्द्धन गर्न सम्बन्धित स्थानीय तहरूले पनि स्वतन्त्र रूपमा आ-आफ्नो तरिकाले योजना र कार्यक्रमहरू बनाई कार्यान्वयन गरी रहेका छन्। पर्वतको मोदी गाउँपालिका र स्याङ्जाको चापाकोट नगरपालिकले पर्यटन गुरुयोजना निर्माण गरीरहेका छन्। त्यसैगरी, पूर्वीनवलपरासीको बुलिङटार गाउँपालिकाले पनि पर्यटन विकासको गुरुयोजना निर्माण गर्ने र भारतीपुरलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने घोषणा प्रथम आवधिक योजना मार्फत् गरेको छ।

स्याङ्जा जिल्लाको चापाकोट नगरपालिकाले सहासिक पर्यटन, धार्मिक एवम् सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्दै स्थानीय उत्पादनसँग अग्र र पृष्ठ सम्बन्ध भएको गुणस्तरीय पर्यटन सेवाको सुदृढीकरण र बिस्तार गरी रोजगारी सृजना, गरिबी निवारण र स्थानीय अर्थतन्त्रको आधारशिला तयार गर्ने विषय आफ्नो पहिलो पञ्चवर्षीय योजनामा समावेश गरेको छ। त्यसैगरी, राम्दीलाई विशेष पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सङ्घ र प्रदेश सरकार समेतको संलग्नतामा पर्यटन गुरुयोजना बनाउने र राम्दी तथा उत्तरबाहिनी क्षेत्रलाई ध्यान तथा योगकेन्द्र एवम् सांस्कृतिक अध्ययन केन्द्रको रूपमा विकास गर्ने घोषणा गरिएको छ।

## ५.४ जलसम्पदाको बहुउपयोग र आर्थिक विकास

जलसम्पदाले प्राकृतिक प्रणालीहरू, समाजहरू र अर्थतन्त्रहरूलाई जीवनदान उपलब्ध गराउँछ। प्रारम्भिक मानव सभ्यताहरू नदी किनारमा नै उद्भव र विकास भएका थिए। नदीहरूले मानिसका लागि खानेपानीको आपूर्ति तथा सरसफाइ सेवा, कृषि तथा खाद्यान्न उत्पादनका लागि सिंचाई, मत्स्यपालन, उद्योग र घरपरिवारका लागि कच्चापदार्थ तथा फोहर उत्सर्जन, अर्थतन्त्र सञ्चालनका लागि उर्जा, पर्यावरणीय वस्तु तथा सेवाहरू, बाढी संकेत, मानिसका लागि धार्मिक, सांस्कृतिक तथा मनोरञ्जनात्मक मूल्य जस्ता बहुआयामिक सेवाहरू उपलब्ध गराउँछन। यसर्थ पानीको आपूर्तिले देशको आर्थिक विकासलाई तीव्रता दिने काम गर्दछ। कुनै पनि देशको समग्र विकास रणनीति र समग्र आर्थिक नीतिहरूले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा पानीसँग सम्बन्धित गतिबिधीहरूमा लगानी र मागलाई प्रभाव पार्दछन। यसर्थ पानी र अर्थतन्त्र एकआपसमा सम्बध्द छन्। पानी तथा नदीहरू विशेषत कालीगण्डकी नदीको यसभन्दा माथिका शीर्षकहरू तथा उपशीर्षकहरूमा उल्लेखित धार्मिक, सांस्कृतिक र पर्यटकीय महत्वहरू बाहेक अर्थव्वस्थामा बहुउपयोगको आर्थिक महत्वलाई तलका उपशिर्षकहरूमा उल्लेख गरिन्छ।

जलसम्पदाले प्राकृतिक प्रणालीहरू, समाजहरू र अर्थतन्त्रहरूलाई जीवनदान उपलब्ध गराउँछ। प्रारम्भिक मानव सभ्यताहरू नदी किनारमा नै उद्भव र विकास भएका थिए। नदीहरूले मानिसका लागि खानेपानीको आपूर्ति तथा सरसफाइ सेवा, कृषि तथा खाद्यान्न उत्पादनका लागि सिंचाई, मत्स्यपालन, उद्योग र घरपरिवारका लागि कच्चापदार्थ तथा फोहर उत्सर्जन, अर्थतन्त्र सञ्चालनका लागि ऊर्जा, पर्यावरणीय वस्तु तथा सेवाहरू, बाढी संकेत, मानिसका लागि

धार्मिक, सांस्कृतिक तथा मनोरञ्जनात्मक मूल्य जस्ता बहुआयामिक सेवाहरू उपलब्ध गराउँछन। यसर्थ पानीको आपूर्तिले देशको आर्थिक विकासलाई तीव्रता दिने काम गर्दछ। कुनैपनि देशको समग्र विकास रणनीति र समग्र आर्थिक नीतिहरूले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा पानीसँग सम्बन्धित गतिबिधीहरूमा लगानी र मागलाई प्रभाव पार्दछन। यसर्थ पानी र अर्थतन्त्र एकआपसमा सम्बध्द छन्। पानी तथा नदीहरू विशेषत कालीगण्डकी नदीको यसभन्दा माथिका शीर्षकहरू तथा उपशीर्षकहरूमा उल्लेखित धार्मिक, सांस्कृतिक र पर्यटकीय महत्वहरू बाहेक अर्थव्वस्थामा बहुउपयोगको आर्थिक महत्वलाई तलका उपशीर्षकहरूमा उल्लेख गरिन्छ।

## ५.४.१ खानेपानी तथा सरसफाइमा पहुँच र आर्थिक विकास

समाजका कृषि, उद्योग र सेवा क्षेत्र जस्ता आर्थिक क्षेत्रहरू जलस्रोत र सम्बन्धित सेवामाथि निर्भर हुन्छन्। जल सेवामा पहुँच र व्यवस्थापनमा सुधार हुँदा व्यवसायिक उत्पादकत्व र विकासमा वृद्धि मार्फत आर्थिक वृद्धिमा योगदान पुग्दछ। यसले मानवीय स्वास्थ्य, उत्पादकत्व र स्वत्वमा महत्वपूर्ण सुधार समेत ल्याउँछ। शुद्ध खानेपानीमा गृहस्थको पहुँचमा ०.३ प्रतिशत वृद्धि हुँदा कुल ग्रार्हस्थ उत्पादनमा १ प्रतिशत वृद्धि हुने कुरा विभिन्न अनुसन्धानले देखाएका छन् (GONS , 2005)। त्यस्तै आर्थिक वृद्धिले जल व्यवस्थापन र सेवा सुधारमा लगानी पनि बढाउँछ। शुद्ध खानेपानीमा पहुँचले मानव स्वास्थ्यमा सुधार, पानी सम्बन्धी रोग र बिरामीमा कमी, महामारीमा कमी, बाल सिकाईमा सुधार तथा सज्ञानात्मक क्षमतामा सुधार र मानव स्रोतको उत्पादकत्वमा वृद्धि गराउँछ।

कालीगण्डकी नदी र यसका सहायक नदीहरू यसको जलाधार क्षेत्रका गाउँ बस्ती तथा शहरहरूमा मानव बसोवास कालदेखि नै खानेपानीको स्रोतका रूपमा प्रयोग हुँदै आएको पाइन्छ। शुद्ध खानेपानी आपूर्तिबाट तात्कालीन र दीर्घकालीन लाभहरू प्राप्त गर्न सकिन्छ। विश्वव्यापी रूपमा शुद्ध खानेपानीको माग बढ्दै गएको तथा आपूर्तिमा सीमितताका कारणले गर्दा शुद्ध खानेपानीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार बढ्दै गएको सन्दर्भमा कालीगण्डकी नदी र यसका सहायक नदीहरूबाट यस क्षेत्रका गाउँ, बस्ती, टार, नगर र शहरहरूमा शुद्ध खानेपानीको सहज आपूर्तिका साथै शुद्ध खानेपानीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार मार्फत ठूलो परिणाममा आय आर्जन गर्ने सम्भावना पनि रहेको पाइन्छ।

## ५.४.२ जल सम्पदा र कृषि तथा खाद्यान्न उत्पादन

कृषिको दिगो वृद्धिको लागि पानी प्रयोगको दक्षतामा सुधार वर्षाको विभिन्नता, बाढी तथा खडेरीबाट कृषि तथा मत्स्यपालकहरूको सुरक्षाका लागि आवश्यक छ। नेपाल जस्ता विकासोन्मुख मुलुकमा कृषि तथा खाद्यान्न उत्पादन क्षेत्र पानीको सबैभन्दा बढी प्रयोगकर्ता हुन। जनसंख्याको ठूलो हिस्सालाई यस क्षेत्रले परापूर्वकालदेखि रोजगारको अवसर उपलब्ध गराउँदै आएको पाइन्छ। विगतमा कुल राष्ट्रिय उत्पादनको मूल हिस्सा योगदान गर्ने यो क्षेत्रले उत्पादकत्वमा कमीका कारणले हाल राष्ट्रिय उत्पादनमा केवल एक चौंथाई योगदान गरेको पाइन्छ। कुनैपनि प्रभावकारी गरिबी निवारण रणनीतिले खाद्यान्न उत्पादन सँगै जलस्रोत व्यवस्थापनलाई समेत समेट्नु पर्दछ। नेपाल जस्तो वर्षामा आधारित कृषि रहेका देशमा अर्थव्यवस्थाका अन्य क्षेत्रको जल माग पूरा गर्न र सिँचाई विस्तार गर्नका लागि जल सञ्चय र जल वितरण तथा प्रवाहमा महत्वपूर्ण लगानी गर्न आवश्यक छ। यस दृष्टिकोणबाट कालीगण्डकी नदी र यसका सहायक नदीहरूबाट यसको जलाधार क्षेत्र र अन्तर जलाधार क्षेत्रमा रहेका उपत्यकाहरू, किनाराका टारहरू तथा बेंसीहरूमा ठूलो मात्रामा सिँचाई सुविधा बिस्तार गर्न सकिने सम्भावना रहेको पाइन्छ। कालीगण्डकी नदी किनाराको भागभन्दा अलि तलबाट बगेको भएतापनि सतह सिंचाईका लागि जलाशय मार्फत जलसञ्चय र लिफ्ट सिंचाईका उपायहरूको प्रयोग गरी मुस्ताङ, म्याग्दी, गुल्मी र बाग्लुङ जिल्लाका नदी किनारका बेंसी तथा फाँटहरू पर्वत जिल्लाका पाङ र फलेबास, स्याङ्जा जिल्लाका सुन्तलीटार र चापाकोट, तनहुँ जिल्लाका रुपटार, पिपलटार, नयाँटार, करुवाटार,

गडौलीटार, बनटार, पुट्टार, अत्रौलीटार, जगौलीटार, नाङ्गेटार, भनटार पुर्वी नवलपुरको बुलीङ्गटार र पाल्पा जिल्लाको रामपुर जस्ता हजारौं हेक्टरका टारहरूमा सिँचाई सुविधामा बिस्तार गर्न सकिने पर्याप्त सम्भावना रहेको देखिन्छ।

### ५.४.३ मत्स्यपालन

एशिया महादेश लगायतका मानिसहरूको खाद्यान्न र आयको महत्वपूर्ण स्रोत ताल, नदी र अन्य शुद्ध जल पारिस्थितिक प्रणालीमा मत्स्यपालन व्यवसाय हो। धेरैका लागि माछा प्रोटिनको मूल स्रोत हो। कालीगण्डकी नदी र यसका सहायक नदीहरूको किनारका टार तथा बेंसीहरूमा परापूर्वकालदेखि नै बसोबास गर्दै आएका माझी, बोटे, दराई आदि जातिहरूले जीविकोपार्जनका रुपमा नदीमा माछा मार्ने व्यवसाय अवलम्बन गर्दै आएको पाइन्छ। नदीहरू, पोखरीहरू, जलाशय तथा सिमसार क्षेत्रमा मत्स्यपालन व्यवसाय सञ्चालन गर्न सकिन्छ तर जलस्रोतको अति दोहन र कुव्यवस्थापन मार्फत पारिस्थितिक प्रणाली विनाशले माछा मार्ने लगायतका व्यवसाय मार्फत जीविकोपार्जन गर्ने बाग्लुङ, पर्वत, स्याङ्जा, गुल्मी, पाल्पा, तनहुँ र पूर्वी नवलपरासी जिल्लाका यस्ता गरिव हजारौं मानिसहरूको जीविकोपार्जनमा संकट सिर्जना भएको पाइन्छ। मत्स्यपालनको मूल्य अस्वीकार्य भएपनि अल्पकालीन स्वार्थको पछि बढी लाग्दा तिनको दिगो प्रयोग र सम्बर्द्धनलाई नजरअन्दाज गरिएको छ।

### ५.४.४ जलसम्पदा र औद्योगिक विकास

व्यवसाय विकास र लगानी जोखिम कम गर्न भरपर्दो र पर्याप्त पानीको आपूर्ति महत्वपूर्ण हुन्छ। औद्योगिक व्यवसायहरूले चिस्यान र यातायात, बाफ वा विद्युत निर्माण, सरसफाइ र फर्मको उत्पादनको महत्वपूर्ण कच्चा वस्तु लगायत विभिन्न प्रयोजनका लागि पानीको प्रयोग गर्दछन्। धेरै अर्थतन्त्रमा उच्च प्रविधि उद्यम बढ्दै गएको सन्दर्भमा पानीको मात्राको उपयोग पनि बढ्दै गएको पाइन्छ। कालीगण्डकी नदी र यसका सहायक नदीहरूबाट यसको जलाधार क्षेत्र तथा अन्तर जलाधार क्षेत्रमा रहेका शहरहरू लगायतमा औद्योगिक विकासका लागि आवश्यक पानीको आपूर्ति गर्न सकिने पर्याप्त सम्भावना रहेको पाइन्छ।

### ५.४.५ जलविद्युत उत्पादन तथा जलभण्डारण पूर्वाधार विकास

कुनैपनि देशको आर्थिक विकास तथा समृद्धिका लागि जलस्रोत व्यवस्थापन र खानेपानी तथा सरसफाइ सेवाको पहुँचमा सुधार, व्यवस्थित र सुनियोजित जल पूर्वाधार संरचनाहरूको भण्डार महत्वपूर्ण तत्वहरू हुन्। साना तथा ठूला बाँध र जलाशयहरूले ऊर्जा उत्पादन, बाढी नियन्त्रण र कृषि तथा घरायसी उपयोगमा पानी आपूर्ति जस्ता सेवाहरू उपलब्ध गराउँछन जुन जिविकोपार्जनमा सुधार र आय वृद्धिका अवसरहरू उपलब्ध गराउन महत्वपूर्ण हुन्छन। नहरहरू, प्रवाह र सिंचाई जल व्यवस्थापन र सेवाहरू निर्भर रहने पूर्वाधारका भण्डारका अंगहरू हुन। जल पूर्वाधारहरूले मौसमी र अन्तर मौसमी पानी आपूर्तिको विभिन्नतालाई सम्बोधन गर्ने जलव्यवस्थापन सेवा उपलब्ध गराउँछ। नेपाल जस्ता ठुलो मात्रामा वर्षाको समय र स्थानगत विभिन्नता हुने जलवायू क्षेत्र र मनसुनी जलवायू क्षेत्रका लागि यस्तो सेवा अझ बढी महत्वपूर्ण हुन्छ । पर्याप्त जलनियन्त्रण पूर्वाधार विनाको अर्थव्यवस्था बढी जलसम्बन्धी संकटमुखी हुन्छ। यसर्थ जलसुरक्षा गर्न ठुलो र सानो स्तरका जल पूर्वाधारहरू विकास गर्न आवश्यक छ।

जलविद्युत जस्तो ऊर्जा सेवा तताउने, पकाउने र उज्यालो बनाउने जस्ता दैनिक जीवनका क्रियाकलापहरूका लागी वरदान मात्र नभई कृषि उपकरण र ग्रामीण तथा शहरी अर्थतन्त्रका उत्पादकीय क्रियाकलापहरू सञ्चालन गर्न महत्वपूर्ण हुन्छ। नेपाल जस्तो खनिज इन्धनमा आधारित अर्थतन्त्रमा खनिज इन्धन माथिको निर्भरतामा कमी गर्न, हरित गृहग्यास उत्सर्जनलाई सीमित गर्न, गरिबी निवारण र निर्यात मार्फत विदेशी मुद्रा आर्जन गरी आर्थिक वृद्धि र समृद्धि प्राप्त गर्न जलविद्युत शक्तिको विकास गर्न आवश्यक छ। जलभण्डारण गर्ने बाँध तथा जलाशय परियोजनाहरूबाट

प्रत्यक्ष विस्तारकारी आर्थिक लाभका साथै नाप गर्न नसकिने तर महत्वपूर्ण अप्रत्यक्ष विस्तारित लाभहरूसमेत प्राप्त हुन्छन। घरपरिवारहरूलाई शुद्ध र सुरक्षित खानेपानी आपूर्ति गर्न, कृषि तथा खाद्यान्न उत्पादनका लागि सिंचाई सुविधा विस्तार गर्न, उद्योगलाई पानी आपूर्ति गर्न उर्जाको नवीकरणीय स्रोतका रूपमा रहेको जलविद्युत उत्पादन गर्न ठुला र साना स्तरका जल भण्डार क्षमता भएका जल व्यवस्थापन पूर्वाधारहरू विकास गर्न आवश्यक छ। यस्ता पूर्वाधारहरू आर्थिक स्थिरता, आर्थिक वृद्धि, समृद्धि र गरिवी निवारण रणनीतिका आधार हुन। कालीगण्डकी नदी र यसका सहायक नदीहरूमा पर्याप्त जलप्रवाह रहेको हुनाले जोखिम र पर्यावरणीय सेवा संवेदनशील उपर्युक्त जल पूर्वाधारहरू विकास गर्न सकिने पर्याप्त सम्भावनाहरू विद्यमान रहेको देखिन्छ। यसै कुरालाई दृष्टिगत गरी गण्डकी प्रदेश सरकारले कालीगण्डकी नदीलाई आफ्नो समृद्धिको आधारका रुपमा लिएको पाइन्छ। कालीगण्डकी नदी र यसका सहायक नदीहरूमा जलविद्युत उत्पादनको पर्याप्त सभावना रहेको पाइन्छ। यो सभावनाको यथोचित उपयोग गर्न सकेमा यसले गण्डकी प्रदेश र यहाँका जनताको उर्जाको मागको आपूर्ती र समृद्धिका साथै मुलुकको ऊर्जा माग आपूर्ती र उर्जा निकासी मार्फत नेपालको समृद्धिमा नै महत्वपूर्ण योगदान पुर्याउने देखिन्छ। कृष्णागण्डकी नदी र यसका सहायक नदीहरूको जलसम्पदा उपयोग गरी जलविद्युत उत्पादन गर्ने सन्दर्भमा हाल म्याग्दी जिल्लामा कालीगण्डकी नदीका सहायक नदीहरू म्याग्दी, मिस्त्री र राहुखोलामा मिस्त्री जलविद्युत, घलेम्दी जलविद्युत र तातोपानी साना जदविद्युत आयोजनाबाट ४९ मेगावाट क्षमताका आयोजनाहरूको निर्माण सम्पन्न भैसकेको छ भने राहुघाट लगायतका करीव ७४ मेगावाट क्षमताका ३ आयोजनाहरू निर्माणाधिन अवस्थामा रहेका र कालीगण्डकी गर्ज लगायतका ६३५ मेगावाटका १७ आयोजनाहरू निर्माणको अनुमती प्राप्त गरी निर्माणको विभिन्न चरणमा रहेका र १४०.१३ मेगावाट क्षमताका १४ वटा आयोजनाले अध्ययन अनुमती पाएका छन् [उर्जा खवर]। यस्तै पर्वत जिल्लामा काली गण्डकीको सहायक नदी मोदीखोलामा ११६ मेगावाट क्षमताका मोदी खोला ,तल्लो माथिल्लो मोदी लगायतका ६ वटा आयोजनाहरूबाट विद्युत उत्पादन भैरहेको र अपरमोदी निर्माणाधीन अवस्थामा रहेको छ। स्याङजा जिल्लामा नेपाल कै सबैभन्दा ठूलो कालीगण्डकी 'ए' जलविद्युत आयोजनाबाट १४४ मेगावाट विद्युत उत्पादन भैरहेको छ भने कालीगण्डकी नदीका कैयौं सहायक नदीहरूबाट ग्रामीण साना जलविद्युत आयोजनाहरू सञ्चालन गरी धेरै गाउँहरूले ऊर्जाको आवश्यकता पूरा गरेका छन्। जलविद्युत आयोजनाहरू सञ्चालनमा रहेका स्याङजाको कालीगण्डकी गाउँपालिका लगायतका स्थानीय तहले जलविद्युत आयोजनाहरूबाट रोयल्टी बापत प्राप्त रकम स्थानीय विकासको स्रोतको आधारका रूपमा समेत प्रयोग गरीरहेका छन्।

जल तथा ऊर्जा आयोगको सचिवालयले सन् २०१९ मा गरेको सम्भाव्यता अध्ययनमा नेपालमा कूल ७३,४६५ मेगावाट जलविद्युत उत्पादन गर्न सकिने सम्भावना रहेको मध्ये गण्डकी नदी बेशिनमा १९,८०३ मेगावाट र काली गण्डकी नदीमा नदी प्रवाहमा आधारित कालीगण्डकी ००० बाट ५३१ मेगावाट, काली गण्डकी १०० बाट ५६३ मेगावाट, कालीगण्डकी १०३ बाट ४१४ मेगावाट र कालीगण्डकी १०४ बाट ४३३ मेगावाट तथा जलाशययुक्त कालीगण्डकी १ बाट ३,८८९ मेगावाट, कालीगण्डकी २ बाट २,५५० मेगावाट, कालीगण्डकी ३ बाट १,६५५ मेगावाट, मर्स्याङ्दी ९६० मेगावाट, नारायणी ४,८५१ मेगावाट र त्रिशुली १,४९४ मेगावाट जलविद्युत उत्पादन गर्न सकिने सम्भावना रहेको कुरा उल्लेख गरेको पाइन्छ। यी तथ्य र तथ्याङ्कहरूबाट पनि जलविद्युत उत्पादनका दृष्टिले नेपालमा नै गण्डकी प्रदेश वर्तमानमा मात्र नभै भविश्यमा अग्रस्थानमा रहने र गण्डकी प्रदेश भित्र पनि कालीगण्डकी नदी र यसका सहायक नदीहरू जलविद्युत उत्पादनको केन्द्रका रुपमा रहने र यस क्षेत्रका स्थानीय निकायहरूको दिगो आयस्रोतका रुपमा जलविद्युत आयोजनाबाट रोयल्टी वापत तथा व्यवस्थित गर्न सकेमा नदीजन्य निर्माण सामग्री आपूर्तिबाट प्राप्त रकम स्थानीय विकासमा प्रयोग हुने कुरा स्पष्ट हुन्छ।

### ५.४.६ पर्यावरणीय वस्तु तथा सेवाहरू

तालहरू, नदीहरू, जंगलहरू र सिमसार क्षेत्रहरू जस्ता पारिस्थितिकीय प्रणालीहरूले महत्वपूर्ण आर्थिक लाभका साथै जैविक विविधता संरक्षण, जलीय पारिस्थितिक प्रणाली संरक्षण, बाढी नियन्त्रण, भूमिगत जलभण्डार पुनर्भरण, तटरेखा स्थिरता र संरक्षण, जलशुद्धीकरण, पोषणचक्र, मनोरञ्जन र पर्यटकीय पारिस्थितिकीय वस्तु तथा सेवाहरू सिर्जना गर्दछन्। यस दृष्टिकोणबाट कालीगण्डकी नदी र यसका सहायक नदीहरूको जलाधार क्षेत्र मध्यहिमाल र सोभन्दा तल्लो पहाडी तथा मैदानी भागमा पर्ने भएकोले यो क्षेत्र पर्यावरणीय वस्तु तथा सेवाहरू र जैविक विविधताको अपार भण्डारका रुपमा रहेको पाइन्छ। विभिन्न अनुसन्धानहरूले वातावरणीय विनाशको आर्थिक लागत कुल ग्रार्हस्थ उत्पादनको ४% देखि ८% अनुमान गरेको पाइन्छ (GONS, 2005)।

### ५.४.७ नदीजन्य निर्माण सामग्री

कालीगण्डकी नदी र यसका सहायक नदीहरू सबैभन्दा उच्च धौलागिरी हिमाल (८१६२ मिटर) बाट छोटो दुरीमा नै तराई क्षेत्रमा निस्कने र कालीगण्डकी नदीको माथिल्लो तटीय क्षेत्र नयाँ र कमजोर भौगर्भिक बनावट र भौगर्भिक गतिशीलता उच्च रहेको उच्च हिमाली क्षेत्रमा पर्ने भएकोले यसले ढुगां, बालुवा, गिट्टी, बोल्डर जस्ता नदीजन्य निर्माण सामग्रीहरू वर्षेनी ठुलो परिमाणमा बगाएर नदी प्रवाह कम भएको क्षेत्रमा थुपार्ने र सीमापार गर्ने गर्दछ। अनुसन्धानले कालीगण्डको नदीको जोमसोम माथिको उपल्लो तटमा ७.९ Mt/yr, मध्य कालीगण्डकी ६.८ Mt/yr र मुस्ताङ उच्च समस्थलीमा ६.६ Mt/yr, तल्लो कालीगण्डकी र यसका सहायक नदी प्रत्येकमा २ देखि ३ Mt/yr, माथिल्लो र तल्लो कालीगण्डकीबाट करीव १०००० टन प्रति वर्ग किलोमिटर प्रतिवर्ष थेग्रेन उत्त्पत्ति हुने र म्याग्दी खोला, मोदीखोला र तल्लो कालीगण्डकीले २००० देखि ३००० टन प्रति वर्ग किलोमिटर प्रतिवर्ष थेग्रेन उत्त्पत्ति गर्ने कुरा देखाएको पाइन्छ (IBRD , 2019)। बढदो शहरीकरण र विकासका गतिविधिहरूका लागि आवश्यक निर्माण सामग्रीहरू नदी किनार तथा अन्तर जलाधारीय शहरहरूमा हाल अव्यवस्थित रुपमा दोहन गरी आपूर्ति गरेको पाइन्छ। नदी किनारका स्थानीय तहहरूले केही मात्रामा यसलाई आन्तरिक स्रोत परिचालनका रुपमा प्रयोग गरिरहेको पाइन्छ भने ठुलो मात्रामा यो स्रोत अपारदर्शी ढंगले अव्यवस्थित रुपमा सीमित व्यक्ति तथा समुहहरूले नदीमा नै मेशिनहरूको समेत प्रयोग गरी दोहन गरेको देखिन्छ। हाल सम्मानित सर्वोच्च अदालतको आदेशबाट कालीगण्डकी नदीमा निर्माण सामग्री उत्खन्न गर्नका लागि रोक लागेतापनि अवैध दोहनको क्रम भने रोकिएको छैन्। यदि यो स्रोतलाई वातावरणीय संवेदनशीलतासहित व्यवस्थित र वैज्ञानिक रुपमा व्यवस्थापन गर्ने हो भने एकातिर प्रदेश सरकार र स्थानीय तहको आन्तरिक आम्दानीको महत्वपूर्ण स्रोतका रूपमा हुनसक्ने देखिन्छ भने अर्कातिर जनताले पनि सुलभ र सहुलियत दरमा नदीजन्य निर्माण सामग्री प्राप्त गर्न सक्ने देखिन्छ।

### ५.४.८ जलउत्पन्न जोखिम तथा प्रकोपहरू

कालीगण्डकी नदीको माथिल्लो तटीय क्षेत्र नयाँ र कमजोर भौगर्भिक बनावट र भौगर्भिक गतिशीलता उच्च रहेको उच्च हिमाली क्षेत्रमा पर्ने भएकोले उपल्लो तटीय क्षेत्रमा गेग्रानको थेग्रान तथा तल्लो तटीय क्षेत्रमा मेघ गर्जनसहित निरन्तर भारी वर्षा (Continuous rainfall and Cloudburst - CLOFs), हिमताल विष्फोटबाट बाढी (Glacial Lake Outburs t Floods-GLOFs), पहिरो बाँध बिस्फोटबाट बाढी (Landslide Dam Outburst - LDOFs), पूर्वाधार असफलताबाट सिर्जित बाढी (Flood Triggered by Infrastructural Failure), डुबान तथा जलथल (Sheet Flooding or Inundation) जस्ता जलउत्पन्न प्रकोपले वर्षेनी ठुलो मात्रामा जनधन तथा विकासका पूर्वाधारहरूको क्षति गरेको पाइन्छ। यस्ता प्रकोपहरूले नदी किनारका वस्तीहरू, विकासका पूर्वाधारहरू र बाढी मैदानमा सिर्जना गर्ने जोखिमहरूको समयमा नै आंकलन गरी सतर्कता अपनाउन आवश्यक देखिन्छ।

## ५.५ ऊर्जा विकासमा प्रदेश सरकारका प्रयासहरू

गण्डकी प्रदेशमा उपलब्ध ऊर्जा उत्पादन, वितरण र व्यापारीकरणमा उपलब्ध अवसरहरूको प्रयोग गर्दै प्रदेश सरकारले आफ्नो प्रथम पञ्चवर्षीय योजना मार्फत् "विद्युत उत्पादन प्रयोग क्षमता र दक्षता वृद्धि गरी प्रदेशको आर्थिक र सामाजिक विकासमा टेवा पुर्याउने" लक्ष्य लिएको छ। यस लक्ष्यमा पुग्नका लागि (क) प्रदेश स्तरीय विद्युत विकाससँग सम्बन्धित एक प्रशासनिक अथवा संस्थागत संरचना विकास गर्ने, (ख) जलविद्युत विकासमा उल्लेखनीय लगानी वृद्धिको वातावरण तयार गर्ने, (ग) प्राविधिक तथा आर्थिक रूपमा आकर्षक आयोजना निर्माण गरी प्रदेश अर्थतन्त्रलाई दिगो तथा मजबुत बनाउने, (घ) उर्जाको प्रयोग तथा दिगो व्यवस्थापनमा दक्षता वृद्धि गर्ने, (ङ) अध्ययन अनुसन्धान मार्फत् जलवायु परिवर्तनका असर न्यूनीकरणका उपायहरू खोजी गरी कार्यान्वयन गर्ने आदि रणनीतिहरू तय गरेको छ।

त्यसैगरी, (क) मर्स्याङदी, बुढीगण्डकी र कालीगण्डकी कोरिडोरमा उच्च क्षमताका प्रसारण लाईनहरू निर्माण गर्न नेपाल सरकारसँग समन्वय गर्ने; (ख) नेपाल सरकारसँग सहकार्य गरी प्रदेश भित्रका उर्जा सम्बन्धी आयोजनाको अध्ययन, निर्माण र व्यवस्थापनमा आईपर्ने समस्याहरू निराकरण गर्न विशेष अग्रसरता लिने; (ग) अन्तर्राष्ट्रिय क्षेत्र तथा गैरआवासीय नेपालीहरूको लगानी आकर्षण गर्न आयोजना बैंक बनाई आयोजनाको क्रेडिट रेटिङ गर्न सङ्घ सरकारसँग सहकार्य गर्ने; (घ) सार्वजनिक, सहकारी र निजी क्षेत्र, गैर आवासीय नेपाली, अन्तर्राष्ट्रिय समुदायको सहलगानीमा उत्तरगंगा, आँधीखोला, कालीगण्डकी, वुढीगण्डकी, वेगनास, रुपा जस्ता ठूला जलाशययुक्त आयोजनाहरू निर्माण गर्न सङ्घ सरकारसँग समन्वय गर्ने; (ङ) प्रदेश भित्रका जलविद्युत आयोजनाहरूमा प्रदेश सरकारको तर्फबाट पनि शेयर लगानि गर्ने; (च) प्रदेश भित्रका सबै नागरिकलाई जलविद्युत आयोजनाहरूमा शेयर लगानी गर्ने अवसर सिर्जना गर्ने आदि ऊर्जा विकाससम्बन्धी प्रदेश सरकारका रणनीतिहरू रहेका छन्।

यसका साथै सबै काठेपोलहरूलाई स्टिलपोलहरूले विस्थापन गर्ने, स्वास्थ्य संस्था र आवश्यकीय सरकारी कार्यालयहरूमा सौर्य प्रणालीबाट चौबिसै घण्टा विद्युत सेवा उपलव्ध गराउने, र उज्यालो प्रदेश कार्यक्रम आदिले प्रदेश सरकारको वार्षिक बजेटहरूमा महत्व पाएका छन्।

## ५.६ ऊर्जा विकासमा स्थानीय तहका प्रयासहरू

पर्वतको मोदी गाउँपालिकाले २० युनिट वा सोभन्दा कम मात्र विद्युत उपयोग गर्ने उपभोक्ताहरूको महसुलमा पुरै अनुदन दिने व्यवस्था गरेको छ (आ.व. ०७८/७९ को बजेट वक्तव्य)। त्यसैगरी, स्याङ्जाको चापाकोट नगरपालिकाले आफ्नो प्रथम पञ्चवर्षीय योजना २०७७ मा उर्जा विकासको गुरुयोजना निर्माण गर्ने, विद्धुतीय चुल्हो प्रयोगका लागि अनुदान दिने, सजिवन र जेट्रोपा खेती गरी वायोडिजेल उत्पादनमा जोड दिने, जलविद्युत तथा नविकरणीय ऊर्जा (सौर्य, वायु र जैविक) को उच्च उत्पादन, उपभोग र निकासी गरी औद्योगिकिकरणको बिस्तार र पेट्रोलियम पदार्थको आयातमा कमी ल्याउँदै आत्मनिर्भर र हरित अर्थतन्त्र निर्माण गरी आफ्ना नागरिकहरू सबैलाई वि.स. २१०० सम्ममा ऊर्जामा पहुँच पुऱ्याउने लक्ष्य लिएको छ।

पर्वतको फलेवास नगरपालिका, कुश्मा नगरपालिका र बिहादी गाउँपालिका, गुल्मीको कालीगण्डकी गाउँपालिका, बागलुङको जैमिनी नगरपालिका र बागलुङ नगरपालिका आदि त्यस क्षेत्रका स्थानीय तहहरूको पहलमा कालीगण्डकीलाई विहादी गाउँपालिकाबाट थुनेर जलाशययुक्त वृहत् जलविद्युत आयोजना निर्माण गर्ने लक्ष्यका साथ अहिले वातावरणीय प्रभाव मुल्याङ्कनको कार्य भइरहेको छ। ८४४ मेगावाट विद्युत उत्पादन गर्ने गरी निर्माण गर्ने भनिएको प्रस्तावित जलाशययुक्त जलविद्युत आयोजना नेपालकै सवभन्दा ठूलो आयोजना हुनेछ। अहिले सम्भाव्य प्रभावित क्षेत्र, डुवान क्षेत्र, बाँध र विद्युतगृह निर्माण गर्ने क्षेत्र निर्धारणका लागि काम भैरहेको छ।

जलजला गाउँपालिका पर्वतले वैकल्पिक ऊर्जाको प्रयोग मार्फत् वातावरण संरक्षणमा योगदान दिनुका साथै ऊर्जामा आत्मनिर्भर हुन जैविक उर्जा उत्पादनमा जोड दिने, सामुदायिक विद्युतीकरणको पूर्वाधारलाई थप सुदृढ बनाउने र

दाउरा माथिको निर्भरतालाई कम गर्न विद्युतीय उपकरण प्रयोग गर्न प्रोत्साहन दिने र ऊर्जा उपयोगसम्बन्धी तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना तथा रणनीति निर्माण गर्ने विषय आफ्नो प्रथम आवधिक योजनामा समावेश गरेको छ।

## ५.७ उद्योगको विकासमा प्रदेश सरकारका प्रयासहरू

प्रदेशमा सञ्चालनमा रहेका उद्योगहरूको पूर्वाधारको अवस्था नाजुक हुनु, उद्योग स्थापनाका लागि अत्यावश्यक पूर्वाधारहरू जस्तैः विद्युत, सडक आदिको अपर्याप्तता, दक्ष जनशक्तिको अभावमा अन्तर्राष्ट्रीय बजारमा र स्थानीय बजारमा पनि सोही प्रकृतिको अन्तर्राष्ट्रिय उत्पादनसँग प्रतिष्पर्धा गर्न सक्ने गुणस्तरीय सामान उत्पादन गर्न नसक्नु, जग्गाको मूल्य अस्वाभाविक महँगो हुनु आदिलाई गण्डकी प्रदेशमा उद्योग विकासमा अनुभव गरिएका बाधाहरू हुन्। तथापि उद्योग क्षेत्रलाई प्रदेश सरकारले दिगो आर्थिक विकासको मियोको रूपमा लिनु, पूर्वाधार निर्माणमा प्रदेश सरकार तथा स्थानीय तहको समेत लगानी बढ्दै जानु, आधुनिक सञ्चार प्रविधिको पहुँचमा बिस्तार हुँदै जानु, विदेशमा बसोबास गरिरहेका नेपाली नागरिकहरूले आफ्नै जन्म स्थानमा लगानी गर्न आकर्षित हुनु आदिलाई उद्योग क्षेत्रको विकासका अवसरहरूको रूपमा लिन सकिन्छ।

उपरोक्त अवसरहरूलाई सदुपयोग गर्दै गण्डकी प्रदेश सरकारले आफ्नो प्रथम पञ्चवर्षीय योजनामा "उद्योग क्षेत्रको विकास र बिस्तार गरी आय तथा रोजगारी वृद्धि गर्ने" लक्ष्य लिएको छ। उक्त लक्ष्यमा पुग्नका लागि (क) उत्पादन र उत्पादकत्व वृद्धि गरी कूल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउने, (ख) उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गरी रोजगारीका अवसरहरू सृजना गर्ने र (ग) आयात प्रतिस्थापनमा सहयोग पुर्याउने उद्देश्य राखेको छ। त्यसैगरी, उद्देश्य प्राप्तिका लागि योजना अवधिको अन्त्य सम्ममा प्रदेशका सबै (८५ वटा) स्थानीय तहहरूमा गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन गर्ने, ५१ वटा स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्ने, प्रदेशभित्र एक औद्योगिक कोरिडोरको निर्माण गर्ने, ३ वटा रुग्ण उद्योग पुनर्स्थापनामा सहयोग गर्ने, उद्योग क्षेत्रमा हाल उपलब्ध करिब ३० हजार रोजगारीलाई ५० हजार पुर्याउने आदि परिमाणात्मक लक्ष्यसहित प्रदेश सरकार कार्यान्वयन प्रक्रियामा अग्रसर भएको छ।

## ५.८ उद्योगको विकासमा स्थानीय तहका प्रयासहरू

हालसम्म गण्डकी प्रदेशका २४ वटा स्थानीय तहहरूले उद्योगग्राम घोषणा गरेका छन्। चापाकोट नगरपालिकाले लघु तथा मझौला, कृषि तथा वनजन्य प्रशोधन र खनिजजन्य उद्योगहरू सञ्चालन गरी वि.स. २०७८ मा पालिकाको कूल ग्राहस्थ उत्पादनमा १४.२ प्रतिशत योगदान रहेको उद्योग क्षेत्रको योगदानलाई वि.सं. २१०० सम्म ५२.५ प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। पूर्वी नवलपरासीको वुलिङटार गाउँपालिकाले (क) व्यवस्थित पूर्वाधार र आधुनिक सुविधासहितको औद्योगिक ग्राम निर्माण गर्ने, (ख) साना तथा घरेलु उद्योग सञ्चालनका लागि प्राविधिक परामर्श तालिम र अनुदानको व्यवस्था गर्ने र (ग) जडिबुटीमा आधारित औषधिजन्य उत्पादनमा जोड दिने जस्ता कार्यक्रमहरू उद्घोष गरेको छ।

## ५.९ सिँचाई विकासमा प्रदेश सरकारका प्रयासहरू

गण्डकी प्रदेशमा जलस्रोत बहुउपयोगको अत्यधिक सम्भावना रहनु, सिँचाई विकास र बिस्तारका लागि दक्ष जनशक्ति पनि प्रदेशमै उपलब्ध हुनु, सिँचाई प्रणालीको विकास र बिस्तारमा नागरिकहरूबाट माग र सहभागिता बढ्दै जानु, सिँचाई क्षेत्र गण्डकी प्रदेश सरकारको उच्च प्राथमिकतामा रहनु, प्रचुर मात्रामा पानीका स्रोतहरू उपलब्ध हुनु, सतह सिँचाईकै माध्यमबाट अधिकांश स्थानमा सिँचाई सुविधा पुर्याउन सकिने सम्भावना हुनु, सतह सिँचाईको सम्भावना

नभएका नदी माथिका ठूला टारहरूमा लिफ्टिङ विधिको प्रयोग गर्नका लागि विद्युतको उपलब्धता सहज हुँदै जानु आदिलाई गण्डकी प्रदेशमा सिँचाई सेवा बिस्तारका अवसर मान्न सकिन्छ।

गण्डकी प्रदेशमा उपलब्ध खेतीयोग्य जमिनको उत्पादन क्षमताको अधिकतम उपयोगका लागि प्रदेश सरकारले प्रथम पञ्चवर्षीय योजनामा "सिँचाई प्रणालीको विकास र कुशल व्यवस्थापन गरी कृषि उत्पादकत्वको वृद्धि गर्ने" लक्ष्य लिएको छ। यसका लागि सिँचित कृषि क्षेत्रको बिस्तार र परम्परागत सिँचाई प्रणालीहरूको मर्मत-सम्भार र पुनर्स्थापना गर्ने, टार क्षेत्र लक्षित सिँचाई सुविधा बिस्तार गर्ने, र नदी प्रणालीको प्रभावकारी संरक्षण गर्ने आदि लक्ष्य प्रदेश सरकारले लिएको छ। यी लक्ष्य प्राप्तिमा सहयोग पुर्याउन निम्न रणनीतिहरू अवलम्बन गरिएको छः

(क) उत्पादन र उत्पादकत्वको सम्भावना बोकेका मुख्य कमाण्ड क्षेत्र तथा खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राख्ने,
(ख) पहाडका टारहरूमा सिँचाई सुविधा बिस्तार गर्न विशेष प्राथमिकता दिने,
(ग) सिँचाई प्रणालीको व्यवस्थापनका लागि संस्थागत संरचना सुदृढ गर्ने,
(घ) सिँचित क्षेत्रको संरक्षण तथा पानीको कुशल प्रयोग दक्षता वृद्धि गर्ने,
(ङ) मुहानहरूको संरक्षण गर्ने।

त्यसैगरी, प्रथम पञ्चवर्षीय योजना अवधिमा थप १४,१६७ हेक्टरमा सिँचाई प्रणालीको सुदृढीकरण र नवीकरण गर्ने। कालीगण्डकी कोरिडोर, मर्स्याङदी कोरिडोर, मादी कोरिडोर, आँधीखोला कोरिडोर, भित्री मधेश र पहाडका ठूला टारहरू मध्ये १,२०० हेक्टरमा सिँचाई बिस्तार गर्ने। भूमिगत, डिप तथा स्यालो ट्युवेल मार्फत् ३,२८५ हेक्टरमा सिँचाई गर्ने। आधार वर्षमा २७.४ प्रतिशत रहेको खतियोग्य जमिन मध्ये सिँचाई सुविधा पुगेको क्षेत्र ३१.१ प्रतिशत पुर्याउने र वर्षैभरि सिँचाई सुविधा पुगेको जमिन १२.७ बाट १५.३ प्रतिशत पुर्याउने परिमाणात्मक लक्ष्य प्रदेश सरकारले तय गरेको छ। यसका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ कार्यक्रमका गाउँ, पकेट क्षेत्र, जोन तथा ब्लक र सुपरजोन क्षेत्र, ठूला टार क्षेत्रहरू, र अधुरा सिँचाई आयोजनाहरूलाई छिट्टै सम्पन्न गर्ने गरी प्राथमिकतामा क्रममा रहेका छन्।

## ५.१० सिँचाई सुविधा बिस्तारमा स्थानीय तहका प्रयासहरू

बाग्लुङ नगरपालिकास्थित नारायणस्थानमा रहेको दम्कफाँटमा भूमिगत पद्धतिबाट सिँचाई गर्ने कार्यका लागि आव ०७८/७९ को बजेटमा व्यवस्था भएको छ। गल्याङ नगरपालिकाले आफ्नो नगरक्षेत्रमा सिँचाई सुविधा बिस्तारका लागि कालीगण्डकीबाट लिफ्टिङ गर्ने योजना आवधिक योजनामा समावेश गरेको छ। स्याङ्जा जिल्लाकै कालीगण्डकी गाउँपालिकाले स्थानीय साना खोलाहरूबाट सिँचाईका लागि पानी लिफ्टिङ गरिरहेको छ। विगतमा निर्माण सम्पन्न भएका सिँचाई आयोजनाहरूको मर्मतसम्भार गरी सञ्चालन गर्ने र साना कुलाहरू निर्माण गर्ने बाहेक स्थानीय तहले स्थानीय रणनीतिक महत्व राख्ने खालका सिँचाई आयोजनाहरूमा अग्रसर भएको देखिँदैन।

## ५.११ बस्ती विकासमा प्रदेश सरकारका प्रयासहरू

आवास तथा बस्ती विकासका लागि गण्डकी प्रदेश सरकारले वि.स. २०७२ को विनाशकारी भूकम्पका कारण पुनर्निर्माण गर्नुपर्ने निजी आवास र सार्वजनिक भवनहरू पुनर्निर्माण गर्ने, जनता आवास कार्यक्रमलाई निरन्तरता दिने, नमूना एकीकृत बस्ती विकास जस्ता कार्यक्रमहरूलाई प्राथमिकतामा राख्दै (क) भौगोलिक हिसाबले विकट र छरिएर रहेका तथा विपदको जोखिममा रहेका र सीमान्तकृत घरपरिवारहरूलाई आधारभूत सुविधासहितको एकीकृत बस्ती निर्माण गरी स्थानान्तरण गर्ने र (ख) सहरी क्षेत्र, घनाबस्ती रहेका ग्रामीण क्षेत्र तथा लोकमार्ग क्षेत्रको बस्तीहरूलाई

व्यवस्थित गर्ने रणनीति प्रदेश सरकारले लिएको छ।

उपरोक्त रणनीतिअनुसार प्रथम पञ्चवर्षीय योजनाको अन्त्यसम्ममा (क) बहुपक्षीय लगानीमा विकट र जोखिममा रहेका हरूका लागि ७ वटा नमूना एकीकृत बस्तीहरू निर्माण गर्ने, (ख) सीमान्तकृत, लोपोन्मुख र विपन्नका लागि २००० वटा आवास निर्माण गर्ने, (ग) आम सर्वसाधारणका लागि २० वटा एकीकृत बस्ती निर्माण गर्ने, (घ) अपर्याप्त आवासमा बसोबास गर्ने सहरी जनसङ्ख्याको अनुपात ६२.५ प्रतिशतबाट २६.२ मा झार्ने, आदि लक्ष्य प्रदेश सरकारले लिएको छ।

## ५.१२ बस्ती विकासमा स्थानीय तहका प्रयासहरू

प्रायः सबै स्थानीय तहहरूले खरको छानामुक्त पालिका बनाउने अभियानलाई तीव्रता दिएका छन्। गल्याङ नगरपालिका स्याङ्जाले एकीकृत बस्ती विकासका लागि गुरुयोजना निर्माण गर्ने भएको छ। चापाकोट नगरपालिकाले पनि एकीकृत रूपमा बस्तीहरूको विकास गर्ने विषय आफ्नो प्रथम पञ्चवर्षीय योजनामा समेटेको छ। रघुगङ्गा गाउँपालिका म्याग्दीले कुईनेमँगलेको चौरखानी लगायतका जोखिमयुक्त बस्तीहरूलाई विस्थापन गर्नका लागि व्यवस्थित एकीकृत बस्ती विकास गर्ने योजना बनाएको छ।

जलजला गाउँपालिका पर्वतले आवास तथा बस्ती विकासका लागि (क) ग्रामीण क्षेत्रमा छरिएर रहेका र विपदका र जोखिममा रहेका सीमान्तकृत समुदायका परिवारहरूलाई लक्षित गरी आधारभूत सुविधासहितको नमूना एकीकृत बस्ती निर्माण गर्ने, (ख) घना बस्ती तथा सडकको नजिकै जोखिमपूर्ण अवस्थामा भएका परिवारहरूलाई सुरक्षित आवासको व्यवस्था गर्ने, (ग) एकीकृत भू-उपयोग नीति निर्माण गरी सोही अनुसार भू-उपयोग योजना निर्माण गर्ने, (घ) सबै वर्गका नागरिकले किन्न सक्ने खालका भवनहरू निर्माण गर्ने, (ङ) भवनको डिजाईन तथा सुपरीवेक्षण कार्यमा संलग्न गाउँपालिकाका प्राविधिक कर्मचारीहरूको क्षमता विकास गर्ने आदि रणनीति अवलम्बन गरेको छ।

# परिच्छेद छः निष्कर्ष तथा सिफारिस गरिएका परियोजनाहरू

स्थलगत अन्तक्रिया, प्रदेश तथा सङ्घीय संसदका माननीय सदस्य, तथा मिति २०७८/११/९ गते माननीय मुख्यमन्त्रीको प्रमुख आतिथ्यमा सम्पन्न छलफलमा उठेका सवालका सन्दर्भमा निम्नअनुसारको किटानी राय व्यक्त गरिन्छ।

## ६.१ पर्यटनलाई अग्र प्राथमिकता

कृष्णागण्डकी प्रस्रवण जलविद्युत परियोजनाको निमित्त पनि उत्कृष्ट क्षेत्र हो। यसलाई प्रथम प्रादेशिक पञ्चवर्षीय योजनाले समृद्धिको आधारमा दोस्रो प्राथमिकतामा राखेको छ (प्रनियो आयोग, २०७७)। प्राथमिकता पहिचानको त्यो क्रम भविष्यमा पनि कायम रहने विश्वास छ। पर्यटनलाई अग्र प्राथमिकता र जलविद्युतलाई दोस्रो प्राथमिकतामा राख्न निम्न कारणहरूले आधार दिन्छ।

**Water Resources**

**Sources of the Karnali River**

There is a well-established but not true myth that the Karnali River flows from Rakshas Tal on the Tibetan Plateau. The flow of the Karnali River does not come from Rakshas Tal but instead the headwaters of the Karnali River come from the meltwater of glaciers on the north side of the Himalaya in the Tibetan Autonomous Region of China

(NRCT, 2019)

कैलाशबाट निस्कने गङ्गाको चारधारा मध्ये दक्षिण बग्ने कर्णाली नदी मात्र हो (NRCT,2019)। मित्थ्या कथित राक्षस तालबाट निस्केको मान्यतामा नेपालमा यो नदीलाई पवित्र मानिदैन तर त्यै नदी अयोद्धाक्षेत्रमा सरयुको नाममा पवित्र गङ्गा मानिन्छ। उही मुहान, उही मार्गमा विरोधाभास मान्यता किन ? कैलाशको दक्षिणबाहिनी पवित्रनदी नै शास्त्रमा उल्लेखित अलकनन्दा हुन् (भागवत महापुराण ४:६)। यिनै गङ्गा भगीरथको राज्य अयोध्याको मार्ग भएर बग्छिन् भने शास्त्रमा उल्लेखित भागीरथी कर्णाली हुन् भनेर किटानीदावी गर्न हामीले अहिलेसम्म सकेका छैनौं। भौमतीर्थ उपर आध्यात्मिक जनविश्वास आर्जन गर्न माहात्म्य प्रकाशनको साथमा कैयौं यज्ञ आयोजना गर्नुपर्छ। समाजले आस्था राखेका जङ्गमतीर्थको हजारौ पाहिलाहरूले त्यस्ता भौमतीर्थ पवित्रता बनाउनु पर्छ (भागवत महापुराण ९:९)। हामीले त्यो प्रयास गरेनौं बरु कसैले कर्णालीको सम्बन्ध राक्षसतालसँग भएकोले तीर्थस्नान गर्न हुँदैन भनेर गरेको सुनियोजित भ्रमलाई समाजको तल्लो तप्कासम्म सम्प्रेषण गरेकोले मानसरोवर जाने छोटोबाटोमा पर्यटन प्रवर्द्धन गर्न सकेनौं।

**कर्णाली नै कैलाश उद्गम भएको अलकनन्दा हुन् भन्ने गवाही**

सन् १९३९ मा नै स्वामी प्रवणानन्दले दिनुभएको यो तथ्य भूपेन्द्रलाल बनर्जीको सम्पादनमा कलकत्ता युनिभर्सिटी प्रेसले प्रकाशन गरेको थियो। ८० वर्ष पछि गैर सरकारी सस्थाले सम्झाएको पनि तीनवर्ष भयो तैपनि सरकारी योजनाले समेट्न सकेको महसुस भएको छैन।

पुराणहरूमा दृष्टान्त दिइएका शालिग्राम प्रमाण नभएको भए कृष्णागण्डकी पनि तीर्थनदी बन्न सक्ने थिएन। कर्णालीलाई जस्तै "परोक्षवादो वेदो यं बालानामनुशासनम्" (भागवत महापुराण ११:३:४४) को सिद्धान्तमा लेखिएका शालिग्राम दृष्टान्तलाई गलत व्याख्या गरेर समाजलाई भ्रमित बनाउने प्रयास निरन्तर हुँदा पनि भारतवर्षका जनताको विश्वास आजको दिनसम्म अटल छ। त्यसैले कर्णालीको शिक्षा लिएर कृष्णागण्डकीको पर्यटकीय जगको उपेक्षा हुने गरी मूलमार्गमा जलविद्युत परियोजना स्थापना गर्न प्राथमिकता दिन उचित हुँदैन। तनहुँ र नवलपुरको सीमाना कोटथरमा बग्ने कृष्णागण्डकीमा मृस्ती, रघुगङ्गा, म्याग्दी, मोदी, रुद्रगङ्गा र मोदीले मात्र करिब ७५ प्रतिशत पानी बगाएका

छन्। एउटै मोदीमा आठवटा जलविद्युत परियोजना बन्छन्, त्यस्तै गरेर म्याग्दी खोलामा पनि धेरै परियोजना बन्छन् भने कृष्णागण्डकीको मूलप्रवाह नै रोकेर जलविद्युत परियोजनालाई प्राथमिकता दिएर तीर्थको महत्त्व घटाउन आवश्यक नहोला।

### कालीगण्डकी तिनाउ डाइभर्सन बहुउद्देश्यीय परियोजनाको सम

- पर्यटन न्यूनलागतमा धेरै रोजगारी दिने उद्यम हो। यसमा उपभोक्ता स्वयम् उत्पादकको घरदैलोमा जान्छन् अथवा उत्पादक र उपभोक्ताको बीचमा न्यूनतम मध्यस्थकर्ता रहन्छन्। न्यूनवित्तीय क्षमता भएको प्रदेश सरकारले प्राथमिकता दिने क्षेत्र यही हुनसक्छ। यो प्रतिवेदनले सहायक नदीहरूलाई आन्तरिक आवश्यकताको निमित्त उर्जा उत्पादनमा प्रयोग गरेर कृष्णागण्डकीलाई उत्तरी सीमानादेखि दक्षिणी सीमानासम्म साविक मार्गमा नै निर्वाध बग्न दिने सिफारिस गरेको छ। यी दुई विकल्पहरूको लगानी र प्रतिफल, रोजगारी प्रवर्द्धनमा पर्ने प्रभाव, आयात निर्यातमा पार्ने प्रभावको अलावा पर्यावरणीय सेवा मूल्यको आँकलन गर्न थप गृहकार्यको आवश्यकता पर्दछ।

**कृष्णागण्डकीको जलप्रवाहमा सहायकनदीहरुको अनुमानित योगदान**

| River | Monthly Mean Flow | |
|---|---|---|
| | Jan/Feb/March/April | June/July/Aug/Sept |
| Krishnagandaki at Kotthar | 94 m3/sec | 1094 m3/sec |
| Miristi | 8% | 8% |
| Raghuganga | 10% | 10% |
| Myagdi | 17% | 17% |
| Modi | 11% | 11% |
| Anadhikhola | 4% | 7% |
| Badigad | 21% | 23% |
| Other Sources | 29% | 24% |

स्रोतः DWRI, 2021 मा आधारित विश्लेषण

> **कृष्णागण्डकी जलनिकास मार्ग**
>
> जलविद्युत उत्पादनको निमित्त कृष्णागण्डकीका सहायक नदीहरूको उपयोग नै कम जोखिमयुक्त हुनसक्छ। जलचर संरक्षणमा यो विकल्प उत्पादक हुनसक्छ।

- विद्युत ऊर्जा उत्पादन सँगसँगै उपयोग नगर्दा खेर जान्छ। तर पर्यटन अभौतिक उत्पादनलाई ग्राहक समक्ष प्रस्तुत गर्ने सेवा व्यवशाय मात्र भएकोले बजार मागअनुसार समायोजन गर्न सकिन्छ।
- पर्यटन असफल हुँदा, जलविद्युतमा जान त्यत्ति नोक्सान हुँदैन तर एक पटक जलविद्युतका संरचना विकास गरेपछि पर्यटनमा फर्कदा धेरै गुमाउनु पर्छ।
- पानीमा अग्राधिकार जलचरको हुन्छ, त्यस पछि वनस्पतिको हुन्छ। पानीबिना जलचर बच्दैनन् भने पानी खोज्दै वनस्पति हिड्दैनन्। पानी ऊर्जाको स्रोत निश्चय नै हो। त्यो जीव उर्जाको निमित्त प्रकृतिले बनाएको हो। विद्युत व्यापारको नाममा जलचर र वनस्पतिको अधिकार खोस्न मिल्दैन।

## ६.२ गण्डकी तटीय समृद्धिका लागि प्रस्तावित योजनाहरू

नदीप्रस्रवणको वैज्ञानिक व्यवस्थापन उपर नेपालले १९८० को दशकबाट अभ्यास गरेको हो। कृषि तथा वनको विकास गर्न अनेक प्रविधि तथा रणनीतिको प्रयोग पनि १९६० को दशकबाट सुरु भएको थियो। नेपाल सरकारले मात्र नभई अन्तर्राष्ट्रिय गैर सरकारी संघसस्थाहरूले पनि कृषि, वन र जलस्रोतमा धेरै लगानी गरेकाछन्। तर हालसम्म भएका लगानीहरू केवल परम्परागत कृषि, वन तथा जलस्रोतको उपयोग संस्कृतिलाई परिवर्तन गर्न सम्म सिमित भएको अनुभूति भएको छ। कृषि, वन तथा जलस्रोतको विकासमा जेजस्ता प्रगति प्रतिवेदनहरू पढ्न पाइएको भएपनि खाद्यान्नको आयात र बसाइसराइको चापले त्यस्ता प्रतिवेदनहरू माथि प्रश्न उठाएका छन्। नेपालले ज्ञानमा आधारित नदीप्रस्रवण

व्यवस्थापनको परीक्षण अभ्यास गरेको छैन। त्यसैले परम्परागत सांस्कृतिक ज्ञानमा आधारित प्रविधिलाई आधुनिक प्रविधिसँग तुलनात्मक अध्ययन गर्ने पृष्टभूमि तयार भएको छैन। कृष्णागण्डकी प्रस्रवण त्यस्तो तुलनात्मक अध्ययन गर्ने सम्भावना भएको क्षेत्र हो। सन् २००० पछि विश्व समुदायले यस तर्क उपर कृयात्मक अनुसन्धान प्रारम्भ गरेको छ। त्यही सिद्धान्तको अनुशरण गरेर कृष्णागण्डकी प्रस्रवणमा कृयात्मक अनुसन्धान गर्न निम्न अनुसारको परियोजनाहरूको अवधारणा सिफारिस गरीएको छ। गण्डकी तटीय क्षेत्रका सम्पदाहरूको सम्वर्धनबाट समुदायको समृद्धिका लागि चारवटा मुख्य परियोजना सञ्चालन गर्नु उपयुक्त देखिएको छ। धार्मिक पर्यटन नै राम्रो बजार सम्भावना हो। धुरी, धारा र धर्म (हिमाल,नदी र सामाजिक व्यवहार) सँगै रहेमात्रै यो सम्भावना जीवन्त रहन्छ।

१. धवलेश्वर शिवलिङ्ग परियोजना (हिमाली साधना पर्यटन)
२. आलमध्यान त्रिकोण परियोजना (पहाडी साधना पर्यटन)
३. उत्तरबाहिनी आध्यात्म परियोजना (जलसंस्कृति साधना पर्यटन)
४. त्रिवेणी मोक्षस्थल परिक्रमा परियोजना (दाउन्ने - वाल्मिकी - माढी शालग्रामी परिक्रमा)

### ६.२.१ धवलेश्वर शिवलिङ्ग परियोजना

ओमकार परिवारको आराध्य मानिने यो नदीमा आराध्यदेव शिवको प्रतिमा शिवलिङ्गमा कालीगण्डकीको जलले हरपल धारा दिइरहेको शिवलिङ्गको स्वरूप देख्न सकिन्छ। धवलाचल र नीलाचल क्षेत्रको सङ्गम बिन्दुमा धवलेश्वर शिवलिङ्ग देख्न सकिन्छ। धौलागिरी र नीलगिरीको सङ्गममा रहेको कालीगण्डकीको गर्भ गृहमा धवलेश्वर शिवलिङ्गमा कालीगण्डकीको जलले निरन्तर धारा दिइरहेको दुर्लभ शिवलिङ्ग दर्शनका लागि हरेक तीर्थाटन र पर्यटनकर्मीहरू मूल्य तिरेर सुविधासहित अवलोकन गर्न चाहन्छन्। भारतीय पर्यटनकर्मीहरूलाई धवलेश्वरमा जलधी शिवलिङ्गको दर्शन अलौकिक तीर्थाटनको आनन्द दिन सकिने ठाउँका रूपमा अनुकूल पूर्वाधार विकास गरेर म्याग्दी र मुस्ताङको पर्यटनमा नयाँ गन्तव्य र उपज दिन सकिन्छ।

(१) पूर्वाधारका लागि धौलागिरी तर्फबाट शिवले अन्न भिक्षा मागेको र निलगिरी तर्फबाट अन्नपूर्ण देवीले शिवलाई भिक्षा दिएको आकृति पूर्वाधार बनाउनु राम्रो हुनेछ।
(२) धवलेश्वरमा शिवलिङ्गको दर्शन सहजताका लागि मेकानिकल लिफ्ट र टिकट तथा शौचालय र कार्यालय सहितको पूर्वाधार आवश्यक छ।
(३) धवलेश्वरमा शिवलिङ्ग दर्शन र ध्यान उपासनाका लागि आसपासका क्षेत्रमा सशुल्क ध्यान कुटीहरू निर्माण तथा सञ्चालन गर्न स्थानीय दुवै जिल्लाका २ पालिकाहरूको सहभागिता परिचालन गर्नु आवश्यक छ।
(४) धवलेश्वरमा शिवलिङ्ग दर्शन पर्यटनका लागि सात्विक स्थानीय खाद्य, जलपान, घरवास व्यवस्थापन र पथप्रदर्शन जनशक्तिका लागि अन्नपूर्ण र थासाङ गाउँपालिकाहरूसँग दाना शिवालय अन्न क्षेत्र र नारच्याङ शिवालय समितिलाई सार्वजनिक समुदाय साझेदारी मोडलमा परिचालन गर्नु आवश्यक छ।
(५) भविष्यमा बढन सक्ने व्यावसायिक चापलाई ध्यानमा राखेर दुवै पालिकाका निकट बस्तीमा घरबास पर्यटनसँगै तीर्थालु घरबास पर्यटनका लागि प्रोत्साहन कार्यक्रम आवश्यक छ।
(६) भविष्यमा बढन सक्ने ट्राफिक चापलाई ध्यानमा राखेर नारच्याङ पदमार्गलाई सुरक्षित पर्यटन मार्गमा रुपान्तरण गर्नु आवश्यक छ।
(७) सात्विक खाद्य उपलब्धताका लागि अन्नपूर्ण र थासाङ गाउँपालिकाका किसानहरूलाई करार खेती मोडलमा स्थानीय कृषि तथा वन्य वैकल्पिक खाद्यवस्तु उत्पादन तथा सङ्कलनमा परिचालन गर्नु आवश्यक छ।
(८) लाभ, लगानी र दायित्व साझेदारीका आधारमा दुवै पालिका र समुदाय साझेदारीमा स्थानीय पर्यटन विकास समिति निर्माण गरी व्यवस्थापनलाई व्यवस्थित गर्न आवश्यक छ।

### ६.२.२ आलम ध्यान त्रिकोण परियोजना

कालीगण्डकीको प्राकृतिक बहावले त्रिकोणात्मक आकार बनेको आलम क्षेत्रमा मिर्मीदेखि बेलटारीसम्म बनाइएको सुरूङ्गमार्गको जल प्रवाहले चारैतिरबाट गण्डकी जलले घेरिरहेको छ। यसरी पवित्र कालीगण्डकीले घेरिएको यो आलम त्रिकोणलाई आध्यात्मिक साधनाका लागि अलौकिक ध्यानक्षेत्र मानिन्छ। यसै पनि यो त्रिकोणको केन्द्रमा आलमदेवीको प्रसिद्ध मन्दिरमा मगर समुदायका १५ वर्ष मुनिका कुमारहरूलाई पुजारीले दैनिक पूजा परम्परा जीवित रहेको छ।

त्रिकोणको परिधि र केन्द्रमा विभिन्न कालखण्डमा विभिन्न सन्त साधकहरूले तपस्या र सिद्धि पाएको सङ्केतहरू विद्यमान छन् । हिलेबाबा धाम, रुद्रगङ्गा बडिगाड रुद्रवेणी धाम, भृगुतुङ्ग, ऋषिकेश तथा रिडीधाम र गायत्री केन्द्र, भिमसेन पाटी, उत्तरबाहिनी रानीमहल परिधिमा लिएर केन्द्रबिन्दुमा आलमदेवीलाई राखेको आलम त्रिकोण मध्यक्षेत्रको धार्मिक पर्यटन केन्द्र र आध्यात्मिक साधना केन्द्रका रूपमा अभ्यास हुँदै आएको छ। आलम बिन्दुलाई लुम्बिनीदेखि रुम्बिनेसम्मको धार्मिक तीर्थाटनका परिक्रमा रुट निर्माणमा सहयोगी आलम ध्यान त्रिकोण परियोजना विकास गर्नु राम्रो देखिन्छ।

(१) पूर्वाधारका लागि लुम्बिनीदेखि धौलागिरी सम्मको पदमार्ग र सडक मार्ग फरक-फरक क्षेत्रमा निर्माण गरी पहुँच सहजता र पदयात्री मैत्री पूर्वाधार बनाउनु राम्रो हुनेछ।
(२) आलम त्रिकोण क्षेत्रमा ध्यान उपासनाका लागि आसपासका क्षेत्रमा सशुल्क ध्यान कुटीहरू निर्माण तथा सञ्चालन गर्न कालीगण्डकी गाउँपालिकाको सहभागिता परिचालन गर्नु आवश्यक छ।
(३) आलम त्रिकोण क्षेत्रमा ध्यान पर्यटनका लागि सात्विक स्थानीय खाद्य, जलपान, घरवास व्यवस्थापन र पथप्रदर्शन जनशक्तिका लागि गाउँपालिका र आलमदेवी क्षेत्र विकास समितिलाई सार्वजनिक समुदाय साझेदारी मोडलमा परिचालन गर्नु आवश्यक छ।
(४) भविष्यमा बढ्न सक्ने व्यावसायिक चापलाई ध्यानमा राखेर दुवै पालिकाका गण्डकी किनार बस्तीमा घरबास पर्यटनसँगै तीर्थालु घरबास पर्यटनका लागि प्रोत्साहन कार्यक्रम आवश्यक छ।
(५) सात्विक खाद्य उपलब्धताका लागि किसानहरूलाई करार खेती मोडलमा स्थानीय कृषि तथा वन्य वैकल्पिक खाद्यवस्तु उत्पादन तथा सङ्कलनमा परिचालन गर्नु आवश्यक छ।
